# सत्रौं वार्षिक प्रतिवेदन

(२०८० श्रावणदेखि २०८१ आषाढ मसान्तसम्म)




## राष्ट्रिय महिला आयोग

भद्रकालीप्लाजा, काठमाडौं, नेपाल

राष्ट्रिय महिला आयोगको

# सत्रौं वार्षिक प्रतिवेदन

राष्ट्रिय महिला आयोग
भद्रकालीप्लाजा, काठमाडौं, नेपाल

# राष्ट्रिय महिला आयोग

## सत्रौं वार्षिक प्रतिवेदन

### (२०८० श्रावणदेखि २०८१ आषाढ मसान्तसम्म)


| | | |
|---|---|---|
| **प्रकाशक** | : | राष्ट्रिय महिला आयोग |
| **प्रकाशन मिति** | : | २०८१ असोज |
| **प्रकाशन प्रति** | : | १००० प्रति |



| | | |
|---|---|---|
| **सर्वाधिकार** | : | राष्ट्रिय महिला आयोग<br>भद्रकालीप्लाजा, काठमाडौं, नेपाल |



**कम्प्युटर र सेटिङ्ग**

श्री भाग्य नारायण झा



| | | |
|---|---|---|
| **फोन नं.** | : | ००-९७७-१-४२५६७०१ |
| **फ्याक्स नं.** | : | ००-९७७-१-४२५९४११ |
| **इमेल** | : | **info@nwc.gov.np** |
| **वेबसाइट** | : | **www.nwc.gov.np** |



| | | |
|---|---|---|
| **मुद्रण** | : | मनकामना प्रिन्टिङ्ग प्रेस<br>अनामनगर, काठमाडौं । |

नेपालको संविधानको धारा २९४ बमोजिम सम्माननीय राष्ट्रपति
समक्ष प्रस्तुत गरिएको राष्ट्रिय महिला आयोगको

# सत्रौं वार्षिक प्रतिवेदन

यस प्रतिवेदनमा राष्ट्रिय महिला आयोगबाट
२०८० श्रावण १ देखि २०८१ आषाढ मसान्त सम्म सम्पादन
गरिएका काम-कारवाहीहरु समेटिएका छन् ।

# राष्ट्रिय महिला आयोग
## National Women Commission

भद्रकालीप्लाजा, काठमाडौं, नेपाल
फोन नं. : ००-९७७-१-४२५६७०१, फ्याक्स नं.: ००-९७७-१-४२५९४११
इमेल : info@nwc.gov.np, वेबसाइट : www.nwc.gov.np


प.सं.: २०८१/८२
च.नं.: २१

मिति : २०८१/०६/२२

**विषय : सत्रौं वार्षिक प्रतिवेदन सम्बन्धमा ।**

सम्माननीय राष्ट्रपतिज्यू,
राष्ट्रपतिको कार्यालय
शीतल निवास, काठमाडौं ।

नेपालको संविधानको धारा २९४ एवं राष्ट्रिय महिला आयोग ऐन, २०७४ को दफा २६ बमोजिम राष्ट्रिय महिला आयोगबाट आर्थिक वर्ष २०८०/८१ मा सम्पादन गरेका काम-कारवाहीहरुको वार्षिक प्रतिवेदन सम्माननीय राष्ट्रपतिज्यू समक्ष प्रस्तुत गरिएको व्यहोरा अनुरोध गर्दछु ।

भवदीय
कमलाकुमारी पराजुली
अध्यक्ष

# राष्ट्रिय महिला आयोगका पदाधिकारीहरू



**कमलाकुमारी पराजुली**
अध्यक्ष



**कृष्णकुमारी पौडेल खतिवडा**
सदस्य



**विद्याकुमारी सिन्हा**
सदस्य



**सावित्राकुमारी शर्मा**
सदस्य

**रिक्त**
सदस्य



**पार्वती अर्याल**
सचिव

सम्माननीय राष्ट्रपतिज्यू समक्ष आयोगको आयोगको १६ औं वार्षिक प्रतिवेदन
बुझाउनु हुँदै माननीय अध्यक्ष कमलाकुमारी पराजुली



# मन्तव्य

नेपालमा महिलाको हक, हित र अधिकारको संरक्षण तथा संवर्द्धन गरी महिला सशक्तीकरण र महिलाको मानव अधिकार सुनिश्चितताका लागि विशेष भूमिका निर्वाह गर्दै लैङ्गिक न्याय सुनिश्चित गर्ने ध्येयले तत्कालीन मन्त्रीपरिषद्को निर्णयबाट सम्वत २०५८ साल फाल्गुन २३ गते गठन भएको राष्ट्रिय महिला आयोगलाई २०७२ को नेपालको संविधानबाट संवैधानिक आयोगको हैसियत प्रदान गरिएको छ। जस अनुसार, संविधानको धारा २५२ र धारा २५३ मा आयोगको गठन प्रक्रिया र काम, कर्तव्य तथा अधिकारका सम्बन्धमा व्यवस्था गरिएको छ। राष्ट्रिय महिला आयोग ऐन, २०७४ र राष्ट्रिय महिला आयोग नियमावली २०७८ ले आयोगको काम, कर्तव्य र अधिकारलाई थप स्पष्ट गरेका छन् ।

आयोगले वर्षभरि गरेका काम कारवाहीको वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र सम्माननीय राष्ट्रपतिज्यू समक्ष पेश गर्ने गरी नेपालको संविधान र राष्ट्रिय महिला आयोग ऐन, २०७४ ले व्यवस्था गरे बमोजिम यो आर्थिक वर्ष २०८०/८१ को वार्षिक प्रतिवेदन तयार गरिएको छ । प्रस्तुत प्रतिवेदन राष्ट्रिय महिला आयोगलाई संवैधानिक आयोगमा रुपान्तरित गरी आयोगमा **अध्यक्ष र सदस्यहरू नियुक्ति भए पश्चात् सम्माननीय राष्ट्रपतिज्यू समक्ष पेश गरिएको चौथो वार्षिक प्रगति प्रतिवेदन हो ।** यस प्रतिवेदन माथि संसदमा समेत विशेष महत्वका साथ छलफल भई आयोगलाई अझ सशक्त ढङ्गले अघि बढ्न महत्त्वपूर्ण सुझावसहित दिशानिर्देश हुने अपेक्षा गरिएको छ।

नेपालको संविधानको धारा २५३ अनुसार राष्ट्रिय महिला आयोगले महिलाको हक, हितसँग सरोकार राख्ने नीति तथा कार्यक्रमको तर्जुमा गरी कार्यान्वयनका लागि नेपाल सरकार समक्ष पेश गर्ने, महिलाको हकहित सम्बन्धित कानून वा नेपाल पक्ष भएको अन्तर्राष्ट्रिय सन्धि वा सम्झौता अन्तर्गतको दायित्व कार्यान्वयन भए वा नभएको विषयमा अनुगमन गरी त्यसको प्रभावकारी पालना वा कार्यान्वयनको उपाय सहित नेपाल सरकारलाई सुझाव दिने र महिलालाई राष्ट्रिय विकासको मूलप्रवाहमा समाहित गर्न तथा राज्यका सबै निकायमा समानुपातिक सहभागिता सुनिश्चित गर्न मौजुदा नीति तथा कार्यक्रमको समीक्षा, अनुगमन तथा मूल्याङ्कन गर्ने र त्यसको प्रभावकारी कार्यान्वयनका लागि नेपाल सरकारलाई सिफारिस गर्ने कार्य गर्दछ।

यसका अतिरिक्त आयोगले लैङ्गिक समानता, महिला सशक्तीकरण तथा महिलासँग सम्बन्धित कानूनी व्यवस्थाको अध्ययन, अनुसन्धान गरी त्यस्ता कानूनमा गर्नुपर्ने सुधारका सम्बन्धमा सम्बन्धित निकायलाई सिफारिस गर्ने, सोको अनुगमन गर्ने र महिला हिंसा वा सामाजिक कुरीतिबाट महिला अधिकार प्रयोग गर्न नदिएको वा वञ्चित गरी महिलाको मानवअधिकार हनन् भएको विषयमा कुनै व्यक्ति वा संस्था विरुद्ध मुद्दा दायर गर्नुपर्ने आवश्यकता देखिएमा कानून बमोजिम अदालतमा मुद्दा दायर गर्न सम्बन्धित निकाय समक्ष सिफारिस गर्ने र पीडितलाई कानूनी सहायता प्रदान गर्ने कार्य गर्दछ।

उपर्युक्त संवैधानिक र कानूनी कर्तव्य पूरा गर्ने क्रममा आयोगले हिंसामा परेका महिलाहरूको उजुरी सम्बोधनका लागि २०७४ सालदेखि "खबर गरौ ११४५" निःशुल्क हेल्पलाइन सेवाको सञ्चालन गरी सातै दिन चौविसै घण्टा सेवा प्रदान गर्दै आइरहेको छ। यसले जोखिममा परेका महिला तथा बालबालिकाहरूलाई विशेष सेवा प्रदान गरेको अवस्था छ। आयोगले गम्भीर प्रकृतिका महिला हिंसाका घटनामा आवश्यकता अनुसार स्थलगत अनुगमन गरी पीडितलाई न्याय दिलाउन तथा दोषीलाई कानूनी कारबाहीको दायरामा ल्याउन प्रभावकारी भूमिका निर्वाह गरिरहेको छ। यसबाट आयोगप्रति आम मानिसहरूको विश्वास, भरोसा र अपेक्षा वृद्धि हुँदै गएको अवस्था छ।

आयोगको आर्थिक वर्ष २०८०/८१ मा विनियोजित वार्षिक बजेट अनुसार आयोगबाट सातै प्रदेशका हिमाल, पहाड र तराईका ४० जिल्ला र १७६ स्थानीय तहसम्म पुगेर फरक-फरक लक्षित समुदायहरूसँग सरोकारका सवालमा गरिएका विभिन्न कार्यक्रम र अनुगमन मार्फत महिला हक अधिकार, समानता र सशक्तीकरणका लागि सचेतना, पैरवी, खबरदारी र सिफारिस समेत गर्ने क्रममा १० हजारभन्दा बढी व्यक्तिहरू प्रत्यक्ष लाभान्वित भएका छन्।

त्यसैगरी आयोगबाट हिंसा पीडित महिलाको न्यायमा पहुँचका लागि व्यवस्था गरिएको उजुरी तथा मुद्दा व्यवस्थापनमा आर्थिक वर्ष २०८०/८१ मा अघिल्ला वर्षका फलोअप २२०० र नयाँ ९३२ समेत गरी ३१३२ जनालाई प्रत्यक्ष रुपमा विभिन्न किसिमका सेवा प्रदान गरिएको छ। यसरी सेवा लिने क्रममा आयोगको निःशुल्क हेल्पलाइन "खबर गरौँ ११४५" मार्फत मात्र यस आर्थिक वर्षमा देशभरबाट पुराना फलोअप र नयाँ उजुरी तथा जानकारी र समन्वयका लागि ४०९९ जना सेवाग्राहीहरु लाभान्वित भएका छन्।

आयोगबाट सञ्चालित कार्यक्रम, अध्ययन अनुसन्धान र अनुगमनबाट महिला अधिकारको प्रयोगका लागि भएका व्यवस्थाहरूमा गर्नुपर्ने सुधार र थप व्यवस्थाका लागि विभिन्न मन्त्रालय र निकायमा गरिएको सिफारिस र त्यसको कार्यान्वयनको अवस्था समेत यस प्रतिवेदनमा समावेश गरिएको छ।

यसप्रकार आयोगबाट आ.व. २०८०/८१ मा सम्पादित मुख्य-मुख्य कार्यहरू समेटेर तयार गरिएको यस वार्षिक प्रतिवेदनले आयोगबाट महिला हक अधिकारको संरक्षण, संवर्द्धन, लैङ्गिक हिंसा नियन्त्रणका क्षेत्रमा भए गरेका महत्त्वपूर्ण कार्यहरूबारे सम्बन्धित सबैमा सत्य-तथ्य सूचना सम्प्रेषण गर्ने विश्वास लिइएको छ।

अन्त्यमा, आयोगलाई गतिशील बनाउँदै यी महत्त्वपूर्ण कार्यहरू सम्पन्न गर्न र त्यसको अभिलेखन गर्दै यो प्रतिवेदन तयारी कार्यमा जुट्नु हुने आयोगका माननीय सदस्य कृष्णकुमारी पौडेल खतिवडा, माननीय सदस्य विद्याकुमारी सिन्हा, माननीय सदस्य सावित्रा कुमारी शर्मा, सचिव श्री पार्वती अर्याल, उपसचिवहरू लगायत आयोगका सम्पूर्ण कर्मचारीहरूप्रति हार्दिक धन्यवाद व्यक्त गर्दछु।

**कमलाकुमारी पराजुली**
अध्यक्ष
राष्ट्रिय महिला आयोग

# कार्यकारी सारांश

१. यो प्रतिवेदन ११ वटा परिच्छेदमा तयार गरिएको छ । परिच्छेद १ मा प्रारम्भिक, परिच्छेद २ मा संगठनात्मक संरचना परिच्छेद ३ मा नेपालमा महिला सशक्तीकरणको प्रयास परिच्छेद ४ मा नेपालमा महिलाको वर्तमान अवस्था, परिच्छेद ५ मा राष्ट्रिय महिला आयोगबाट आ.व. २०८०।०८१ मा सम्पन्न भएका मुख्य गतिविधिहरू परिच्छेद ६ मा आ.व. २०८०/८१ मा आयोगबाट सञ्चालित कार्यक्रमहरू, परिच्छेद ७ मा आ.व २०८०/८१ मा गरिएको नीतिगत सिफारिसको विवरण र सिफारिसहरूको कार्यान्यिनको अवस्था, परिच्छेद ८ मा स्थलगत अनुगमन सम्बन्धी विवरण परिच्छेद ९ मा आर्थिक वर्ष २०८०/८१ मा दर्ता भएको उजुरीहरू/ प्रदान गरिएका सेवाहरू परिच्छेद १० मा राष्ट्रिय महिला आयोग र नेपाल टेलिभिजन तथा रेडियो नेपालबिच सम्झौता भए बमोजिम नेपालमा महिला पाक्षिक कार्यक्रम उत्पादन तथा प्रसारण सम्बन्धी विवरण र परिच्छेद ११ मा निष्कर्ष उपलब्धि चुनौती सुझाव तथा भावी कार्यदिशा को शीर्षकहरू र ६ वटा अनुसूचीहरू समेत समावेश गरिएका छन् ।

२. आर्थिक वर्ष २०८०/०८१ मा आयोगमा लैङ्गिक हिंसासम्बन्धी ९३२ वटा नयाँ उजुरीहरू प्राप्त भएका छन् भने अघिल्ला आर्थिक वर्षका फलोअप २२०० जनाले आयोगमा प्रत्यक्ष उपस्थित भई सेवा लिइरहेका गरी जम्मा ३१३२ जना हिंसा पीडित महिलालाई विभिन्न किसिमका सेवा प्रदान गरिएको छ।

३. आयोगले निःशुल्क हेल्पलाइन "खबर गरौं ११४५" मार्फत देश भरबाट हिंसा पीडित महिलाले आफू उपर हिंसा भएको जानकारी गराउने वित्तिकै प्रतिकार्य गर्ने गरी सेवा प्रवाहको व्यवस्था मिलाएको छ । जस अनुसार यस आर्थिक वर्षमा १२२२ नयाँ उजुरी तथा जानकारी टेलिफोन र २८७७ फलोअप टेलिफोन गरी जम्मा ४०९९ जना सेवाग्राही लाभान्वित भएका छन् ।

४. आयोगले महिलाको बहुआयामिक सशक्तीकरणको लागि फरक फरक सरोकारवाला क्षेत्रमा विभिन्न किसिमका सचेतनामूलक कार्यक्रम, पैरवी, अध्ययन अनुसन्धान, अनुगमन र नीतिगत सिफारिसको कार्य गर्दै आएको छ । आ.व. २०८०।०८१ को अन्त्यसम्म आइपुग्दा निजामती सेवामा २९.५% महिला संघीय व्यवस्थापिकामा ३३.१% महिला प्रदेश सभामा ३६.३६% र स्थानीय तहमा ४१.८% महिला जनप्रतिनिधिको सहभागिता भइसेकको र अन्य क्षेत्रमा पनि महिलाको पहुँच अभिवृद्धि हुँदै जानु सुखद पक्ष हो ।

५. नेपाल पक्ष राष्ट्र भएका अन्तर्राष्ट्रिय प्रतिवद्धताहरू कार्यान्वयनको अवस्थाबारे अध्ययन तथा देशभित्रका निकायहरूबाट महिला अधिकारका सवालहरूको सम्बोधन भए नभएको वा कानूनले तोके बमोजिमका महिलाका मुद्दाहरू कार्यान्वयन भए नभएको अनुगमन तथा मूल्याङ्कन गरी पृष्ठपोषण गर्नु पर्ने जिम्मेवारीलाई पूरा गर्ने सन्दर्भमा अध्ययन अनुसन्धान अनुगमन सचेतनामूलक छलफल र अन्तरक्रियाबाट प्राप्त सुझावहरूका आधारमा विभिन्न निकायहरूमा नीतिगत सिफारिसहरू प्रेषण गरिएको छ र विगतमा भएका सिफारिसहरूको कार्यान्वयन अवस्थाको समेत अनुगमन भइरहेको छ।

६. आयोगको तेस्रो ५ वर्षे रणनीतिक योजना (आर्थिक वर्ष २०७८/७९-२०८२/८३) को कार्यान्वयन गरी परिमाणात्मक लक्ष्यहरू हासिल गर्नु पर्ने भएकोले  आयोगका वार्षिक कार्यक्रमहरू रणनीतिक योजनाको लक्ष्य पूरा गर्ने गरी प्रस्तावित गर्दै स्वीकृत कार्यक्रमहरूलाई यथासम्भव पूर्ण कार्यान्वयन गर्ने प्रयास गरिँदै आएको छ।

७. आयोगले हिंसाका घटनाको तत्काल अनुगमन गरी घटनाको छानविन र अनुसन्धान गर्न सम्बन्धीत निकायलाई ध्यानाकर्षण गराउने र हिंसा पीडित महिलालाई न्यायको पहुँचमा यथाशीघ्र पुऱ्याउन अनुगमनको कार्यलाई विशेष प्राथमिकतामा राखेको छ।

८. आयोगले आ.व. २०८०।०८१ मा सातै प्रदेश, ४० जिल्ला र १७६ स्थानीय तहहरूमा पुगी आफ्ना स्वीकृत कार्यक्रमहरू कार्यान्वयन तथा अनुगमनको कार्यको दायरा बृहत बनाउने प्रयास गरेको छ। कार्यक्रम र अनुगमनको क्रममा करीब १०,००० व्यक्तिहरू आयोगबाट सम्पन्न विभिन्न कार्यक्रमबाट प्रत्यक्ष लाभान्वित भएका छन्।

९. महिला हिंसा निवारणका लागि सुरक्षा निकायका सरोकारवालाहरू न्यायिक समितिका पदाधिकारीहरू स्थानीय जनप्रतिनिधिहरू, राजनीतिक तथा सामाजिक क्षेत्रका युवाहरू विद्यालयका सरोकारवालाहरूसँग छलफल र अन्तरक्रिया गरी नेपाल सरकार प्रदेश सरकार र स्थानीय तहहरूले गर्नु पर्ने लैङ्गिक सवालहरू सम्बोधनका लागि तथ्यहरूको संकलन गरिएको छ।

१०. आयोगले आ.व. २०८०।०८१ मा स्थानीय सरकारको निर्णय प्रक्रियामा महिला उपप्रमुखको प्रभावः सहभागिता र चुनौतीहरू सम्बन्धी अध्ययन, वैदेशिक रोजगारीमा संलग्न महिलाहरूको अवस्था चुनौती र जोखिम पक्षसम्बन्धी अनुसन्धान तथा जबरजस्ती करणी र यौनजन्य दुर्व्यवहारको वर्तमान अवस्था त्यसका कारण र असरहरूबारे अध्ययन गरी सरकारले गर्नुपर्ने लैङ्गिक नीतिहरू तथा कार्यक्रम तर्जुमाका लागि तथ्यमा आधारित पृष्ठपोषणको आधार तय गरेको छ।

११. आयोगले संविधान प्रदत्त काम, कर्तव्य र अधिकार बमोजिम भए गरेका गतिविधिहरू आयोगबाट प्रवाह भइरहेको सेवा तथा देशमा विद्यमान महिलाको अवस्था सबै नागरिकलाई सुसूचित गराउने उद्देश्यले नेपाल टेलिभिजनसँगको सहकार्यमा पाक्षिक रुपमा "नेपालमा महिला" कार्यक्रम र पाक्षिक रुपमा नै रेडियो नेपालसँगको सहकार्यमा "महिला आवाज" कार्यक्रम सञ्चालन गर्दै आएको छ।

१२. महिला भित्र पनि अपाङ्गता भएका महिला ज्येष्ठ नागरिक महिला एकल महिला बालिका तथा किशोरी र लैङ्गिक तथा यौनिक अल्पसंख्यक महिलाहरू लैङ्गिक हिंसाको उच्च जोखिममा रहने हुँदा यस्ता वर्गका महिलाका सवालहरू सम्बोधन गर्न सरकारले विशेष व्यवस्था गर्नु पर्ने हुँदा नीतिगत सिफारिसको लागि पृष्ठपोषण लिने उद्देश्यले तत् तत् वर्गका सरोकारवालाहरूसँग छलफल र अन्तरक्रिया गरी प्राप्त सुझावको आधारमा नीतिगत सिफारिस समेत गरिएको छ।

१३. विद्यालयमा हुने लैङ्गिक हिंसा निवारणका सम्बन्धमा विभिन्न जिल्लाका विद्यालयमा पुगी विद्यार्थी शिक्षक एवं विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरूलाई अभिमुखीकरण गरिएको छ।

१४. लैङ्गिक हिंसाका घटनाको मौजुदा तथ्याङ्क हेर्दा घरेलु हिंसाको हिस्सा उच्च रहेको सन्दर्भमा यसको निराकरणका लागि स्थानीय तहको सक्रियता आवश्यक हुने भएकोले लैङ्गिक हिंसा निवारण र महिला सशक्तीकरणका लागि आफ्ना प्रयासहरू प्रभावकारी बनाउने दिशामा कार्य गर्नका लागि उत्प्रेरित गर्न लैङ्गिक हिंसा निवारणका लागि सचेतना र उत्प्रेरणा कार्यक्रम देशका ९ वटा जिल्लाका स्थानीय तहहरूमा सम्पन्न गरिएको छ।

१५. तीन वटै तहका सरकारका योजना तथा कार्यक्रमहरू लैङ्गिक मैत्री बनाउन लैङ्गिक उत्तरदायी बजेट प्रणालीको अवलम्बन गर्नु पर्ने भएकोले सबै तहका सरकारी निकायले यो प्रणालीलाई बजेट तर्जुमा र कार्यान्वयनमा अवलम्वन गर्नु पर्ने देखिन्छ। सो कार्यलाई अनिवार्य गर्न नीतिगत सिफारिस गरिएको छ।

१६. लैङ्गिक हिंसा निवारणमा सचेतनाको अभियान एवं विभिन्न दिवसीय कार्यक्रमहरू र लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान समेत स्वीकृत वार्षिक कार्यक्रम अनुरुप सम्पन्न गरी राष्ट्रिय स्तरका सरोकारवालाहरूसँग हिंसा निवारणको अभियानलाई सहकार्यका साथै तीव्रता दिनका लागि अनुरोध र सैद्धान्तिक सहमतिहरू गरिएको छ।

१७. लैङ्गिक समानताको प्राप्तिका लागि विकासमा लैङ्गिक मूलप्रवाहीकरण आवश्यक हुन्छ। प्रत्येक संघीय निकायहरू, प्रदेश सरकारका मन्त्रालयहरू र स्थानीय तहहरूमा लैङ्गिक सम्पर्क विन्दुलाई कानूनमा नै व्यवस्था गरी कार्यादेश सहित परिचालन गर्न सिफारिस गरिएको छ।

१८. महिलाको नीतिगत तहमा पहुँच अभिवृद्धि गर्न र महिलाको सवालमा गरिएका अन्तर्राष्ट्रिय प्रतिबद्धता कार्यान्वयन गर्नका लागि आवश्यक पृष्ठपोषण प्राप्त गर्न प्रदेश सांसदहरूसँग र प्रदेशस्तरमा कार्यान्वयन गर्ने निकायहरूसँग गरिएका फरक फरक अन्तरक्रियाबाट सुझावहरू प्राप्त भएका छन्।

१९. सबै क्षेत्रमा पितृसत्तात्मक सोँचको अन्त्य गरी लैङ्गिकमैत्री भाषाशैली, बोलीचाली र व्यवहार गर्नुपर्ने र राष्ट्रसेवक कर्मचारीले समेत लैङ्गिक मैत्री सेवा प्रवाहमा ध्यान दिनुपर्ने देखिन्छ।

२०. आयोगको संगठन संरचना र दरबन्दीको पुनरावलोकन गरी आवश्यकता अनुसारको संगठन संरचना कायम गर्न पहल गर्ने, प्रदेशस्तरमा कार्यालय/खोल्ने र जिल्लामा सम्पर्क संयन्त्र तयार गर्ने कार्य आयोगको प्राथमिकतामा रहेको छ।

२१. आयोगले हिंसा पीडित महिलालाई न्यायमा पहुँच दिलाउनका लागि स्थापना गरेको "खबर गरौं हेल्पलाइन ११४५" सेवालाई थप सुदृढ र प्रभावकारी बनाउने कार्य आयोगको प्राथमिकतामा रहेको छ।

२२. आयोगले संविधान र राष्ट्रिय महिला आयोग ऐन, २०७४ मार्फत प्रदत्त काम, कर्तव्य र अधिकारको कार्यान्वयनलाई थप प्रभावकारी बनाउन देशमा महिलाको मानव अधिकार र लैङ्गिक सवाललाई सम्बोधन गर्ने तथा स्थापित निकायहरूसँगको समन्वय र सहकार्यलाई प्राथमिकतामा राखेको छ।

## शब्दावली

| | |
|---|---|
| आयोग | राष्ट्रिय महिला आयोग |
| आ.व. | आर्थिक वर्ष |
| CEDAW | Convention on the Elimination of all forms of Discrimination against Women |
| OCMC | One Stop Crisis Management Centre |

# विषयसूची

**परिच्छेद १: प्रारम्भिक**

१.१ पृष्ठभूमीः १
१.२ राष्ट्रिय महिला आयोगको गठन तथा काम, कर्तव्य र अधिकार १
१.२.१ आयोगको गठन प्रक्रिया १
१.२.२ नेपालको संविधान अनुसार आयोगको काम, कर्तव्य र अधिकार २
१.२.३ राष्ट्रिय महिला आयोग ऐन, २०७४ को व्यवस्था २
१.२.४ राष्ट्रिय महिला आयोग नियमावली, २०७८ को व्यवस्था ३

**परिच्छेद २: संगठनात्मक संरचना**

२.१ आयोगमा पदाधिकारीहरूको नियुक्तिः ४
२.२ आयोगको संगठन संरचना ४
२.३ आयोगको शाखागत परिचयः ६
२.३.१. प्रशासन तथा योजना शाखा ६
२.३.२ महिला विकास समन्वय शाखा ६
२.३.३ नीति निर्माण, अन्तर्राष्ट्रिय प्रतिवेदन तयारी र सिफारिस कार्यान्वयन शाखा ६
२.३.४ उजुरी तथा मुद्दा व्यवस्थापन शाखा ७
२.३.५ आर्थिक प्रशासन शाखा ८
२.४ पदपूर्तिको अवस्थाः ८
२.५ "खबर गरौं ११४५" हेल्पलाइन सेवालाई नेपाल सरकारको बजेटबाट सञ्चालन गर्न अस्थायी दरबन्दी सृजना ९

**परिच्छेद ३: नेपालमा महिला सशक्तीकरणको प्रयास र वर्तमान अवस्था**

३.१ अन्तर्राष्ट्रिय प्रतिबद्धता एवं महिला सशक्तीकरणका लागि भएका प्रयासहरू १०
३.२ नेपालको संविधान र कानूनहरूमा महिला अधिकार १२
३.३ १६ औं पञ्चवर्षीय योजना(२०८१/२०८२-२०८५/२०८६) मा लैङ्गिक समानता प्रवर्द्धनका लागि गरिएको व्यवस्था : १८
३.३.१ विद्यमान अवस्थाः १८
३.३.२ मुख्य सवाल तथा चुनौती :- १९
३.३.३ रूपान्तरणकारी रणनीति १९
३.३.४ प्रमुख कार्यक्रमः १९
३.३.५ परिमाणात्मक लक्ष्यः २०
३.४ संरचनागत व्यवस्था २०
३.५ नेपालमा महिला विकास र सशक्तीकरणका लागि भएका प्रयासहरुको संक्षिप्त विवरण २१
३.६ महिला माथि हुने विभिन्न किसिमका मुद्दाहरूको सन्दर्भमा न्याय प्रक्रियाका लागि प्रतिपादित नजिरहरूः २४

## परिच्छेद ४: नेपालमा महिलाको वर्तमान अवस्था

४.१ पृष्ठभूमि २७

## परिच्छेद ५: आर्थिक वर्ष २०८०/०८१ मा सम्पन्न भएका प्रमुख गतिविधिहरु

५.१ केन्द्रस्तरमा सम्पन्न कार्यक्रमहरू ३७
५.२ प्रदेश/जिल्ला तथा स्थानीयस्तरमा सम्पन्न भएका कार्यक्रमहरू ३८
५.३ अध्ययन तथा अनुसन्धान ३८
५.४ प्रकाशन तथा प्रसारण ३८

## परिच्छेद ६: आ.व. २०८०/०८१ मा आयोगबाट सञ्चालित कार्यक्रमहरु तथा अध्ययन अनुसन्धान

६.१ कार्यक्रमको नामः हानिकारक अभ्यास सम्बन्धी अन्तरक्रिया कार्यक्रम ३९
६.२ कार्यक्रमको नामःस्थानीय तहमा न्यायिक समिति तथा पदाधिकारीहरूबीच लैङ्गिक हिंसा निवारणका असल अभ्यास र न्यायमा पहुँच सम्बन्धी अन्तरक्रिया कार्यक्रम ४०
६.३ कार्यक्रमको नामः आयोगका क्रियाकलाप सम्बन्धमा चौमासिक पत्रकार अन्तरक्रिया कार्यक्रम ४२
६.४ कार्यक्रमको नामः महिलाको हक हित र अधिकार सम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानून र प्रतिबद्धताहरूको कार्यान्वयन सम्बन्धी अन्तरक्रिया ४३
६.५ कार्यक्रमको नामःनीतिगत विषयमा प्रदेश महिला सांसदहरू र संसदीय समितिका सभापतिहरूसँग अन्तरक्रिया कार्यक्रम ४५
६.६ कार्यक्रमको नामःनेपाल सरकारका विभिन्न निकायका लैङ्गिक सम्पर्क विन्दूसँग समीक्षात्मक बैठक ४७
६.७ कार्यक्रमको नामः एकल महिलाहरूको सुरक्षा सम्बन्धमा नीतिगत तथा कार्यक्रमगत पृष्ठपोषणका लागि सरोकारवालाहरूसँग अन्तरक्रिया कार्यक्रम ४८
६.८ कार्यक्रमको नामः लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान सञ्चालन (नोभेम्बर २५ देखि डिसेम्बर १०) ५०
६.९ कार्यक्रमको नामः छैठौं राष्ट्रिय महिला अधिकार दिवस ५१
६.१० कार्यक्रमको नामः महिला हिंसा न्यूनीकरणका लागि सचेतना तथा उत्प्रेरणा कार्यक्रम ५२
६.११ कार्यक्रमको नामः बालिका तथा किशोरीहरूमाथि हुने अवहेलना, दुर्व्यवहार र हिंसाको सवालमा अन्तरक्रिया कार्यक्रम ५४
६.१२ कार्यक्रमको नामः महिला हिंसा निवारणको अभियानलाई प्रभावकारी बनाउन सामाजिक तथा राजनीतिक क्षेत्रका युवाहरूसँग अन्तरक्रिया ५६
६.१३ कार्यक्रमको नामः योगमाया स्मृति दिवस ५८
६.१४ कार्यक्रमको नामः अपाङ्गता भएका महिलाहरूको हक अधिकार संरक्षणका विषयमा सरोकारवाला निकायबिच अन्तरक्रिया। ५९
६.१५ कार्यक्रमको नामः लैङ्गिक तथा यौनिक अल्पसंख्यकको सवालमा अन्तरक्रिया ६१
६.१६ कार्यक्रमको नामः ज्येष्ठ नागरिक माथि हुने अवहेलना, दुर्व्यवहार र हिंसा विरुद्ध ज्येष्ठ महिलाको सुरक्षाको सवालमा अन्तरक्रिया कार्यक्रम ६२
६.१७ कार्यक्रमको नामः महिला हिंसा निवारणका लागि सुरक्षा निकायसँग रणनीतिक योजना बैठक र अन्तरक्रिया कार्यक्रम ६३

६.१८ कार्यक्रमको नामः विद्यालयस्तरमा हुने लैङ्गिक हिंसा निवारणको सम्बन्धमा शिक्षक, विद्यार्थी र विद्यालय व्यवस्थापनका पदाधिकारीसँगको अभिमुखीकरण ६५
६.१९ कार्यक्रमको नामः राष्ट्रिय महिला आयोगको स्थापना दिवस, उत्कृष्ट नारी सम्मान तथा उत्कृष्ट कर्मचारी सम्मान कार्यक्रम ६७
६.२० आयोगबाट यस आर्थिक वर्षमा सहकार्यमा गरिएका कार्यक्रमः ६८
६.२१ स्थानीय सरकारको निर्णय महिला उपप्रमुखको प्रभावः सहभागिता र चुनौतीहरू सम्बन्धी अध्ययन ६९
६.२२ वैदेशिक रोजगारीमा संलग्न महिलाहरूको अवस्था, चुनौती र जोखिम पक्षसम्बन्धी अनुसन्धान ७०
६.२३ जबरजस्ती करणी र यौनजन्य दुर्व्यवहारको वर्तमान अवस्था, त्यसका कारण र असरहरूबारे अध्ययन ७१
६.२४ महिला हिंसा सम्बन्धमा राष्ट्रिय महिला आयोगको सेवा प्रवाह सम्बन्धमा गरिएको एक अध्ययन ७३

**परिच्छेद ७: राष्ट्रिय महिला आयोगले लैङ्गिक समानता प्रवर्द्धन न्याय सुनिश्चित गर्ने सन्दर्भमा नेपाल सरकारका विभिन्न मन्त्रालय, विभाग तथा निकायहरुबाट आवश्यक पहलकदमी लिनुपर्ने विषयमा गरिएको नीतिगत सिफारिस**

७.१ आयोगबाट आ.व २०८०/८१ मा गरिएको नीतिगत सिफारिसको विवरण ७५
७.२ आयोगबाट आ.व. २०७९/८० मा विभिन्न निकायमा विभिन्न विषयमा नीतिगत सिफारिस गरिएकोमा सम्बन्धित निकायहरूबाट प्राप्त भएको जानकारीको आधारमा तयार गरिएको सिफारिसको कार्यान्वयनको अवस्था ७९

**परिच्छेद ८: स्थलगत अनुगमन सम्बन्धी विवरण**

८.१ माननीय अध्यक्ष श्री कमला कुमारी पराजुलीको नेतृत्वमा आ.व. २०८०/८१ मा भएका अनुगमनहरूको विवरण ९५
८.२ माननीय सदस्य श्री कृष्ण कुमारी पौडेल खतिवडाको नेतृत्वमा आ.व. २०८०/८१ मा सम्पन्न भएका अनुगमनहरूको विवरण ११२
८.३ माननीय सदस्य श्री विद्या कुमारी सिन्हाको नेतृत्वमा आ.व. ०८०/८१ मा सम्पन्न भएका अनुगमनहरूको विवरण ११७
८.४ माननीय सदस्य श्री सावित्रा कुमारी शर्माको नेतृत्वमा आ.व. ०८०/८१मा सम्पन्न भएका अनुगमनहरूको विवरण ११९

**परिच्छेद ९: उजुरी तथा मुद्दा व्यवस्थापन**

९.१ उजुरी सम्बन्धी व्यवस्थाः १२८
९.२ आयोगमा प्राप्त उजुरी निवेदन तथा आयोगद्धारा प्रदान गरिएका सेवाहरूः १२९
९.२.१ आ.व. २०८०/८१ मा आयोगको क्षेत्राधिकार अनुसार दर्ता भएका उजुरीहरूः १२९
९.२.२ हिंसाको प्रकार अनुसार आयोगमा दर्ता भएका उजुरीहरूः १२९
९.३ आयोगमा प्राप्त भएका उजुरीमा छलफल तथा मेलमिलापको अवस्थाः १३०
९.३.१ आयोगबाट प्रदान गरिएको सेवाको विवरणः १३०

९.४ हिंसा पीडित महिलाहरूको सेवाका लागि आयोगबाट विभिन्न संस्थाहरूमार्फत प्रदान गरिएको सेवाको विवरणः १३१
९.५ ““खबर गरौं ११४५”” हेल्पलाइन सेवाः १३१
९.६ आयोगमा प्राप्त भएका सूचनाका आधारमा अन्य सेवा प्रदायक निकायहरूमा पत्राचार एवं सिफारिस गरिएको विवरणः १३२

## परिच्छेद १०

१०.१ राष्ट्रिय महिला आयोग र नेपाल टेलिभिजन बिच सम्झौता भए बमोजिम नेपालमा महिला पाक्षिक कार्यक्रम उत्पादन तथा प्रसारण सम्बन्धी विवरणः १३६
१०.२ राष्ट्रिय महिला आयोग र रेडियो नेपाल बिच सम्झौता भए बमोजिम उत्पादन र प्रसारण गरिएको पाक्षिक कार्यक्रमः महिला आवाज सम्बन्धी विवरण १३७

## परिच्छेद ११: निष्कर्ष, उपलब्धी, चुनौती, सुझाव तथा भावी कार्यदिशा

११.१ निष्कर्षः १३९
११.२ उपलब्धिहरूः १४१
११.३ चुनौतीहरू १४२
११.४ सुझावहरू १४३
११.५ आयोगको भावी कार्यदिशा १४४
अनुसूची १ १४८
अनुसूची २ १५१
अनुसूची ३ १५७
अनुसूची ४ १५८
अनुसूची ५ १६४
अनुसूची ६ १६५

# परिच्छेद १
# प्रारम्भिक

## १.१ पृष्ठभूमिः

नेपालको कुल जनसङ्ख्याको ५१.५ प्रतिशत जनसङ्ख्या महिलाको रहेको छ। महिलाको संख्या पुरुषको सङ्ख्या भन्दा बढी भए तापनि आर्थिक, सामाजिक, राजनीतिक एवं प्रशासनिक क्षेत्रमा महिलाको अवस्था तुलनात्मक रूपमा कमजोर रहेको छ। महिलाविरूद्ध हुने सबै प्रकारका भेदभाव अन्त्य गर्ने महासन्धि, १९७९ (CEDAW–1979) ले महिला अधिकारलाई व्यवहारमा रूपान्तरण गर्न छुट्टै नीति, संस्थागत संरचना र बजेट विनियोजन हुनुपर्ने उल्लेख गरेको छ। यस तथ्यलाई आत्मसात् गरी सन् १९९३ को भियना घोषणापत्र तथा सन् १९९५ को चौथो विश्व महिला सम्मेलन बेइजिङ्ग घोषणापत्रले महिलाको मानव अधिकार पुरुष सरह हुने गरी मान्यता प्रदान गरेको छ। बेइजिङ्ग घोषणापत्रले अधिकार प्राप्त स्वतन्त्र संस्थाबाट महिलाको हित र उन्नतिको प्रयास गर्नु पर्ने दायित्व सरकारको हुने भन्ने उल्लेख गरे अनुरूप २०५८ साल फागुन २३ गते (७ मार्च २००२) तत्कालीन नेपाल सरकारको निर्णयबाट राष्ट्रिय महिला आयोग गठन भएको थियो। आयोगको कामलाई व्यवस्थित तुल्याउन राष्ट्रिय महिला आयोग ऐन, २०६३ र नियमावली २०६५ जारी भई कार्यान्वयनमा रहेका थिए। संविधान सभाबाट २०७२ असोजमा नेपालको संविधान जारी भए पश्चात् राष्ट्रिय महिला आयोगले संवैधानिक मान्यता प्राप्त गऱ्यो। संविधानको भाग २७, धारा २५२, २५३ र २५४ मा आयोगको गठन प्रक्रिया, काम, कर्तव्य र अधिकार तथा प्रदेश कार्यालय स्थापना सम्बन्धी व्यवस्थाहरू समेटिएका छन्। संवैधानिक मान्यता प्राप्त भएसँगै आयोगको कार्यक्षेत्र, जिम्मेवारी र उत्तरदायित्व वृद्धि हुन गएको छ। आयोगको काम कारबाहीलाई व्यवस्थित गर्न हाल राष्ट्रिय महिला आयोग ऐन, २०७४ तथा राष्ट्रिय महिला आयोग नियमावली, २०७८ जारी भई कार्यान्वयनमा रहेका छन्।

नेपालको संविधानले लैङ्गिक विभेदको अन्त्य गर्दै समानुपातिक, समावेशी र सहभागितामूलक सिद्धान्तको आधारमा समतामूलक समाजको निर्माण गर्ने लक्ष्य लिएको छ। संविधानको धारा ३८ मा महिलाको हकलाई छुट्टै मौलिक हकको रूपमा स्थापित गरी त्यस अन्तर्गत विभिन्न हक, अधिकारको व्यवस्था गरिएको छ। संविधान तथा प्रचलित कानूनमा व्यवस्था भएका महिला तथा बालबालिका सम्बन्धी हक, अधिकारको प्रभावकारी कार्यान्वयन गर्न गराउनका लागि आयोगले नियमनकारी र सचेतकको भूमिका निर्वाह गर्दै आएको छ। आयोगले विगतदेखि महिलामाथि भइरहेको सामाजिक, आर्थिक, सांस्कृतिक र राजनैतिक विभेदलाई उन्मूलन गर्न र महिला सशक्तीकरणका लागि निरन्तर कार्य गर्दै आइरहेको छ। आयोगले महिला मानवअधिकार हननका घटनाहरूको अनुगमन, निरीक्षण तथा छानविन गर्नुका साथै सीमान्तकृत र अधिकारबाट वञ्चित महिलाहरूलाई न्यायमा सहज पहुँच दिलाउन कानूनी परामर्श उपलब्ध गराउने लगायतका कार्यहरूलाई निरन्तरता दिँदै आएको छ।

महिलाको हक, हितको संरक्षण र संवर्द्धन गरी राष्ट्रिय विकासको मूलप्रवाहमा महिलालाई प्रभावकारी रूपमा समाहित गर्न तथा महिलाको समग्र विकास गरी लैङ्गिक न्याय कायम गर्ने उद्देश्य अनुरूप स्थापित आयोगको काम, कर्तव्य र अधिकार सम्बन्धी व्यवस्था नेपालको संविधान तथा राष्ट्रिय महिला आयोग ऐन, २०७४ ले गरेको छ। संविधान र ऐनमा उल्लिखित दायित्व निर्वाहका लागि आयोगले पाँच वर्षे रणनीति तथा सोको आधारमा वार्षिक कार्यक्रम तर्जुमा गरी आफ्नो कार्य सम्पादन गर्दै आएको छ।

## १.२. राष्ट्रिय महिला आयोगको गठन तथा काम, कर्तव्य र अधिकार

### १.२.१ आयोगको गठन प्रक्रिया

नेपालको सविधानको धारा २५२ मा नेपालमा एक राष्ट्रिय महिला आयोग रहने व्यवस्था छ जसमा अध्यक्ष र चारजना सदस्यहरू रहने संवैधानिक व्यवस्था छ। कम्तीमा दश वर्ष महिलाको हक, हित वा लैङ्गिक न्याय वा महिला विकास वा मानव अधिकार र

कानूनका क्षेत्रमा महत्त्वपूर्ण योगदान पुऱ्याएका, उच्च नैतिक चरित्र भएका, नियुक्ति हुँदाका बखत कुनै राजनीतिक दलका सदस्य नरहेका, पैंतालीस वर्ष उमेर पूरा भएका नेपाली नागरिक राष्ट्रिय महिला आयोगको अध्यक्ष वा सदस्यको पदमा नियुक्तिका लागि योग्य हुने, साथै अध्यक्षको हकमा मान्यता प्राप्त विश्वविद्यालयबाट स्नातक उपाधि हासिल गरेको थप योग्यता हुनुपर्ने व्यवस्था संविधानमा उल्लेख भएको छ। राष्ट्रपतिले संवैधानिक परिषद्को सिफारिसमा आयोगका अध्यक्ष र सदस्यको नियुक्ति गर्ने र निजहरूको पदावधि ६ वर्षको हुने संवैधानिक व्यवस्था छ।

### १.२.२ नेपालको संविधान अनुसार आयोगको काम, कर्तव्य र अधिकार

नेपालको संविधानको धारा २५३ मा राष्ट्रिय महिला आयोगको काम, कर्तव्य र अधिकार सम्बन्धमा देहाय बमोजिमको व्यवस्था गरिएको छः

(१) राष्ट्रिय महिला आयोगको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

- (क) महिलाको हक, हितसँग सरोकार राख्ने नीति तथा कार्यक्रमको तर्जुमा गरी कार्यान्वयनका लागि नेपाल सरकार समक्ष पेश गर्ने।
- (ख) महिलाको हक, हितसँग सम्बन्धित कानून वा नेपाल पक्ष भएको अन्तर्राष्ट्रिय सन्धि वा सम्झौता अन्तर्गतको दायित्व कार्यान्वयन भए वा नभएको विषयमा अनुगमन गरी त्यसको प्रभावकारी पालन वा कार्यान्वयनको उपाय सहित नेपाल सरकार समक्ष सुझाव दिने।
- (ग) महिलालाई राष्ट्रिय विकासको मूलप्रवाहमा समाहित गर्न तथा राज्यका सबै निकायमा समानुपातिक सहभागिता सुनिश्चित गर्न मौजुदा नीति तथा कार्यक्रमको समीक्षा, अनुगमन तथा मूल्याङ्कन गर्ने र त्यसको प्रभावकारी कार्यान्वयनका लागि नेपाल सरकारलाई सिफारिस गर्ने।
- (घ) लैङ्गिक समानता, महिला सशक्तीकरण तथा महिलासँग सम्बन्धित कानूनी व्यवस्थाको अध्ययन, अनुसन्धान गरी त्यस्ता कानूनमा गर्नु पर्ने सुधारका सम्बन्धमा सम्बन्धित निकायलाई सिफारिस गर्ने र सोको अनुगमन गर्ने।
- (ङ) महिला अधिकारसँग सम्बन्धित नेपाल पक्ष भएको अन्तर्राष्ट्रिय सन्धि वा सम्झौतामा भएको व्यवस्था बमोजिम नेपालले पठाउनुपर्ने प्रतिवेदन तयारीका सम्बन्धमा नेपाल सरकारलाई सुझाव दिने।
- (च) महिला हिंसा वा सामाजिक कुरीतिबाट पीडित भएको वा महिला अधिकार प्रयोग गर्न नदिएको वा वञ्चित गरेको विषयमा कुनै व्यक्ति वा संस्था विरुद्ध मुद्दा दायर गर्नु पर्ने आवश्यकता देखिएमा कानून बमोजिम अदालतमा मुद्दा दायर गर्न सम्बन्धित निकाय समक्ष सिफारिस गर्ने।

(२) आयोगले आफ्नो काम, कर्तव्य र अधिकारमध्ये कुनै काम, कर्तव्य र अधिकार आयोगको अध्यक्ष, कुनै सदस्य वा नेपाल सरकारको कुनै कर्मचारीलाई तोकिएको शर्तको अधीनमा रही प्रयोग तथा पालन गर्नेगरी प्रत्यायोजन गर्न सक्नेछ।

(३) आयोगको अन्य काम, कर्तव्य, अधिकार तथा तत्सम्बन्धी अन्य व्यवस्था संघीय कानून बमोजिम हुनेछ।

### १.२.३ राष्ट्रिय महिला आयोग ऐन, २०७४ को व्यवस्था

राष्ट्रिय महिला आयोग ऐन, २०७४ को दफा ३ मा नेपालको संविधानको धारा २५३ मा उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त आयोगको अन्य काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुने कुरा उल्लेख भएको छः

- (क) महिला सशक्तीकरणका लागि महिलासँग सम्बन्धित नीतिगत, कानूनी व्यवस्था तथा नेपाल सरकारका कार्यक्रमको समीक्षा, अनुगमन तथा मूल्याङ्कन गर्ने र त्यस्ता नीति तथा कार्यक्रमको लैङ्गिक न्यायको दृष्टिकोणबाट प्रभावकारी भए नभएको विश्लेषण गरी सुधारका लागि नेपाल सरकारलाई सुझाव दिने।
- (ख) संविधान तथा कानून प्रदत्त महिलाका अधिकार सम्बन्धी व्यवस्थाको कार्यान्वयनको बारेमा अध्ययन तथा अनुसन्धान गरी त्यस्ता व्यवस्थाको प्रभावकारी कार्यान्वयनको लागि नेपाल सरकारलाई सुझाव दिने।
- (ग) महिला विरुद्धको हिंसा वा विभेदको कारणबाट उत्पन्न कुनै समस्या वा विशेष अवस्थाको बारेमा अध्ययन अनुसन्धान गरी त्यस्तो अवस्था उत्पन्न हुन नदिनको लागि अवलम्बन गर्नु पर्ने रणनीतिहरूको बारेमा नेपाल सरकारलाई सुझाव दिने।

(घ) महिलालाई आत्मनिर्भर बनाउन तथा सशक्तीकरणको लागि पूँजी, स्रोत साधन र प्रविधिमा महिलाको पहुँच बढाउन आवश्यक उपायहरूबारे सम्बन्धित निकायलाई सिफारिस गर्ने ।

(ङ) महिलाको हक हितको संरक्षण र संवर्द्धन तथा महिलाको सशक्तीकरणका लागि आवश्यक सूचना, जानकारी एवं चेतनामूलक कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने ।

(च) महिला विरुद्धका सबै प्रकारका हिंसा र विभेद अन्त्य गर्न त्यस्तो हिंसा र विभेद सृजना गर्ने कुरीति र अन्धविश्वास हटाउन आवश्यक कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने ।

(छ) महिला विरुद्धको हिंसा वा विभेदको कारण सामाजिक रूपमा बहिष्करण वा जोखिम वा विस्थापित वा पीडित महिलालाई सुरक्षा केन्द्र वा पुनःस्थापना केन्द्रमा पठाउने व्यवस्थाको लागि सिफारिस गर्ने ।

(ज) आयोगले गरेका सिफारिसको कार्यान्वयनको अवस्थाको अनुगमन गर्ने वा गराउने ।

(झ) सदस्य तथा आयोगका कर्मचारीको लागि आचारसंहिता बनाइ लागू गर्ने ।

(ञ) आयोगको वार्षिक कार्यक्रम स्वीकृत गर्ने ।

## १.२.४ राष्ट्रिय महिला आयोग नियमावली, २०७८ को व्यवस्था

राष्ट्रिय महिला आयोग नियमावली, २०७८ को नियम ३ मा आयोगले संविधान तथा ऐन बमोजिम आफ्नो कार्य सम्पादन गर्दा देहाय बमोजिमका काम गर्नसक्ने व्यवस्था उल्लेख भएको छः

(क) लैङ्गिक समानता, महिला सशक्तीकरण र लैङ्गिक मूलप्रवाहीकरण सम्बन्धमा नेपाल सरकारका विभिन्न निकायबाट कार्यान्वयन गरिएका कार्यक्रमको अध्ययन, विश्लेषण तथा अनुगमन गरी सुधारका लागि सम्बन्धित निकायमा लेखी पठाउन ।

(ख) महिला विरुद्धका हिंसा र विभेद अन्त्यका लागि नेपाल सरकार लगायत विभिन्न निकायबाट कार्यान्वयनमा ल्याइएका ऐन, नीति तथा कार्यक्रमको अध्ययन, अनुगमन गरी सुधारका लागि सम्बन्धित निकायमा लेखी पठाउन ।

(ग) समाजमा विद्यमान महिला विरुद्धका कुप्रथा, सामाजिक कुरीति, खराब अभ्यास र अन्धविश्वास हटाउन नेपाल सरकार लगायत विभिन्न निकायबाट सञ्चालित कार्यक्रमको अनुगमन गरी सुधारको लागि आवश्यक विषयमा सुझाव तयार गरी सिफारिस गर्न ।

(घ) लैङ्गिक हिंसामा परेका महिला तथा आश्रित बालबालिकाका लागि मनोसामाजिक परामर्श र कानूनी सहायता उपलब्ध गराउन ।

(ङ) लैङ्गिक हिंसामा परेका महिला तथा आश्रित बालबालिकाका लागि सुरक्षित आश्रयस्थल, अल्पकालीन आवास, पुनः स्थापना केन्द्र वा सेवा केन्द्र आदिमा पठाउन सम्बन्धित निकायसँग आवश्यक सहकार्य र समन्वय गर्न ।

(च) सुरक्षित आश्रयस्थल, पुनःस्थापना केन्द्र र सेवा केन्द्रमा रहेका हिंसा पीडित महिलालाई जीविकोपार्जनका लागि आवश्यक व्यावसायिक तथा रोजगारीमूलक सिप, प्रशिक्षण आदि प्रदान गर्न सम्बन्धित निकायसँग समन्वय गर्न ।

(छ) महिला हिंसा, विभेद, कुरीति विरुद्ध सचेतनामूलक जागरण कार्यक्रमहरू सञ्चालन गर्न ।

(ज) महिलाको हक, हित सरोकारका विषयमा सञ्चालित सरकारी तथा गैरसरकारी संघसंस्थाको क्रियाकलापको अनुगमन तथा मूल्याङ्कन गरी आवश्यक सुझाव दिन ।

(झ) हिंसा पीडित तथा बेसहारा महिला तथा आश्रित बालबालिकाका लागि सञ्चालित सुरक्षित आश्रयस्थल, पुनः स्थापना केन्द्र, सेवा केन्द्र र बालसुधार गृहको स्थलगत अनुगमन निरीक्षण गरी सुधारका लागि आवश्यक सुझाव दिन ।

(ञ) सरकारी तथा गैर सरकारी निकायबाट महिला तथा बालबालिकाको लागि सञ्चालित कल्याणकारी कार्यक्रमहरू प्रभावकारी र लैङ्गिकमैत्री भए नभएको अनुगमन गर्न र थप प्रभावकारी बनाउन सुझाव र सिफारिस गर्न ।

(ट) लैङ्गिक समानता, लैङ्गिक सशक्तीकरण, लैङ्गिक मूलप्रवाहीकरण र लैङ्गिक न्यायका विषयमा आवश्यकता पहिचान गरी अध्ययन, अनुसन्धान गरि, गराइ नेपाल सरकारलाई नीतिगत सुधारका विषयमा सिफारिस गर्न ।

(ठ) लैङ्गिक हिंसा, विभेद, दुर्व्यवहार, सामाजिक कुरीति आदिलाई नियन्त्रण गर्ने सन्दर्भमा विभिन्न योजना तथा कार्यक्रम तयार गरी कार्यान्वयनको लागि नेपाल सरकार लगायत विभिन्न निकायमा सिफारिस गर्न ।

# परिच्छेद २
# संगठनात्मक संरचना

## २.१. आयोगमा पदाधिकारीहरूको नियुक्तिः

नेपालको संविधानको भाग-२७ को धारा २५२ बमोजिम यस आयोगको कार्यक्षेत्रभित्रका कार्यहरू प्रभावकारी रूपमा सम्पादन गर्नको लागि पदाधिकारीहरूको नियुक्ति भई पदबहाली भएको अवस्था छ। संवैधानिक परिषद्को सिफारिसमा सम्माननीय राष्ट्रपतिबाट मिति २०७७ माघ २१ गते राष्ट्रिय महिला आयोगको अध्यक्ष तथा सदस्यको पदमा देहाय बमोजिमका पदाधिकारीहरू नियुक्त भई निजहरूले कार्यभार सम्हाल्नु भएको छः-

१. श्री कमला कुमारी पराजुली - अध्यक्ष

२. श्री कृष्ण कुमारी पौडेल खतिवडा - सदस्य

३. श्री विद्या कुमारी सिन्हा - सदस्य

आयोगको रिक्त रहेको दुई सदस्य पदमा सम्माननीय राष्ट्रपतिबाट मिति २०७८ असार १० गते देहाय बमोजिमका माननीय सदस्यहरूको नियुक्ति भएको छः-

१. श्री जया घिमिरे - सदस्य (उमेर हदका कारण अवकाश भएको)

२. श्री सावित्रा कुमारी शर्मा - सदस्य

## २.२ आयोगको संगठन संरचना

नेपाल सरकारबाट स्वीकृत आयोगको कार्यालयको संगठन संरचनामा आयोगको सचिव (राजपत्रांकित प्रथम श्रेणी) मातहत ५ वटा शाखाहरूमा विभिन्न श्रेणीका ३८ जना कर्मचारी रहने व्यवस्था छ। यसैगरि, खबर गरौं हेल्पलाइन सेवा सञ्चालनको लागि विभिन्न तहका गरी कुल १७ वटा अस्थायी पदहरू रहेका छन्। आयोगको संगठनात्मक संरचना देहाय बमोजिम रहेको छ।

## राष्ट्रिय महिला आयोगको संगठन संरचना

**अध्यक्ष**

सदस्य | सदस्य | सदस्य | सदस्य

सचिव

**प्रशासन तथा योजना शाखा**
उपसचिव रा.प.द्वितिय (प्र.सा.प्र.) -१
शा.अ रा.प.तृ.(प्र.सा.प्र.) -२
ना.सु रा.प.अनं. प्रथम(प्र. सा. प्र.)-५
क. अ. रा.प.अनं.प्रथम (विविध)-२
हेल्पलाइन अपरेटर रा.प.अनं.प्रथम -२
ह.स.चा. (श्रेणीविहिन)- ७
का.स. (श्रेणीविहिन) -७

**नीति निर्माण, अन्तर्राष्ट्रिय प्रतिवेदन तयारी र सिफारिस कार्यान्वयन शाखा**
उपसचिव रा.प. द्वितिय (प्र.,सा.प्र.) -१
कानून अधिकृत रा.प.तृ. (न्याय, कानून) -१

**उजुरी तथा मुद्दा व्यवस्थापन शाखा**
उपसचिव रा.प.द्वितिय (न्याय/कानून)-१
शा.अ.,रा.प.तृ.(न्याय, स.व.) -१
मनोसामाजिक परामर्शदाता अधिकृत (स्वास्थ्य/छैटौ/सातौं) - १
मनोसामाजिक परामर्शदाता- (स्वास्थ्य/चौथो/पाँचौ) -१

**महिला विकास समन्वय शाखा**
प्र.म.वि.अ. रा.प.द्वितिय (विविध) -१
म.वि.अरा.प.तृ. (विविध) -१
म.वि.नि रा.प. अनं प्रथम (विविध)-१

**आर्थिक प्रशासन शाखा**
लेखा अधिकृत रा.प.तृ. (प्र.,लेखा) -१
लेखापाल रा.प.अनं.प्रथम (प्र.,लेखा)-१

**अस्थायी दरबन्दी खबर गरौँ ११४५ हेल्पलाइन सेवा**
कानून अधिकृत (न्याय/कानून/ रा.प.तृ. - २)
सूचना प्रविधि अधिकृत (रा.प.तृ.) - १
मनोसामाजिक मनोविमर्शकर्ता (रा.प.तृ.) - १
हेल्पलाइन अपरेटर(रा.प.अनं.प्रथम) - १०
ह.स.चा. (श्रेणीविहिन) - १
का.स, (श्रेणीविहिन) - २

नोटः आयोगका पदाधिकारी, सचिवको निजी सचिवालयमा प्रशासन शाखाबाट कर्मचारी खटाउने ।

## २.३ आयोगको शाखागत परिचयः

### २.३.१. प्रशासन तथा योजना शाखा

प्रशासन तथा योजना शाखा मार्फत आयोगका दैनिक प्रशासनिक कार्य सम्पादन गरिनुका साथै आयोगको वार्षिक कार्यक्रम तथा बजेटको तर्जुमा तथा कार्यान्वयनको कार्य हुँदै आएको छ । नेपाल प्रशासन सेवा, सामान्य प्रशासन समूहको राजपत्राङ्कित द्वितीय श्रेणीको उपसचिव शाखा प्रमुख रहने यस शाखाले आयोगको सम्पूर्ण कर्मचारीको व्यवस्थापन तथा कार्यालयको आन्तरिक व्यवस्थापन सम्बन्धी कार्य गर्ने, मेसिनरी औजार, सवारीसाधन र अन्य कार्यालय सामग्री खरिद गर्ने, कर्मचारीको लागि आवश्यक तालिम, क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गर्ने तथा हेल्पलाइन सेवाको व्यवस्थापन गर्ने लगायतका कार्यहरू सम्पादन गर्दछ। यस शाखाले सम्पादन गर्ने प्रमुख कार्यहरू निम्न बमोजिम रहेका छन् ः

- आयोगको कर्मचारी प्रशासन तथा आन्तरिक व्यवस्थापन सम्बन्धी कार्य,
- प्रचलित कानून बमोजिम खरिद, जिन्सी निरीक्षण तथा व्यवस्थापन सम्बन्धी कार्यहरू,
- सूचना व्यवस्थापन सम्बन्धी कार्य,
- आयोगको वार्षिक तथा रणनीतिक योजना, बजेट तथा कार्यक्रम तर्जुमा सम्बन्धी कार्य,
- कार्यक्रम अनुगमन सम्बन्धी कार्य आदि ।

### २.३.२ महिला विकास समन्वय शाखा

यस शाखा मार्फत महिलाको विकास र सशक्तीकरणका लागि विभिन्न निकायसँग समन्वय र सहकार्य गर्ने, महिलाको हक अधिकार सम्बन्धमा सचेतना अभिवृद्धि गर्ने तथा महिलाविरुद्ध हुने हिंसा, विभेद र दुर्व्यवहारलाई नियन्त्रण गर्न जागरणमूलक कार्यक्रमहरू सञ्चालन गर्ने, महिलाको विकास र सशक्तीकरणका लागि विभिन्न निकायबाट सञ्चालित कार्यक्रमहरूको प्रभावकारिता अनुगमन गरी आवश्यक सुझाव दिने लगायतका कार्यहरू सम्पादन हुँदै आएका छन् । नेपाल विविध सेवाको राजपत्राङ्कित द्वितीय श्रेणीको प्रमुख महिला विकास अधिकृत शाखा प्रमुख रहने यस शाखाले सम्पादन गर्ने प्रमुख कार्यहरू देहाय बमोजिम रहेका छन् ः

- महिला विकास तथा सशक्तीकरण, लैङ्गिक मूलप्रवाहीकरण सम्बन्धी नीति, कार्यक्रमको अनुगमन, महिला हिंसा नियन्त्रणको लागि सरोकारवाला निकायसँग समन्वय तथा सहकार्य,
- महिलालाई अपहेलित गर्ने हानिकारक सामाजिक अभ्यास तथा कुरीतिहरू विरुद्ध तथा मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण सम्बन्धी सचेतनामूलक कार्यक्रम सञ्चालन,
- महिला तथा किशोरीमाथि हुने हिंसा नियन्त्रणका लागि प्रवर्द्धनात्मक तथा निरोधात्मक कार्यक्रम सञ्चालन,
- महिला विकास सम्बन्धी विषयमा आवश्यक अध्ययन, अनुसन्धान र सिफारिस,
- महिलाहरूको आर्थिक सशक्तीकरणका लागि पूँजी, स्रोत साधन र प्रविधिमा पहुँच विस्तार एवं आत्मनिर्भरताका लागि रोजगारी तथा उद्यमशीलता प्रवर्द्धनका लागि सरोकारवाला निकायसँग समन्वय,
- महिला हिंसाका घटनाहरूलाई सम्बोधन गर्नका लागि स्थापना गरिएको संयन्त्रहरूको अनुगमन तथा पृष्ठपोषण,
- हिंसा पीडित/प्रभावित महिलाहरूलाई पुनःस्थापना गर्ने सम्बन्धमा सम्बन्धित निकायसँग समन्वय,
- विभिन्न तहमा सञ्चालित महिला विकास सम्बन्धी कार्यक्रमको कार्यान्वयनको अनुगमन र यस सम्बन्धी अन्य विविध कार्यहरू ।

### २.३.३ नीति निर्माण, अन्तर्राष्ट्रिय प्रतिवेदन तयारी र सिफारिस कार्यान्वयन शाखा

यस शाखाले महिलाको हक हितसँग सरोकार राख्ने नीति तथा कार्यक्रमको निर्माण, महिला अधिकारसँग सम्बन्धित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनहरूको कार्यान्वयन अवस्थाको अनुगमन गरी उक्त कानूनहरूको कार्यान्वयनलाई प्रभावकारी बनाउने सम्बन्धमा

नेपाल सरकारलाई सिफारिस गर्ने तथा महिला हक अधिकारसँग सम्बन्धित नेपाल पक्ष भएका सन्धि सम्झौताको कार्यान्वयन अवस्थाका सम्बन्धमा प्रतिवेदन तयार गरी नेपाल सरकारलाई सुझाव दिने लगायतका काममा आयोगलाई सहयोग गर्दछ। नेपाल प्रशासन सेवा, सामान्य प्रशासन समूहको राजपत्राङ्कित द्वितीय श्रेणीका उपसचिव शाखा प्रमुख रहने यस शाखाले मुख्यतः आयोगसँग सम्बन्धित नीतिगत काममा सहयोग पुऱ्याउँदछ। यस शाखाले सम्पादन गर्ने प्रमुख कामहरू देहाय बमोजिम रहेका छन्ः

- महिलाको हकहितसँग सम्बन्धित कानून वा नेपाल पक्षराष्ट्र भएको अन्तर्राष्ट्रिय सन्धि सम्झौताको पूर्ण र प्रभावकारी पालनाका साथै अन्तर्गतको दायित्व कार्यान्वयन भए नभएको सम्बन्धमा नियमित अनुगमन गरी समुचित कार्यान्वयनका लागि उपाय सहित नेपाल सरकारका लागि सुझाव तयार गर्ने,
- महिला अधिकारसँग सम्बन्धित नेपाल पक्षराष्ट्र भएको अन्तर्राष्ट्रिय सन्धि वा सम्झौतामा भएको व्यवस्था अनुसार नेपालले पठाउनुपर्ने प्रतिवेदन तयारीका सम्बन्धमा नेपाल सरकारका लागि सुझाव तयार गर्ने,
- नेपाल पक्ष राष्ट्र भएका महिला अधिकार संरक्षण सम्बन्धी सन्धि सम्झौताको नियमित प्रतिवेदन तालिका अद्यावधिक गरी राख्ने, पेश भएका सरकारी र वैकल्पिक प्रतिवेदनहरू सङ्कलन गरी राख्ने तथा प्रतिवेदनमाथि सरकारलाई दिइएका सुझाव तथा निष्कर्षको विवरण अद्यावधिक गरी भावी कार्यदिशाबारे सुझाव तयार गरी पेश गर्ने,
- महिला सशक्तीकरणको सम्बन्धमा आवश्यक नीति तथा कानून निर्माण तथा कार्यान्वयनका विषयमा अन्य सम्बन्धित निकायसँग सञ्चार, समन्वय र सहकार्य गर्ने,
- आयोगको कार्यक्षेत्रसँग सम्बन्धित विषयमा आवश्यक नीति र कानून निर्माण गर्न अध्ययन अनुसन्धान गरी प्रतिवेदन तयार गरी पेश गर्ने,
- स्वीकृत वार्षिक कार्यक्रम अनुसार अध्ययन, अनुसन्धान सम्बन्धी कार्यका लागि कार्यक्रमगत रूपमा कार्यक्षेत्रगत् शर्त तयार गरी पेश गर्ने तथा अध्ययनका लागि आवश्यक प्रक्रिया अगाडि बढाउने।

### २.३.४ उजुरी तथा मुद्दा व्यवस्थापन शाखा

आयोगमा कानून सम्बन्धी सम्पूर्ण कार्यहरू उजुरी तथा मुद्दा व्यवस्थापन शाखा मार्फत हुने गरेको छ। यस शाखाले महिला हिंसा सम्बन्धी दैनिक उजुरी सुन्ने, हेल्पलाइन मार्फत प्राप्त उजुरीका घटनाको अभिलेखीकरण तथा वर्गीकरण गर्ने, हिंसा पीडित/प्रभावितहरूलाई कानूनी परामर्श लगायतका सेवा उपलब्ध गराउने तथा उजुरी सम्बोधन सम्बन्धी सम्पूर्ण कार्य सम्पादन गर्दै आएको छ। आयोगलाई विपक्षी बनाइ अदालतमा दायर भएको रिट निवेदनका सम्बन्धमा यस शाखाबाट लिखित जवाफ तयार गर्ने, आयोगले निर्माण गर्ने कानूनको मस्यौदा गर्ने तथा आयोगलाई कानूनी राय दिने काम पनि हुने गर्दछ। नेपाल न्याय सेवा, कानून समूहको राजपत्राङ्कित द्वितीय श्रेणीका उपसचिव शाखा प्रमुख रहने यस शाखाबाट महिला हिंसाको उजुरी सुन्ने, महिला हक अधिकार हनन भएको विषयमा सम्बन्धित निकायमा लेखी पठाउने तथा हिंसा पीडित/प्रभावितहरूलाई विभिन्न प्रकारको सेवा उपलब्ध गराउन सम्बन्धित निकायमा प्रेषण तथा समन्वय गर्ने कार्य हुने गरेको छ। यस शाखाबाट सम्पादन हुने मुख्य कार्यहरू देहाय बमोजिम रहेका छन् ः

- उजुरी दर्ता तथा सम्बोधन सम्बन्धी कार्य,
- हेल्पलाइन सेवामार्फत प्राप्त हुने उजुरीको व्यवस्थापन सम्बन्धी कार्य,
- कानूनी परामर्श उपलब्ध गराउने सम्बन्धी कार्य,
- निशूल्क कानूनी सहायता उपलब्ध गराउने कार्य,
- सामाजिक मनोविमर्श उपलब्ध गराउने सम्बन्धी कार्य,
- महिला हिंसासँग सम्बन्धित सूचनाहरूको अभिलेखीकरण र अध्ययन गर्ने, गराउने कार्य,
- महिला हिंसा र महिला अधिकार प्रयोग गर्न नदिएको विषयमा कुनै निकाय विरुद्ध मुद्दा चलाउनुपर्ने भएमा सम्बन्धित निकायमा सिफारिस गर्ने कार्य,
- हिंसा पीडित/प्रभावितहरूका लागि सुरक्षित आश्रयस्थल वा पुनःस्थापना केन्द्रमा पठाउनका लागि सिफारिस र समन्वय गर्ने कार्य,

- अन्य सरकारी तथा गैरसरकारी निकायसँग समन्वय तथा सहकार्य सम्बन्धी कार्य।
- नेपाल सरकारबाट सञ्चालित एकद्वार संकट व्यवस्थापन केन्द्र मार्फत पीडितको निःशुल्क उपचारको लागि समन्वय र सिफारिस गर्ने।

### २.३.५ आर्थिक प्रशासन शाखा

आयोगको आर्थिक प्रशासन सम्बन्धी सम्पूर्ण कार्यहरू आर्थिक प्रशासन शाखाबाट हुने गरेको छ। आयोगको वार्षिक बजेट अनुमान गरी पेश गर्ने, विनियोजित बजेट प्रचलित आर्थिक कानूनको अधीनमा रही खर्च गर्ने गराउने, खर्चको हिसाब किताब र स्रेस्ता राख्ने, आन्तरिक तथा अन्तिम लेखा परीक्षण गराउने, पेश्की र बेरुजुको लगत राख्ने, बेरुजु फर्छ्यौट गर्ने गराउने लगायतका कार्य आर्थिक प्रशासन शाखाबाट हुने गरेको छ। नेपाल प्रशासन सेवा, लेखा समूहको रा.प.तृतीय श्रेणीको लेखा अधिकृत शाखा प्रमुख रहने यस शाखाबाट सम्पादन हुने मुख्य कार्यहरू देहायबमोजिम रहेका छन् :

- आयोगको वार्षिक बजेट तर्जुमामा सहयोग गर्ने,
- निकासा एवं खर्चको प्रबन्ध मिलाउने,
- निकासा रकमको खर्च हिसाब रीतपूर्वक राख्ने,
- खर्चको फाँटवारी तथा आर्थिक विवरण कार्यालय प्रमुखबाट स्वीकृत गराइ सम्बन्धित निकायमा तोकिएको समयभित्र पठाउने र लेखा परीक्षण गराउने,
- आयोगका कार्यक्रमहरूको आर्थिक पक्षको अनुगमन गर्ने,
- पेश्की- बेरुजुको लगत राखे, सम्परीक्षण गराउने एवं पेश्की फछ्यौट गर्ने र अद्यावधिक गराउने,
- आय-व्ययको आन्तरिक एवं अन्तिम लेखापरीक्षण गर्ने, गराउने,
- आयोगको आर्थिक कारोवार सम्बन्धमा कार्यालय प्रमुख तथा अन्य शाखालाई राय प्रदान गर्ने।

## २.४ पदपूर्तिको अवस्था:

नेपाल सरकारबाट स्वीकृत दरबन्दी अनुसार आयोगमा विभिन्न तहका गरी कुल ३८ जना कर्मचारीको दरबन्दी रहेको छ। जसमा राजपत्रांकित तर्फ १२ जना, राजपत्र अनंकिततर्फ १२ जना र श्रेणीविहीनतर्फ १४ जनाको दरबन्दी रहेको छ। स्वीकृत दरबन्दीमा पदपूर्तिको स्थिति देहाय अनुसार रहेको छः

| सि.नं. | पद | श्रेणी/तह | सेवा | समूह/उपसमूह | मौजुदा दरबन्दी | पदपूर्ति | रिक्त | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | सचिव | रा.प.प्रथम | नेपाल प्रशासन | सामान्य प्रशासन | १ | १ | - | |
| २ | उपसचिव | रा.प.द्वितीय | नेपाल प्रशासन | सामान्य प्रशासन | २ | २ | - | |
| ३ | उपसचिव | रा.प.द्वितीय | नेपाल न्याय | कानून | १ | १ | - | |
| ४ | प्रमुख महिला विकास अधिकृत | रा.प.द्वितीय | नेपाल विविध | - | १ | १ | - | |
| ५ | शाखा अधिकृत | रा.प.तृतीय | नेपाल प्रशासन | सामान्य प्रशासन | २ | २ | - | |
| ६ | लेखा अधिकृत | रा.प.तृतीय | नेपाल प्रशासन | लेखा | १ | १ | - | |
| ७ | कानून अधिकृत | रा.प.तृतीय | नेपाल न्याय | कानून | १ | १ | - | |
| ८ | शाखा अधिकृत | रा.प.तृतीय | नेपाल न्याय | सरकारी वकिल | १ | १ | - | |
| ९ | महिला विकास अधिकृत | रा.प.तृतीय | नेपाल विविध | - | १ | १ | - | |
| १० | मनोसामाजिक परामर्शदाता | छैटौं/सातौं तह | नेपाल स्वास्थ्य | - | १ | १ | - | |
| ११ | नायव सुब्बा | रा.प.अनं प्रथम | नेपाल प्रशासन | सामान्य प्रशासन | ५ | ५ | - | |
| १२ | लेखापाल | रा.प.अनं प्रथम | नेपाल प्रशासन | लेखा | १ | १ | - | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १३ | मनोसामाजिक परामर्शदाता | चौथो/पाँचौं तह | नेपाल स्वास्थ्य | - | १ | १ | - | |
| १४ | महिला विकास निरिक्षक | रा.प.अनं प्रथम | नेपाल विविध | | १ | | १ | |
| १५ | कम्प्युटर अपरेटर | रा.प.अनं प्रथम | नेपाल विविध | - | २ | २ | - | |
| १६ | हेल्पलाइन अपरेटर | रा.प.अनं प्रथम | नेपाल विविध | - | २ | - | २ | |
| १७ | हलुका सवारी चालक | श्रेणी विहिन | - | - | ७ | ७ | - | |
| १८ | कार्यालय सहयोगी | श्रेणी विहिन | - | - | ७ | ७ | - | |

## २.५ 'खबर गरौं ११४५' हेल्पलाइन सेवालाई नेपाल सरकारको बजेटबाट सञ्चालन गर्न अस्थायी दरबन्दी सृजना

लैङ्गिक हिंसामा परेका महिला तथा बालबालिकाहरूको उद्धार र राहतको लागि "खबर गरौं ११४५ हेल्पलाइन सेवा"लाई आर्थिक वर्ष २०७८/७९ देखि नेपाल सरकारको बजेट र जनशक्तिबाट सञ्चालन गर्नका लागि अस्थायी संगठन संरचना र दरबन्दी सिर्जना सम्बन्धी विस्तृत प्रतिवेदन तयार गरी नेपाल सरकार समक्ष पेश गरिएकोमा देहाय बमोजिमका अस्थायी पदहरू स्वीकृति भएको दरबन्दीमा करार सेवामा कर्मचारीहरूको पदपूर्ति गरी हेल्पलाइन सेवा सञ्चालन गरिएको छः

| सि.नं. | पद | श्रेणी/तह | सेवा/समूह | संख्या |
|---|---|---|---|---|
| १ | कानून अधिकृत | रा.प.तृतीय | नेपाल न्याय सेवा/कानून समूह | २ |
| २ | सूचना प्रविधि अधिकृत | " | नेपाल विविध सेवा | १ |
| ३ | मनोसामाजिक परामर्शदाता/मनोविमर्शकर्ता | " | नेपाल विविध सेवा | १ |
| ४ | हेल्पलाइन अपरेटर/कम्प्युटर अपरेटर | रा.अन.प्रथम | नेपाल विविध सेवा | १० |
| ५ | हलुका सवारी चालक | श्रेणी विहिन | - | १ |
| ६ | कार्यालय सहयोगी | श्रेणी विहिन | - | २ |
| | | | कुल | १७ |

# परिच्छेद ३
# नेपालमा महिला सशक्तीकरणको प्रयास र वर्तमान अवस्था

## ३.१ अन्तर्राष्ट्रिय प्रतिबद्धता एवं महिला सशक्तीकरणका लागि भएका प्रयासहरू

महिलालाई सशक्तीकरण गर्दै विकासको मूलप्रवाहमा समाहित गर्ने प्रयास स्वरूप विगतदेखि नै महिला विकासका विभिन्न अवधारणाहरूको अवलम्बन र प्रयोग हुँदै आएको छ। मानव अधिकारका प्रावधानहरू महिला र पुरुष सबैलाई समान रूपमा लागू हुने विषय हो। तथापि महिलाहरूको विशेष अवस्थाका कारण महिला मानव अधिकारको विषयलाई अलग्गै उठाइने गरिन्छ। महिला अधिकारको विकासको इतिहास हेर्दा प्राचीनकालमा मातृसत्तात्मक समाज थियो। सभ्यताको विकासक्रममा यो व्यवस्थामा परिवर्तन आयो र क्रमशः पुरुषको आधिपत्य स्थापित भयो। महिला अधिकारको संरक्षण केवल अधिकार उल्लंघनमा सजाय गर्ने तथा महिलाको हक, अधिकारको बारेमा सचेतना वृद्धि गरेर मात्र पर्याप्त हुँदैन। महिलाहरूको विशेष आवश्यकताको सम्बोधनका लागि विशेष तथा सकारात्मक व्यवस्थाहरूको पनि अवलम्बन हुनुपर्दछ। महिलाको आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारहरूको संरक्षणको विशेष पहल गरिनुपर्दछ। महिलाको शिक्षा, स्वास्थ्य, रोजगारीका अधिकारहरूको निर्वाध प्रयोग गर्न सक्ने गरी विशेष व्यवस्था गरिनुपर्दछ।

महिला अधिकार संरक्षणको विश्व इतिहासलाई हेर्दा महिला स्वतन्त्रताको सवालमा महिलाहरू विरुद्ध हुँदै आएका भेदभावलाई कानूनको माध्यमबाट सम्बोधन गर्ने काम क्रमशः हुँदै आएको देखिन्छ। महिलाहरूले लामो समयसम्म मताधिकारको लागि लडाइँ लड्नु पऱ्यो। बेलायतमा सन् १८८९ मा महिला मताधिकारको लागि सङ्गठनको स्थापना भयो। यसले मताधिकारको लागि चलाएको अभियानको फलस्वरूप सर्वप्रथम न्यूजिल्याण्डमा सन् १८९३ मा महिलालाई मताधिकार दिएको पाईन्छ। त्यसपछि सन् १९२८ मा बेलायती महिलाले मताधिकार प्राप्त गरे। खासगरी सन् १९४८ मा मानव अधिकारको विश्वव्यापी घोषणापत्र जारी भएपछि महिलालाई समान अधिकार प्रदान गरिनु पर्दछ भन्ने मान्यताको विकास भएको पाइन्छ। यसमा गरिएको समान अधिकारको घोषणालाई व्यवहारमा उतार्न महिला अधिकारवादीहरूले निरन्तर प्रयास र संघर्ष गर्नुपरेको छ। महिला अधिकारको संरक्षणको लागि सन् १९४८, १९७५, १९८०, १९८५ र १९९५ मा विश्व महिला सम्मेलनहरू भए। यी सम्मेलनहरूले महिला विरुद्धका भेदभावपूर्ण कानूनी प्रावधानहरूलाई परिमार्जन गर्नु पर्ने कुरामा निरन्तर जोड दिँदै आएका छन्।

संयुक्त राष्ट्रसंघको तत्त्वावधानमा भएका २४ वटा मानव अधिकारसम्बन्धी महासन्धि, घोषणापत्र र अनुबन्धहरूमा नेपालले हस्ताक्षर गरिसकेको छ।जसमध्ये लैङ्गिक समानता, महिला सशक्तीकरण र लैङ्गिक हिंसा न्यूनीकरणका लागि महत्त्वपूर्ण महासन्धि महिला विरुद्ध हुने सबै प्रकारका विभेद उन्मुलन गर्ने महासन्धि, १९७९ (CEDAW) लाई नेपालले सन् १९९१ मा अनुमोदन गरेको थियो। यसको कार्यान्वयनका लागि विभिन्न नीतिगत, र कार्यक्रमगत व्यवस्था भई कार्यान्वयन हुँदै आएका छन् भने नेपालले आवधिक रूपमा यसको कार्यान्वयन प्रगति सहितको प्रतिवेदन CEDAW समितिमा पेश गर्दै आएको छ। सन् २०२३ मा नेपालले CEDAW Committee मा सातौं आवधिक प्रतिवेदन पेश गरेको छ।

नेपाल पक्षराष्ट्र बनेका मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, प्रतिज्ञापत्र र इच्छाधिन आलेखहरूको विवरण निम्न तालिकामा उल्लेख गरिएको छः

| सि.नं. | विवरण | ग्रहण गरिएको मिति | लागू भएको मिति | नेपालले अनुमोदन (Ratification) गरेको वा (Accesion) जनाएको मिति | कैफियत |
|---|---|---|---|---|---|
| १ | दासत्व विरुद्धको महासन्धि, १९२६ | २५ सेप्टेम्बर १९२६ | ९मार्च१९२७ | ७ जनवरी १९६३ | सम्मिलन |
| २ | दासत्व विरुद्धको महासन्धिलाई संशोधन गर्ने आलेख, १९५३ | २५ सेप्टेम्बर १९२६ | ७डिसेम्बर १९५३ | ७ जनवरी १९६३ | सम्मिलन |
| ३ | दासत्व, दास व्यापार र दासत्व समानका संस्था र अभ्यासहरूको उन्मूलन सम्बन्धी पूरक महासन्धि, १९५६ | ७ सेप्टेम्बर १९५६ | ३०अप्रिल १९५७ | ७जनवरी १९६३ | सम्मिलन |
| ४ | जातिहत्या अपराधको रोकथाम र सजाय सम्बन्धी महासन्धि, १९४८ | ९ डिसेम्बर १९४८ | १२जनवरी १९५१ | १७ जनवरी १९६९ | सम्मिलन |
| ५ | जीउ मास्ने, बेच्ने तथा अरूको वेश्यावृत्तिको शोषणको दमनका अन्त्यका लागि व्यवस्था भएको महासन्धि, १९४९ | २ डिसेम्बर १९४९ | २५जुलाई १९५१ | २७डिसेम्बर १९९५ | सम्मिलन |
| ६ | महिलाको राजनीतिक अधिकार सम्बन्धी महासन्धि, १९५२ | २० डिसेम्बर १९५२ | ७जुलाई १९५४ | २६ अप्रिल १९६६ | सम्मिलन |
| ७ | सबै किसिमका जातीय भेदभाव उन्मूलन गर्ने सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९६५ | २१ डिसेम्बर १९६५ | ४जनवरी १९६९ | ३० जनवरी १९७१ | सम्मिलन |
| ८ | आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र १९६६ | १६ डिसेम्बर १९६६ | ३ जनवरी १९७६ | १४ मे १९९१ | सम्मिलन |
| ९ | नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रको इच्छाधीन आलेख १९६६ | १६ डिसेम्बर १९६६ | २३ मार्च १९७६ | १४ मे १९९१ | सम्मिलन |
| १० | रङ्गभेद अपराधको दमन र दण्डसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि १९७३ | ३० नोभेम्बर १९७३ | १८ जुलाई १९७६ | १२ जुलाई १९७७ | सम्मिलन |
| ११ | महिलाविरुद्धका सबै प्रकारका भेदभाव उन्मूलन गर्ने सम्बन्धी महासन्धि, १९७९ | १८ डिसेम्बर १९७९ | ९ ३ सेप्टेम्बर १९८१ | २२ अप्रिल १९९१ | सम्मिलन |
| १२ | यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा दण्ड विरुद्धको महासन्धि १९८४ | १० डिसेम्बर १९८४ | २६ जुन १९८७ | १४ मे १९९१ | सम्मिलन |
| १३ | खेलकुदमा रङ्गभेदविरुद्धको अन्तर्राष्ट्रिय महासन्धि १९८५ | १० डिसेम्बर १९८५ | ३ अप्रिल १९८८ १ मार्च | १ मार्च १९८९ | सम्मिलन |
| १४ | मृत्युदण्ड उन्मूलन गर्ने उद्देश्यले व्यवस्था भएको नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रको दोस्रो इच्छाधिन आलेख १९८९ | १५ डिसेम्बर १९८९ | ११ जुलाई १९९१ | ९ मार्च १९९८ | सम्मिलन |
| १५ | बालअधिकार सम्बन्धी महासन्धि १९८९ | २० नोभेम्बर १९८९ | २ सेप्टेम्बर १९९० | १४ सेप्टेम्बर १९९० | सम्मिलन |
| १६ | महिलाविरुद्धका सबै प्रकारका भेदभाव उन्मूलन गर्ने सम्बन्धी महासन्धिको इच्छाधीन आलेख १९९९ | ६ अक्टोबर १९९९ | २२ डिसेम्बर २००० | १५ जुन २००७ | सम्मिलन |
| १७ | बालबालिकाको बेचबिखन, बालवेश्यावृत्ति तथा बाल अश्लील चित्रण सम्बन्धमा व्यवस्था भएको बालअधिकारसम्बन्धी महासन्धिको इच्छाधीन आलेख २००० | २५ मे २००० | १८ जनवरी २००२ | २० जनवरी २००६ | सम्मिलन |
| १८ | दक्षिण एशियामा बालकल्याण प्रवर्द्धन गर्नका लागि क्षेत्रीय प्रबन्ध गर्ने सम्बन्धी दक्षिण एशियाली क्षेत्रीय सहयोग सङ्गठन महासन्धि २००२ | ५ जनवरी २००२ | १५ नोभेम्बर २००५ | ३१ अक्टोबर २००५ | सम्मिलन |

| | | | | | |
|---|---|---|---|---|---|
| १९ | वेश्यावृत्तिका लागि महिला तथा बालबालिकाको जीउ मास्ने बेच्ने काम रोकथाम गर्ने र सो विरुद्ध संघर्ष गर्ने सम्बन्धमा व्यवस्था भएको दक्षिण एशियाली क्षेत्रीय सहयोग सङ्गठन महासन्धि २००२ | ५ जनवरी २००२ | १५ नोभेम्बर २००५ | ३१ अक्टोबर २००५ | सम्मिलन |
| २० | अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी महासन्धि २००६ | १३ डिसेम्बर २००६ | ३ मे २००८ | २७ डिसेम्बर २००९ | सम्मिलन |
| २१ | अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी महासन्धिको इच्छाधिन आलेख २००६ | १३ डिसेम्बर २००६ | ३ मे २००८ | २७ डिसेम्बर २००९ | सम्मिलन |
| २२ | संयुक्त राष्ट्रसंघ अन्तर्गतको बहुराष्ट्रिय संगठित अपराध विरुद्धको महासन्धि अन्तर्गतको मानव बेचबिखन विशेषगरी महिला र बालबालिकाको बेचबिखन तथा ओसार पसारको रोकथाम, दमन तथा सजाय गर्ने सम्बन्धमा व्यवस्था भएको पूरक आलेख (पालेर्मो प्रोटोकल) | १५ नोभेम्बर २००० | १६ जुन २०२० | १२ मार्च २०२० | सम्मिलन |

नेपाल अन्तर्राष्ट्रिय श्रम संगठन (ILO) का विभिन्न महासन्धिको पनि पक्षराष्ट्र भएको छ जसको विवरण निम्न तालिकामा उल्लेख गरिएको छः

| सि.नं. | विवरण | नेपालले अनुमोदन गरेको मिति |
|---|---|---|
| १ | औद्योगिक प्रतिष्ठानहरूमा साप्ताहिक विदा लागू गर्ने सम्बन्धी महासन्धि १९५७ (नं. १४) | १० डिसेम्बर १९८६ |
| २ | सङ्गठन गर्ने र सामूहिक सौदाबाजी सम्बन्धी सिद्धान्त प्रयोग सम्बन्धी महासन्धि १९४९ (नं.९८) | ४ अक्टोबर १९९६ |
| ३ | समान कामका लागि महिला र पुरुष कामदारलाई समान पारिश्रमिक प्रदान गर्ने सम्बन्धी महासन्धि १९५१ (नं.१००) | ६ अक्टोबर १९७६ |
| ४ | रोजगारी तथा व्यवसायमा हुने भेदभाव सम्बन्धी महासन्धि १९५८ (नं. १११) | १९ सेप्टेम्बर १९७४ |
| ५ | बलपूर्वकको श्रम उन्मूलन सम्बन्धी महासन्धि १९३० (नं.२९) | १३ सेप्टेम्बर २००१ |
| ६ | विकासोन्मुख देशको सन्दर्भमा न्यूनतम ज्याला निर्धारण सम्बन्धी महासन्धि १९७० (नं. १३१) | १९ सेप्टेम्बर १९७४ |
| ७ | रोजगारी प्राप्तिका लागि न्यूनतम उमेर सम्बन्धी महासन्धि १९७३ (नं.१३८) | ४ अक्टोबर १९९६ |
| ८ | अन्तर्राष्ट्रिय श्रमस्तर कार्यान्वयन अभिवृद्धि गर्न त्रिपक्षीय सहमति सम्बन्धी महासन्धि १९७६ (नं. १४४) | २१ मार्च १९९५ |
| ९ | बालश्रमका निकृष्ट रूपहरूको उन्मूलन सम्बन्धी महासन्धि १९९९ (नं.१८२) | १३ सेप्टेम्बर २००१ |
| १० | आदिवासी तथा जनजाति सम्बन्धमा व्यवस्था भएको महासन्धि १९८९ (नं.१६९) | २४ अगष्ट २००७ |

## ३.२ नेपालको संविधान र कानूनहरूमा महिला अधिकार

नेपालको अन्तरिम शासन विधान, २००४ ले पहिलो पटक महिला र पुरुषबीच समान कामको लागि समान ज्याला सुनिश्चित गरी आर्थिक अधिकारलाई सम्बोधन गरेको थियो। त्यसैगरी नेपालको संविधान, २०१९ मा कुनै पनि नागरिकमाथि धर्म, वर्ण, लिङ्ग, जाति वा तीमध्ये कुनै कुराको आधारमा भेदभाव गरिने छैन भनी समानताको हक सुनिश्चित गरिएको थियो। नेपालमा योजनाबद्ध विकासको शुरूवात वि सं २०१३ देखि भएकोमा विकास कार्यमा महिला सहभागिता प्रवर्द्धन गर्ने छुट्टै नीति पहिलोपल्ट छैटौं पञ्चवर्षीय योजना (वि सं २०३७-४२) मा समावेश गरिएको थियो। नेपालमा वि.सं.२०४६ सालमा प्रजातन्त्रको पुनःस्थापना पश्चात् महिला विकास र सशक्तीकरणका विषयमा व्यापक रूपमा चर्चा परिचर्चा हुँदै आएको छ। नेपाल अधिराज्यको संविधान, २०४७ ले नेपालको इतिहासमा पहिलो पटक मौलिक हकको व्यवस्था गरेको थियो। महिला र पुरुषको सम्पत्तिमा समान हकको प्रत्याभूति, विभिन्न कारणले पछाडि परेका महिला वर्गको उत्थानका साथसाथै महिलाहरूको विकासको लागि राज्यले शिक्षा, स्वास्थ्य, रोजगार र सामाजिक सुरक्षाको विशेष व्यवस्था गरी महिलालाई राष्ट्रिय विकासको मूलधारमा सहभागी गराउने नीति अवलम्बन गरेको थियो।

नेपालको संविधानको प्रस्तावनामा लैङ्गिक विभेदको अन्त्य गर्दै समतामूलक समाजको निर्माण गर्ने संकल्प गरिएको छ। वंशजको आधारमा नेपालको नागरिकता प्राप्त गर्ने व्यक्तिले निजको आमा वा बाबुको नामबाट लैङ्गिक पहिचान सहितको नेपालको नागरिकता पाउने सबै नागरिक कानूनको दृष्टिमा समान हुने र कसैलाई पनि कानूनको समान संरक्षणबाट वञ्चित नगरिने, सामान्य कानूनको प्रयोगमा उत्पत्ति, धर्म, वर्ण, जात, जाति, भाषा, क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव नगरिने तर महिलाको लागि कानूनद्वारा विशेष व्यवस्था गर्न सकिने, समान कामका लागि लैंङ्गिक आधारमा पारिश्रमिक तथा सामाजिक सुरक्षामा कुनै भेदभाव नगरिने, पैतृक सम्पत्तिमा लैङ्गिक भेदभाव विना सबै सन्तानको समान हक हुने जस्ता व्यवस्थाहरू गरिएका छन्।

यसैगरी संविधानले धारा ३८ मा महिलाको हकलाई एउटा महत्त्वपूर्ण मौलिक हक अन्तर्गत व्यवस्था गरी प्रत्येक महिलालाई लैङ्गिक भेदभाव विना समान वंशीय हक हुने, प्रत्येक महिलालाई सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य सम्बन्धी हक हुने, महिला विरुद्ध धार्मिक, सामाजिक, सांस्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण नगरिने, त्यस्तो कार्य कानून बमोजिम दण्डनीय हुने र पीडितलाई कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुने, राज्यका सबै निकायमा महिलालाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हक हुने, महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त हुने एवं सम्पत्ति तथा पारिवारिक मामिलामा दम्पतीको समान हक हुने जस्ता प्रावधानहरू रहेका छन्।

संविधानको धारा ४२ मा सामाजिक न्यायको हक अन्तर्गत नेपालमा अग्रगामी लोकतान्त्रिक परिवर्तनको लागि सबै जनआन्दोलन, सशस्त्र संघर्षको क्रममा जीवन उत्सर्ग गर्ने शहीदका परिवार, बेपत्ता पारिएका व्यक्तिका परिवार, लोकतन्त्रका योद्धा, द्वन्द्वपीडित र विस्थापित, अपाङ्गता भएका व्यक्ति, घाइते तथा पीडितलाई न्याय एवं उचित सम्मान सहित शिक्षा, स्वास्थ्य, रोजगारी, आवास र सामाजिक सुरक्षामा कानून बमोजिम प्राथमिकताका साथ अवसर पाउने हक हुनेछ भनी उल्लेख गरिएको छ। सामाजिक सुरक्षाको हक अन्तर्गत आर्थिक रूपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका असहाय, एकल महिला, अपाङ्गता भएका बालबालिका, आफ्नो हेरचाह आफैँ गर्न नसक्ने तथा लोपोन्मुख जातिका नागरिकलाई कानून बमोजिम सामाजिक सुरक्षाको हक हुने प्रावधान रहेको छ। संघीय संसदमा प्रतिनिधित्व गर्ने प्रत्येक राजनीतिक दलबाट निर्वाचित कूल सदस्य संख्याको कम्तीमा एक तिहाई सदस्य महिला हुनुपर्ने कानूनी व्यवस्था गरिएको छ।

नेपालको संविधानका विभिन्न भाग तथा धाराहरूमा महिलाको हक अधिकार सम्बन्धमा भएका व्यवस्थाहरूः

| भाग | धारा | उपधारा | भएका व्यवस्था |
|---|---|---|---|
| प्रस्तावना | - | - | लैङ्गिक विभेद अन्त्य गर्ने समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने |
| २ नागरिकता | १०. नागरिकताबाट वञ्चित नगरिने | (१) | कुनै पनि नेपाली नागरिकलाई नागरिकता प्राप्त गर्ने हकबाट वञ्चित गरिने छैन। |
| | ११. नेपालको नागरिक ठहर्ने | (२)(ख) | कुनै व्यक्तिको जन्म हुँदाका बखत निजको बाबु वा आमा नेपालको नागरिक रहेछ भने त्यस्तो व्यक्ति। |
| | | (३) | यो संविधान प्रारम्भ हुनुभन्दा अघि जन्मको आधारमा नेपालको नागरिकता प्राप्त गरेको नागरिकको सन्तानले बाबु र आमा दुवै नेपालको नागरिक रहेछन् भने निज बालिग भएपछि वंशजको आधारमा नेपालको नागरिकता प्राप्त गर्नेछ। |
| | | (५) | नेपालको नागरिक आमाबाट नेपालमा जन्म भई नेपालमा नै बसोबास गरेको र बाबुको पहिचान हुन नसकेको व्यक्तिलाई वंशजको आधारमा नेपालको नागरिकता प्रदान गरिनेछ। तर बाबु विदेशी नागरिक भएको ठहरेमा त्यस्तो व्यक्तिको नागरिकता संघीय कानून बमोजिम अंगीकृत नागरिकतामा परिणत हुनेछ। |
| | | (६) | नेपाली नागरिकसँग वैवाहिक सम्बन्ध कायम गरेकी विदेशी महिलाले चाहेमा संघीय कानून बमोजिम नेपालको अंगीकृत नागरिकता लिन सक्नेछ। |

| | | | |
|---|---|---|---|
| | | (७) | विदेशी नागरिकसँग विवाह गरेकी नेपाली महिला नागरिकबाट जन्मिएको व्यक्तिको हकमा निज नेपालमा नै स्थायी बसोबास गरेको र निजले विदेशी मुलुकको नागकिता प्राप्त गरेको रहेनछ भने निजले संघीय कानून बमोजिम नेपालको अंगीकृत नागरिकता प्राप्त गर्न सक्नेछ।तर, नागरिकता प्राप्त गर्दाका बखत निजका आमा र बाबु दुवै नेपाली नागरिक रहेछन् भने नेपालमा जन्मेको त्यस्तो व्यक्तिले वंशजको आधारमा नेपालको नागरिकता प्राप्त गर्न सक्नेछ। |
| | १२. वंशीय आधार तथा लैङ्गिक पहिचान सहितको नागरिकता | | यो संविधान बमोजिम वंशजको आधारमा नेपालको नागरिकता प्राप्त गर्ने व्यक्तिले निजको आमा वा बाबुको नामबाट लैङ्गिक पहिचान सहितको नेपालको नागरिकताको प्रमाणपत्र पाउन सक्नेछ। |
| भाग-३ मौलिक हक र कर्तव्य | १६. सम्मानपूर्वक बाँच्न पाउने हक | (१) | प्रत्येक व्यक्तिलाई सम्मानपूर्वक बाँच्न पाउने हक हुनेछ। |
| | १७. स्वतन्त्रताको हक | (१) | कानून बमोजिम बाहेक कुनै पनि व्यक्तिलाई वैयक्तिक स्वतन्त्रताबाट वञ्चित गरिने छैन। |
| | १८. समानताको हक | (१) | सबै नागरिक कानूनको दृष्टिमा समान हुनेछन् । कसैलाई पनि कानूनको समान संरक्षणबाट वञ्चित गरिने छैन |
| | | (२) | सामान्य कानूनको प्रयोगमा उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिङ्ग, शारीरिक अवस्था, अपाङ्गता, स्वास्थ्य स्थिति, वैवाहिक स्थिति, गर्भावस्था, आर्थिक अवस्था, भाषा वा क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव गरिने छैन। |
| | | (३) | राज्यले नागरिकहरूका बीच उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिङ्ग वा अन्य कुनै आधारमा भेदभाव गर्ने छैन। सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका महिला, लगायत नागरिकको संरक्षण, सशक्तीकरण वा विकासका लागि कानून बमोजिम विशेष व्यवस्था गर्न सकिनेछ। |
| | | (४) | समान कामका लागि लैङ्गिक आधारमा पारिश्रमिक तथा सामाजिक सुरक्षामा कुनै भेदभाव गरिने छैन। |
| | | (५) | पैतृक सम्पत्तिमा लैङ्गिक भेदभाव विना सबै सन्तानको समान हक हुनेछ। |
| | २१. अपराध पीडितको हक | (१) | अपराध पीडितलाई आफू पीडित भएको मुद्दाको अनुसन्धान तथा कारबाही सम्बन्धी जानकारी पाउने हक हुनेछ। |
| | | (२) | अपराध पीडितलाई कानून बमोजिम सामाजिक पुनःस्थापना र क्षतिपूर्ति सहितको न्याय पाउने हक हुनेछ। |
| | २८. गोपनीयताको हक | | कुनै पनि व्यक्तिको जीउ, आवास, सम्पत्ति, लिखत, तथ्यांक, पत्राचार र चरित्र सम्बन्धी विषयको गोपनीयता कानून बमोजिम बाहेक अनतिक्रम्य हुनेछ। |
| | २९. शोषण विरुद्धको हक | (१) | प्रत्येक व्यक्तिलाई शोषण विरुद्धको हक हुनेछ। |
| | | (२) | धर्म, प्रथा, परम्परा, संस्कार, प्रचलन वा अन्य कुनै आधारमा कुनै पनि व्यक्तिलाई कुनै किसिमले शोषण गर्न पाइने छैन। |
| | | (३) | कसैलाई पनि बेचबिखन गर्न, दास वा बाँधा बनाउन पाइने छैन। |
| | | (४) | कसैलाई पनि निजको इच्छा विरुद्ध काममा लगाउन पाइने छैन। |
| | | (५) | उपधारा (३) र (४) विपरीतको कार्य कानून बमोजिम दण्डनीय हुनेछ र पीडितलाई पीडकबाट कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ। |
| | ३३. रोजगारीको हक | (१) | प्रत्येक नागरिकलाई रोजगारीको हक हुनेछ । रोजगारीको शर्त, अवस्था र बेरोजगार सहायतता संघीय कानून बमोजिम हुनेछ। |
| | | (२) | प्रत्येक नागरिकलाई रोजगारीको छनौट गर्न पाउने हक हुनेछ। |
| | ३८. महिलाको हक | (१) | प्रत्येक महिलालाई लैङ्गिक भेदभाव विना समान वंशीय हक हुनेछ। |
| | | (२) | प्रत्येक महिलालाई सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य सम्बन्धी हक हुनेछ। |
| | | (३) | महिला विरुद्ध धार्मिक, सामाजिक, सांस्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण गरिने छैन। त्यस्तो कार्य कानून बमोजिम दण्डनीय हुनेछ र पीडितलाई कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ। |

| | | | |
|---|---|---|---|
| | | (४) | राज्यका सबै निकायमा महिलालाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हक हुनेछ। |
| | | (५) | महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त गर्ने हक हुनेछ। |
| | | (६) | सम्पत्ति तथा पारिवारिक मामिलामा दम्पतीको समान हक हुनेछ। |
| | ४२. सामाजिक न्यायको हक | (१) | आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पछाडि परेका महिला समेतलाई समावेशी सिद्धान्तका आधारमा राज्यको निकायमा सहभागिताको हक हुनेछ। |
| | ४३. सामाजिक सुरक्षाको हक | | आर्थिक रूपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका, असहाय एकल महिला समेतलाई कानून बमोजिम सामाजिक सुरक्षाको हक हुनेछ। |
| | ५१. राज्यका नीतिहरू | (ञ) सामाजिक न्याय र समावेशीकरण सम्बन्धी नीति | (१) असहाय अवस्थामा रहेका एकल महिलालाई सिप, क्षमता र योग्यताको आधारमा रोजगारीमा प्राथमिकता दिँदै जीविकोपार्जनका लागि समुचित व्यवस्था गर्दै जाने<br><br>(२) जोखिममा परेका, सामाजिक र पारिवारिक बहिष्करणमा परेका तथा हिंसा पीडित महिलालाई पुनःस्थापना, संरक्षण, सशक्तीकरण गरी स्वावलम्बी बनाउने,<br><br>(३) प्रजनन अवस्थामा आवश्यक सेवा सुविधा उपभोगको सुनिश्चितता गर्ने,<br><br>(४) बालबच्चाको पालन पोषण, परिवारको हेरचाह जस्ता काम र योगदानलाई आर्थिकरूपमा मूल्याङ्कन गर्ने,<br><br>(५) बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिक रूपमा ध्यान दिने,<br><br>(६) मुक्त कमैया, कम्हलरी, हरवा, चरवा, हलिया, भूमिहीन, सुकुम्बासीहरूको पहिचान गरी बसोबासका लागि घर घडेरी तथा जीविकोपार्जनका लागि कृषियोग्य जमीन वा रोजगारीको व्यवस्था गर्दै पुनःस्थापना गर्ने,<br><br>(१२) सामाजिक सुरक्षा र सामाजिक न्याय प्रदान गर्दा सबै लिंग, क्षेत्र र समुदायभित्रका आर्थिक रूपले विपन्नलाई प्राथमिकता प्रदान गर्ने। |
| भाग - ६ राष्ट्रपति र उपराष्ट्रपति | ७०.राष्ट्रपति र उपराष्ट्रपति फरक फरक लिङ्ग वा समुदायको हुने। | | यस संविधान बमोजिम राष्ट्रपति र उपराष्ट्रपतिको निर्वाचन फरक फरक लिङ्ग वा समुदायको प्रतिनिधित्व हुने गरी गर्नु पर्नेछ। |
| भाग - ८ संघीय व्यवस्थापिका | ८४. प्रतिनिधि सभाको गठन | (२) र (८) | (२) समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने प्रतिनिधि सभाको निर्वाचनका लागि राजनीतिक दलले उम्मेदवारी दिँदा जनसङ्ख्याको आधारमा महिला समेतबाट बन्द सूचीका आधारमा प्रतिनिधित्व गराउने व्यवस्था संघीय कानून बमोजिम हुनेछ।<br><br>(८) संघीय संसदमा प्रतिनिधित्व गर्ने प्रत्येक राजनीतिक दलबाट निर्वाचित कूल सदस्य संख्याको कम्तीमा एक तिहाइ सदस्य महिला हुनु पर्नेछ। |
| | ८६. राष्ट्रिय सभाको गठन र सदस्यहरूको पदावधि | (२) (क) र (ख) | (क) प्रत्येक प्रदेशबाट कम्तीमा तीन जना महिला<br><br>(ख) नेपाल सरकारको सिफारिसमा राष्ट्रपतिबाट मनोनीत कम्तीमा एक जना महिला |
| | ९१. प्रतिनिधि सभाको सभामुख र उपसभामुख | (२) | प्रतिनिधि सभाका सभामुख र उपसभामुखको निर्वाचन गर्दा प्रतिनिधि सभाको सभामुख र उपसभामुखमध्ये एक जना महिला हुने गरी गर्नु पर्नेछ। |
| | ९२. राष्ट्रिय सभाको अध्यक्ष र उपाध्यक्ष | (२) | राष्ट्रिय सभाको अध्यक्ष र उपाध्यक्षको निर्वाचन गर्दा राष्ट्रिय सभाको अध्यक्ष र उपाध्यक्षमध्ये एक जना महिला हुने गरी गर्नु पर्नेछ। |

| | | | |
|---|---|---|---|
| भाग-१४ प्रदेश व्यवस्थापिका | १७६. प्रदेश सभाको गठन | (६) | समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने प्रदेश सभाको निर्वाचनका लागि राजनीतिक दलले उम्मेदवारी दिँदा जनसङ्ख्याको आधारमा महिला समेतबाट बन्द सूचीका आधारमा प्रतिनिधित्व हुने व्यवस्था संघीय कानून बमोजिम हुनेछ। त्यसरी उम्मेदवारी दिँदा सम्बन्धित प्रदेशको भौगोलिक सन्तुलनलाई समेत ध्यान दिनुपर्नेछ। |
| | | (९) | प्रदेश सभामा प्रतिनिधित्व गर्ने प्रत्येक राजनीतिक दलबाट निर्वाचित कुल सदस्य संख्याको कम्तीमा एक तिहाइ सदस्य महिला हुनु पर्नेछ। |
| | १८२. प्रदेश सभाको सभामुख र उपसभामुख | (२) | प्रदेश सभाको सभामुख र उपसभामुखको निर्वाचन गर्दा प्रदेश सभामुख वा प्रदेश उपसभामुख मध्ये एक जना महिला हुने गरी गर्नु पर्नेछ र प्रदेश सभामुख वा प्रदेश उपसभामुख फरक फरक दलको प्रतिनिधि हुनु पर्नेछ। |
| भाग-१७ स्थानीय कार्यपालिका | २१५. गाउँ कार्यपालिका अध्यक्ष र उपाध्यक्ष सम्बन्धी व्यवस्था | (४) | गाउँ सभाको निर्वाचनको अन्तिम परिणाम प्राप्त भएको मितिले पन्ध्र दिनभित्र गाउँ सभाका सदस्यहरूले आफूमध्येबाट निर्वाचित गरेका चार जना महिला सदस्य समेत गाउँ कार्यपालिकाको सदस्य हुने छन्। |
| | २१६. नगर कार्यपालिका प्रमुख र उपप्रमुख सम्बन्धी व्यवस्था | (४) | नगर सभाको निर्वाचनको अन्तिम परिणाम प्राप्त भएको मितिले पन्ध्र दिनभित्र नगर सभाका सदस्यहरूले आफूमध्येबाट निर्वाचित गरेका पाँच जना महिला सदस्य समेत नगर कोष कार्यपालिकाको लागि सदस्य हुने छन्। |
| | २२०. जिल्ला सभा र जिल्ला समन्वय समिति | (३) | जिल्ला सभाले कम्तीमा तीन जना महिला र कम्तीमा एक जना दलित वा अल्पसंख्यक सहित बढीमा नौ जना सदस्य रहेको जिल्ला समन्वय समितिको निर्वाचन गर्नेछ। |
| भाग-१८ स्थानीय व्यवस्थापिका | २२२. गाउँ सभाको गठन | (३) | गाउँ सभामा प्रत्येक वडाबाट कम्तीमा दुईजना महिलाको प्रतिनिधित्व हुनेछ। |
| | २२३. नगर सभाको गठन | (३) | नगर सभामा प्रत्येक वडाबाट कम्तीमा दुईजना महिलाको प्रतिनिधित्व हुनेछ। |
| भाग-२७ अन्य आयोगहरू | २५२. राष्ट्रिय महिला आयोग | | नेपालमा एक राष्ट्रिय महिला आयोग रहनेछ। जसमा अध्यक्ष र अन्य चारजना सदस्य रहनेछन्। |
| | २५३. राष्ट्रिय महिला आयोगको काम, कर्तव्य र अधिकार | (१) | क) महिलाको हक हितसँग सरोकार राख्ने नीति तथा कार्यक्रमहरूको तर्जुमा गरी कार्यान्वियनका लागि नेपाल सरकार समक्ष पेश गर्ने। |
| | | | ख) महिलाको हक हितसँग सम्बन्धित कानून वा नेपाल पक्ष भएको अन्तर्राष्ट्रिय सन्धि वा सम्झौता अन्तर्गतको दायित्व कार्यान्वयन भए वा नभएको विषयमा अनुगमन गरी त्यसको प्रभावकारी पालन वा कार्यान्वयनको उपाय सहित नेपाल सरकार लाई सुझाव दिने। |
| | | | ग) महिलालाई राष्ट्रिय विकासको मूलप्रवाहमा समाहित गर्न तथा राज्यका सवै निकायमा समानुपातिक सहभागिता सुनिश्चित गर्न मौजुदा नीति तथा कार्यक्रमको समीक्षा अनुगमन तथा मूल्याङ्कन गर्ने। त्यसको प्रभावकारी कार्यान्वयका लागि नेपाल सरकारलाई सिफारिस गर्ने, |
| | | | घ) लैङ्गिक समानता, महिला सशक्तीकरण तथा महिलासँग सम्बन्धित कानूनी व्यवस्थाको अध्ययन, अनुसन्धान गरी त्यस्ता कानूनमा गर्नु पर्ने सुधारका सम्बन्धमा सम्बन्धित निकायलाई सिफारिस गर्ने र सोको अनुगमन गर्ने, |
| | | | ङ) महिला अधिकारसँग सम्बन्धित नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय सन्धि वा सम्झौतामा भएको व्यवस्था बमोजिम नेपालले पठाउनु पर्ने प्रतिवेदन तयारीका सम्बन्धमा नेपाल सरकारलाई सुझाव दिने। |
| | | | च) महिला हिंसा वा सामाजिक कुरीतिबाट पीडित भएको वा महिला अधिकार प्रयोग गर्न नदिएको वा वञ्चित गरेको विषयमा कुनै व्यक्ति वा संस्था विरुद्ध मुद्दा दायर गर्नु पर्ने आवश्यकता देखिएमा कानून बमोजिम अदालतमा मुद्दा दायर गर्न सम्बन्धित निकाय समक्ष सिफारिस गर्ने। |
| भाग-२८ राष्ट्रिय सुरक्षासम्बन्धी व्यवस्था | २६७ नेपाली सेना सम्बन्धी व्यवस्था | (३) | नेपाली सेनामा महिला सहितको प्रवेश समानता र समावेशी सिद्धान्तको आधारमा संघीय कानून बमोजिम सुनिश्चित गरिनेछ। |

| | | | |
|---|---|---|---|
| भाग-२९ राजनीतिक दल सम्बन्धी व्यवस्था | २६९ राजनीतिक दलको गठन, दर्ता र सञ्चालन | ४ (ग) | दलको विभिन्न तहका कार्यकारिणी समितिमा नेपालको विविधतालाई प्रतिबिम्बित गर्नेगरी समावेशी प्रतिनिधित्वको व्यवस्था गरिएको हुनुपर्छ। |
| भाग-३२ विविध | २८२. राजदूत र विशेष प्रतिनिधि | (६) | राष्ट्रपतिले समावेशी सिद्धान्तको आधारमा नेपाली राजदूत र कुनै खास प्रयोजनका लागि विशेष प्रतिनिधि नियुक्ति गर्न सक्नेछ। |
| | २८३. समावेशी सिद्धान्त बमोजिम नियुक्ति गर्नु पर्ने | (१) | संवैधानिक अंग र निकायका पदमा नियुक्ति गर्दा समावेशी सिद्धान्त बमोजिम गरिनेछ। |
| | २८५. सरकारी सेवाको गठन | (२) | संघीय निजामती सेवा लगायत सवै संघीय सरकारी सेवामा प्रतियोगितात्मक परीक्षाद्वारा पदपूर्ति गर्दा संघीय कानून बमोजिम खुला र समानुपातिक समावेशी सिद्धान्तका आधारमा हुनेछ। |

महिलाको हक अधिकारको प्रवर्द्धनको लागि नेपालमा विभिन्न कानूनको तर्जुमा गरिएको छ। मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४ ले मानव बेचबिखन तथा ओसारपसारमा संलग्न कसूरदारलाई कडा सजायको व्यवस्था गरेको छ। महिलाविरुद्ध हुने हिंसाहरू जस्तैः जबरजस्ती करणी, शरीर बन्धक राख्ने जस्ता अपराधलाई गम्भीर फौजदारी अपराधको रूपमा वर्गीकरण गरी सरकारवादी मुद्दाको सूचीमा समावेश गरिएको छ। मुलुकी अपराध संहिता, २०७४ ले करणी सम्बन्धी कसुरमा नयाँ व्यवस्था गरेको छ, जसअनुसार अठार वर्षभन्दा कम उमेरको कुनै बालिकालाई मञ्जुरी लिएर करणी गरेमा जबरजस्ती करणी मानिने व्यवस्था छ। उक्त संहिताले महिलाको शारीरिक सुरक्षा र मर्यादा, वैयक्तिक स्वायत्तता, यौनजन्य हिंसाबाट सुरक्षा, प्रजनन स्वास्थ्यसम्बन्धी अधिकारको सुरक्षा, गर्भसंरक्षण र गर्भपतनमा महिलाको मञ्जुरी हुनुपर्ने अधिकारवादी अवधारणा अघि सारेको छ। यसका साथै राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०५३, यातना सम्बन्धी क्षतिपूर्ति ऐन, २०५३, राष्ट्रिय महिला आयोग ऐन, २०७४, कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (निवारण) ऐन, २०७१, लैङ्गिक समानता कायम गर्न तथा लैङ्गिक हिंसा अन्त्य गर्न केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७२, घरेलु हिंसा (कसूर र सजाय) ऐन, २०६६ मा पनि महिला सुरक्षा सम्बन्धी विभिन्न व्यवस्थाहरू गरिएका छन्। निजामती सेवा ऐन, २०४९ मा निजामती सेवा प्रवेशको लागि पुरुषको हकमा ३५ वर्ष र महिलाको हकमा अधिकतम उमेर ४० वर्ष तोकिएको छ। साथै, बढुवाको लागि सम्भाव्य उम्मेदवार हुन पुरुषभन्दा एकवर्ष कम अनुभव भए पनि पुग्ने व्यवस्था गरिएको छ।

नेपाल सरकारले अवलम्बन गरेका विभिन्न नीति, रणनीति तथा कार्ययोजनाले प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा महिला अधिकार र महिलाविरुद्धको हिंसा सम्बन्धी विषयहरूलाई सम्बोधन गर्ने प्रयास गरेका छन्। राष्ट्रिय लैङ्गिक समानता नीति,२०७७ मा महिला किशोरी र बालिकाको सामाजिक, आर्थिक विकासका लागि नीतिगत, संरचनागत व्यवस्था गर्ने, लैङ्गिक समानता र लैङ्गिक मूल्य मान्यतामा आधारित समाज स्थापना गर्ने, लैङ्गिक उत्तरदायी शासन पद्धति अवलम्बन गर्ने र महिलाको आर्थिक सशक्तीकरण गर्ने उद्देश्य राखिएको छ।

लैङ्गिक हिंसा विरुद्धको राष्ट्रिय कार्ययोजना, २०६६, महिला विरुद्ध हुने सबै प्रकारको भेदभाव उन्मूलन गर्ने महासन्धिको कार्यान्वयन सम्बन्धी राष्ट्रिय कार्ययोजना, २०६०, लैङ्गिक समानता र महिला सशक्तीकरणसम्बन्धी राष्ट्रिय कार्ययोजना, २०६१, लैङ्गिक हिंसा अन्त्य तथा लैङ्गिक सशक्तीकरणसम्बन्धी राष्ट्रिय रणनीति तथा कार्ययोजना, २०६९, मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण सम्बन्धी राष्ट्रिय कार्ययोजना, २०६८ र सोको कार्यान्वयन योजना, २०७१ र विभिन्न आवधिक योजनाहरू यस सन्दर्भमा उल्लेखनीय छन्।

यसैगरि, नेपालले मानव अधिकारका विविध पक्षहरूलाई समेट्ने गरी तयार गरिएको विभिन्न महासन्धिहरू लगायत महिला अधिकार विषयमा केन्द्रित महासन्धि र सम्मेलनहरूमा संयुक्त राष्ट्र संघको सदस्यको रूपमा नेपालले सहभागिता जनाएको र प्रतिबद्धता जाहेर गरेको छ। यी दस्तावेजहरूमा लैङ्गिक विभेदलाई वर्जित गर्नुका साथै महिला र पुरुषलाई समानताको आधारमा व्यवहार गर्ने कुराको सुनिश्चितता गरिएको छ। यसका लागि नेपालले राष्ट्रियस्तरमा विभिन्न कार्ययोजना, नीति र कानूनहरू समेत पारित गरी कार्यान्वयनमा ल्याइसकेको छ। यसै सन्दर्भमा नेपाल सरकारले अख्तियार गरेको लैगिंक उत्तरदायी बजेट प्रणाली, राष्ट्रपति महिला उत्थान कार्यक्रम, सार्वजनिक निकायहरूमा लैङ्गिक सम्पर्क व्यक्तिको व्यवस्थाले पनि महिलाको सशक्तीकरण, आर्थिक र सामाजिक विकासमा टेवा पुऱ्याएको छ।

## ३.३ १६ औं पञ्चवर्षीय योजना(२०८१/२०८२-२०८५/२०८६) मा लैङ्गिक समानता प्रवर्द्धनका लागि गरिएको व्यवस्था :

### पृष्ठभूमि:

नेपालको संविधानले समानुपातिक, समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा विभेदरहित आर्थिक समानतायुक्त, सामाजिक न्यायसहितको समतामूलक समृद्ध समाजको निर्माण गर्ने सङ्कल्प लिएको छ। आर्थिक, सामाजिक, साँस्कृतिक, भौगोलिक, प्रशासनिक तथा राजनैतिक दृष्टिले पछाडि परेका विभिन्न लक्षित वर्ग, समुदाय एवम् लिङ्ग (महिला, दलित, आदिवासी जनजाति, मधेशी, थारू, मुस्लिम समुदाय, उत्पीडित तथा पिछडावर्ग, अल्पसङ्ख्यक, सीमान्तकृत, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, किसान, श्रमिक, बालबालिका, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, आर्थिक रूपले विपन्न खस आर्य तथा विशेष संरक्षणको आवश्यकता भएका नागरिकको संरक्षण, सशक्तीकरण र विकासका लागि संविधानले मौलिक हकको रूपमा व्यवस्था र नीतिगत तथा कानूनी संरक्षण समेत प्रदान गरेको छ।

### ३.३.१ विद्यमान अवस्था:

नेपालको संविधानले प्रत्याभूत गरेका मौलिक हक तथा अधिकारको कार्यान्वयनका लागि गरिएका नीतिगत. कानूनी तथा कार्यक्रमगत प्रयासका फलस्वरूप लक्षित वर्गको सशक्तीकरण, समावेशीकरण तथा सामाजिक परिचालनका क्षेत्रमा केही महत्त्वपूर्ण उपलब्धि हासिल भएका छन्।

यस दिशामा भएका उल्लेख्य नीतिगत तथा कानूनी व्यवस्थामा महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मुलन गर्नेसम्बन्धी महासन्धि, १९७९, महिला अधिकार र लैङ्गिक समानताका लागि बेइजिङ्ग प्लाटफर्म कार्ययोजना, १९९५, आदिवासी तथा जनजातिसम्बन्धी महासन्धि, १९८९ तथा आदिवासी जनजातिसम्बन्धी संयुक्त राष्ट्र सङ्घीय घोषणा पत्र, २००७ को अनुमोदन र सोअनुरूपका नीति तथा कार्यक्रम कार्यान्वयनका साथै प्रदेश तथा स्थानीय तहमा आन्तरिकीकरण एवम् मूलप्रवाहीकरण गरिदै लगिएको छा अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी महासन्धि, २००६ तथा अपाङ्गतासम्बन्धी एशिया तथा प्रशान्त क्षेत्रीय आवधिक रणनीति तथा कार्ययोजना पनि कार्यान्वयनमा रहेको छ। बालबालिकाको अधिकारसम्बन्धी महासन्धि, १९८९, सबै प्रकारको जातीय भेदभाव उन्मुलन गर्नेसम्बन्धी महासन्धि, १९६५, अन्तर्राष्ट्रिय श्रम सङ्गठनको महासन्धि नं. १६९, लगायतको अनुमोदन साथै महिला, शान्ति र सुरक्षासम्बन्धी संयुक्त राष्ट्र सङ्घ, सुरक्षा परिषद्को प्रस्ताव नं.१३२५, १८२० र अन्य प्रस्तावहरूको कार्यान्वयनसम्बन्धी दोश्रो राष्ट्रिय कार्ययोजना, २०७६ लाई कार्यान्वयनमा ल्याइएको छ।

राष्ट्रिय लैङ्गिक समानता नीति, २०७७ को कार्यान्वयनसँगै सङ्घ, प्रदेश र स्थानीय तहका सरकारका नीति तथा कार्यक्रममा लैङ्गिक उत्तरदायी बजेट प्रणाली अवलम्बन गरिएको छ। दिगो विकास लक्ष्यमा महिला, बालबालिका तथा किशोरकिशोरी, अपाङ्गता भएका व्यक्ति ज्येष्ठ नागरिक यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक र आदिवासी जनजातिसम्बन्धी विषय समावेश गरी विविध कार्यक्रमहरू कार्यान्वयन भइरहेका छन्।

बालिका, किशोरी तथा महिलाहरूको स्वास्थ्य, शिक्षा, रोजगारी तथा नीतिगत तहमा समतामूलक पहुँच तथा प्रतिनिधित्व बढाउन भएका प्रयासका फलस्वरूप विभिन्न उपलब्धि हासिल भएका छन्। राष्ट्रिय जनगणना, २०७८ अनुसार महिला र पुरुषको साक्षरता दर कमशः ६९.४ र ८३.६ प्रतिशत, घर वा जग्गा वा घरजग्गामा स्वामित्व पुगेको महिला २३.८ प्रतिशत, मातृ मृत्यु अनुपात प्रतिलाख जीवित जन्ममा १ सय ५१ र कुल प्रजनन दर २.१ प्रति महिला पुगेको छ। लैङ्गिक हिंसा निवारण कोष सञ्चालन (दोस्रो संशोधन) नियमावली, २०७६ बमोजिम ७ वटै प्रदेश र ७५३ वटै स्थानीय तहमा लैङ्गिक हिंसा निवारण कोष स्थापना भई सञ्चालनमा आएको छ। अपाङ्गता भएका व्यक्तिको जनसङ्ख्या २.२ प्रतिशत रहेको छ। अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी ऐन, २०७४ र नियमावली, २०७७ कार्यान्वयनमा रहेका छन्। आ.व.२०७९/८० मा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने पूर्ण अशक्त अपाङ्गता भएका ६६ हजार १ सय ५७ र अति अशक्त अपाङ्गता भएका १ लाख ३८ हजार १ सय ६५ गरी कुल २ लाख ४ हजार ३ सय २२ रहेका छन्। ज्येष्ठ नागरिकको सङ्ख्यात्मक वृद्धिसँगै सम्मानजनक जीवनयापनका लागि उचित हेरचाह तथा सामाजिक सुरक्षाको व्यवस्थालाई सुदृढ गर्दै ज्ञान, सिप, क्षमता तथा अनुभवलाई विकास प्रयासमा उपयोग गर्ने नीति अवलम्बन गरिएको छ।

हाल नेपालमा १८ वर्ष मुनिका बालबालिकाको सङ्ख्या कुल जनसङ्ख्याको ३४.८ प्रतिशत पुगेपनि बालिकाको सङ्ख्या विगत १ दशकमा ५ प्रतिशतले घटेको देखिन्छ जसले गर्भावस्थामा नै लिङ्ग छनौटको चिन्ताजनक स्थितिलाई इङ्गित गर्दछ।

### ३.३.२ मुख्य सवाल तथा चुनौती :-

१. कुरीति एवम् कुप्रथाको अन्त्य
२. सवै प्रकारका हिंसा विभेद र शोषणको अन्त्य
३. सीमान्तकृत वर्ग समुदायको आर्थिक सामाजिक एकीकरण
४. लक्षित वर्ग तथा समुदायका अर्थपूर्ण सहभागिताको सुनिश्चितता
५. महिलाको योगदानको सम्मान गर्ने संस्कृतको विकास
६. खास क्षेत्र, वर्ग र समुदायको लागि विशेष लक्षित कार्यक्रम
७. सामाजिक परिचालनमा तहगत एवं क्षेत्रगत समन्वय र सहकार्य अभिवृद्धि
८. लक्षित समूह केन्द्रित विपद् उत्थानशील प्रवर्द्धन

### ३.३.३ रूपान्तरणकारी रणनीति

१. लैङ्गिक समानता एवम् सशक्तीकरण, सामाजिक न्याय तथा समावेशीकरणलाई आन्तरिकीकरण, मूलप्रवाहीकरण र स्थानीयकरण गर्ने
२. तहगत तथा क्षेत्रगत समन्वय, सहकार्य र साझेदारी प्रवर्द्धन गर्ने
३. लक्षित वर्ग समुदायको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने
४. लक्षित वर्ग तथा समुदायलाई विशेष संरक्षण गर्ने
५. नवीनतम अवधारणा एवम् प्रविधिको प्रयोग अभिवृद्धि गर्ने
६. तथ्य र प्रमाणमा आधारित निर्णय प्रणाली विकास गर्ने
७. उद्धार, राहत, पुनःस्थापना तथा सामाजिक एकीकरण प्रभावकारी बनाउने
८. न्याय प्रणालीमा सुधार गर्ने
९. सामाजिक परिचालन तथा संस्थागत सुशासन कायम गर्ने
१०. सकारात्मक विभेदको नीति अवलम्बन गर्ने

### ३.३.४ प्रमुख कार्यक्रमः

१. शासकीय प्रबन्ध तथा नीतिगत एवम् कानूनी सुधार कार्यक्रम
२. अन्तर्राष्ट्रिय प्रतिबद्धता तथा राष्ट्रिय कार्ययोजना कार्यान्वयन कार्यक्रम
३. लक्षित वर्ग तथा समुदायको पहिचान तथा वर्गीकरणसम्बन्धी कार्यक्रम
४. अपाङ्गता मैत्री जीवन सहजीकरण कार्यक्रम
५. लैङ्गिक समानता,आर्थिक सशक्तीकरण र हिंसा न्यूनीकरण कार्यक्रम
६. बाल अधिकार संरक्षणतथा प्रवर्द्धन कार्यक्रम
७. लक्षित समुदाय विशेष सामजिक विकास तथा एकीकरण कार्यक्रम
८. ज्येष्ठ नागरिक सुरक्षा र संरक्षण कार्यक्रम
९. तथ्य र प्रमाणमा आधारित सूचना व्यवस्थापन तथा अनुगमन, मूल्याङ्कन प्रणाली कार्यक्रम
१०. दलित सशक्तीकरण कार्यक्रम

११. सामाजिक जागरण तथा सचेतनामूलक अभियान कार्यक्रम

१२. लक्षित वर्ग तथा समुदाय आत्मनिर्भर कार्यक्रम

१३. अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, बालबालिका, लैङ्गिकमैत्री पूर्वाधार निर्माण तथा गुणस्तरीय सहायक सामग्री व्यवस्थापन कार्यक्रम

१४. सामाजिक तथा गैरसरकारी संस्था परिचालन तथा संस्थागत सुशासन र सुदृढीकरण कार्यक्रम

१५. खास जाति, भाषा, संस्कृतिको संरक्षण र उपयोग प्रवर्द्धन कार्यक्रम

### ३.३.५ परिमाणात्मक लक्ष्यः

| क्र.सं. | सूचक | एकाइ | आ.व.२०७९/८० को अवस्था | आ.व.२०८५/८६ को लक्ष्य |
|---|---|---|---|---|
| १ | लैङ्गिक विकास सूचकाङ्क | सूचकाङ्क | ०.८८५ | ०.९६७ |
| २ | लैङ्गिक सशक्तीकरण मापन सूचकाङ्क | सूचकाङ्क | ०.४६ | ०.५९ |
| ३ | सामाजिक सशक्तीकरण सूचकाङ्क | सूचकाङ्क | ०.५८ | ०.६५ |
| ४ | जीवनकालमा शारीरिक वा मानसिक वा यौन हिंसा पीडित महिला | प्रतिशत | २३.४ | २०.० |
| ५ | महिला प्रतिनिधित्व सङ्घीय संसद<br>महिला प्रतिनिधित्व प्रदेश सभा<br>महिला प्रतिनिधित्व स्थानीयतह | प्रतिशत | ३३.६<br>३४.५<br>४०.९ | ४०<br>४०<br>४५ |
| ६ | सार्वजनिक सेवामा महिला प्रतिनिधित्व | प्रतिशत | २९.५ | ३५ |
| ७ | घर वा जग्गा वा घरजग्गामा स्वामित्व पुगेको महिला | प्रतिशत | २३.८ | ३५ |
| ८ | श्रम शक्तिमा महिलाको श्रम सहभागिता दर | प्रतिशत | २६.३ | ३५ |
| ९ | सार्वजनिक सेवाका नीति निर्माण पदमा महिलाको सहभागिता | प्रतिशत | १३.७ | २० |
| १० | सबै तहका सरकारमा लैङ्गिक उत्तरदायी बजेटको अनुपात | प्रतिशत | ४० | ५० |
| ११ | सामाजिक सुरक्षामा आवद्ध ज्येष्ठ नागरिक | प्रतिशत | ९० | १०० |
| १२ | ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र तथा मिलन केन्द्र | संख्या | २२५ | ७५३ |
| १३ | मानव बेचबिखन पीडित प्रभावितहरूका लागि पुनःस्थापना केन्द्र सञ्चालन भएका जिल्ला | संख्या | १० | १५ |
| १४ | महिनावारीको समयमा आवश्यक सामग्रीको उपलब्धता र स्वच्छतासहितको शौचालयको व्यवस्था भएका विद्यालय | प्रतिशत | - | ८० |
| १५ | पछिल्लो बाह्र महिनामा महिनावारीका कारणबाट विद्यालय र कार्यस्थलमा अनुपस्थित भएका महिला | प्रतिशत | ९.४ | ४ |

श्रोतः राष्ट्रिय योजना आयोग, सोह्रौ योजना (आ.व. २०८१/८२ - २०८५/८६)

## ३.४ संरचनागत व्यवस्था

महिला हक अधिकारको कार्यान्वयनका निम्ति संवैधानिक तथा कानूनी व्यवस्थाका अतिरिक्त ती व्यवस्थाहरूको प्रभावकारी कार्यान्वयनका लागि देहाय बमोजिमको संरचनागत व्यवस्था भएको छः

- राष्ट्रिय महिला आयोग
- महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय
- प्रहरी प्रधान कार्यालय मातहतका महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा निर्देशनालय
- नेपाल प्रहरीमा मानव बेचबिखन तथा अनुसन्धान व्यूरो
- महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रहरू

- प्रदेशस्तरमा सामाजिक विकास मन्त्रालय
- ७५३ स्थानीय तहमा महिला विकास एकाइ/शाखा
- हरेक मन्त्रालय/निकायमा लैङ्गिक सम्पर्क बिन्दुको अभ्यासको सुरुवात
- अर्थ मन्त्रालयमा लैङ्गिक उत्तरदायी बजेट समिति
- मानव बेचबिखनबाट पीडित तथा प्रभावित महिलाहरूका लागि पुनःस्थापना केन्द्र
- घरेलु हिंसाबाट पीडित तथा प्रभावित महिलाहरूका लागि सेवा केन्द्र
- हिंसा पीडितहरूको सेवाका लागि ९४ वटा सामुदायिक अस्पतालमा आधारित एकद्वार संकट व्यवस्थापन केन्द्रहरू
- स्थानीय तहमा उपप्रमुख वा उपाध्यक्षको संयोजकत्वमा न्यायिक समिति
- जिल्ला सरकारी वकिलको संयोजकत्वमा निःशुल्क कानूनी सहायता समिति
- हरेक अदालतमा वैतनिक वकिलको व्यबस्था
- नेपाल बार एशोसिएशनबाट निःशुल्क कानूनी सहायता

## ३.५ नेपालमा महिला विकास र सशक्तीकरणका लागि भएका प्रयासहरूको संक्षिप्त विवरण

| क्र.सं. | मिति | घटना |
|---|---|---|
| १ | २०13(१९५६ई.) | महिला प्रशिक्षण केन्द्रको स्थापना |
| २ | २०२९(१९७२ई.) | महिला शिक्षा परियोजना लागू तथा सञ्चालन गर्ने शिक्षा तथा समाज कल्याण मन्त्रालयमा छुट्टै एकाइ खडा |
| ३ | २०३०(१९७३ई.) | तत्कालीन नेपाल महिला सङ्गठन केन्द्रीय कार्यसमिति अन्तर्गत महिला सिप विकास परियोजना सञ्चालन |
| ४ | २०३२(१९७५ई.) | आमा मिलन केन्द्रको स्थापना |
| ५ | २०३३(१९७६ई.) | समान कामका लागि महिला र पुरुष कामदारलाई समान पारिश्रमिक प्रदान गर्नेसम्बन्धी अन्तर्राष्ट्रिय श्रम सङ्गठन महासन्धि १९५१ (नं. १००) लाई नेपाल सरकारबाट अनुमोदन (अनुमोदन मितिः ६ अक्टोवर १९७६) |
| ६ | ६ अक्टोबर १९७६ २०३४ (१९७७ ई.) | तत्कालीन सामाजिक सेवा राष्ट्रिय समन्वय परिषद् अन्तर्गत नारी सेवा समन्वय समिति गठन |
| ७ | २०३६ (१९७९ ई.) | नेपालमा महिलाहरूको मर्यादास्तर (Status of Women in Nepal)अध्ययन |
| ८ | २०३७ (१९८० ई.) | छैटौं पञ्चवर्षीय योजना (२०३७-४२) मा पहिलोपल्ट विकास कार्यमा महिला सहभागिता प्रवर्द्धन गर्ने छुट्टै नीति समावेश |
| ९ | २०३८ (१९८१ ई.) | तत्कालीन पञ्चायत तथा स्थानीय विकास मन्त्रालय अन्तर्गत महिला विकास शाखा स्थापना |
| १० | २०३८ (१९८१ ई.) | साना किसान विकास कार्यक्रमअन्तर्गत महिला कार्यक्रम सञ्चालन |
| ११ | आ.व. २०३९/४० (१९८२/८३ ई.) | महिला विकास कार्यक्रम प्रारम्भ |
| १२ | २०४२ (१९८५ ई.) | तत्कालीन नारी सेवा समन्वय समितिको संयोजकत्वमा महिला विकासको निम्ति राष्ट्रिय कार्ययोजना तर्जुमा |
| १३ | २०४४ (१९८७ ई.) | श्रम मन्त्रालयमा महिला महाशाखा स्थापना |
| १४ | २०४७ (१९९० ई.) | महिला विकास शाखाको महाशाखामा स्तरोन्नति |
| १५ | २०४८ (१९९१ ई.) | महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने सम्बन्धी महासन्धि १९७९ लाई नेपाल सरकारबाट अनुमोदन |
| १६ | २२ अप्रिल १९९१ २०४९ (१९९२ ई.) | कृषि मन्त्रालयमा महिला कृषक महाशाखा स्थापना |
| १७ | २२ अप्रिल १९९१ २०४९ (१९९२ ई.) | आठौं पञ्चवर्षीय योजना (२०४९/५४) मा लैङ्गिक मूलप्रवाहीकरणको नीति अवलम्बन |
| १८ | २०५० (१९९३ ई.) | जल तथा शक्ति आयोगको सचिवालयमा महिला एकाइ स्थापना |
| १९ | २०५० (१९९३ ई.) | राष्ट्रिय योजना आयोगमा महिला तथा बालविकास शाखा स्थापना |
| २० | २०५२ (१९९५ ई.) | महिला तथा समाजकल्याण मन्त्रालयको स्थापना |

| | | |
|---|---|---|
| २१ | २०५२ (१९९५ ई.) | महिला सिप विकास समिति गठन तथा २०३० सालदेखि सञ्चालित सिप विकास परियोजनालाई समिति अन्तर्गत सिप विकास केन्द्रको रूपमा स्थापना गरी सञ्चालन गर्ने व्यवस्था |
| २२ | २०५२/६/६ | नेपाल प्रहरीमा महिला एकाइ स्थापना (प्रहरी प्रधान कार्यालयका साथै ४ वटा जिल्ला कार्यालयहरूबाट प्रारम्भ) |
| २३ | २०५४ (१९९७ ई.) | नेपाल सरकारबाट लैङ्गिक समानता तथा महिला सशक्तीकरण राष्ट्रिय कार्ययोजनाको स्वीकृति |
| २४ | २०५५ (१९९८ ई.) | स्थानीय स्वायत्त शासन ऐन जारीः (क) गाउँ विकास समिति र नगरपालिकाको प्रत्येक वडामा एकजना निर्वाचित महिला वडा सदस्य रहने प्रावधान (ख) गाउँ परिषदमा एकजना, जिल्ला परिषदमा एकजना र नगर परिषद्मा कम्तीमा ४० प्रतिशत गरी मनोनीत सदस्यमध्ये पनि महिला प्रतिनिधित्वको सुनिश्चितता (ग) गाउँ विकास समिति, नगरपालिका र जिल्ला विकास समितिमा एक-एकजना महिला सदस्य मनोनीत हुनुपर्ने शर्त |
| २५ | २०५६ (१९९९ ई.) | महिला जागृति तथा आय आर्जन कार्यक्रम लागू |
| २६ | २०५६ (१९९९ ई.) | महिला विकास महाशाखालाई स्थानीय विकास मन्त्रालयबाट महिला तथा समाजकल्याण मन्त्रालय अन्तर्गत राख्ने व्यवस्था |
| २७ | २०५७ (२००० ई.) | महिला तथा समाज कल्याण मन्त्रालयको महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय नामकरण (निर्णय मितिः २०५७।३।२६) |
| २८ | २०५७ (२००० ई.) | महिला विकास महाशाखा महिला विकास विभागमा परिणत (निर्णय मितिः २०५७।३।२६) |
| २९ | २०५८ (२००१ ई.) | राष्ट्रिय महिला आयोगको गठन |
| ३० | २०५८ (२००१ ई.) | राष्ट्रिय जनगणनाको लैङ्गिकीकरण |
| ३१ | २०५८ (२००१ ई.) | नेपाल प्रहरीको महिला एकाइलाई महिला तथा बालबालिका सेवा केन्द्र नामकरण ( डिसेम्बर २००८ मा केन्द्रीय महिला तथा बालबालिका सेवा केन्द्रको निर्देशनालयमा स्तरोन्नति, हाल सबै जिल्लामा सेवा केन्द्र विस्तार) |
| ३२ | २०५९ (२००२ ई.) | विभिन्न मन्त्रालय, निकायमा लैङ्गिक सम्पर्क-बिन्दु (Gender Focal Person) तोक्ने व्यवस्था |
| ३३ | २०६० (२००३ ई.) | नेपाल सरकारबाट महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि कार्यान्वयनका लागि तयार गरिएका राष्ट्रिय कार्ययोजनाको स्वीकृति (निर्णय मितिः  २०६०।९।१७) |
| ३४ | २०६० (२००३ ई.) | जिल्लास्थित महिला विकास शाखा महिला विकास कार्यालयमा परिणत (निर्णय मितिः २०६०।१२।२६) |
| ३५ | २०६० (२००३ ई.) | नेपाल सरकारबाट जिल्लास्थित महिला विकास शाखालाइ महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र गैरसरकारी संस्थाहरूको समन्वयकर्ता, सम्पर्क सूत्र, सहजकर्ताको भूमिका निर्वाह गराउने सम्पर्क निकाय (Focal Agency) तोक्ने निर्णय (निर्णय मितिः२०६०।४।५) |
| ३६ | २०६१ (२००४ ई.) | नेपाल सरकारबाट लैङ्गिक समानता तथा महिला सशक्तीकरण राष्ट्रिय कार्ययोजनाको स्वीकृति |
| ३७ | २०६१ (२००४ ई.) | नेपाल सरकारबाट लैङ्गिक तथा बालअधिकारको मूलप्रवाहीकरण कार्यनिर्देशिका (जिल्लास्तर) को स्वीकृतिः स्थानीय स्तरमा पनि लैङ्गिक सम्पर्क-बिन्दुहरू तोक्नुपर्ने व्यवस्था |
| ३८ | २०६१ (२००४ ई.) | सम्पत्तिमा महिलाको स्वामित्व वृद्धिगर्ने दृष्टिकोणले महिलाको नाममा दर्ता हुने जग्गाको दर्ता दस्तुरमा १० प्रतिशत छूट दिने नीति (आ.व. २०६१/६२ को बजेट बक्तव्य) |
| ३९ | २०६४ (२००७ ई.) | लैङ्गिक-उत्तरदायी बजेट (Gender Responsive Budget)को प्रारम्भिक शुरुवात (आ.व.२०६३ को बजेट) |
| ४० | २०६२ (२००५ ई.) | वेश्यावृत्तिका लागि महिला र बालबालिकाको जीउ मास्ने बेच्ने काम रोकथाम गर्ने र सो विरुद्ध संघर्ष गर्ने सम्बन्धमा व्यवस्था भएको दक्षिण एशियाली क्षेत्रीय सहयोग सङ्गठन महासन्धि २००२ लाई नेपालको अनुमोदन (अनुमोदन मितिः ३१ अक्टोबर २००६) |
| ४५ | २०६२ (२००५ ई.) | महिला जागृति तथा आयआर्जन कार्यक्रम महिला विकास कार्यक्रममा नै एकीकृत गरी सञ्चालन गर्ने व्यवस्था |
| ४६ | २०६२ (२००६ ई.) | महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने सम्बन्धी महासन्धिको इच्छाधीन आलेख १९९९ लाई नेपालको अनुमोदन (अनुमोदन मितिः १८ डिसेम्बर २००६) |
| ४७ | २०६३ (२००६ ई.) | प्रतिनिधि सभाको घोषणा जारीः राज्य संरचनामा कम्तीमा ३३ प्रतिशत महिला सहभागिता सुनिश्चित गर्ने सङ्कल्प |
| ४८ | २०६३ (२००६ ई.) | नेपालको अन्तरिम संविधान जारीः महिलाका मौलिक हकको प्रत्याभूति |
| ४९ | २०६३ (२००६ ई.) | गाविस अनुदानको न्यूनतम ५ प्रतिशत विपन्न वर्गका महिलालाई प्रत्यक्षतः फाइदा पुग्ने आयोजनाहरूका लागि छुट्याउनु पर्ने व्यवस्था |
| ५० | २०६३ (२००६ ई.) | नेपाल सरकारबाट छाउपडी प्रथालाई कुरीति घोषणा |
| ५१ | २०६३ (२००६ ई.) | लैङ्गिक समानता कायम गर्न केही नेपाल ऐन संशोधन गर्न बनेको ऐन जारी |
| ५२ | २०६३ (२००७ ई.) | राष्ट्रिय महिला आयोग ऐन जारी (प्रमाणीकरण मिति २०६३/९/३०) |
| ५३ | २०६४ (२००७ ई.) | मानव बेचबिखन तथा ओसार-पसार (नियन्त्रण) ऐन जारी |

| | | |
|---|---|---|
| ५४ | २०६४ (२००७ ई.) | निजामती सेवा ऐन, २०४९ मा दोस्रो संशोधनः (क) निजामती सेवालाई समावेशी बनाउन खुला प्रतियोगिताद्वारा पूर्ति हुने पदमध्ये ४५ प्रतिशत छुट्ट्याएर छुट्ट्याइएको ४५ प्रतिशतलाई शत प्रतिशत मानी सोको ३३ प्रतिशत पदमा महिला उम्मेदवारबीच मात्रको प्रतियोगिताद्वारा पदपूर्ति गर्ने प्रावधान (ख) महिला विकास कार्यक्रमको स्थायी पदमा कार्यरत कम्तीमा पाँच वर्ष अस्थायी सेवा गरेका महिला उम्मेदवारलाइ एकपटकका लागि तोकिएको पदमा लोक सेवा आयोगबाट निर्धारित प्रतिस्पर्धात्मक परीक्षा लिई स्थायी नियुक्ति गर्ने प्रावधान (प्रमाणीकरण मिति २०६४/४/८, लालमोहर र प्रकाशन मितिः २०६४/४/२३) |
| ५५ | २०६५ (२००८ ई.) | नेपाल सरकारद्वारा स्थानीय शान्ति समितिका कार्यक्षेत्रगत शर्तहरू जारीः स्थानीय स्तरमा गठन हुने शान्ति समितिमा कम्तीमा एक-तिहाइ सदस्य महिला हुनुपर्ने व्यवस्था |
| ५६ | २०६५ (२००८ ई.) | मानव बेचबिखन तथा ओसार-पसार (नियन्त्रण) नियमावली जारी |
| ५७ | २०६५ (२००८ ई.) | राष्ट्रिय महिला आयोग नियमावली जारी |
| ५८ | २०६६ (२००९ ई.) | स्थानीय विकास मन्त्रालय र अन्तर्गतका लागि लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीतिको स्वीकृति गाविस विकास अनुदानको १५ प्रतिशत महिला र बालबालिकाहरूसँग सम्बन्धित निश्चित कार्यक्रमहरूका लागि छुट्ट्याउनुपर्ने व्यवस्था |
| ५९ | २०६६ (२००९ ई.) | घरेलु हिंसा (कसूर र सजाय) ऐन, २०६६ (प्रमाणीकरण मिति २०६६/१/१४) |
| ६० | २०६७ (२०१० ई.) | महिला विकास विभागलाई महिला तथा बालबालिका विभाग र जिल्लास्थित महिला विकास कार्यालयलाई महिला तथा बालबालिका कार्यालय नामकरण (निर्णय मितिः २०६७।६।१२) |
| ६१ | २०६७ (२०१० ई.) | घरेलु हिंसा (कसूर र सजाय) नियमावली जारी |
| ६२ | २०६७ (२०१० ई.) | त्रिवर्षीय योजना (२०६७/६८-२०६९/७०) मा महिला विकास कार्यक्रमलाई देशका सबै गाविसमा विस्तार गर्ने कार्यनीतिका साथै परिमाणात्मक लक्ष्य |
| ६३ | २०६७/६/१२ २०६७ (२०११ ई.) | नेपाल सरकारबाट संयुक्त राष्ट्रसंघ सुरक्षा परिषद्बाट पारित प्रस्ताव नम्बर १३२५ र १८२० को कार्यान्वयन राष्ट्रिय कार्ययोजना(२०६७/६८-२०७१/७२) को स्वीकृति |
| ६४ | २०६७/६/१२ २०६७ (२०११ ई.) | लैङ्गिक हिंसा निवारण कोष (सञ्चालन) नियमावली, २०६७ जारी |
| ६५ | २०६८ | पुनःस्थापना केन्द्र सञ्चालन निर्देशिका, २०६८ जारी |
| ६६ | २०६८ | पुनःस्थापना कोष सञ्चालन निर्देशिका, २०६८ जारी |
| ६७ | २०६८ | मानव बेचविखन विरुद्धको अभियानमा संलग्न सरोकारहरूका लागि मनोसामाजिक मनोविमर्श निर्देशिका, २०६८ जारी |
| ६८ | २०७० | एकल महिला सुरक्षा कोष (सञ्चालन) नियमावली, २०७० जारी |
| ६९ | २०७१ | एकल महिला सुरक्षा कोष सञ्चालन मापदण्ड, २०७१ जारी |
| ७० | २०७१ | कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (निवारण) ऐन, २०७१ जारी (प्रमाणिकरण मितिः २०७१।८।५) |
| ७१ | २०७१ | मानव बेचबिखन विशेषगरी महिला तथा बालबालिकाहरूको बेचबिखन तथा ओसारपसार विरुद्धको राष्ट्रिय कार्ययोजना, २०६८ र यसको कार्यान्वयन योजना, २०७१ |
| ७२ | २०७२ | लैङ्गिक समानता कायम गर्न तथा लैङ्गिक हिंसा अन्त्य गर्न केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७२ जारी |
| ७३ | २०७२ | बोक्सी आरोप (कसूर र सजाय) ऐन, २०७२ जारी ( प्रमाणीकरण मिति २०७२/६/१८) |
| ७४ | २०७२ | बालविवाह अन्त्यको लागि राष्ट्रिय रणनीति, २०७२ |
| ७५ | २०७३ | एकल महिला सुरक्षा कोष सञ्चालन मापदण्ड (संशोधन), २०७३ |
| ७६ | २०७४ | राष्ट्रिय महिला आयोग ऐन, २०७४ |
| ७७ | २०७४ | अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ |
| ७८ | २०७४ | कार्यस्थलमा हुने यौन दुर्व्यवहार आचारसंहिता, २०७४ |
| ७९ | २०७४ | मुलुकी देवानी (संहिता) ऐन, २०७४ |
| ८० | २०७४ | मुलुकी फौजदारी (संहिता) ऐन, २०७४ |
| ८१ | २०७५ | महिला तथा बालिका उपर हुने हिंसा अन्त्यका लागि पुरुष सहभागिता रणनीति,२०७५ |
| ८२ | २०७५ | सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकारसम्बन्धी ऐन, २०७५ |
| ८३ | २०७५ | बालबालिका सम्बन्धी ऐन, २०७५ |
| ८४ | २०७७ | राष्ट्रिय लैङ्गिक समानता नीति, २०७७ |
| ८५ | २०७७ | सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार नियमावली, २०७७ |

| | | |
|---|---|---|
| ८६ | २०७७ | अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी नियमावली, २०७७ (नेपाल सरकारबाट २०७७/१०/०५ मा स्वीकृत) |
| ८७ | २०७७ | नेपाल लैङ्गिक तथा समावेशी नीति, २०७७ (निर्वाचन आयोग) |
| ८८ | २०७८ | राष्ट्रिय महिला आयोग नियमावली, २०७८ (मिति २०७८/०३/२१ गतेको नेपाल राजपत्रमा प्रकाशित) |

## ३.६ महिला माथि हुने विभिन्न किसिमका मुद्दाहरूको सन्दर्भमा न्याय प्रक्रियाका लागि प्रतिपादित नजिरहरूः

नेपालको संविधानद्वारा प्रदत्त मौलिक हकको प्रचलनको लागि वा उपचारको अपर्याप्तता वा प्रभावहीन देखिएको अन्य कुनै कानूनी हकको प्रचलनको लागि वा सार्वजनिक सरोकारको कुनै विवादमा कुनै संवैधानिक वा कानूनी प्रश्नको निरूपणका लागि सर्वोच्च अदालतबाट महिला हिंसा तथा महिलाको हक अधिकारबाट वञ्चित भएको विषयका मुद्दामा प्रतिपादित भएका केही प्रतिनिधिमूलक नजीरहरू देहाय बमोजिम रहेका छन् ः

### क) शारीरिक हिंसा सम्बन्धी मुद्दाहरू

१. भुपेन्द्र खड्का वि. नेपाली सेना समेत (ने.का.प. २०७६, अंक ८ नि.नं.१०३४२)

पदीय प्रभावमा परेर लिएको सहमतिलाई स्वतन्त्र सहमति मान्न नमिल्ने

२. लाक्पा शेर्पा वि. नेपाल सरकार (ने. का. प. २०७३, अंक ९ नि.नं. ९६८४)

महिलाले महिलालाई जवरजस्ती करणी गर्न सक्ने

३. घ कुमारी वि. सगर भट्ट (मुद्दा नं. ०७१-CR-०६५९, फैसला मितिः२०७६/०८/०२)

जवरजस्ती करणी मुद्दामा वारदातस्थलनै पीडितको शरिर हुने हुदा वारदातस्थल यकीन नभएको भनि कसूरबाट उन्मुक्ती हुन नसक्ने

४. जय बहादुर तामाङ वि. नेपाल सरकार (०७१-CR-११६७, फैसला मितिः २०७४/०३/२६)

महिलाको मञ्जुरीले १२ हप्तासम्मको गर्भपतन नेपाल सरकारले तोकिए बमोजिमको प्रक्रृया अपनाइ निर्धारित योग्यता पुरा गरेको इजाजत प्राप्त स्वास्थकर्मीले गर्भपतन गराएकोमा गर्भ तुहाएको मानिने छैन प्रहरीले अनुसन्धान गर्दा, सरकारी वकिलले अभियोजन गर्दा तथा अदालतले म्याद थप गर्दा वा वयानको क्रममा होस, प्रजनन स्वास्थको हेरचाहको अधिकार प्रदान गरेको सुनिश्चितता गर्नु पर्ने

५. मञ्जु तामाङ समेत वि. नेपाल सरकार (मुद्दा नं. ०७०-WO-०१९४)

सबै प्रकारका गर्भ निरोधक साधन र सेवामा सीमान्तकृत, अति गरिब लगायत सबै महिलाको पहुँच स्थापित हुनेगरी नीति परिमार्जन गर्ने

६. लक्ष्मीदेवी धिक्ता वि. नेपाल सरकार (ने.का.प. २०६७, अंक ९ नि.नं. ८४६४)

गर्भपतन सम्बन्धी छुट्टै एवं पर्याप्त कानून बनाउने निर्देशन

७. ज्योती पौडेल वि. नेपाल सरकारसमेत (ने.का.प. २०६६, अंक १२ नि.नं. ८२८२)

घरेलु हिंसाको परिभाषाभित्र महिला उपर एसिड खन्याई कुरूप पार्ने जस्ता विसयावस्तु समेत राखी हिंसाको परिभाषालाई व्यापक बनाउने

महिला पीडित भएका फौजदारी मुद्दा खासगरी घरेलु हिंसाबाट पीडित मुद्दा हेर्ने एउटा छुट्टै Fast Track Court गठन गर्नु पर्ने ।

८. अन्नपुर्ण राणा वि. गोरख शमशेरसमेत (ने.का.प. २०५५, अंक ८ नि.नं. ६५८८)

कुमारीत्व जांच गर्नु गोपनीयताको अनतिक्रम्य हकको विपरीत हुने

## ख) प्रशासनिक हिंसा

१. शर्मिला पराजुली वि. नेपाल सरकार (ने.का.प. २०६१, अंक १०, नि.नं. ७४४९)

कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहारको सम्बन्धी कानून निर्माण गर्ने आदेश भएको

२. प्रकाशमणि शर्मा वि. नेपाल सरकार (ने.का.प. २०६०, अंक ९, नि.नं. ७२६८)

प्रसूति विद्याका सम्बन्धमा महिल कामदार कर्मचारीहरूका हकमा तोकिएभन्दा कम गर्न नपाइने गरी न्यूनतम प्रसूती विद्या अवधि निर्धारण गरी तोकी मातृत्व संरक्षण सम्बन्धमा आवश्यक व्यवस्था मिलाउने

३. रिना बज्राचार्य वि. नेपाल सरकार (ने.का.प. २०५७, अंक ५, नि.नं. ६८९८)

समान पदमा कार्यरत महिला र पुरुषबीच सेवा सुविधामा फरक-फरक व्यवस्था गर्न विभेद गरेको मानिने

## ग) आर्थिक हिंसा

१. सुकुम थापा वि. पिताम्बर थापा (ने.का.प. २०७६, अंक, नि.नं. १०३४६)

पैतृक सम्पत्तिमाथिको अधिकार गर्भबाटै सिर्जना भई जन्मपछि प्राप्त हुने अधिकार हो। वैवाहिक स्थितिको आधारमा छोरा र छोरीलाई फरक व्यवहार गर्नु भेदभावकै स्वरूप हुने। संविधान र कानूनको मनसाय छोरीलाई पनि छोरासरह पैतृक सम्पत्तिमा समान अंशियार कायम गर्नु पर्ने।

२. निर्मला हरिजन चमार वि.शिव नारायण चमार (०७४-CR-०२४३)

विवाहित भएको नाताले मात्र महिलाको आफ्नो बाबु-आमासंगको नाता नरहेको भन्न मिल्ने देखिएन।

## घ) सामाजिक हिंसा

१. कृष्टिना महर्जन वि. नेपाल सरकार (०७८-WO-०८५३)

जैविक बुवा पहिचान नभएको अवस्थामा अविवाहित आमाबाट जन्मेकी निवेदिकालाई वंशजको आधारमा नागरिकता दिनु

२. सविना दमाइ वि. नेपाल सरकार (ने.का.प. २०६८, अंक ५ नि.नं. ६८९८)

आमाको नामबाट नागरिकता लिने अधिकार महिला अधिकारभित्र पर्ने

३. निलहिरा समाजका कार्यकारी निर्देशक सुनिलबाबु पन्त विरुद्ध नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय समेत (नेकाप २०६५, नि.नं.७९५८, अंक ४)

- बच्चा जन्मदा एउटा लिङ्गीमा जन्मेको भएपनि जैविक (Biological) र प्राकृतिक (Natural) प्रक्रिया अनुसार जन्मदा भन्दा अर्को लिङ्गीमा विकास भई जन्मदाको भन्दा फरक लिङ्गीमा लैङ्गिक स्वरूप परिवर्तन हुन सक्छन्। यस्तो परिवर्तन हुँदैमा तिनीहरू मानव जाति वा नागरिक नै होइनन् भन्न नमिल्ने।
- महिला र पुरुष वाहेक अन्य तेश्रो लिङ्गी लगायतका व्यक्तिहरूलाई यौन अभिमुखीकरण (Sexual Orientation) का आधारमा भेदभाव गर्न  नमिल्ने।
- राज्यले महिला र पुरुष बाहेकका तेस्रो लिङ्गी प्राकृतिक व्यक्ति नागरिकहरूको अस्तित्त्वलाई स्वीकार गरी उनीहरूलाई पनि संविधानको भाग ३ द्वारा प्रदत्त मौलिक हकहरूबाट वञ्चित गर्न नमिल्ने।
- एउटा सावालक व्यक्तिले अर्को सावालक व्यक्तिसँग राजीखुशी मञ्जूरीले आफ्नो चाहना अनुरूप वैवाहिक सम्वन्ध राख्न पाउनु उसको नैसर्गिक हक र अधिकार हो। समलिङ्गी विवाहलाई सम्बन्धित व्यक्तिहरूको हक अधिकार र सामाजिक पारिवारिक दृष्टि सबै पक्षबाट हेरिनुपर्ने।

४. गुराँसदेवी लामाको जाहेरीले नेपाल सरकार विरुद्ध राधिका श्रेष्ठ (नेकाप २०७१, नि.नं. ९२४२, अंक ९)

- प्रताडित महिलाद्वारा भएको हिंसा र आवेश प्रेरित हत्याबीच केही अन्तर रहेको पाइन्छ। आवेश प्रेरित हत्यामा तत्कालै उठेको रिसको कारण मौकामा प्रहार गरी हत्या गरेको हुँदा त्यसमा मनसाय तत्त्वको अभाव रहन्छ। Battered

Women syndrome (BWS) को दावी लिइएको वारदात हत्या नै हो तर वारदातको कारक तत्त्व भने मर्ने व्यक्ति स्वयम् नै रहेको हुने ।

- धेरै जसो BWS सुविधा खोजिएको विवादमा वर्षौं देखि प्रताडित, घरेलु हिंसाको सिकार भएकी महिला जो पतिबाट दुर्व्यवहारको सिकार निरन्तर भएका हुन्छन्, चोट, प्रहार, धक्का (Trauma) बराबर पाउँछन्, बारम्बार परपुरूषको लान्छना, दुर्व्यवहार पाउँछन् वा ज्यान मार्ने धम्कीसमेत पाउँछन् । निजले उक्त पीडक पति, प्रेमीको हत्या मौकामा गरेको नभई कैयौं दिनपछि ज्यान जोगाउन वा पीडक निदाएको वा नशा सेवन गरेको बखत मौका छोपी गर्ने गर्दछन् । यस्तो हत्याको एकमात्र कारण आवेश, घृणा, प्रहारबाट मुक्ति वा पीडकले मार्ने डर, त्रासबाट मुक्ति रहेको हुने ।

५. डिलबहादुर विश्वकर्मा समेत विरुद्धविपक्षी श्री ५ को सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, काठमाडौं समेत(नेकाप २०६२, नि.नं.७५३१,अंक ४)

- प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले एकमहिना भित्र मासिकश्राव भएको महिलालाई छाउपडी (गोठ) मा पठाउने प्रथालाई कुरीति भएको घोषणा गर्नु पर्ने ।
- छाउपडी प्रथाको विरुद्ध सार्वजनिक चेतना जगाउन स्थानीय निकायहरूलाई परिचालित गर्न स्थानीय विकास मन्त्रालयले निर्देशन दिनुपर्ने ।
- महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालयले यो आदेश प्राप्त भएको मितिले तीन महिना भित्र निर्देशिका बनाइ लागू गर्नु गराउनु पर्ने ।

६. लक्ष्मीदेवी धित्त समेत विरुद्ध नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत(नेकाप २०६७, नि.नं. ८४६४, अंक ९)

- गर्भपतन सम्बन्धी समस्यालाई केवल गर्भको भ्रूणलाई जन्म दिने वा नदिने, गर्भपतन गराउन पाउने वा नपाउने प्रश्नमा मात्रै सीमित गरेर नहेरी समग्र महिला स्वास्थ्यसँग सम्बन्धित विषयको रूपमा पनि हेर्नु पर्ने हुँदा गर्भपतनको अधिकार हनन् वा सो सेवा दिन इन्कार गरेबाट वा स्तरहीन सेवा दिएबाट पर्न आएको बहुपक्षीय समस्याहरूको सम्बोधनको लागि समेत कानूनी उपचारको राम्रो प्रावधान हुन जरुरी देखिन्छ । कानूनी उपचारको बारेमा विचार गर्दा कसूरदारलाई सजाय, पीडितलाई क्षतिपूर्ति, पीडितको स्वास्थ्य सहुलियत सम्बन्धी अन्य व्यवस्थाहरूको समेत व्यवस्था गर्नु पर्ने ।

# परिच्छेद ४
# नेपालमा महिलाको वर्तमान अवस्था

## ४.१ पृष्ठभूमि

पछिल्लो समयमा नेपालमा महिला अधिकारको क्षेत्रमा छोटो समयमा नै थुप्रै उल्लेखनीय उपलब्धिहरू हासिल भएको भए तापनि अझसम्म महिलाहरू सामाजिक, आर्थिक, शैक्षिक, राजनीतिक, प्रशासनिक लगायतका सबै क्षेत्रमा पुरुषको तुलनामा पछाडि नै रहेका छन् । राज्यका सबै क्षेत्रहरूमा महिलाहरूको पहुँच र उपस्थिति न्यून रहेको छ । महिलाविरुद्धको हिंसा, महिलालाई गरिने असमान व्यवहार, कुप्रथा तथा सामाजिक चलनहरू, छुवाछुत तथा जातीय भेदभाव, छोरीको चाँडो विवाह, परिवारमा छोराको बढी महत्त्व, सम्पत्ति अधिकार उपयोगका सम्बन्धमा विभेदपूर्ण व्यवहार, नागरिकताको पहुँचमा रहेको असमानता जस्ता कारणहरूले पनि महिलाहरूमाथि सामाजिक तथा साँस्कृतिक विभेदको विद्यमानता रहेको छ । विद्यमान लैङ्गिक असमानताका कारण महिलाहरूको स्रोत, साधन र अवसरमा पहुँचको कमी, आर्थिक परनिर्भरता, शिक्षा, स्वास्थ्य तथा रोजगारीमा कमी जस्ता कारणहरूले महिलाको स्तर पुरुषको दाँजोमा पछाडि परेको छ।

हाल महिलाको क्षेत्रमा भएका प्रगति वा महत्त्वपूर्ण उपलब्धिहरू वा तथ्य तथ्यांकहरू निम्नानुसार रहेका छन्ः

| क्र.सं. | विवरण | प्रतिशत/सूचकांक |
|---|---|---|
| १ | महिला साक्षरता दर | ६९.४ |
| २ | लैङ्गिक उत्तरदायी बजेट | ४०.२५ |
| ३ | मातृ मृत्युदर(प्रत्येक एक लाख जिवित जन्ममा) | १५० |
| ४ | महिलाको श्रमशक्तिमा सहभागिता दर | २६.३ |
| | ग्रामिण | २१ |
| | शहरी | २९.३ |
| ५ | लैङ्गिक असमानता सूचक | ०.४५२ |
| ६ | प्रतिनिधिसभा महिलाको प्रतिनिधित्व | ३३.१ |
| ७ | प्रदेश सभामा महिलाको प्रतिनिधित्व | ३६.३६ |
| ८ | स्थानीय निकायमा महिलाको सहभागिता | ४१.८ |
| ९ | निजी क्षेत्रमा नीति निर्माण तहमा महिलाको सहभागिता | २९.६१५ |
| १० | घरमूली भएका महिला | ३१.५५ |
| ११ | महिलाको स्वामित्वमा घर जग्गा सम्पत्ति (कुल जनसङ्ख्यामा) | २३.८ |
| १२ | रोजगारीमा रहेको महिलाको संख्या | २२.९ |
| | ग्रामिण | १८.६ |
| | शहरी | २५.३ |
| १३ | मानव विकास सूचकांक | ०.६०२ |
| १४ | लैङ्गिक विकास सूचकांक | ०.९६० |
| १५ | लैङ्गिक सशक्तीकरण मापक सूचकांक | ०.६२ |

स्रोतः राष्ट्रिय महिला आयोगको सोह्रौ वार्षिक प्रतिवेदन,नेपालमा महिलाको अवस्था, दोस्रो अंक आ.व. २०८१/८२ को बजेट वक्तव्य

१. स्वास्थ्यक्षेत्र

डाक्टर

| विवरण | जम्मा संख्या | महिला | पुरुष | महिलाको प्रतिशत |
|---|---|---|---|---|
| एमबिबिएस | ३००२७ | १००७३ | १९९५४ | ३३.५४% |
| बिडिएस | ४८८३ | ३१५६ | १७२७ | ६४.६३% |
| जम्मा | ३४९१० | १३२२९ | २१६८१ | ३७.८९% |

स्रोतः नेपाल मेडिकल काउन्सिल। २०८०

विशेषज्ञ

| विवरण | जम्मा संख्या | महिला | पुरुष | महिलाको प्रतिशत (%) |
|---|---|---|---|---|
| एमडी/एमएस | ९८२३ | २७६० | ७०६३ | २८.०९ |
| एमडिएस | ७६५ | ३६१ | ४०४ | ४७.१८ |
| जम्मा | १०५८८ | ३१२१ | ७४६७ | २९.४७ |

स्रोतः नेपाल मेडिकल काउन्सिल। २०८०

नर्सिङ

| विवरण | महिला | पुरुष |
|---|---|---|
| विशेषज्ञ | १५०७ | - |
| नर्स | ८२४७१ | - |
| मिडवाइफ | ६६ | - |
| एएनएम | ३७४२० | - |
| विदेशी नर्स | ८४९ | - |

स्रोतः नेपाल मेडिकल काउन्सिल। २०८०

२. शिक्षा क्षेत्र

साक्षरता दर

| महिला | पुरुष | जम्मा | पुरुष र महिलाबिचको अन्तर |
|---|---|---|---|
| ६९ | ८४ | ७६ | १७.७ |

स्रोतः नेपालमा लैङ्गिक समातनाः तथ्य र तथ्याङ्क। २०८०

पाँच वर्ष र सोभन्दा माथिको साक्षरता दर (प्रतिशत)

| प्रदेश | महिला | पुरुष | जम्मा |
|---|---|---|---|
| कोशी | ७४ | ८६ | ८० |
| मधेश | ५५ | ७२ | ६४ |
| वाग्मती | ७६ | ८८ | ८२ |
| गण्डकी | ७५ | ८९ | ८२ |
| लुम्बिनी | ७२ | ८५ | ७८ |
| कर्णाली | ६९ | ८३ | ७६ |
| सुदूरपश्चिम | ६८ | ८५ | ७६ |

स्रोतः नेपालमा लैङ्गिक समातनाः तथ्य र तथ्याङ्क। २०८०

तहगत रुपमा ५ वर्ष र सो भन्दा माथिको जनसङ्ख्या अनुपात (प्रतिशतमा)

| तह | महिला | पुरुष |
|---|---|---|
| प्रारम्भिक बालविकास | ४६ | ५४ |
| प्राथमिक | ४७ | ५३ |
| निम्न माध्यामिक | ४६ | ५४ |
| एसएलसी/एसईई र सो सरह | ४६ | ५४ |
| प्रवेशिका र सो सरह | ४९ | ५१ |
| स्नातक र सो सरह | ४५ | ५५ |
| स्नातकोत्तर र त्यसभन्दा माथि | ३६ | ६४ |
| अन्य | ५९ | ४१ |
| तहबिहिन | ३५ | ६५ |
| जम्मा | ४७ | ५३ |

स्रोतः नेपालमा लैङ्गिक समातनाः तथ्य र तथ्याङ्क। २०८०

शिक्षामा लैगिक अन्तरः भर्ना दर, कक्षा टिकाउ(कक्षा पूरा गर्ने) र कक्षा छाड्ने (ड्रप आउट)

क) प्रारम्भिक बालविकास र पूर्व प्राथमिक कक्षामा भर्ना दर

| बालक | बालिका |
|---|---|
| ५४ | ४६ |

स्रोतः नेपालमा लैङ्गिक समातनाः तथ्य र तथ्याङ्क। २०८०

ख) प्राथमिक तहमा लैङ्गिक समानताको सूचकाङ्क

| आधारभूत तह | माध्यमिक तह |
|---|---|
| ०.९९ | १.०१ |

स्रोतः नेपालमा लैङ्गिक समातनाः तथ्य र तथ्याङ्क। २०८०

ग) कक्षा टिकाउ दर

| विवरण | आधारभूत तह | माध्यमिक तह |
|---|---|---|
| बालक | ८३.२ | ८३.८ |
| बालिका | ६८.८ | ६६.५ |

स्रोतः नेपालमा लैङ्गिक समातनाः तथ्य र तथ्याङ्क। २०८०

घ) कक्षा छाड्ने (ड्रप आउट)

| विवरण | आधारभूत तह | माध्यमिक तह |
|---|---|---|
| बालक | ३.२ | ०.८ |
| बालिका | ३ | ०.७ |

स्रोतः नेपालमा लैङ्गिक समातनाः तथ्य र तथ्याङ्क। २०८०

ङ) केन्द्रीय विश्वविद्यालयमा भर्ना भएका विधार्थीहरूको संख्या

| क्र.सं. | विश्वविद्यालय | पुरुष | महिला | जम्मा | महिला प्रशित % |
|---|---|---|---|---|---|
| १ | त्रिभुवन विश्वविद्यालय | १९७६०५ | २५६४६० | ४५४०६५ | ५६.४८ |
| २ | नेपाल संस्कृत विश्वविद्यालय | १८२३ | ४८३ | २३०६ | २०.९४ |
| ३ | काठमाडौ विश्वविद्यालय | ९२११ | ८७३४ | १७९४५ | ४८.६७ |
| ४ | पूर्वाञ्चल विश्वविद्यालय | १५९६६ | १६३३२ | ३२२९८ | ५०.५६ |
| ५ | पोखरा विश्वविद्यालय | १९३६० | १४७९१ | ३४१५१ | ४३.३१ |
| ६ | लुम्बिनी विश्वविद्यालय | ६५६ | ५४८ | १२०४ | ४५.५१ |
| ७ | कृषि र वन विश्वविद्यालय | २२३८ | १८२८ | ४०६६ | ४४.९६ |
| ८ | सुदूरपश्चिम विश्वविद्यालय | ४४६२ | ६०६२ | १०५२४ | ५७.६० |
| ९ | मध्यपश्चिम विश्वविद्यालय | ५९१७ | ११७३३ | १७६५० | ६६.४७ |
| १० | नेपाल खुला विश्वविद्यालय | ११७३ | ३६० | १५३३ | २३.४८ |
| ११ | राजर्षि जनक विश्वविद्यालय | २९७ | २२२ | ५१९ | ४२.७७ |

मेडिकल एकेडेमी

| | | | | | |
|---|---|---|---|---|---|
| १२ | विपी कोइराला इन्स्टिच्युट अफ हेल्थ | ७२९ | ६९१ | १४२० | ४८.६६ |
| १३ | नेसनल एकेडेमी अफ मेडिकल साइन्स | २०३ | ६२४ | ८२७ | ७५.४५ |
| १४ | पाटन एकेडेमी अफ हेल्थ साइन्स | ८१ | १६५ | २४६ | ६७.०७ |
| १५ | कर्णाली एकेडेमी अफ हेल्थ साइन्स | ८५ | ९६ | १८१ | ५३.०३ |
| १६ | पोखरा एकेडेमी अफ हेल्थ साइन्स | ६८ | २० | ८८ | २२.७२ |

प्रदेशस्तरीय विश्वविद्यालय

| | | | | | |
|---|---|---|---|---|---|
| १७ | गण्डकी विश्वविद्यालय | १६१ | १५५ | ३१६ | ४९.०५ |
| १८ | मनमोहन प्राविधिक विश्वविद्यालय | ७६ | ३३ | १०९ | ३०.२७ |
| | जम्मा | २१८७२३ | २४२१०३ | ४६०८२६ | ५२.५३ |

स्रोतः विश्वविद्यालय अनुदान आयोग, EMIS Report of Higher Education (२०७८/७९)

३. निजामती सेवा

क. प्रशासन सेवा

| श्रेणी/तह | लैङ्गिक | | जम्मा |
|---|---|---|---|
| | पुरुष | महिला | |
| विशिष्ट श्रेणी(मुख्य सचिव) | | १ | १ |
| विशिष्ट श्रेणी | ६० | ८ | ६८ |
| रा.प.प्रथम श्रेणी | ६०५ | ५५ | ६६० |
| रा.प.द्वितीय श्रेणी | २६७५ | ३८६ | ३०६१ |
| रा.प.तृतीय श्रेणी | ६६७३ | १८१० | ८४८३ |
| रा.प.अनं.प्रथम श्रेणी | १००२२ | २६४७ | १२६६९ |
| रा.प.अनं.द्वितीय श्रेणी | ५२९० | १५३० | ६८२० |
| रा.प.अनं.तृतीय श्रेणी | १२५ | ८ | १३३ |
| रा.प.अनं.चतुर्थ श्रेणी | ३५ | २ | ३७ |
| रा.प.अनं.पाँचौं श्रेणी | ६३३ | ६३ | ६९६ |
| अधिकृत बाह्रौ | ३ | १ | ४ |
| अधिकृत एघारौं | १२१ | ३५ | १५६ |
| अधिकृत दशौं | १७८ | ५४ | २३२ |
| अधिकृत नवौं | १३५ | ५९ | १९४ |
| अधिकृत आठौं | ४४६ | १७१ | ६१७ |
| अधिकृत सातौं | २६४ | १७६ | ४४० |
| अधिकृत छैटौं | १५५५ | ८३१ | २३८६ |
| एघारौं तह | ७ | - | ७ |
| दशौं तह | २२५ | १२ | २३७ |
| नवौं तह | २५८ | ३३ | २९१ |
| आठौं तह | १०९१ | २१३ | १३०४ |
| सातौं तह | १६६९ | ३७३ | २०४२ |
| छैटौं तह | ६८२३ | २२०३ | ९०२६ |
| वरिष्ठ पाँचौं तह | ३ | ८ | ११ |
| पाँचौं तह | ८०४४ | ५८०० | १३८४४ |
| चौंथो तह | ५८०४ | ५२७० | ११०७४ |
| सहायक पाँचौं | ६१६ | १४७४ | २०९० |
| सहायक चौंथो | ३१५ | ३७३ | ६८८ |
| सहायक तेस्रो | १४ | १९ | ३३ |
| सहायक दोस्रो | - | १ | १ |
| श्रेणी विहिन | ६९८७ | ७८३ | ७७७० |
| श्रेणी नखुलेको | १९ | १३ | ३२ |
| जम्मा | ६०६९६(७१.४%) | २४४११(२८.६%) | ८५१०७ |

स्रोतः राष्ट्रिय किताबखाना(निजामती), आ.व. २०८०

ख. न्याय सेवा

न्यायाधीश

| श्रेणी/तह | लैङ्गिक | | जम्मा |
|---|---|---|---|
| | पुरुष | महिला | |
| मुख्य रजिष्टार | १ | - | १ |
| सचिव वा सो सरह | १० | १ | ११ |
| रा.प. प्रथम श्रेणी(न्याय समूह) | २० | २ | २२ |
| रा.प. प्रथम श्रेणी(कानून समूह) | २२ | ३ | २५ |
| रा.प.द्वितीय श्रेणी (न्याय समूह) | १७७ | २१ | १९८ |
| रा.प.द्वितीय श्रेणी (कानून समूह) | ६७ | २२ | ८९ |
| रा.प.द्वितीय श्रेणी(सरकारी वकिल समूह) | १४५ | १८ | १६३ |
| रा.प.तृतीय (न्याय समूह) | ५६७ | २४९ | ८१६ |
| रा.प.तृतीय (कानून समूह) | ९१ | ६८ | १५९ |
| रा.प.तृतीय (सरकारी वकिल समूह) | | | |

न्याय सेवाका राजपत्राङ्कित अधिकृतहरू

स्रोतः न्याय परिषद् बुलेटिन, २०८०

४. सुरक्षा निकाय

क. नेपाल प्रहरी

| दर्जा | महिला प्रहरी कर्मचारीको संख्या | पुरुष कर्मचारीको संख्या |
|---|---|---|
| प्रहरी महानिरीक्षक | - | १ |
| प्रहरी अतिरिक्त महानिरीक्षक | २ | ७ |
| प्रहरी नायब महानिरीक्षक | ३ | २४ |
| प्रहरी बरिष्ठ उपरीक्षक | ७ | ६६ |
| प्रहरी उपरीक्षक | ६ | १६२ |
| प्रहरी नायब उपरीक्षक | ३८ | ४१२ |
| प्रहरी निरीक्षक | १३७ | १२४२ |
| प्रहरी बरिष्ठ नायव निरीक्षक | १२७ | १२६७ |
| प्रहरी नायव निरीक्षक | २१० | २४६५ |
| प्रहरी सहायक निरीक्षक | ५२६ | ६८०१ |
| प्रहरी बरिष्ठ हवल्दार | १९६ | ३४४५ |
| प्रहरी हवल्दार | १०२९ | १००४२ |
| प्रहरी सहायक हवल्दार | १६२७ | १३५०३ |
| प्रहरी जवान | ४४४३ | २५२०६ |
| प्रहरी कार्यालय सहयोगी | ५२४ | २३९३ |
| जम्मा | ८८७५ | ६७०३६ |

स्रोतः नेपाल प्रहरी प्रधान कार्यालय, मानव विकास विभाग, आ.व २०८०

ख. सशस्त्र प्रहरी बल, नेपाल

| दर्जा | महिला | पुरुष |
|---|---|---|
| सशस्त्र प्रहरी महानिरीक्षक | - | १ |
| सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक | - | ३ |
| सशस्त्र प्रहरी नायव महानिरीक्षक | - | १८ |
| सशस्त्र प्रहरी वरिष्ठ उपरीक्षक | १ | ४० |
| सशस्त्र प्रहरी उपरीक्षक | ३ | १६० |
| सशस्त्र प्रहरी नायव उपरीक्षक | २५ | ४३७ |
| सशस्त्र प्रहरी निरीक्षक | ४६ | ९२९ |
| सशस्त्र प्रहरी वरिष्ठ नायव निरीक्षक | १ | १०२ |
| सशस्त्र प्रहरी नायव निरीक्षक | १०६ | १२४६ |
| सशस्त्र प्रहरी सहायक निरीक्षक | ५६ | १४४८ |
| सशस्त्र प्रहरी बरिष्ठ हवल्दार | २५ | २६६० |
| सशस्त्र प्रहरी हवल्दार | १५३ | ५२१४ |
| सशस्त्र प्रहरी सहायक हवल्दार | ८०० | ७३३८ |
| सशस्त्र प्रहरी जवान | २०५३ | ११५७८ |
| सशस्त्र प्रहरी परिचय | २६९ | १६७० |
| जम्मा | ३५३८ | ३२८४४ |

स्रोतः सशस्त्र प्रहरी बल, प्रधान कार्यालय, आ.व. २०८०

ग) राष्ट्रिय सतर्कता केन्द्र प्रहरी

| दर्जा | पुरुष | महिला |
|---|---|---|
| प्रहरी नायव महानिरीक्षक | १ | - |
| प्रहरी वरिष्ठ उपरीक्षक | १ | - |
| प्रहरी उपरीक्षक | ५ | - |
| प्रहरी उपरीक्षक | ८ | - |
| जम्मा | १५ | - |

स्रोतः राष्ट्रिय सतर्कता केन्द्र, वार्षिक प्रतिवेदन २०७९/८०

घ) नेपाली सेनामा महिला सहभागिताको अवस्था :

| सि. नं. | सेवा | पद | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | सहायक रथी | महा सेनानी | प्रमुख सेनानी | सेनानी | का.बा. सेनानी | सह सेनानी | का.बा. सहसेनानी | उप सेनानी | जमदार | जमदार (२) | हुद्दा | अमल्दार | प्युठ | सिपाही | रिक्रुट | एनसिइ | जम्मा |
| १ | सामान्य | - | - | - | १०६ | - | ६५ | ८ | ३८ | ६ | ५६ | १२६ | ३२५ | ७७५ | ३३९० | ५०६ | | ५४०१ |
| २ | प्राविधिक | ७ | १३ | २७ | ४७ | १ | ८४ | - | २६ | १८३ | ४८ | ९९ | १०३ | - | - | - | - | ६३८ |
| ३ | क्लर्क | - | - | - | - | - | - | - | - | ५ | १०१ | ७४ | ५५ | - | - | - | - | २३५ |
| ४ | कानूनी | १ | १ | २ | २ | - | १ | - | २ | - | - | - | - | - | - | - | - | ९ |
| ५ | एनसिइ | | | | | | | | | १ | | ५ | | २ | | | २९८ | ३०६ |
| ६ | लेखा | | | २ | १ | | ६ | | ७ | २ | २५ | | | | | | | ४३ |
| | जम्मा | ८ | १४ | ३१ | १५६ | १ | १५६ | ८ | ७३ | १९७ | २३० | ३०४ | ४८३ | ७७७ | ३३९० | ५०६ | २९८ | ६६३२ |

स्रोतः नेपाली सेना, आर्मी अभिलेखालय। आ.व. २०८०

## ५) इन्जिनियरिङ पेशागत व्यक्तिहरूको खण्डिकृत तथ्याङ्क

### 1. General Registered Engineers

| S.N. | Engineering | Male | Female | Total |
|---|---|---|---|---|
| 1 | Aeronautical | 581 | 21 | 602 |
| 2 | Agriculture | 486 | 65 | 551 |
| 3 | Agri-irrigation | 22 | 0 | 22 |
| 4 | Architech | 1396 | 2042 | 3438 |
| 5 | Automation | 9 | 0 | 9 |
| 6 | Automobile | 230 | 22 | 252 |
| 7 | Avionics | 0 | 0 | 0 |
| 8 | Urban and Physical Planning | 6 | 0 | 6 |
| 9 | Biomedical | 384 | 218 | 602 |
| 10 | Chemical | 156 | 34 | 190 |
| 11 | Civil Aviation Operation and Engineering | 0 | 0 | 0 |
| 12 | civil | 33652 | 3627 | 37279 |
| 13 | Computer | 10044 | 2038 | 12082 |
| 14 | Earthquake | 1 | 0 | 1 |
| 15 | Electrical and Electronics | 2470 | 266 | 2736 |
| 16 | Electrical | 3449 | 306 | 3755 |
| 17 | Electronics and Communications | 8411 | 1145 | 9556 |
| 18 | Electronics and Telecommunications | 133 | 14 | 147 |
| 19 | Electronics | 273 | 18 | 291 |
| 20 | Energy | 2 | 0 | 2 |
| 21 | Environmental | 265 | 124 | 389 |
| 22 | Forestry | 7 | 0 | 7 |
| 23 | Geology | 21 | 0 | 21 |
| 24 | Geotechnical | 1 | 0 | 1 |
| 25 | Industrial Electronics | 1 | 0 | 1 |
| 26 | Industrial | 541 | 60 | 601 |
| 27 | Information Technology | 1098 | 224 | 1322 |
| 28 | Information Technology and Telecommunication | 14 | 3 | 17 |
| 29 | Instrumentation | 1 | 2 | 3 |
| 30 | Manufacturing Science and Engineering | 0 | 0 | 0 |
| 31 | Mechanical | 7303 | 213 | 7516 |
| 32 | Metallugical | 7 | 0 | 7 |
| 33 | Meteorology | 0 | 0 | 0 |
| 34 | Metrology | 0 | 0 | 0 |
| 35 | Mining | 54 | 0 | 54 |
| 36 | Radio | 19 | 0 | 19 |

| | | | | |
|---|---|---|---|---|
| 37 | Software | 467 | 92 | 559 |
| 38 | Sound and video | 0 | 0 | 0 |
| 39 | Survey | 11 | 0 | 11 |
| 40 | System | 25 | 5 | 30 |
| 41 | Textile | 19 | 2 | 21 |
| 42 | Bio-Technology | 53 | 19 | 72 |
| 43 | Non nepali Registered Engineers | 0 | 0 | 0 |
| 44 | Geomatics | 619 | 97 | 716 |
| 45 | Civil and Rural | 281 | 43 | 324 |
| 46 | Food Engineering | 2 | 0 | 2 |
| 47 | Electronics and Instrumentation | 6 | 0 | 6 |
| 48 | Petroleum | 11 | 1 | 12 |
| 49 | Mechatronics | 17 | 1 | 18 |
| 50 | Genetic | 2 | 1 | 3 |
| 51 | Naval Architecture and Ship Building | 1 | 0 | 1 |
| 52 | Hydropower | 57 | 8 | 65 |
| 53 | Aerospace | 53 | 5 | 58 |
| 54 | Material Science and Engineering | 1 | 0 | 1 |
| 55 | Weaponry | 2 | 0 | 2 |
| 56 | High Tech Plazma and Plant | 1 | 0 | 1 |
| 57 | Electronics, Communication and Information | 115 | 19 | 134 |
| **Total** | | **72780** | **10735** | **83515** |

स्रोत : नेपाल इन्जिनियरिङ परिषद् : आ.व. २०८०

### 2. Professional Engineers

| S.N. | Engineering | Male | Female | Total |
|---|---|---|---|---|
| 1 | Professional Engineers | 60 | 1 | 61 |

स्रोतः नेपाल इन्जिनियरिङ परिषद् : आ.व. २०८०

### 3. Non Nepalese Registered Engineers

| S.N. | Engineering | Male | Female | Total |
|---|---|---|---|---|
| 1 | Non Nepali Registered Engineers | 104 | 3 | 107 |

स्रोतः नेपाल इन्जिनियरिङ परिषद् : आ.व. २०८०

# परिच्छेद ५
# आर्थिक वर्ष २०८०/०८१ मा सम्पन्न भएका प्रमुख गतिविधिहरू

राष्ट्रिय महिला आयोगले आफ्नो स्थापनाकालदेखि नै महिला अधिकार, हकहित, संरक्षण, संवर्द्धन र सशक्तीकरणका क्षेत्रमा केन्द्र, प्रदेश, जिल्ला र स्थानीय तहमा महिला भित्रका विविधता (अन्तरछेदीय सवाल) लाई समेत ध्यान दिँदै ती सवालहरूको पहिचान, सम्बोधन र समाधानका लागि सचेतना, पैरवी र खबरदारी गर्दै विभिन्न गतिविधिहरू सञ्चालन गर्दै आएको छ। जस अनुसार आ.व. २०८०/८१ मा सम्पन्न भएका प्रमुख गतिविधिहरू देहाय अनुसार छन् ः

## ५.१ केन्द्रस्तरमा सम्पन्न कार्यक्रमहरू

(क) राष्ट्रिय महिला आयोगको स्थापना दिवसः

आयोगको स्थापना दिवसको अवसरमा हरेक वर्ष महिला अधिकारसँग सम्बन्धित विभिन्न क्षेत्रमा विशेष योगदान पुर्‍याउने व्यक्ति/संस्था तथा कर्मचारीलाई सम्मान, पुरस्कार, कदरपत्र तथा प्रशंसापत्र प्रदान गरिँदै आएको छ।

(ख) हरितालिका तीज कार्यक्रमः

नेपाली महिलाहरूको महान पर्व हरितालिका तीजको अवसरमा शुभकामना आदानप्रदान कार्यक्रम गरिँदै आएको छ।

(ग) आयोगका क्रियाकलाप सम्बन्धमा पत्रकार अन्तरक्रिया कार्यक्रमः

आयोगबाट सम्पन्न विभिन्न गतिविधिहरूका बारेमा सञ्चारकर्मीहरू बीच सूचना सम्प्रेषण गराउने तथा छलफल गर्ने उद्देश्यले समय समयमा अन्तरक्रिया कार्यक्रम गरिँदै आएको छ।

(घ) नेपाल सरकारका विभिन्न निकायका लैङ्गिक सम्पर्क विन्दुसँग समीक्षात्मक बैठक

(ङ) एकल महिलाहरूको सुरक्षा सम्बन्धमा नीतिगत तथा कार्यक्रमगत पृष्ठपोषणका लागि राष्ट्रियस्तरका सरोकारवालाहरूसँग अन्तरक्रिया कार्यक्रम।

(च) लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियानको सन्दर्भमाः

आयोगले नोभेम्बर २५ का दिन विशेष समारोहको आयोजना गरी अभियान आरम्भ गरे पश्चात विभिन्न प्रदेश, जिल्ला र स्थानीय तहसम्म लैङ्गिक हिंसा विरुद्ध सचेतनामूलक गतिविधिहरूः भेला, गोष्ठी, अन्तरक्रिया, अभिमुखीकरण लगायतका कार्यक्रमहरू गर्दै १६ औं दिन (१० डिसेम्बर) मा आयोगबाट सञ्चालन भएको खबर गरौं ११४५ हेल्पलाइन सेवाको स्थापना दिवसको विशेष समारोह समेत मनाउँदै आएको छ।

(छ) राष्ट्रिय महिला अधिकार दिवस(ज्येष्ठ १६)

मिति २०६३ जेठ १६ गते पुनःस्थापित सांसदबाट महिलाको अधिकारका चार महत्त्वपूर्ण सवालमा विशेष संकल्प प्रस्ताव पारित भई सोही आधारमा नेपालको संविधान, ऐन कानूनमा महिला समानता, हक, अधिकारको सुनिश्चितता भएको दिनको स्मरण गर्दै नेपाल सरकारको निर्णयबाट मनाउन आरम्भ गरिएको।

(ज) बालिका तथा किशोरीहरूमाथि हुने अवहेलना, दुर्व्यवहार र हिंसाका सवालमा अन्तरक्रिया।

(झ) योगमाया स्मृति दिवसः

भोजपुरको मझुवाबेंसीमा ध्यान साधना गरेर महिला अधिकार, समानताका लागि सतिप्रथा, महिला हिंसा, जातीय विभेद, बालविवाह, सामाजिक कुसंस्कार विरुद्ध संगठित रूपमा आवाज बुलन्द गर्दै तत्कालीन राणा सरकारलाई ज्ञापन पत्र बुझाएर

त्यसको सुनुवाइ नभएपछि विद्रोह गर्दै वि.स. १९९८ असार २२ गते आफ्ना ६८ जना अनुयायी सहित अरुण नदीमा जलसमाधि गरेको दिनलाई महिला अधिकार प्राप्तिको आधारको रूपमा योगमायालाई सम्मान गर्दै राष्ट्रिय महिला आयोगबाट संवत २०७८ साल असार २२ गतेदेखि योगमाया स्मृति दिवस मनाउने गरिएको छ।

(ञ) अपाङ्गता भएका महिलाहरूको अधिकार संरक्षणका विषयमा सरोकारवाला निकायबिच अन्तरक्रिया।

(ट) लैङ्गिक तथा यौनिक अल्पसंख्यकको सवालमा अन्तरक्रिया।

(ठ) ज्येष्ठ नागरिकमाथि हुने अवहेलना, दुर्व्यवहार र हिंसा विरुद्ध ज्येष्ठ महिलाको सुरक्षाको सवालमा अन्तरक्रिया।

## ५.२ प्रदेश/जिल्ला तथा स्थानीयस्तरमा सम्पन्न भएका कार्यक्रमहरू

(क) हानिकारक अभ्यास सम्बन्धी अन्तरक्रिया कार्यक्रम,

(ख) स्थानीय तहका न्यायिक समितिका पदाधिकारी र सरोकारवाला निकायबिच लैङ्गिक हिंसा निवारणका सवालमा असल अभ्यास र न्यायमा पहुँच सम्बन्धी अन्तरक्रिया,

(ग) मनोरन्जन र जोखिमयुक्त क्षेत्रमा काम गर्ने महिलाहरूको अवस्था, समस्या, चुनौतीका सवालमा अध्ययन अनुसन्धान,

(घ) महिलाको हक, हित र अधिकार सम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानून र प्रतिबद्धताहरूको कार्यान्वयन सम्बन्धी प्रदेशस्तरीय अन्तरक्रिया,

(ङ) नीतिगत विषयमा प्रदेश महिला सांसदहरू र संसदीय समितिका सभापतिहरूसँग अन्तरक्रिया कार्यक्रम,

(च) एकल महिलाहरूको सुरक्षा सम्बन्धमा नीतिगत तथा कार्यक्रमगत पृष्ठपोषणका प्रदेशस्तरका सरोकारवालाहरूसँग अन्तरक्रिया कार्यक्रम,

(छ) महिला हिंसा निवारणका लागि सचेतना तथा उत्प्रेरणा कार्यक्रम,

(ज) महिला हिंसा निवारणको अभियानलाई प्रभावकारी बनाउन सामाजिक तथा राजनीतिक क्षेत्रका युवाहरूसँग अन्तरक्रिया,

(झ) महिला हिंसा निवारणका लागि  सुरक्षा निकायसँग रणनीतिक योजना बैठक र अन्तरक्रिया,

(ञ) विद्यालयस्तरमा हुने लैङ्गिक हिंसा निवारणका सम्बन्धमा शिक्षक, विद्यार्थी र विद्यालय व्यवस्थापन समितिका पदाधिकारीसँग अभिमुखीकरण कार्यक्रम।

## ५.३ अध्ययन तथा अनुसन्धान

(क) जबरजस्ती करणी र यौनजन्य दुर्व्यवहारको वर्तमान अवस्था र त्यसका कारण असरहरूबारे अध्ययन।

(ख) वैदेशिक रोजगारमा संलग्न महिलाहरूको अवस्था, चुनौती र जोखिम पक्षको अध्ययन तथा अनुसन्धान।

(ग) दिगो विकास लक्ष्यका सूचकहरूको कार्यान्वयनको अध्ययन।

(घ) महिला हिंसा सम्बन्धमा राष्ट्रिय महिला आयोगको सेवा प्रवाह सम्बन्धमा संक्षिप्त अध्ययन।

## ५.४ प्रकाशन तथा प्रसारण

(क) महिला अधिकारका विषयमा सचेतनामूलक सामग्री तयारी, प्रकाशन तथा वितरण, महिला अधिकार वर्ष पुस्तक प्रकाशन।

(ख) वार्षिक प्रतिवेदन तयारी तथा प्रकाशन।

(ग) रेडियो नेपाल वा सामुदायिक एफ.एम.हरूबाट देशैभरि एकैसाथ प्रसारण हुने गरी महिला हकहित, महिला हिंसा निवारण लगायतका विषयमा सचेतनामूलक रेडियो सामग्री तयारी र प्रसारण।

(घ) नेपाल टेलिभिजनबाट महिला अधिकार र महिला हिंसा विरुद्धका पाक्षिक कार्यक्रम उत्पादन तथा प्रसारण।

# परिच्छेद ६
# आ.व. २०८०/०८१ मा आयोगबाट सञ्चालित कार्यक्रमहरू तथा अध्ययन अनुसन्धान

### खण्ड 'क'

## आ.व. २०८०/०८१ मा आयोगबाट सञ्चालित कार्यक्रमहरू

### ६.१ कार्यक्रमको नामः हानिकारक अभ्यास सम्बन्धी अन्तरक्रिया कार्यक्रम

**पृष्ठभूमिः**

नेपालमा प्रत्येक ४ जना महिलामा १ जना लैङ्गिक हिंसाबाट पीडित भएको विभिन्न अध्ययनवाट देखिएको छ। यस किसिमको लैङ्गिक हिंसाको मुख्य कारण समाजमा विद्यमान हानिकारक अभ्यास, कुप्रथा, परम्पराजन सोँच रहेको देखिन्छ। यस विषयमा देशका विभिन्न स्थानमा पुगी सरोकारवालाहरूसँग अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ।

**उद्देश्यः**

- नेपालमा विद्यमान परम्परागत हानिकारक अभ्यासहरूबारे सरोकारवालाहरू माझ सचेतनामूलक अन्तरक्रिया/छलफल गराउनु।
- हानिकारक अभ्यासका कारक तत्त्वहरू पहिचान गरी त्यसको अन्त्यका लागि सचेतना र पैरवी गर्नु।
- हानिकारक अभ्यासका कारण विभिन्न उमेर र समुदायमा भइरहेको महिला हिंसाको अवस्था विश्लेषण गर्नु।
- हानिकारक अभ्यास अन्त्यका लागि अवलम्बन गर्नु पर्ने उपायहरू पहिचान गर्नु।
- त्यस्ता अभ्यास र कुप्रथा रोकथामका लागि सबै सरोकारवाला पक्ष र निकायलाई समन्वय-सहकार्य गर्दै अभियान सञ्चालन गर्नु।
- राज्यका सम्बन्धित निकायमा सिफारिस गर्नु।

**कार्यक्रम विवरण**

| क्र.स. | कार्यक्रमको नेतृत्व गर्ने तथा टोलीमा सम्मिलित रहने पदाधिकारी | मिति | कार्यक्रम स्थान |
|---|---|---|---|
| १. | माननीय अध्यक्ष कमला कुमारी पराजुली | २०८०।०८।१८ | बाजुरा |
| २. | माननीय अध्यक्ष कमला कुमारी पराजुली | २०८०।०८।१९ | अछाम |
| ३. | माननीय अध्यक्ष कमला कुमारी पराजुली | २०८१।०२।१४ | सिन्धुपाल्चोक |
| ४. | माननीय सदस्य कृष्ण कुमारी पौडेल खतिवडा | २०८०।०८।२० | झापा |
| ५. | माननीय सदस्य विद्या कुमारी सिन्हा | २०८०।११।१४ | सप्तरी |
| ६. | माननीय सदस्य विद्या कुमारी सिन्हा | २०८०।११।१६ | नवलपरासी |

**प्राप्त सुझावहरू:**

क. हानिकारक अभ्यास सम्बोधन गर्ने राष्ट्रिय ऐन, कानुन अनुकुल हुने गरी प्रत्येक स्थानीय तहमा रहेका हानिकारक अभ्यास एकिन गरी त्यस्ता अभ्यासहरू उन्मुलन गर्न प्रत्येक स्थानीय तहले रणनीति तयार गरी लागू गर्ने,

ख. यौनजन्य हिंसामा परेका महिलाको सन्तानको जन्मदर्ता र नागरिकता प्राप्तिको लागि समस्या रहेकोले त्यस्तो समस्यालाई निराकरण गर्न सरोकारवाला पक्षहरूलाई सचेतना/पैरवी र सिफारिस गर्नु पर्ने,

ग. हिंसामा पर्न नदिन स्थानीय सरकारबाट आर्थिक सशक्तीकरण, सिपमूलक तालिम तथा आय आर्जनका लागि महिलाहरूलाई प्रोसाहन गर्ने किसिमका कार्यको लागि नीति योजना बनाइ लागू गर्नु पर्ने,

घ. आधुनिकीकरण र विश्वव्यापीकरणको कारण बढ्दै गएको लिभिङ टुगेदरबाट महिलाहरू बढी पीडित बन्दै गएको हुँदा यस्तो कार्यलाई नियमन गर्न कानूनी व्यवस्था हुनुपर्ने ।

**उपलब्धि:**

क. नेपालमा विद्यमान विभिन्न किसिमका परम्परागत हानिकारक अभ्यासको अवस्थाबारे सरोकारवालाहरूबीच जानकारी भएको ।

ख. हानिकारक अभ्यासको नकारात्मक असर र यस्ता अभ्यासबाट भइरहेको महिला हिंसाको अवस्थाबारे छलफल भएको ।

ग. हानिकारक अभ्यास अन्त्यका लागि प्रत्येक स्थानीय तहका सरकारबाट विशेष रणनीतिक योजना बनाइ कार्यान्वयन गर्न सिफारिस गर्नुपर्ने देखिएको ।

## ६.२ कार्यक्रमको नाम:स्थानीय तहमा न्यायिक समिति तथा पदाधिकारीहरूबीच लैङ्गिक हिंसा निवारणका असल अभ्यास र न्यायमा पहुँच सम्बन्धी अन्तरक्रिया कार्यक्रम

**पृष्ठभूमि:**

स्थानीय तहका न्यायिक समितिका पदाधिकारी र सरोकारवाला निकायबीच लैङ्गिक हिंसा निवारणका सवालमा असल अभ्यास र न्यायमा पहुँच सम्बन्धी अन्तरक्रिया तथा छलफल कार्यक्रम सञ्चालन गरी न्यायिक समितिका पदाधिकारी, जि.स.स., अधिकार कर्मी, न्यायिक समितिका सरोकारवाला पक्ष र अन्य सरकारी तथा गैरसरकारी निकायबीच समन्वय/सहकार्य र न्यायिक समितिका असल अभ्यास, व्यवधान र चुनौती बारेमा छलफल तथा अन्तरक्रिया गर्नेगरी राम्रा अभ्यासहरूलाई अनुशरण गर्न तथा थप उजागर गर्न समेत यस किसिमको अन्तरक्रियाको विशेष महत्त्व देखिएको छ । स्थानीय तहमा न्यायिक समितिको दायित्व र भूमिका गहन रहेको र महिला हिंसा तथा घरेलु हिंसा रोकथाम तथा निवारणका लागि न्यायिक समितिले प्रयोगमा ल्याएका असल अभ्यासहरू र चुनौतीहरू अन्य न्यायिक निकायबीच आदानप्रदान गर्ने र प्रभावकारी रणनीति बनाउने र महिलामाथि समाजमा बढिरहेको हिंसा रोकथाम तथा निवारणमा महिलाको न्यायमा पहुँच, सशक्तीकरण र महिला अधिकार प्रयोगको लागि महिलालाई अर्थपूर्ण रुपमा नेतृत्व तहमा सहभागी गराउने उद्देश्यले यस वर्ष आयोगबाट न्यायिक समितिका पदाधिकारीसँग १४ वटा जिल्लाहरूमा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको छ।

**उद्देश्य:**

क. जिल्ला अन्तर्गतका स्थानीय तहहरूमा भएका न्यायिक समितिको असल अभ्यासहरू व्यवधान र चुनौतीहरू आदान प्रदान गर्नु ।

ख. राष्ट्रिय महिला आयोगद्धारा हिंसा पीडित महिलाहरूलाई न्यायको पहुँचमा पुऱ्याउने सवालमा पुऱ्याईरहेको सेवाबारे स्थानीय न्यायिक समितिसम्म सुसूचित गराउँदै समन्वय र सहकार्यको आधार खोजी गर्नु ।

ग. न्यायिक समितिका अवसर, चुनौती सुधारका पहिचान गरी समन्वय, सहजीकरण र सिफारिस गर्नु,

## कार्यक्रम विवरण

| क्र.स. | मिति | कार्यक्रमको नेतृत्व गर्ने र टोलीमा सम्मिलित पदाधिकारी | कार्यक्रम स्थान |
|---|---|---|---|
| १ | २०८०/७/१७ | माननीय अध्यक्ष कमला कुमारी पराजुलीको साथमा माननीय सदस्य कृष्ण कुमारी पौडेल खतिवडा | लमजुङ |
| २ | २०८१/१/१८ | माननीय अध्यक्ष कमला कुमारी पराजुली | मुगु |
| ३ | २०८१/१/१२ | माननीय सदस्य कृष्ण कुमारी पौडेल खतिवडा | दोलखा |
| ४ | २०८१/१/१३ | माननीय सदस्य कृष्ण कुमारी पौडेल खतिवडा | ओखलढुंगा |
| ५ | २०८१/१/१४ | माननीय सदस्य कृष्ण कुमारी पौडेल खतिवडा | खोटाङ |
| ६ | २०८१/१/२८ | माननीय सदस्य कृष्ण कुमारी पौडेल खतिवडा | प्यूठान |
| ७ | २०८१/१/३० | माननीय सदस्य कृष्ण कुमारी पौडेल खतिवडा | रोल्पा |
| ८ | २०८१/१/३१ | माननीय सदस्य कृष्ण कुमारी पौडेल खतिवडा | सल्यान |
| ९ | २०८१/१/१६ | माननीय सदस्य विद्या कुमारी सिन्हा | बारा |
| १० | २०८१/१/१७ | माननीय सदस्य विद्या कुमारी सिन्हा | पर्सा |
| ११ | २०८१/१/१८ | माननीय सदस्य विद्या कुमारी सिन्हा | सिन्धुली |
| १२ | २०८१/२/६ | माननीय सदस्य विद्या कुमारी सिन्हा | कञ्चनपुर |
| १३ | २०८१/२/७ | माननीय सदस्य विद्या कुमारी सिन्हा | डडेलधुरा |
| १४ | २०८१/२/१६ | माननीय सदस्य सावित्रा कुमारी शर्मा | गोरखा |

## कार्यक्रमबाट प्राप्त सुझावहरू:

क. न्यायिक समितिमा पदाधिकारी र कर्मचारीका लागि सघन तालिम सञ्चालन गर्नुपर्ने आवश्यकता रहेको।

ख. देशका सबै स्थानीय तहहरूमा न्यायिक समितिलाई मनोसामाजिक विमर्शकर्ता र कानूनी सहजकर्ताको व्यवस्था गर्नुपर्ने आवश्यक रहेको।

ग. राष्ट्रिय महिला आयोग र स्थानीय न्यायिक समिति बीच समन्वय र सहकार्यका आधार पहिचान गरी हिंसा पीडित महिलालाई छिटो छरितो तरिकाबाट न्यायको पहुँचमा पुर्‍याउनु पर्ने देखिएको।

घ. न्यायिक समितिको कार्यसम्पादन प्रभावकारी बनाउन आर्थिक, भौतिक र मानवीय स्रोतको विशेष व्यवस्थापनमा जोड दिनुपर्ने देखियो।

ङ. अस्पतालमा आधारित एकद्वार संकट व्यवस्थापन केन्द्रलाई प्रभावकारी र पीडित मैत्री सेवा प्रवाह गर्न समय समयमा न्यायिक समितिबाट पनि अनुगमन, सुझाव र सिफारिस गर्नु पर्ने देखिएको।

च. न्यायिक समितिको कार्यालय परिसर व्यवस्थित, शान्त र पीडित मैत्री बनाउनुपर्ने देखिएको।

छ. हरेक स्थानीय पालिकाबाट लैङ्गिक हिंसा रोकथाम र महिला सशक्तीकरणका लागि अनिवार्य रूपमा लैङ्गिक उत्तरदायी नीति योजना बनाइ सोही अनुरूप बजेट व्यवस्थापन र कार्यान्वयन गर्नु पर्ने देखिएको।

## उपलब्धि:

क. राष्ट्रिय महिला आयोगद्वारा लैङ्गिक हिंसा पीडित महिलाहरूलाई पुर्‍याई रहेको सेवाको प्रकृति, तरिका र पाउने सेवाको विषयमा यस क्षेत्रलाई समेट्दै सेवा प्रवाह गरिरहेका जिल्लास्थित सरोकारवालाहरूलाई सुसूचित गराउने अवसर प्राप्त भएको।

ख. विभिन्न किसिमका लैङ्गिक हिंसाबाट पीडित फरक-फरक उमेर र समुदायका महिलाहरूलाई न्यायमा पहुँचमा पुर्‍याउने क्रममा राष्ट्रिय महिला आयोग र स्थानीय न्यायिक समितिको समन्वय सहकार्यका क्षेत्र र आधारहरू पहिचान भएको।

ग. जिल्ला स्थित सबै न्यायिक समितिहरू बीच लैङ्गिक हिंसा विरुद्ध प्रतिकार्य र हिंसा पीडितलाई न्यायमा पहुँचका लागि समन्वय सहकार्य र एकरूपता हनुपर्ने साझा धारणा तय भएको।

घ. लैङ्गिक हिंसा पीडितका लागि एकद्वार संकट व्यवस्थापन केन्द्र (OCMC) बारेमा जानकारी दिइएको र पीडितको पहुँच बढाउने विषयमा सूचना र सचेतना गर्नु पर्ने महसुस भएको।

## ६.३ कार्यक्रमको नामः आयोगका क्रियाकलाप सम्बन्धमा चौमासिक पत्रकार अन्तरक्रिया कार्यक्रम

### पृष्ठभूमिः

राष्ट्रिय महिला आयोगले चौमासिक प्रगति जानकारी सम्प्रेषण गर्ने तथा पत्रकार महिलाको अवस्था, आवश्यकता र चुनौती पहिचान गरी सम्वोधन गर्न प्रस्तुत कार्यक्रम सञ्चालन गरिएको थियो। सञ्चार माध्यमसँग सम्बन्धित विभिन्न संस्थाहरूमा पत्रकार महिला तथा सञ्चारकर्मीहरूले प्रजनन स्वास्थ्य सेवाको अधिकार प्रयोग गर्नबाट वञ्चित रहेको, पारिश्रमिकमा पुरुष र महिला बीच विभेद रहेको, न्यूनतम पारिश्रमिक निर्धारण समितिले निर्धारण गरेको तलब समेत नपाएको अवस्था रहेकोले नेपालको संविधान बमोजिम समानताको हक र श्रमिकको हक अधिकारको हनन भएको, सञ्चार माध्यमसँग आवद्ध विभिन्न सङ्घ संस्थाहरूले रिक्त पदमा समानुपातिक समावेशी सिद्धान्तको आधारमा विज्ञापन नगरेको, सञ्चारगृहमा महिला शौचालयको व्यवस्था नभएको, शौचालय भएता पनि पानीको व्यवस्था नभई सरसफाई समेत नभएको, साबुन, डस्टविन लगायतका अत्यावश्क सामग्री शौचालयमा नरहेको, लैङ्गिकमैत्री भाषाको प्रयोग नगर्दा कार्यस्थलमा महिलाहरूलाई काम गर्न कठिनाइ रहेको सञ्चार माध्यमबाट प्रकाशित हुने समाचारमा कति प्रतिशत समाचारहरू महिलासँग सम्बन्धित समाचार प्रकाशन हुन्छन् र पत्रिकाको सम्पादकीयमा महिलासँग सम्बन्धित कति प्रतिशत समाचार प्रकाशित हुन्छन् ? सञ्चार क्षेत्रमा महिला प्रतिनिधित्वको अवस्था कस्तो छ? महिलाको संवेदनशीलताको विषयमा आएका समाचारका विषयवस्तुलाई आँकलन र विश्लेषण गर्न राष्ट्रिय महिला आयोगले प्रेस काउन्सिल सँग सहकार्य गर्नु पर्ने समेतका विषयमा अन्तरक्रियाबाट सुझाव प्राप्त भएको थियो।

### उद्देश्यः

क. राष्ट्रिय महिला आयोगको काम,कर्तव्यलाई पारदर्शी बनाउन आयोगले सम्पादन गरेको नीतिगत कार्य, आयोगको मुख्य कार्यक्षेत्र र कार्यहरू, उजुरी व्यवस्थापन सम्बन्धी सेवा प्रवाह, आयोगका गतिविधिहरू, कार्यक्रम सञ्चालन, स्थलगत अनुगमन, समन्वय बैठक, प्रकाशन र प्रसारण तर्फका कार्य सम्पादन, आयोगमा दर्ता भएका उजुरीहरूको सङ्ख्या, विनियोजित बजेट र हालसम्मको खर्च, आयोगले सम्पादन गरेका सफल प्रयासहरू विभिन्न सञ्चार माध्यमबाट प्रवाह भई रहने वातावरण तय गर्नु।

ख. आयोगले सञ्चार गृह महिला मैत्री रहे नरहेको विषय अनुगमन गर्न मापदण्ड सूचक रहेको फर्म तयार गरेको।

ग. आयोगका अध्यक्षको संयोजकत्वको टोलीले गोरखापत्र संस्थानको अनुगमन गरी सुझाव दिएको।

घ. राष्ट्रिय महिला आयोगका चुनौतीका विषयहरू समावेश गरी सामूहिक छलफल र अन्तरक्रियातर्फ पत्रकारहरूले भोग्नु परेका समस्याहरू र समस्या सम्बोधनको लागि राष्ट्रिय महिला आयोगले खेल्नु पर्ने भूमिकाको सम्बन्धमा छलफल गर्नु।

### कार्यक्रम विवरण

| मिति | कार्यक्रमको नेतृत्व | प्रमुख अतिथि | कार्यक्रम स्थान |
|---|---|---|---|
| २०८०/१२/१६ | माननीय अध्यक्ष कमला कुमारी पराजुली | | रा.स.स सभाहल |

### कार्यक्रमबाट प्राप्त सुझावहरूः

क. राष्ट्रिय महिला आयोगको हालसम्म आफ्नै कार्यालय भवन नभएकोले सो सम्बन्धमा पहल गर्नु पर्ने,

ख. आयोगमा प्राप्त उजुरीको फर्छ्यौटका सम्बन्धमा समेत जानकारी गराउनु पर्ने,

ग. आयोगबाट सम्पन्न भएका सम्पूर्ण क्रियाकलापहरूको यथार्थ जानकारी गराउनु पर्ने,

**उपलब्धि:**

क. राष्ट्रिय महिला आयोगबाट महिला सशक्तीकरण, महिला अधिकार प्रवर्द्धन, लैङ्गिक मूलप्रवाहीकरण तथा लैङ्गिक हिंसामा परेका महिलालाई न्यायको पहुँचमा पुऱ्याउन राष्ट्रिय महिला आयोगले गरेका प्रयासहरू बारे सञ्चारकर्मीहरू माफ जानकारी गराउने अवसर प्राप्त भई विभिन्न सञ्चार माध्यमहरूबाट यस किसिमका गतिविधिहरूको विषय प्रकाशन र प्रशारण भएको।

ख. राष्ट्रिय महिला आयोगको संविधान प्रदत्त काम, कर्तव्य, अधिकारलाई थप प्रभावकारी बनाउन सञ्चारकर्मीहरूबाट महत्त्वपूर्ण सुझावहरू प्राप्त भएको।

## ६.४ कार्यक्रमको नाम: महिलाको हक हित र अधिकार सम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानून र प्रतिबद्धताहरूको कार्यान्वयन सम्बन्धी अन्तरक्रिया

**पृष्ठभूमि:**

नेपालले महिला विरुद्ध हुने सबै किसिमका भेदभाव उन्मुलन गर्ने महासन्धि (Convention of Elimination of all forms of Discrimination Against Women CEDAW), दिगो विकास लक्ष्य लगायत लैङ्गिक समानता र महिला अधिकार प्रवर्द्धन गर्न गरिएका अन्तर्राष्ट्रिय प्रतिबद्धतामा हस्ताक्षर गरेको छ। यसरी नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय प्रतिबद्धताको कार्यान्वयनको लागि सरकारबाट आवश्यक नीतिगत कानूनी संस्थागत तथा कार्यगत व्यवस्थाहरू गरिएको छ। अन्तर्राष्ट्रिय प्रतिबद्धता कार्यान्वयनका लागि गरिएका व्यवस्थाहरूको कार्यान्वयन अवस्थाबारे समीक्षा गर्न यस्ता व्यवस्थाहरूको कार्यान्वयनबाट महिला सम्बन्धी सूचकहरूमा आएको प्रगति मूल्याङ्कन गरी थप सुधारको लागि पृष्ठपोषण गर्नका लागि विभिन्न प्रदेशमा पुगी विशेष गरी कार्यान्वयन तहमा संलग्न निकाय एवं बहुपक्षीय सरोकारवालाहरूको सहभागितामा महिलाको हक हित र अधिकार सम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानून र प्रतिबद्धताहरूको कार्यान्वयन सम्बन्धी अन्तरक्रिया सम्पन्न भयो।

**उद्देश्य:**

क. महिलाको हक, हित र अधिकार सम्बन्धी राष्ट्रिय कानून र व्यवस्थाहरूको कार्यान्वयन व्यवस्थाको समीक्षा गर्नु।

ख. प्रदेश सरकारद्वारा महिलाको हकहित सम्बन्धी राष्ट्रिय अन्तर्राष्ट्रिय प्रतिबद्धता कार्यान्वयन अवस्थाबारे समीक्षा गर्नु।

ग. तीन तहका सरकारबाट महिलाको हकहित सम्बन्धी राष्ट्रिय अन्तर्राष्ट्रिय प्रतिबद्धताहरूको प्रभावकारी कार्यान्वयन लागि राष्ट्रिय महिला आयोगबाट नीतिगत सिफारिस गर्न सूचनाको आधार तय गर्ने।

घ. राष्ट्रिय महिला आयोगले अन्तर्राष्ट्रिय तथा राष्ट्रिय कानून र प्रतिबद्धताको कार्यान्वयनको सवालमा गर्नु पर्ने अध्ययन अनुसन्धान छलफल अनुगमन जस्ता गतिविधि सम्बन्धी सपष्ट मार्गचित्र प्राप्त भएको।

| क्र.स. | कार्यक्रमको नेतृत्व गर्ने तथा टोलीमा सम्मिलित पदाधिकारी | मिति | कार्यक्रम स्थान | प्रमुख अतिथि |
|---|---|---|---|---|
| १. | माननीय अध्यक्ष कमला कुमारी पराजुली | २०८१।०१।०४ | कोशी प्रदेश विराटनगर | कोशी प्रदेशसभाका उपसभामुख माननीय सृजना दनुवार |
| २. | आयोगका कर्मचारीबाट नेतृत्व गरिएको | २०८१।०१।२१ | सुर्खेत | |
| ३. | माननीय अध्यक्ष कमला कुमारी पराजुलीको नेतृत्वमा माननीय सदस्य सावित्रा कुमारी शर्मा। | २०८१।०२।२३ | वागमती प्रदेश मकवानपुर | मकवानपुर जिल्लाका जि.स.स. समिति प्रमुख श्री ललित बहादुर घलान |
| ४. | माननीय कृष्ण कुमारी पौडेल खतिवडा | २०८१।०३।१२ | लुम्विनी प्रदेश, दाङ्ग देउखुरी | लुम्बिनी प्रदेशका माननीय मुख्यमन्त्री जोख बहादुर महरा |

## कार्यक्रमबाट प्राप्त सुझावहरू:

अ. नीतिगत

- क. कानूनको कार्यान्वयनका लागि आवश्यक मानव संशाधन संस्थागत प्रबन्ध तथा आर्थिक स्रोतहरूको व्यवस्था गर्नुपर्दछ,
- ख. राष्ट्रिय लैङ्गिक समानता नीतिमा भएका सवै प्रावधानहहरू कार्यान्वयनका लागि कार्ययोजना तय गर्नु पर्दछ,
- ग. CEDAW समितिबाट प्राप्त भएका निष्कर्ष सुझावहरू कार्यान्वयनमा जानु पर्दछ,
- घ. राज्यका कानूनहरूमा व्यवस्था भएका सकारात्मक विभेदका विषयहरू सबै क्षेत्र र निकायमा लागू हुनु पर्दछ,
- ङ. सम्पत्तिमा महिलाको स्वामित्व अभिवृद्धि गर्ने विषयमा राज्यले थप मापदण्ड बनाइ कार्यान्वयन गर्नुपर्दछ,
- च. महिलाको अर्थपूर्ण सहभागिताको लागि निर्वाचन प्रक्रियाबाट नै एक तिहाई महिला निर्वाचित हुने गरी निर्वाचन सम्बन्धी र राजनीतिक दलसम्बन्धी कानूनमा व्यवस्था हुनु पर्दछ।

आ. प्रवर्द्धनात्मक

- क. महिलाका सवालहरू कार्यान्वयन गर्नका लागि आवश्यक छलफल, बिचार विमर्श र प्रचारप्रसार हुनु पर्दछ,
- ख. समुदायमा महिलाको बहुआयमिक सशक्तीकरणका लागि महिलाबाट मात्रै सञ्चालन भएका सहकारीहरूको प्रवर्द्धन गर्नु पर्दछ,
- ग. महिलालाई प्रशासनिक क्षेत्रका अवसरहरूको पहुँचमा पुऱ्याउन लोकसेवाको परीक्षा तयारीका लागि कक्षाहरू सञ्चालन गर्नु पर्दछ,
- घ. पितृसत्तात्मक संरचना र सोँचलाई बदल्ने किसिमले प्रचारप्रसार, सचेतना र पैरवी गर्नुपर्दछ,
- ङ. उद्यमशीलता विकासको माध्यमबाट महिलाको आर्थिक सशक्तीकरण गरी अधिकार प्राप्तिका लागि महिला स्वप्रेरित हुने अवसरहरू सृजना गर्नुपर्दछ,
- च. विवाह उमेर यथार्थपरक रहेको हुँदा विवाह गर्दा कानून पालना गर्ने संस्कृतिको विकास गर्न स्थानीय तहमा वहस पैरवी गर्नुपर्दछ,

इ. सुपरीवेक्षण, अनुगमन, मूल्याङ्कन र नियमन

- क. समान कामका लागि समान ज्यालाको अवधारणा सवै क्षेत्रमा लागू गर्नुपर्दछ। असंगठित क्षेत्रमा यसको कार्यान्वयन प्रभावकारी हुन नसकेको विषयलाई नियामक निकायबाट पर्याप्त अनुगमन, मूल्याङ्कन र नियमन गर्नु पर्दछ,
- ख. स्थानीय तहहरूबाट महिला हक अधिकार प्राप्त गर्न गराउन महिलाको आर्थिक सशक्तीकरणमा लगानी गर्नु पर्दछ,
- ग. केही प्रदेशहरूमा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय स्थापित हुन एक ऐतिहासिक र अनुकरणीय कार्य भएकोले सबै प्रदेशहरूमा पनि यसको अवलम्बन गर्नु पर्दछ,
- घ. विभेदपूर्ण लिङ्ग छनोटको कार्य बन्द गर्नु पर्दछ। यस सम्बन्धी कानूनको पूर्ण पालनाका लागि अवैध गर्भपतन गर्नेहरू माथि निगरानी गरी कानूनी दायरामा ल्याउनुपर्छ,
- ङ. सबै तहका सरकारले लैङ्गिक उत्तरदायी बजेट पद्धतीको अवलम्बन भएको विषय सुनिश्चित गर्न राष्ट्रिय महिला आयोग, अर्थमन्त्रालयले अनुगमन गर्नुपर्छ।

## उपलब्धि:

- राष्ट्रिय रूपमा नै महिला हक अधिकार सम्बन्धी राष्ट्रिय अन्तर्राष्ट्रिय कानूनहरूको कार्यान्वयनको अवस्थाको समीक्षा भएको,
- प्रदेश सरकारद्वारा महिलाको हकहित सम्बन्धी राष्ट्रिय अन्तर्राष्ट्रिय प्रतिबद्धता कार्यान्वयनको अवस्थाको समीक्षा भएको,
- महिलाको हकहित सम्बन्धी राष्ट्रिय अन्तर्राष्ट्रिय प्रतिबद्धता कार्यान्वयनका लागि राष्ट्रिय महिला आयोगले गर्नु पर्ने सिफारिसका लागि आवश्यक पृष्ठपोषण प्राप्त भएको,

- महिलाको हकहित सम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानून र प्रतिबद्धताको कार्यान्वयनका लागि तीन वटै तहका सरकारको भूमिका पहिचान भई कार्यान्वयनमा अन्तर विश्लेषण भएको ।

## ६.५ कार्यक्रमको नाम:नीतिगत विषयमा प्रदेश महिला सांसदहरू र संसदीय समितिका सभापतिहरूसँग अन्तरक्रिया कार्यक्रम

### पृष्ठभूमि:

महिला विरुद्ध हुने सबै किसिमका भेदभाव उन्मूलन गर्ने महासन्धि (CEDAW) महिला अधिकार र सशक्तीकरणको प्रमुख अन्तर्राष्ट्रिय व्यवस्था हो । यस महासन्धिको नेपाल पक्ष राष्ट्र रहेको र 'सारभूत' समानताको प्राप्तिलाई तीनवटा आधारभूत सिद्धान्त भित्र महासन्धिले समावेश गरेको सन्दर्भमा महिलाको अर्थपूर्ण सहभागिता र नीतिगत तहमा पहुँचको अवस्था महत्त्वपूर्ण हुन आउँछ। नेपालमा भएको आरक्षण र सकारात्मक विभेदको व्यवस्थाको बाबजुद नीतिगत तहमा महिलाको सहभागिताको अवस्था अझै पनि कमजोर नै देखिएको छ । महिला सशक्तीकरणको मौजुदा व्यवस्थाको अतिरिक्त महिलाको राजनीतिक, आर्थिक, प्रशासनिक, सामाजिक लगायत बहुआयामिक क्षेत्रमा उच्च तहमा सहभागिता वृद्धि गर्ने विषयमा प्रदेश सभाका विषयगत समितिका सभापति एवं महिला साँसदहरूसँगको अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो । निर्णय प्रक्रियामा प्रभाव पार्ने क्षेत्रमा महिला सहभागिता अभिवृद्धि गर्ने विषयमा केन्द्रित रही यो कार्यक्रम सम्पन्न भयो ।

### उद्देश्य:

क. महिलाको नीतिगत तहमा पहुँच अभिवृद्धि गर्ने विषयमा आवश्यक सुझाव तथा पृष्णपोषण प्राप्त गर्नु ।

ख. माननीय सांसदज्यूहरू र राष्ट्रिय महिला आयोगका बीचमा लैङ्गिक समानता तथा महिला सशक्तीकरण सवालमा छलफलको उपयुक्त वातावरण प्राप्त गर्नु ।

ग. सारभूत लैङ्गिक समानता प्राप्तिको लागि राष्ट्रिय महिला आयोगले अवलम्बन गर्नुपर्ने रणनीतिगत सवालहरू पहिचान गरी महिलाको बहुआयमिक सशक्तीकरण (आर्थिक, सामाजिक र राजनीतिक) का लागि नीतिगत तथा कार्यक्रमगत सिफारिस गर्न सूचनाको आधार तय गर्नु ।

| क्र.स. | कार्यक्रमको नेतृत्व गर्ने तथा टोलीमा सम्मिलित पदाधिकारीहरू | मिति | कार्यक्रम स्थान | प्रमुख अतिथि |
|---|---|---|---|---|
| १ | माननीय अध्यक्ष कमला कुमारी पराजुली | २०८१।०१।२१ | सुर्खेत | कर्णाली प्रदेशका माननीय मुख्यमन्त्री यमलाल कँडेल |
| २. | माननीय अध्यक्ष कमला कुमारी पराजुली नेतृत्वमा माननीय सदस्य सावित्रा कुमारी शर्मा | २०८१।०३।१४ | वागमती प्रदेश मकवानपुर | बागमती प्रदेशका मुख्यमन्त्री माननीय शालिकराम जम्मकट्टेल |
| ३. | माननीय सदस्य कृष्ण कुमारी पौडेल खतिवडा | २०८१।०२।२३ | कोशी प्रदेश विराटनगर | कोशी प्रदेशका मुख्यमन्त्री माननीय हिक्मत कुमार कार्की |
| ४. | माननीय सदस्य कृष्ण कुमारी पौडेल खतिवडा | २०८१।०३।११ | लुम्विनी प्रदेश, दाङ्ग देउखुरी | लुम्बिनी प्रदेशका मुख्यमन्त्री माननीय जोख बहादुर महरा |

### कार्यक्रमबाट प्राप्त सुझावहरू:

अ. नीतिगत

(क) प्रतिनिधिसभा र प्रदेश सभामा प्रत्यक्ष तर्फ निर्वाचनमा नै महिला ३३% निर्वाचित हुने गरी राजनीतिक दल सम्बन्धी र निर्वाचन सम्बन्धी कानूनमा व्यवस्था हुनुपर्दछ,

(ख) राष्ट्रिय महिला आयोगले महिलालाई अर्थपूर्ण सहभागितामा पुऱ्याउने गरी अध्ययन अनुसन्धान र तथ्यमा आधारित नीतिगत सिफारिस गर्नु पर्छ ।

(ग) मन्त्रिपरिषदमा समेत अनिवार्य रूपमा ३३% महिला सहभागिता रहने गरी कानूनमा व्यवस्था गर्नुपर्दछ,

(घ) सम्पत्तिमा महिलाको स्वामित्वको हिस्सा अभिवृद्धि गर्न वर्तमान व्यवस्थाहरूमा पुनरावलोकन गर्ने राष्ट्रिय महिला आयोगले अध्ययन गर्नुपर्दछ,

(ङ) राजनीतिक र प्रशासनिक क्षेत्रमा ५०% सहभागिता सुनिश्चित गर्ने किसिमले महिलाको क्षमता विकास र कानूनमा व्यवस्था गर्नुपर्दछ,

(च) लुम्बिनी प्रदेशमा जस्तै सवै प्रदेशमा महिलाको विषय हेर्ने छुट्टै मन्त्रालय स्थापना गर्नु पर्दछ,

(छ) आमाको नामबाट नागरिकता प्राप्त गर्ने अधिकारलाई कानून र मापदण्डबाट व्यवस्थित गर्न राष्ट्रिय महिला आयोग सक्रिय भई परिणाममुखी कदमहरू चाल्नु पर्दछ,

(ज) आयोगका नीतिगत सिफारिसहरू सरकारले हुवहु कार्यान्वयन गर्नुपर्दछ र कार्यान्वयनको अवस्था अनुगमनका जिम्मेवारी समेत राष्ट्रिय महिला आयोगले वहन गर्नुपर्दछ,

(झ) विभेदपूर्ण लिङ्ग छनौटको अन्त्य गर्नेगरी कानूनी व्यवस्था भएकोमा कार्यान्वयनमा सुनिश्चित गर्ने प्रबन्ध गरिनुपर्छ,

(ञ) महिलाको घरायसी श्रमलाई राष्ट्रिय आयमा गणना गर्ने विषयलाई सम्बोधन गर्न अध्ययन अनुसन्धान गर्नुपर्छ ।

आ. प्रवर्द्धनात्मक

(क) जनयुद्धमा समेत ज्यान गुमाएका महिलाहरूको योगदानको कदर गर्नुपर्दछ,

(ख) महिला विकास कार्यक्रमलाई तीन वटै तहका सरकारबाट विभिन्न रूपमा सञ्चालन गर्नुपर्छ, स्थानीय तहमा विशेष केन्द्रित हुनु आवश्यक छ,

(ग) साविकका महिला तथा बालबालिका कार्यलयका कार्य सम्पादन गर्न प्रत्येक स्थानीय तहले महिला विकास शाखाहरूलाई जिम्मेवारी निर्वाह गर्ने भूमिका प्रदान गर्ने,

(घ) स्वार्थप्रेरित गठनबन्धनबाट महिला सहभागिता घट्न सक्ने जोखिमलाई न्यून गर्न राष्ट्रिय महिला आयोगले ध्यानाकर्षण, पैरवी र सुझाव गरी निरन्तर अनुगमन समेत गर्नु पर्दछ,

(ङ) सशक्तीकरणको अभियानहरू सँगसँगै सीमान्तकृत र जोखिममा रहेका बादी, राउटे जस्ता समुदायका महिलाको अधिकारको विषय पनि मूलप्रवाहीकरण गर्नुपर्छ,

**उपलब्धि:**

(क) प्रदेश सभाका माननीय सदस्यज्यूहरू महिलाको नीतिगत तहमा पहुँच अभिवृद्धि गर्ने विषयमा महत्त्वपूर्ण पृष्ठपोषण र सुझावहरू प्राप्त भएको,

(ख) राष्ट्रिय महिला आयोग र प्रदेशस्तरका निर्वाचित जनप्रतिनिधिहरू बीच छलफलको उपयुक्त वातावरण तय भएको,

(ग) सारभूत लैङ्गिक समानता प्राप्तिका लागि राष्ट्रिय महिला आयोगले अवलम्बन गर्नु पर्ने उपायहरूबाट विशेष महत्त्वका वस्तुनिष्ठ सुझावहरू प्राप्त भएको ।

## ६.६ कार्यक्रमको नाम:नेपाल सरकारका विभिन्न निकायका लैङ्गिक सम्पर्क विन्दूसँग समीक्षात्मक बैठक

विकास सम्बन्धी नीति निर्माण, कार्यक्रम तर्जुमा एवं कार्यान्वयनका लागि नेपाल सरकारका विषयगत मन्त्रालयहरू मुख्य जिम्मेवार निकायहरू हुन् । नीतिगत सिफारिसका लागि संवैधानिक निकायहरू र कार्यान्वयनका लागि विभाग तथा कार्यालयहरूको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । सन् २००० देखि विश्वमा नै लैङ्गिकता र विकास (Gender and Development) को अवधारणालाई सबै क्षेत्रगत विकासमा अवलम्बन गरिएसँगै विषयगत मन्त्रालयहरूमा लैङ्गिक सम्पर्क इकाई वा लैङ्गिक सम्पर्क विन्दुको अभ्यास

गरिएको छ। विकासका सबै सवाल र क्षेत्रहरूमा लैङ्गिकता (Gender) को विषयलाई सम्बोधन गर्न/गराउन आवश्यक जिम्मेवारी दिई लैङ्गिक सम्पर्क विन्दु/अधिकृत/व्यक्ति तोकी कार्य विवरण सहित जिम्मेवार बनाउने कार्यलाई लैङ्गिकताको क्षेत्रमा राज्यको परिणाममुखी कदम मान्नु पर्दछ। विभिन्न सरकारी निकायका लैङ्गिक सम्पर्क विन्दुहरूसँगको अन्तरक्रिया र बैठकबाट आगामी दिनमा विषयगत मन्त्रालयहरूका नीति, योजना, कार्यक्रमहरू एवं क्रियाकलापहरू लैङ्गिकमैत्री बनाउन आवश्यक समीक्षा र पृष्ठपोषणका लागि देहायका उद्देश्यमा केन्द्रित रही अन्तरक्रियात्मक बैठक सम्पन्न गरिएको छ।

### उद्देश्य:

(क) नेपाल सरकारको संघीय विषयगत निकायहरूबाट लैङ्गिक मूलप्रवाहीकरणको सवालमा भएका प्रयासहरूबारे समीक्षा गर्नु।

(ख) अमेरिकाको न्यूयोर्कमा हुने महिलाको मर्यादा सम्बन्धी संयुक्त राष्ट्रसंघीय आयोग (UN Commission on the status of Women) को ६८ औं सत्रमा नेपालको तर्फबाट पेश गर्ने विषयवस्तुहरू माथि छलफल गर्नु।

(ग) संघीय मन्त्रालयहरू आयोगहरू प्रादेशिक मन्त्रालयहरू तथा स्थानीय तहमा लैङ्गिक सम्पर्क विन्दुको भूमिकालाई प्रभावकारी बनाउने विषयमा आवश्यक छलफल गर्नु।

### कार्यक्रम विवरण:

| क्र.स. | कार्यक्रमको नेतृत्व गर्ने र टोलीमा सम्मिलित पदाधिकारीहरू | मिति | कार्यक्रम स्थान |
|---|---|---|---|
| १ | माननीय अध्यक्ष कमला कुमारी पराजुली नेतृत्वमा<br>माननीय सदस्य कृष्ण कुमारी पौडेल खतिवडा<br>माननीय सदस्य विद्या कुमारी सिन्हा<br>माननीय सदस्य सावित्रा कुमारी शर्मा | २०८०।१०।२६ | राष्ट्रिय महिला आयोग |

### कार्यक्रमबाट प्राप्त सुझावहरू:

(क) लैङ्गिक सम्पर्क बिन्दुको भूमिका प्रभावकारी बनाउन कार्य विवरण सहित जिम्मेवारी तोकिनु पर्दछ।

(ख) मन्त्रालयहरूले लैङ्गिक सवालहरूलाई विशेष कार्यक्षेत्रको रूपमा लिई अत्यावश्यक जिम्मेवारीको रूपमा बोध गराउन राष्ट्रिय महिला आयोगले अनुगमन गरी सुझाव दिने पद्धति विकास गर्नुपर्छ।

(ग) लैङ्गिक सम्पर्क बिन्दुहरूको क्षमता विकासमा लगानी गर्नुपर्दछ।

(घ) लैङ्गिक संवेदनशीलता देखाउन सक्ने व्यक्ति वा शाखालाई लैङ्गिक सम्पर्क शाखाको जिम्मेवारी तोक्नु पर्दछ।

(ङ) रोल मोडल लैङ्गिक सम्पर्क विन्दु एकिन गरी आयोगले प्रोत्साहन गर्नुपर्छ।

### उपलब्धि:

(क) नेपाल सरकारका संघीय मन्त्रालय एवं आयोगहरूबाट लैङ्गिक मूलप्रवाहीकरणका लागि भएका प्रयासबारे आवश्यक जानकारी प्राप्त गर्नु।

(ख) महिलाको मर्यादा सम्बन्धी संयुक्त राष्ट्रसंघीय आयोग (UN Commission on the Status of Women) मा नेपालबाट प्रस्तुत हुने प्रतिवेदनका लागि आवश्यक विषय र सवालहरू स्पष्ट भएको।

(ग) तीन तहकै सरकार अन्तर्गत लैङ्गिक सम्पर्क विन्दुको भूमिकालाई प्रभावकारी बनाउने उपायहरूका सवालमा पृष्ठपोषण प्राप्त भएको।

## ६.७ कार्यक्रमको नाम : एकल महिलाहरूको सुरक्षा सम्बन्धमा नीतिगत तथा कार्यक्रमगत पृष्ठपोषणका लागि सरोकारवालाहरूसँग अन्तरक्रिया कार्यक्रम

### पृष्ठभूमि:

नेपाली समाजमा विद्यमान रहेका हानिकारक अभ्यास एवं कुप्रथाहरूका कारण महिलाहरूले हिंसाको सिकार हुनु परेको देखिएको छ । परम्परागत र हानिकारक सोच र शैलीको नेपाली समाजमा ठुलो हिंसा अझै रहेकोले एकल महिलाहरूले मनोवैज्ञानिक, शारीरिक एवं यौनजन्य हिंसाका घटनाहरू भोग्नु परेको छ । अर्कोतर्फ एकल, विधवा महिलालाई राज्यबाट उपलब्ध भइरहेको सामाजिक सुरक्षाको प्रावधानहरूमा पुनरावलोकन गर्नु पर्ने विषयहरू पनि सरोकारवालाहरूवाट राष्ट्रिय महिला आयोगमा सुझावको रूपमा प्राप्त भइरहेकै विषय हो । एकल महिलासँग सम्बन्धित समग्र सवालहरूलाई सरकारको तर्फबाट अझ व्यवहारिक र वस्तुगत रूपमा समेट्नका लागि आवश्यक नीतिगत सुझावका लागि सूचना र तथ्यको बलियो आधार चाहिन्छ । एकल महिलाको सुरक्षा र सम्मानको सवालमा आवश्यक छलफल गर्ने उद्देश्यले यस क्षेत्रका जिम्मेवार सरकारी निकाय, गैरसरकारी क्षेत्र, नागरिक समाज, हित समूहहरू एवं महिला अधिकारकर्मीहरूसँगको उपस्थितिमा यो कार्यक्रम सम्पन्न गरिएको छ ।

### कार्यक्रमको उद्देश्य:

(क) एकल महिलाको सवालमा राज्यले सम्बोधन गर्नु पर्ने क्षेत्रहरू पहिचान गर्नु ।
(ख) राष्ट्रिय महिला आयोगको कार्यक्षेत्र, वार्षिक कार्यक्रम र प्रयास बारे एकल महिलाको क्षेत्रमा कार्यरत सरोकारवालाहरूलाई जानकारी गराउनु ।
(ग) संघ, प्रदेश र स्थानीय सरकारद्वारा एकल महिलाको सुरक्षा, संरक्षण र सशक्तीकरणका लागि गरिएका प्रयासहरूको समीक्षा गर्दै अबको कार्यदिशाको स्पष्ट बोध गर्नु ।
(घ) एकल महिलाको वर्तमान अवस्थाबारे आम सरोकारवालाको अनुभव र धारणाको आधारमा नेपाल सरकारलाई राष्ट्रिय महिला आयोगद्वारा पठाउनु पर्ने नीतिगत सिफारिसका लागि तथ्यमा आधारित सुझावहरू प्राप्त गर्नु ।
(ङ) एकल महिलासँग सम्बन्धित समस्याहरूको बारेमा सरोकारवालाहरूलाई अवगत गराउनु ।
(च) एकल महिलाको क्षेत्रमा कार्यरत निकायहरूबाट पृष्ठपोषण संकलन गर्नु ।
(छ) अन्तरक्रिया मार्फत एकल महिलाको समस्या समाधानका उपाय पहिल्याउनु ।

### कार्यक्रमको विवरण:

| क्र.स. | कार्यक्रमको नेतृत्व गर्ने र टोलीमा सम्मिलित पदाधिकारीहरू | मिति | कार्यक्रम स्थान | प्रमुख अतिथि |
|---|---|---|---|---|
| १ | माननीय अध्यक्ष कमला कुमारी पराजुली | २०८१।०१।१४ | सुर्खेत | कर्णाली प्रदेशसभाका सभामुख माननीय नन्दा गुरुङ |
| २ | माननीय अध्यक्ष कमला कुमारी पराजुलीको नेतृत्वमा माननीय सदस्य सावित्रा कुमारी शर्मा | २०८१।३।१४ | मकवानपुर | बागमती प्रदेशसभाका उपसभामुख माननीय अप्सरा चापागाईं |
| ३ | माननीय अध्यक्ष कमला कुमारी पराजुली नेतृत्वमा माननीय सदस्य कृष्ण कुमारी पौडेल खतिवडा माननीय सदस्य विद्या कुमारी सिन्हा माननीय सदस्य सावित्रा कुमारी शर्मा | २०८१।०३।१८ | रा.म.आ. | |
| ४ | माननीय सदस्य कृष्ण कुमारी पौडेल खतिवडा | २०८१।०२।०७ | कास्की | गण्डकी प्रदेशका मुख्यमन्त्री माननीय खगराज अधिकारी |
| ५ | माननीय सदस्य कृष्ण कुमारी पौडेल खतिवडा | २०८१।०३।१० | रूपन्देही भैरहवा | रुपन्देही जिल्ला समन्वय समिति प्रमुख श्री उमाकान्त चपाईं |
| ६ | माननीय सदस्य विद्या कुमारी सिन्हा | २०८०।१२।२८ | धनुषा | मधेश प्रदेशका महिला तथा बालबालिका मन्त्री माननीय सुरिता कुमारी साह |
| ७ | माननीय सदस्य सावित्रा कुमारी शर्मा | २०८०।१०।१८ | मोरङ्ग | कोशी प्रदेशका आन्तरिक मामिला तथा कानूनमन्त्री माननीय शमशेर राई |
| ८ | माननीय सदस्य सावित्रा कुमारी शर्मा | २०८१।०२।२८ | धनगढी कैलाली | सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री माननीय दीर्घ बहादुर सोडारी |

**प्राप्त सुझावहरू:**

अ) नीतिगत

(क) एकल महिला सुरक्षा कोष सञ्चालनका लागि नयाँ मापदण्ड र कार्यविधि तर्जुमा गरी अवलम्बन गर्नु पर्दछ।

(ख) स्थानीय तहमा एकल महिलालाई लक्षित गरिएका कार्यक्रमहरू एकल महिलासंगको सहकार्यमा गर्नु पर्दछ।

(ग) राजनीतिक सहभागिताको लागि एकल महिलालाई प्राथमिकतामा राखिनु पर्छ।

(घ) एकल महिलालाई आर्थिक सशक्तीकरणमा सहुलियतपूर्ण ऋण उपलब्ध गराउने गरी राष्ट्र बैंकमार्फत बैंकहरूलाई निर्देशन हुने व्यवस्था गर्नुपर्छ।

(ङ) एकल महिलाका लागि निशुल्क स्वास्थ्य वीमाको व्यवस्था गर्नुपर्दछ।

(च) आमाको नामबाट नागरिकता प्राप्त गर्ने विषयलाई स्पष्ट मापदण्ड, कार्यविधि तर्जुमा गरी कर्मचारीको कार्यशैली समेतमा सुधार गरी व्यवस्थित गर्नु पर्दछ।

(छ) एकल महिलाको परिचयपत्र जारी र नविकरण गर्ने कार्य अनलाइन प्रणालीबाट हुने व्यवस्था हुनु पर्दछ ।

(ज) एकल महिलाका लागि यातायातमा छुट हुने व्यवस्था गर्नु पर्दछ।

(झ) वेरोजगार अविवाहित एकल महिलाका लागि समेत सामाजिक सुरक्षा भत्ताको व्यवस्था हुनुपर्छ।

(ञ) द्वन्द पीडित एकल महिलाका सवालहरू प्राथमिकता साथ सम्बोधन गर्नुपर्दछ।

(ट) एकल महिला माथि भइरहेको लैङ्गिक हिंसा अन्त्य गर्न र पीडितलाई न्यायको पहुँचमा पुऱ्याउन छरितो न्याय प्रणाली आवश्यक छ।

आ) प्रवर्द्धनात्मक

(क) धर्मगुरु तथा सामाजिक अभियन्ताहरूसँग छलफल र अन्तरक्रिया गरी एकल महिला माथि हुने दुर्व्यवहार न्यूनीकरणको अभियान सञ्चालन गर्नु पर्दछ।

(ख) स्थानीय तहबाट प्रत्येक वर्ष न्यूनतम पनि एक वडाबाट पाँच जना एकल महिलाको सिप विकास गरी आय आर्जनमा सहभागी गराउने गरी कार्यक्रम तय गर्नु पर्दछ।

(ग) एकल महिला माथि समुदायमा प्रयोग भइरहेको अमर्यादित भाष्यमा संशोधनको लागि सचेतना अभिवृद्धि गर्नु पर्दछ ।

कार्यक्रमको उपलब्धि ः

(क) राष्ट्रिय महिला आयोग र प्रदेशस्तरका सरोकारवालाहरूको सहकार्यबाट एकल महिलाको सुरक्षा र सशक्तीकरणका लागि गर्नु पर्ने पहलका क्षेत्रहरू पहिचान भएको।

(ख) राष्ट्रिय महिला आयोगद्वारा एकल महिलाको सवालमा गरिएका प्रयासहरूको समीक्षा भएको।

(ग) एकल महिलाको क्षेत्रमा कार्यरत अधिकारकर्मी, नागरिक समाज, सरकारी निकाय, गैह्रसरकारी क्षेत्र तथा सञ्चार क्षेत्र समेतबाट सुझाव तथा पृष्ठपोषण प्राप्त भएको।

(घ) राज्यका कार्यकारी निकायहरूमा एकल महिलाको सुरक्षा र सशक्तीकरणमा गर्नु पर्ने सुधार सम्बन्धी नीतिगत सिफारिस गर्न पृष्ठपोषण सूचनाको आधार तय भएको।

## ६.८ कार्यक्रमको नामः लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान सञ्चालन (नोभेम्बर २५ देखि डिसेम्बर १०)

### पृष्ठभूमि:

विश्व महिला आन्दोलन र अभियानको क्षेत्रमा लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियानको विशेष स्थान रहेको छ। सन् १९६० नोभेम्बर २५ का दिन डोमिनीकन रिपब्लिकका तीन साहसिक दिदी बहिनीहरू (प्याट्रिया, मारिया र मिनर्भा) को तत्कालीन तानाशाह राफेल त्रुजिलो सरकारले कायरतापूर्ण निर्मम हत्या गरेको थियो। यी तीन दिदी बहिनीको उच्च साहस र त्यागको सम्मान गर्दै ल्याटिन अमेरिकी देशहरूमा २५ नोभेम्बरलाई महिला हिंसा विरुद्धको दिवसको रूपमा मनाउन थालियो। डिसेम्बर १० मा अन्तर्राष्ट्रिय मानव अधिकार दिवस पर्ने हुनाले २५ नोभेम्वर देखी १० डिसेम्बर सम्मका १६ दिनलाई लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियानको रूपमा मनाइदै आएको छ। यस आयोगको मुख्य कार्यक्षेत्र नै लैङ्गिक हिंसा न्यूनीकरण तथा पीडितलाई न्यायको पहुँचमा पुऱ्याउने रहेको हुँदा यो अभियान अत्यन्त सान्दर्भिक मानिएको छ। अभियानलाई सफल बनाउन सबै सरोकारवालाहरूलाई आमन्त्रण गरी २५ नोभेम्बर (मंसिर ९ गते) का दिन राष्ट्रिय महिला आयोग रहेको भवनको सभाहलमा १६ दिने अभियान शुभारम्भ कार्यक्रम सम्पन्न भयो। अभियान अवधिभर विभिन्न किसिमका सरोकारवालाहरूलाई यथासम्भव पृथक किसिमका रचनात्मक कार्यक्रमहरू सञ्चालन गर्न आयोगको तर्फबाट अनुरोध समेत गरियो। उपस्थित सरोकारवालाहरूले आफ्नो निकाय/संस्थाबाट यथासम्भव धेरै र प्रभावकारी कार्यक्रमहरू सम्पन्न गर्ने प्रतिबद्धता व्यक्त गर्नु भयो।

### उद्देश्य:

(क) राष्ट्रिय महिला आयोगको स्थापनाको उद्देश्यसँग प्रत्यक्ष सम्बन्ध रहेको लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान विश्वव्यापी अभियानको रूपमा ग्रहण गरी जिम्मेवारीपूर्वक सञ्चालन गर्नु।

| कार्यक्रमको नेतृत्व गर्ने र टोलीमा सम्मिलित हुने पदाधिकारी | मिति | कार्यक्रम स्थान | प्रमुख अतिथि |
|---|---|---|---|
| माननीय अध्यक्ष कमला कुमारी पराजुलीको नेतृत्वमा<br>माननीय सदस्य कृष्ण कुमारी पौडेल खतिवडा<br>माननीय सदस्य विद्या कुमारी सिन्हा<br>माननीय सदस्य सावित्रा कुमारी शर्मा | २०८०।०८।१०शुभारम्भ समारोह र मिति २०८०।०८।२४ गते समापन समारोह। | राष्ट्रिय महिला आयोग | नेपाल सरकारका उपप्रधान तथा अर्थ मन्त्री माननीय डा. प्रकाशशरण महत |

### कार्यक्रमबाट प्राप्त सुझावहरू:

(क) राष्ट्रिय महिला आयोगद्वारा लैङ्गिक सवालहरूलाई सम्बोधन गर्न देहायका विषयमा केन्द्रित हुनु पर्दछ।

- लैङ्गिक उत्तरदायी बजेट र कार्यक्रमको वस्तुनिष्ठ कार्यान्वयन
- महिलाको राजनीतिक सशक्तीकरण
- लैङ्गिक हिंसा न्यूनीकरणमा पुरुष सहभागिता प्रवर्द्धन गर्न सचेतनामूलक कार्यक्रम
- राष्ट्रिय महिला आयोगको संस्थागत संरचना प्रदेश स्तरसम्म पुऱ्याउने विषय।

(ख) हिंसाका घटनाहरू उजुरी गर्ने निकायसम्म आउने गरी महिलाको मनोवल बढाउने किसिमका उत्प्रेरणात्मक कार्यक्रमहरू तीन तहका सरकारबाट सञ्चालित हुनु पर्छ।

(ग) लैङ्गिक हिंसाबाट पीडित महिलालाई न्यायको पहुँचमा पुऱ्याउन बनेका कानूनहरूको प्रचारप्रसार यथेष्ट मात्रामा गर्नु पर्छ।

(घ) लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियानलाई प्रभावकारी बनाउन राष्ट्रिय महिला आयोग र महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले समन्वयात्मक रूपमा आफ्ना प्रयासहरू अघि बढाउनु पर्छ।

**उपलब्धि:**

क. लैङ्गिक हिंसा न्यूनीकरण, लैङ्गिक समानता प्रवर्द्धन तथा महिला, सशक्तीकरणमा बजेटको प्राथमिकता हुने प्रतिबद्धता माननीय अर्थ मन्त्रीज्यूबाट व्यक्त भएको।

ख. लैङ्गिक हिंसा व्दिद्धको १६ दिने अभियानको औपचारिक रूपमा शुभारम्भ भएको।

ग. लैङ्गिक हिंसा नगर्ने, लैङ्गिक हिंसा नसहने र लैङ्गिक हिंसाको प्रतिकार गर्ने विषयमा उपस्थित सबै महानुभावहरू प्रतिवद्ध भई हस्ताक्षर समेत गर्नु भएको।

घ. लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान भर विभिन्न क्रियाकलापहरू सञ्चालन गर्ने विषयमा उपस्थित व्यक्तिहरूले आ-आफ्नो निकायबाट प्रयास गर्ने प्रतिबद्धता व्यक्त भएको।

ङ. जिम्मेवार संवैधानिक निकायका पदाधिकारीज्यूहरूबाट महिला अधिकारलाई मुख्य प्राथमिकतामा राखी आफ्नो कर्तव्य र जिम्मेवारीलाई अघि बढाउने कुरा व्यक्त भएको।

च. गैरसरकारी क्षेत्र, सञ्चार क्षेत्र र उपस्थित भएका अन्य अधिकारकर्मी र समाजसेवीहरू लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान सञ्चालन गर्न उत्प्रेरित भएको।

छ. उत्प्रेरणात्मक प्रवचनको माध्यमबाट उपस्थित सबै महानुभावहरूलाई लैङ्गिक हिंसाको सदैव प्रतिकार गरिरहने अवधारणाको विकास भएको।

## ६.९ कार्यक्रमको नामः छैठौं राष्ट्रिय महिला अधिकार दिवस

**पृष्ठभूमि:**

राष्ट्रिय महिला अधिकार दिवसको सन्दर्भ वि.सं. २०६३ जेठ १६ मा पुर्न स्थापित प्रतिनिधि सभामा पेश भएको संकल्प प्रस्तावको विषयसँग जोडिएको छ। सो दिन हरेक नेपाली सन्तानले आमा वा बुवा मध्ये कसैको नामबाट नागरिकता लिन पाउने अधिकार, छोरा सरह छोरीको पनि पैतृक सम्पत्तिमा समान अधिकार, समानुपातिक सहभागिताको लक्ष्य अनुरूप राज्यको सबै तह र संरचनामा एक तिहाई महिलाको अनिवार्य सुनिश्चितता तथा महिला र पुरुषबिच विभेदकारी कानून खारेज गरी महिला माथि हुने सबै किसिमका हिंसा अन्त्यका लागि कानूनी व्यवस्था जस्ता महत्त्वपूर्ण ४ वटा विषय समेटी पेश भएको संकल्प प्रस्ताव सर्वसम्मत प्रतिनिधि सभाबाट पारित भएकोमा यस दिनलाई राष्ट्रिय महिला अधिकार दिवसको रूपमा मनाउने निर्णय नेपाल सरकारबाट भए बमोजिम वि.सं. २०७६ जेठ १६ मा पहिलो महिला अधिकार दिवस राष्ट्रिय रूपमा मनाइएकोमा यस वर्ष २०८१ जेठ १७ गते छैठौं राष्ट्रिय महिला अधिकार दिवसको अवसरमा आयोजित विशेष समारोह राष्ट्रिय महिला आयोग रहेको भवनको सभाहलमा महिला अधिकारका समग्र राष्ट्रियस्तरका सरोकारवालाहरूको उपस्थितिमा सम्पन्न भयो।

**कार्यक्रमको उद्देश्य:**

क. राष्ट्रिय महिला अधिकार दिवसलाई एक विशेष कार्यक्रमको रुपमा सम्पन्न गर्नु।

ख. महिला अधिकार प्रवर्द्धनका लागि राष्ट्रिय स्तरका सरोकारवालाहरूबाट कार्यान्वयन योग्य सुझावहरू प्राप्त गर्नु।

ग. महिला अधिकार प्रवर्द्धनका प्रयासहरू थप परिणाममुखी बनाउन सरोकारवालाहरूको समेत प्रयासहरूलाई राष्ट्रिय महिला आयोगका प्रयासहरूसँग एकिकरण गर्नका लागि प्रतिबद्धता र ऐक्यबद्धता प्राप्त गर्नु।

| कार्यक्रमको नेतृत्व गर्ने र टोलीमा सम्मिलित हुने पदाधिकारी | मिति | कार्यक्रम स्थान | प्रमुख अतिथि |
|---|---|---|---|
| माननीय अध्यक्ष कमला कुमारी पराजुली नेतृत्वमा<br>माननीय सदस्य कृष्ण कुमारी पौडेल खतिवडा<br>माननीय सदस्य विद्या कुमारी सिन्हा<br>माननीय सदस्य सावित्रा कुमारी शर्मा | २०८१।०२।१७ | राष्ट्रिय महिला आयोग सभाहल | माननीय महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री भगवती चौधरी |

### कार्यक्रमबाट प्राप्त भएका सुझावहरू:

अ. नीतिगत

क. नेपालमा विगतमा गरिएका महिला अधिकार प्रवर्द्धनका प्रयासहरूलाई मूर्त रूप दिनका लागि आवश्यक अध्ययन गर्नुपर्दछ र यसका लागि राष्ट्रिय महिला आयोगको अग्रसरता आवश्यक छ।

ख. लैङ्गिक उत्तरदायी बजेटको कार्यान्वयन मा तीनवटा तहका सरकारहरू प्रतिवद्ध हुनुपर्दछ।

आ. संस्थागत

क. महिला अधिकार प्रवर्द्धन गर्नका लागि प्रर्याप्त संस्थागत  व्यवस्थाहरू गर्नुपर्दछ।

ख. महिला अधिकार प्रवर्द्धनका लागि स्थापित निकायहरूमा संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी पर्याप्त जनशक्ति उपलब्ध गराइ स्रोत साधन सम्पन्न गराउनु पर्दछ।

इ. कार्यक्रमगत

क. महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयमा पर्याप्त बजेट विनियोजन गरी कार्यक्रम र क्रियाकलापको माध्यमबाट महिला अधिकार प्रवर्द्धनको प्रयास गर्नु पर्दछ।

ख. लैङ्गिक तथा यौनिक अल्पसंख्यकका अधिकार प्रवर्द्धनमा समेत महिला सम्बन्धी निकायहरूलाई जिम्मेवार बनाउनुपर्दछ।

ग. यौनजन्य हिंसाका घटनामा पीडितले समयमा न्याय पाउनु पर्ने अधिकारलाई व्यवस्थित गर्नु पर्छ।

घ. महिलाको राजनीतिक सहभागिता र सशक्तीकरण नै राज्यको मुख्य विषय बन्नु पर्दछ।

ङ. महिलाको क्षमता विकासका कार्यक्रम यथेष्ट मात्रामा सञ्चालन गर्नुपर्छ।

च. दलित र सीमान्तकृत महिला अधिकारको उपयोग मा राज्य संयन्त्र सक्रिय हुनुपर्दछ।

### कार्यक्रमको उपलब्धि

क. राष्ट्रिय महिला आयोगको संविधान प्रदत्त काम, कर्तव्य, अधिकार बारे जानकारीका साथ महिला अधिकारको राष्ट्रिय दिवस विशेष कार्यक्रम सम्पन्न भएको छ।

ख. महिला आयोगले निर्वाह गर्नु पर्ने भूमिकाका विषयमा सुझावहरू प्राप्त भएको छ।

ग. महिला अधिकार प्रवर्द्धनका प्रयासहरू अझ नतिजामुखी बनाउन देशका जिम्मेवार पदमा भएका व्यक्तिहरूबाट प्रतिबद्धता जाहेर भएको छ।

## ६.१० कार्यक्रमको नाम: महिला हिंसा न्यूनीकरणका लागि सचेतना तथा उत्प्रेरणा कार्यक्रम

### पृष्ठभूमि:

महिला हिंसाको मुख्य कारक तत्त्वको रूपमा कमजोर सामाजिक चेतना र मानव अधिकार प्रत्याभूतिको कमजोर अभ्यासको रूपमा लिने गरिएको छ। समुदायमा आर्थिक, सामाजिक र शैक्षिक स्तर उक्सदै जाँदा पनि महिला हिंसाका घटनाहरू यथावत रहनुले उत्प्रेरणात्मक क्रियाकलापहरूको समेत आवश्यकता बोध भएको छ। देश संघीय संरचनामा रूपान्तरण भएको हुनाले महिला हिंसाको न्यूनीकरण गर्ने मुख्य जिम्मेवारी नागरिकको नजिकको सरकार स्थानीय तहमा रहेको हुन्छ। स्थानीय तहबाट हुने लैङ्गिक हिंसा न्यूनीकरणका प्रयासहरू परिणाम मुखी हुन सक्ने अपेक्षा गरिन्छ। यसै सन्दर्भमा राष्ट्रिय महिला आयोगले ७ वटै प्रदेशलाई समेट्दै देशका विभिन्न १० वटा स्थानीय तहहरूमा उत्प्रेरणात्मक कार्यक्रमहरू सम्पन्न गरेको छ। स्थानीय तहहरूमा गरिएका यस किसिमका उत्प्रेरणात्मक कार्यक्रमबाट स्थानीय तहहरूले समुदायस्तरमा घट्ने गरेका विभिन्न किसिमका लैङ्गिक हिंसाका घटनाहरू न्यूनीकरणका  लागि आफ्ना नीति, योजना तथा कार्यक्रम/क्रियाकलापहरू लक्षित गर्दै लैङ्गिक उत्तरदायी शासन पद्धति अवलम्बन गर्ने अपेक्षा गरिएको छ।

## कार्यक्रमको उद्देश्य:

क. लैङ्गिक हिंसा नियन्त्रणका लागि स्थापित संस्था तथा सरोकारवाला निकायका बारेमा स्थानीय स्तरसम्म जानकारी गराउनु ।

ख. लैङ्गिक हिंसा विरूद्धका कार्यक्रम सञ्चालन गर्न स्थानीय तहहरूलाई उत्प्रेरित गर्नु ।

ग. लैङ्गिक हिंसा न्यूनीकरण र हिंसा पीडितलाई न्यायको पहुँचमा पुऱ्याउनका लागि राष्ट्रिय महिला आयोगले निर्वाह गर्दै आएको भूमिकाबारे जिल्लास्तर र स्थानीय सरोकारवालालाई जानकारी गराउनु ।

घ. स्थानीय तहबाट तर्जुमा हुने नीति, योजना, कार्यक्रम तथा बजेटलाई लैङ्गिकमैत्री बनाउने संवेदनशीलता स्थानीय जनप्रतिनिधि र कर्मचारीमा विकास गर्नु ।

ङ. हिंसा नगर्ने, हिंसा नसहने र हिंसाको प्रतिकार गर्ने दिशामा सबै सरोकारवालाको ध्यानाकर्षण गर्नु ।

च. लैङ्गिक हिंसा न्यूनीकरणको लागि राष्ट्रिय महिला आयोगसँग संस्थागत रूपमा सहकार्य गर्नका लागि सहभागी भएका सरोकारवालाको प्रतिबद्धता र ऐक्यवद्धता प्राप्त गर्नु ।

छ. राष्ट्रिय महिला आयोग र स्थानीय तहको लैङ्गिक हिंसा न्यूनीकरणका लागि सहकार्यका क्षेत्रहरू पहिचान गर्नु ।

## कार्यक्रमको विवरण:

| क्र.स. | कार्यक्रमको नेतृत्व गर्ने तथा टोलीमा संलग्न पदाधिकारी | मिति | कार्यक्रम स्थान |
|---|---|---|---|
| १ | माननीय अध्यक्ष कमला कुमारी पराजुलीको नेतृत्वमा<br>माननीय सदस्य सावित्रा कुमारी शर्मा | २०८०।०८।२९ | जाजरकोट |
| २ | माननीय अध्यक्ष कमला कुमारी पराजुली | २०८१।०१।१६ | कालिकोट |
| ३ | माननीय अध्यक्ष कमला कुमारी पराजुलीको नेतृत्वमा<br>माननीय सदस्य कृष्णकुमारी पौडेल खतिवडा | २०८०।०७।१९ | मनाङ्ग |
| ४ | माननीय अध्यक्ष कमला कुमारी पराजुली | २०८१।०१।०१ | जुम्ला |
| ५ | माननीय अध्यक्ष कमला कुमारी पराजुलीको नेतृत्वमा<br>माननीय सदस्य कृष्ण कुमारी पौडेल खतिवडा<br>माननीय सदस्य सावित्रा कुमारी शर्मा | २०८०।०८।१५ | गोकर्णेश्वर |
| ६ | माननीय सदस्य कृष्ण कुमारी पौडेल खतिवडा | २०८०।०८।१८ | पाँचथर |
| ७ | माननीय सदस्यविद्या कुमारी सिन्हा | २०८०।१२।२९ | सिरहा |
| ८ | माननीय सदस्य सावित्रा कुमारी शर्मा | २०८०।०७।२० | रसुवा |
| ९ | माननीय सदस्य सावित्रा कुमारी शर्मा | २०८१।०१।१६ | तेह्रथुम |

## कार्यक्रमबाट प्राप्त सुझावहरू:

अ. नीतिगत

क. लैङ्गिक हिंसाको परिभाषा र न्यूनीकरणका उपायहरूको सन्दर्भमा पुरुषमाथि हुने हिंसा पनि समेटिनु पर्छ ।

ख. राजनीतिमा महिलाको अर्थपूर्ण सहभागिताको लागि कानूनसँगै प्रक्रिया समेत निर्धारण गर्नु पर्दछ ।

ग. संयुक्त राष्ट्रसंघीय सुरक्षा परिषदको प्रस्ताव नं १३२५ र १८२० को कार्यान्वयन हुनु पर्दछ ।

आ. संस्थागत

क. हिंसा पीडित महिलाहरूलाई संरक्षण गर्नका लागि सुरक्षा, आवासहरूको प्रवन्ध प्रत्येक स्थानीय तहमा हुनु पर्दछ ।

ख. लैङ्गिक हिंसा न्यूनीकरणमा मनोसामाजिक विमर्शको महत्त्व हुने हुँदा यस विषयलाई कार्यरूप दिन प्रत्येक स्थानीय तहमा मनोसामाजिक विमर्शकर्ताको व्यवस्थाका लागि आवश्यक पहल गर्नु पर्छ । यसको दिगो व्यवस्थापन नहुँदासम्म अल्पकालीन रूपमा सेवा करारको व्यवस्था गर्नुपर्दछ ।

इ. कार्यक्रमगत

क. हिंसाका मुख्य कारणहरू नै पहिचान गरी निरोधात्मक उपायहरू, अवलम्बन गर्नु पर्दछ।

ख. सीमान्तकृत, एकल र दलित महिलाहरू हिंसाको उच्च जोखिममा रहने हुँदा त्यस किसिमको वर्ग र समुदायमा विशेष योजना र कार्यक्रम सहित लगानी गरी महिलाको आर्थिक सशक्तीकरण गर्नुपर्दछ।

ग. स्थानीय तहको नीति र कार्यक्रमलाई लैङ्गिक रूपमा संवेदनशील बनाउन लैङ्गिक उत्तरदायी बजेट प्रणालीको अभ्यास गर्नुपर्दछ। प्रत्येक आर्थिक वर्षको बजेट प्रत्यक्ष रूपमा लैङ्गिक उत्तरदायी हुनु पर्दछ।

घ. दूर दराजमा भइरहेको हिंसा र विभेदको आवाज, नेपाल सरकारका सम्बन्धित निकायसम्म पुऱ्याउनु पर्छ।

ङ. उच्च तहमा महिलाको संख्या अधिक रहने मञ्चहरूमा नेपाल सरकारको मर्यादाक्रम पालना नगर्ने प्रवृतिको अन्त्य गर्न वहस पैरवी गरिनु पर्छ।

### कार्यक्रमको उपलब्धि :

क. लक्षित समूहलाई लैङ्गिक हिंसा, महिला हिंसा र त्यसबाट बच्ने उपायको बारेमा जानकारी भएको।

ख. राष्ट्रिय महिला आयोगको कार्यक्षेत्र तथा संविधान प्रदत्त काम कर्तव्य अधिकार बारे सरोकारवालाहरूलाई पुनस्मरण गराउने अवसर प्राप्त भएको।

ग. कार्यक्रम सञ्चालन स्थलका सबै सरोकारवालाहरूमा लैङ्गिक हिंसा न्यूनीकरणका लागि अवधारणागत स्पष्टता सहित संवेदनशीलता विकास भएको।

घ. लैङ्गिक हिंसा न्यूनीकरणका लागि अति दुर्गम क्षेत्रलाई लक्षित गरी तय गर्नु पर्ने नीति, योजना तथा कार्यक्रमहरूका विषयमा सिफारिसका लागि स्पष्ट सवालहरू पहिचान भएको।

ङ. महिला हिंसा न्यूनीकरणका लागि महिला शाखा, लैङ्गिक सम्पर्क इकाई न्यायिक समिति जस्ता संस्थागत संयन्त्रको सुदृढीकरण र लैङ्गिक उत्तरदायी बजेट प्रणालीको अभ्यासबारे राष्ट्रिय महिला आयोगद्वारा स्थानीय तहको संवेदनशीलता विकास गर्ने अवसर प्राप्त भएको।

च. लैङ्गिक हिंसा नियन्त्रण, लैङ्गिक मूलप्रवाहीकरण र महिला सशक्तीकरण मार्फत देशमा लैङ्गिक समानता हासिल गर्ने प्रयोजनार्थ देशका कार्यकारी निकायहरूलाई नीतिगत र कार्यगत सिफारिस गर्नका लागि आवश्यक वस्तुगत जानकारी गराइएको।

छ. स्थानीय तहका लैङ्गिक उत्तरदायी नीति, कानून, संस्थागत, संरचना, लक्षित कार्यक्रम तथा लैङ्गिक उत्तरदायी बजेट तर्जुमाका लागि समेत राष्ट्रिय महिला आयोगबाट पृष्ठपोषण गर्नका लागि उपयुक्त जमघट प्राप्त भएको।

ज. राष्ट्रिय महिला आयोग र स्थानीय तह बिच लैङ्गिक हिंसा न्यूनीकरणको लागि सहकार्य गर्ने समझदारी वनेको।

## ६.११ कार्यक्रमको नामः बालिका तथा किशोरीहरूमाथि हुने अवहेलना, दुर्व्यवहार र हिंसाको सवालमा अन्तरक्रिया कार्यक्रम

### पृष्ठभूमिः

महिला तथा बालबालिका माथि हुने हिंसा र दुर्व्यवहारको अन्त्यका लागि राज्यको तर्फबाट केही प्रयासहरू भएको भए पनि बालिका तथा किशोरीहरू माथि समुदायस्तरमा, विद्यालयमा एवं सार्वजनिक स्थलमा विभिन्न किसिमका हिंसाहरू भइरहेका छन्। बालिका तथा किशोरीहरूको शारीरिक, मानसिक तथा मनोवैज्ञानिक परिवर्तनहरू समेत भइरहने हुँदा बालिका तथा किशोरीहरू हिंसा र दुर्व्यवहारको शिकार हुन सक्ने संभावना बढी हुन्छ। लैङ्गिक हिंसा सम्बन्धी तथ्याङ्कमा पीडित बालिका तथा किशोरीको संख्या अधिक हुने गर्दछ। यसै विषयमा आवश्यक छलफल र परामर्श गरी बालिका तथा किशोरीमाथि हुने हिंसा न्यूनीकरणका लागि आवश्यक नीतिगत सुझाव तयार गर्न सूचना संकलन गर्ने उद्देश्यका साथ यो कार्यक्रम केन्द्रीयस्तरमा देहाय बमोजिम सम्पन्न गरिएको छ।

## कार्यक्रमको उद्देश्य:

क. बालिका तथा किशोरी माथि हुने हिंसाको वर्तमान अवस्था विश्लेषण गर्नु ।

ख. बालिका तथा किशोरी माथि हुने हिंसा न्यूनीकरणका लागि सक्रिय अभियन्ताहरू एवं निकायहरू बिचको सहकार्यका क्षेत्रहरू पहिचान गर्नु ।

ग. बालिका तथा किशोरी माथि हुने हिंसाको न्यूनीकरण तथा पीडितलाई न्याय प्रदान गर्ने सवालमा सरकारले अवलम्बन गर्नु पर्ने उपायका बारेमा नीतिगत सुझावको खाका प्राप्त गर्नु ।

## कार्यक्रमको विवरण:

| कार्यक्रमको नेतृत्व गर्ने र टोलीमा सम्मिलित हुने पदाधिकारी | मिति | कार्यक्रम स्थान | प्रमुख अतिथि |
|---|---|---|---|
| माननीय अध्यक्ष कमला कुमारी पराजुलीको नेतृत्वमा<br>माननीय सदस्य कृष्ण कुमारी पौडेल खतिवडा<br>माननीय सदस्य विद्या कुमारी सिन्हा<br>माननीय सदस्य जया घिमिरे<br>माननीय सदस्य सावित्रा कुमारी शर्मा | २०८१।०६।२५ | राष्ट्रिय महिला आयोग सभाहल | माननीय शहरी विकास मन्त्री सीता गुरुङ |

## प्राप्त सुझावहरू

अ. नीतिगत

क. प्रणालीगत चुनौतीहरूलाई नीतिगत पहलको माध्यमबाट अन्त्य गर्नुपर्छ।

ख. बालिका, किशोरी र महिला माथि हुने भाषिक र बोलीचालीजन्य हिंसा अन्त्य गर्न स्थानीय तहबाट आचार संहिता बनाइ कार्यान्वयन गर्नु पर्छ।

ग. महिला मैत्री शहर निर्माणमा मापदण्ड बनाइ कार्य प्रक्रिया शुरु गर्नु पर्छ।

घ. नागरिकताको सवाललाई विधि र व्यवहार दुवै पक्ष व्यवस्थित गर्नु पर्दछ।

ङ. हिंसामा परेका किशोरीलाई छरितो किसिमको न्याय निरूपण प्रणाली अवलम्बन गर्नुपर्दछ।

आ. संस्थागत

क. महिला सुरक्षा प्रवर्द्धन गर्न राज्यका सुरक्षा निकायलाई परिचालन गर्नु पर्दछ र समुदाय स्तरसम्म परिचालन गर्नु पर्दछ।

ख. तीन तहका सरकारसँग समन्वय गर्नेगरी संघीय, प्रादेशिक र स्थानीय किशोरी सञ्जालहरू प्रवर्द्धन गर्नुपर्छ।

ग. महिला आयोगको काम, कर्तव्य, अधिकार र सेवा प्रवाहको विषयमा प्रचार प्रसार गर्नु पर्दछ।

घ. प्रेम विवाह र बाल विवाहको विषयलाई सम्वोधन प्रत्येक स्थानीय तहबाट गम्भीरताको साथ लिएर यसबाट परेको असरको आंकलन गरी कानून पालनको लागि पहल गरिनुपर्छ।

ङ. पीडित किशोरीहरूको संरक्षणका लागि सुरक्षित आवास गृहहरू अल्पकालीन रूपमा जिल्लागत र दीर्घकालीन रूपमा प्रत्येक प्रदेशगमा स्थापना गर्नुपर्दछ।

च. बालिका तथा किशोरी सम्वद्ध साझेदार निकायहरू, गैर सरकारी संस्थाहरू र नागरिक समाज एवं सञ्चारकर्मीहरूसँग राष्ट्रिय महिला आयोगको बलियो सहकार्य आवश्यक हुन्छ।

इ. कार्यक्रमगत

क. किशोरी माथि हुने हिंसा अन्त्य गर्न विद्यालय शिक्षा कार्यक्रम सञ्चालन गर्नुपर्छ।

ख. मानव बेचविखन तथा ओसारपसारका आत्मिक तत्त्वहरू पहिचान गर्न आवश्यक अध्ययन गर्नु पर्छ।

ग. विभेदपूर्ण लिङ्ग छनोटको विषय उपचारात्मक प्रयासहरूबाट अन्त्य गर्नु पर्दछ।

घ. छोरी शिक्षालाई अझै प्रभावकारी र परिणाममुखी बनाउन समुदायमा सचेतना अभिवृद्धि र भर्ना अभियानलाई प्रभावकारी बनाउनुपर्दछ।

ङ. बालिकाको संरक्षण र सशक्तीकरणमा बहुआयामिक सरोकारवालाको संवेदनशीलता आवश्यक हुन्छ।

च. भगाएर विवाह गर्ने र हिंसामा पार्ने किसिमका दुर्गम भेगका अभ्यासहरू अन्त्य गर्न अभियानहरू सञ्चालन गर्नु पर्दछ।

### कार्यक्रमको उपलब्धि :

क. बालिका तथा किशोरीमाथि हुने अवहेलना, दुर्व्यवहार र हिंसाको क्षेत्र पहिचान भएको।

ख. बालिका तथा किशोरीमाथि हुने अवहेलना, हिंसा र दुर्व्यवहारको सवालमा कार्यरत संघसंस्था र जिम्मेवार निकायहरू बिच छलफलको वातावरण तय भएको।

ग. बालिका तथा किशोरीका सवालमा राज्यका विभिन्न निकायहरूबाट आवश्यक पहल गर्नका लागि सुधारका क्षेत्रहरू पहिचान भएको।

घ. राष्ट्रिय महिला आयोगद्वारा आगामी नीति, योजना, कार्यक्रम क्रियाकलाप तर्जुमा गर्ने निकायहरूलाई सुझाव तथा सिफारिस तयारी र प्रेषण गर्न पर्याप्त सूचना र जानकारी प्राप्त भएको।

ङ. किशोरी सञ्जालका सदस्यहरू र विद्यालय स्तरका किशोरीहरूमा राष्ट्रिय महिला आयोग प्रतिको अपेक्षा र भरोसा अभिवृद्धि हुने देखिएको।

## ६.१२ कार्यक्रमको नामः महिला हिंसा निवारणको अभियानलाई प्रभावकारी बनाउन सामाजिक तथा राजनीतिक क्षेत्रका युवाहरूसँग अन्तरक्रिया

### पृष्ठभूमिः

लैङ्गिक हिंसाका अधिंकाश घटनाहरूमा पीडक र पीडित दुवैको संख्यात्मक हिस्सा युवा वर्गको बढी देखिने प्रवृत्ति बढ्दै गएको छ। लैङ्गिक हिंसा निवारणका लागि विभिन्न क्षेत्रबाट प्रयास हुँदै आएको भएता पनि युवा वर्गको संलग्नता बिना यस किसिमको अभियान प्रभावकारी देखिएको छैन। जुनसुकै क्षेत्र वा राज्यका तहहरूबाट हिंसा विरुद्धका अभियानहरू शुरु गरिएता पनि महिला हिंसा निवारणको अभियानलाई युवाहरूको संलग्नताबाट परिणाममुखी बनाउन सकिने तथ्य पछिल्लो समयमा घटेका हिंसाको स्वरूप र प्रकृति तथा चलाइएका अभियानहरूबाट पनि सिद्ध हुन्छ। प्रदेश र जिल्लास्तरमा युवाहरूसँगको छलफल अन्तरक्रियाबाट राजनीतिक र सामाजिक मुद्दाहरू समेटी लैङ्गिक हिंसा निवारण गर्न युवाहरूको भूमिका अभिवृद्धिको सन्दर्भमा राष्ट्रिय महिला आयोगका लागि आवश्यक र नीतिगत सिफारिसका लागि उपयुक्त सुझाव प्राप्त गर्ने उद्देश्यले देहाय बमोजिम यो कार्यक्रम सम्पन्न भएको छ।

### कार्यक्रमको उद्देश्यः

क. लैङ्गिक हिंसा न्यूनीकरणमा युवाहरूको भूमिका बारे जिल्लाका सरोकारवालाहरूमा अन्तरिकीकरण गर्नु।

ख. ग्रामीण भेगमा महिला हिंसाका कारण, प्रकार र निवारणका उपायहरू पहिचान गर्नु।

ग. तीन तहका सरकारद्वारा लैङ्गिक हिंसा न्यूनीकरणका लागि युवाहरूको परिचालनको क्षेत्र र तरिका पहिचान गरी नीतिगत सिफारिस गर्नु।

घ. सबै किसिम र स्वरूपमा हुने लैङ्गिक हिंसाका घटनाहरू न्यूनीकरणमा युवाहरूलाई परिचालन गर्ने उपायहरू पहिचान गर्नु।

## कार्यक्रमको विवरण:

| क्र.स. | कार्यक्रमको नेतृत्व गर्ने र टोलीमा सम्मिलित हुने पदाधिकारी | मिति | कार्यक्रम स्थान |
|---|---|---|---|
| १ | माननीय अध्यक्ष कमला कुमारी पराजुलीको नेतृत्वमा माननीय सदस्य सावित्रा कुमारी शर्मा | २०८०।०८।३० | जाजरकोट |
| २ | माननीय अध्यक्ष कमला कुमारी पराजुली | २०८१।०२।२३ | गुल्मी |
| ३ | माननीय सदस्य कृष्ण कुमारी पौडेल खतिवडा | २०८१।०२।०८ | म्याग्दी |
| ४ | माननीय सदस्य सावित्रा कुमारी शर्मा | २०८०।०७।११ | नुवाकोट |
| ५ | माननीय सदस्य सावित्रा कुमारी शर्मा | २०८०।१०।१७ | सुनसरी |
| ६ | माननीय सदस्य सावित्रा कुमारी शर्मा | २०८१।०२।२३ | बैतडी |

## प्राप्त सुझावहरू :

अ. संस्थागत

- क. समुदायमा आधारित अभियानहरू सञ्चालन गर्न नागरिक समाजलाई प्रेरित गर्ने।
- ख. हिंसा न्यूनीकरण र पीडितलाई न्यायको पहुँचमा पुऱ्याउन राज्यबाट निर्मित व्यवस्थाहरूको प्रचारप्रसार गर्न प्रत्येक स्थानीय तहले युवाहरूलाई परिचालन गर्ने।

आ. कार्यक्रगमत

- क. हानिकारक अभ्यासहरू न्यूनीकरणमा पर्याप्त लगानी गर्ने।
- ख. हिंसा पीडित महिलाहरूको लागि अल्पकालीन आश्रयस्थल र पारिवारिक पुनःएकीकरणमा पर्याप्त लगानी गर्ने।
- ग. समुदायमा युवा क्लबहरू गठन गरी हिंसा न्यूनीकरणलाई मुख्य विषयवस्तु बनाउने।
- घ. परम्परागत हानिकारक अभ्यासहरूमा निगरानी गर्न युवा जमघट भेटघाट आयोजना गर्ने।
- ङ. कुनै पनि हिंसा पीडकको मनसाय बमोजिम हुने हुँदा मनसाय परिवर्तन गर्न गराउन अभिमुखीकरण गर्ने।
- च. बालबालिकालाई नैतिक शिक्षा दिने र आत्मरक्षाको सिप सिकाउने।
- छ. युवाहरूलाई हिंसा निवारणमा परिचालन गर्न सोचमा परिवर्तन गर्ने कार्यमा तथा आनीवानी र व्यवहार परिवर्तन गर्ने कार्यमा लगानी गर्ने।
- ज. हिंसा पीडितले उजुरी गर्न सक्ने गरी आवश्यक सूचनाको पहुँच सहितको क्षमता समुदाय स्तरका महिलामा विकास गर्ने।
- झ. महिला हिंसा अन्त्यका लागि पुरुष सहभागिता प्रवर्द्धन गर्ने।

इ. आचरणगत र नियमन

- क. महिलाहरूको आर्थिक सामाजिक तथा व्यक्तित्व विकास गरी हिंसा नगर्ने, हिंसा नसहने र हिंसाको प्रतिकार गर्ने बानीको विकास गर्ने।
- ख. पीडितलाई सहयोग गर्ने प्रवृत्तिको विकास गर्ने।
- ग. कानूनले बन्देज गरेका हतियारहरूको प्रयोगको अवस्थामा अनुगमन गर्ने।
- घ. सामाजिक सञ्जालहरूमार्फत हुने सक्ने हिंसाको नियमन र नियन्त्रण गर्ने।
- ङ. पीडितलाई दोषारोपण गर्ने प्रवृत्तिको अन्त्य गर्ने।

### कार्यक्रमको उपलब्धि :

क. लैङ्गिक हिंसा न्यूनिकरणका लागि राज्यका जिम्मेवार निकायहरूले गर्नु पर्ने प्रयासको सवालमा राजनीतिक र सामाजिक क्षेत्रका युवाहरूकै सुझावहरू प्राप्त भएको जसका आधारमा राष्ट्रिय महिला आयोगले नीतिगत सिफारिस गर्दा कार्यान्वयन योग्य र परिणाममुखी हुने देखिएको।

ख. जिल्लास्तर र समुदायस्तरका युवाहरू आगामी दिनमा अझ प्रभावकारी ढंगले लैङ्गिक हिसा न्यूनीकरणका गर्न लागि पर्ने प्रतिबद्धता व्यक्त भएको।

ग. राष्ट्रिय महिला आयोग र  जिल्ला स्थित महिला अधिकारका सरोकारवालाहरू बीच लैङ्गिक हिंसा न्यूनीकरणका लागि आवश्यक छलफल, बिचार विमर्श र सुझाव लिने दिने वातावरण तय भएको।

घ. लैङ्गिक हिंसा न्यूनीकरणका लागि चाल्नु पर्ने कदमहरू बारे नविनतम प्रवृत्तिमा  आधारित सुझावहरू प्राप्त भएको।

ङ. वर्तमान परिप्रेक्षमा लैङ्गिक हिंसाका पीडक पीडित दुवै पक्ष युवा नै हुने अवस्थामा हिंसा न्यूनीकरणमा युवाहरूको सक्रियता बढाउने उपायहरू पहिचान भएको।

च. तीन तहका सरकार, राष्ट्रिय महिला आयोग, नागरिक समाज तथा युवाहरूको भूमिका उजागर हुँदै आ-आफ्नो तर्फबाट पहल शुरु गर्ने विषयमा सैद्धान्तिक सहमति भएको।

छ. लैङ्गिक हिंसा न्यूनीकरण, लैङ्गिक समानता प्रवर्द्धन र लैङ्गिक मूलप्रवाहीकरणमा राष्ट्रिय महिला आयोगको भूमिकाबारे युवाहरूलाई जानकारी गराउने अवसर प्राप्त भएको।

ज. लैङ्गिक हिंसा न्यूनीकरणका लागि युवाहरूको परिचालन गर्ने किसिमका नीति, पद्धति, योजना, कार्यक्रम तर्जुमाका लागि सिफारिस गर्न महत्त्वपुर्ण सूचना र जानकारीहरू प्राप्त भएको।

झ. राजनीतिक, सामाजिक र सञ्चार क्षेत्रका युवाहरू बीच लैङ्गिक हिंसा न्यूनीकरणलाई साझा अभियानको रूपमा अगाडि बढाउने विषयमा सैद्धान्तिक सहमति प्राप्त भएको।

## ६.१३ कार्यक्रमको नामः योगमाया स्मृति दिवस

### पृष्ठभूमि:

लैङ्गिक समानता, वर्गीय एवं जातीय समानता तथा महिला अधिकारका महान् अभियन्ता योगमाया न्यौपानेको योगदान सधैं स्मरणीय छ। राष्ट्रिय महिला आयोगको कार्यक्षेत्रको रूपमा रहेको महिला अधिकार र लैङ्गिक समानता नै योगमायाको जीवनको मूल मन्त्र रहेकोमा उहाँको सम्मान स्मरण गर्नु राष्ट्रिय महिला आयोगको कर्तव्य हुन आउँछ। वि.सं. १९२४ मा भोजपुरमा जन्मनु भएका योगमाया न्यौपाने समाजमा विद्यमान विभेद, कुप्रथा, निरंकुश शासनको विरुद्धमा आफ्ना ६८ जना अनुयायीहरूको साथमा वि. सं. १९९८ को असार २२ गते अरुण नदिमा आत्मदाह गर्नु भयो। उहाँको जीवनकालमा पुऱ्याउनु भएको योगदानको स्मरण गर्दै प्रत्येक वर्ष असार २२ गते योगमाया स्मृति दिवस मनाइदै आएकोमा यस वर्ष पनि असार २१ गतेका दिन योगमाया स्मृति दिवसको अवसर पारी लैङ्गिक समानता र महिला अधिकारका राष्ट्रिय अभियन्ताहरू एवं सरोकारवालाको उपस्थितिमा योगमाया स्मृति दिवस विशेष समारोह सम्पन्न भयो।

### कार्यक्रमको उद्देश्य:

क. राष्ट्रिय महिला आयोगको स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गतको दिवसीय कार्यक्रम सम्पन्न गर्नु।

ख. स्व. योगमायाको योगदानको उचित सम्मान गर्नु।

ग. लैङ्गिक समानता र महिला अधिकारका अभियन्ताहरूलाई राष्ट्रद्वारा कसरी उच्च सम्मान गर्न सकिन्छ भन्ने विषय आम सरोकारवालाहरू माझ  प्रचारप्रसार गर्नु।

| कार्यक्रमको नेतृत्व गर्ने र टोलीमा सम्मिलित हुने पदाधिकारी | मिति | कार्यक्रम स्थान |
|---|---|---|
| माननीय अध्यक्ष कमला कुमारी पराजुलीको नेतृत्वमा<br>माननीय सदस्य कृष्ण कुमारी पौडेल खतिवडा<br>माननीय सदस्य विद्या कुमारी सिन्हा<br>माननीय सदस्य सावित्रा कुमारी शर्मा | २०८१।०३।२१ | राष्ट्रिय महिला आयोग |

### प्राप्त सुझावहरू:

क. समतामूलक समाज निर्माण र विभेदको अन्त्यका लागि स्व. योगमायाको योगदानको विषयलाई आजको राष्ट्रले सम्मान गर्दै उहाँलाई राष्ट्रिय विभूतिको रूपमा र योगमाया स्मृति दिवसलाई राष्ट्रिय दिवसको रूपमा ग्रहण गर्नु पर्ने देखिन्छ।

ख. ६८ जनाले एकसाथ जल समाधि लिएको एक ऐतिहासिक घटनालाई स्मरण गर्नका लागि समाधिस्थलमा राम्रो संरचना सहितको समाधिस्थल निर्माण गर्नु पर्दछ।

ग. लैङ्गिक समानताको प्रवर्द्धनका लागि पैरवी र संघर्ष, जातीय विभेदको अन्त्यका लागि सामाजिक अभियान, विधवा विवाहको लागि पैरवी गर्ने जस्ता पवित्र अभियानका अभियन्तामा राष्ट्रले उचित सम्मान दिनु पर्दछ।

घ. योगमाया सँगै जलसमाधिमा संलग्न भएका ६७ जनाको पनि यथार्थ विवरण, प्राप्त गर्नका लागि आवश्यक अध्ययन अनुसन्धान हुनु पर्दछ।

ङ. योगमायाको जलसमाधि र उहाँले आफ्नो संघर्षपूर्ण जीवनका बाबजुद पनि सामाजिक रूपान्तरणका लागि पुऱ्याउनु भएको योगदानको अन्तर्राष्ट्रिय ख्याति प्राप्त हुने गरी प्रचार प्रसार गर्नु पर्दछ।

### कार्यक्रमको उपलब्धि

क. राष्ट्रिय महिला आयोगद्वारा महिला अधिकारका अभियन्ता योगमायाको सम्मान स्वरूप यस किसिमको कार्यक्रम आयोजना हुनु अत्यन्त सराहनीय पुष्टि भएको।

ख. राष्ट्रको एक महत्त्वपूर्ण संवैधानिक निकायद्वारा एक अभियन्ताको सम्मान हुनु कर्तव्य नै रहेको र सो कर्तव्य पुरा भएको।

ग. योगमायाको जस्तो साहस, संघर्ष, वलिदानी र राष्ट्रका लागि त्याग गर्ने विराङ्गनालाई राष्ट्रद्वारा सम्मान हुन्छ भन्ने कुराको सकारात्मक सन्देश प्रेषण भएको।

घ. राष्ट्रिय महिला आयोगको स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत नै पर्ने एक राष्ट्रिय दिवसीय कार्यक्रम अत्यन्त गरिमामय ढंगबाट सम्पन्न भएको।

## ६.१४ कार्यक्रमको नामः अपाङ्गता भएका महिलाहरूको हक अधिकार संरक्षणका विषयमा सरोकारवाला निकायबिच अन्तरक्रिया।

### पृष्ठभूमि:

मानव शरीरको कुनै अंगमा जन्मजात वा हुर्काइको क्रममा भएको समस्या वा कुनै कारण अन्य व्यक्ति सरह जीवनयापन गर्न अवरोध भएको अवस्था नै अपाङ्गता हो। अपाङ्गता भएका व्यक्तिहरूलाई फरक क्षमता भएका व्यक्ति पनि भन्ने गरिन्छ। विभिन्न किसिमका अवहेलना, दुर्व्यवहार र बहिष्करणमा परिरहेको अवस्था अपाङ्गता भएका व्यक्तिहरू मध्ये पनि महिलाहरू विभिन्न किसिमका दुर्व्यवहार र हिंसामा धेरै पर्न सक्ने जोखिम रहन्छ। अपाङ्गता भएका महिलाहरूबाट विशेष अवस्था र अपाङ्गताको स्तरलाई मापदण्ड बनाइ सामाजिक सुरक्षाका कार्यक्रमहरू गर्नु पर्ने माग हुँदै आएको छ। यस सवालमा सरोकारवालाहरूसँग सघन रूपमा छलफल गरी समस्याको पहिचान र समाधानका उपाय सहित नीतिगत सिफारिस गर्ने उद्देश्यले यो कार्यक्रम सम्पन्न गरिएको हो।

## कार्यक्रमको उद्देश्य:

क. अपाङ्गता भएका महिलामाथि हुन सक्ने संभावित हिंसाका सवालहरू पहिचान गर्नु।

ख. अपाङ्गता व्यक्तिको आधिकारका सवालमा क्रियाशील बहु सरोकारवालाहरू बिच सघन रूपमा छलफल र बिचारको आदान प्रदान गर्ने वातावरण सृजना गर्नु।

ग. अपाङ्गता भएका फरक फरक उमेर र समुदायका महिला माथि हुने हिंसा न्यूनीकरण गरी उनीहरूको अधिकार सम्बर्द्धन र प्रवर्द्धन गर्ने सवालमा सरकारबाट हुनु पर्ने प्रयासका लागि नीतिगत तथा कार्यगत सुझावको आधार तय गर्नु।

## कार्यक्रमको विवरण:

| कार्यक्रमको नेतृत्व गर्ने र टोलीमा सम्मिलित हुने पदाधिकारी | मिति | कार्यक्रम स्थान | प्रमुख अतिथि |
|---|---|---|---|
| माननीय अध्यक्ष कमला कुमारी पराजुलीको नेतृत्वमा<br>माननीय सदस्य कृष्ण कुमारी पौडेल खतिवडा<br>माननीय सदस्य विद्या कुमारी सिन्हा<br>माननीय सदस्य सावित्रा कुमारी शर्मा | २०८०।११।१६ | राष्ट्रिय महिला आयोग सभाहल | प्रतिनिधि सभाको महिला तथा सामाजिक मामिला समितिका सभापति माननीय किरण कुमार साह |

## प्राप्त सुझावहरू:

क. राज्यका सबै सेवा प्रदायक निकायलाई अपाङ्गमैत्री बनाउन सिफारिस गर्नु पर्ने।

ख. अपाङ्गता भएका व्यक्तिहरूलाई गरिने विभेदको अन्त्यका लागि सबै सरोकारका क्षेत्रमा सचेतना गर्न आवश्यक भएको।

ग. अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघीय महासन्धि (UNCRPD)का प्रावधानहरूको पूर्ण कार्यान्वयनका लागि सचेतना र पैरवी गर्नु पर्ने।

घ. १६औं पञ्चवर्षीय योजनामा अपाङ्गता भएका महिलाहरूको सवाललाई मूलप्रवाहीकरण गर्नु पर्ने।

ङ. राष्ट्रिय महिला आयोगको उजुरी व्यवस्थापन शाखा तथा खबर गरौं हेल्पलाइन, "११४५"लाई अपाङ्गता भएका महिला मैत्री सेवा प्रवाहलाई प्रभावकारी बनाउनको लागि आवश्यक सुधार गर्नु पर्ने।

च. अपाङ्गता भएका महिलाहरू मध्येमा पनि बालिका किशोरीका सवालहरू विशेष संवेदनशील रहेकोले अपाङ्गता भएका बालिका किशोरी माथि हुन सक्ने हिंसा रोक्नका लागि आवश्यक पहल गर्नु पर्ने।

छ. अपाङ्गता भएका महिलाको अधिकारको सवालमा राष्ट्रिय महिला आयोगले आवश्यक अध्ययन र सिफारिस गर्नु पर्ने।

ज. राज्यका निकायहरूबाट लैङ्गिक तथा सामाजिक समावेशीमैत्री बजेट प्रणाली अवलम्बन गर्नु पर्ने।

झ. राज्यका सबै सेवा प्रदायक निकायमा सांकेतिक भाषा/दोभाषेको व्यवस्था हुनुपर्ने।

## कार्यक्रमको उपलब्धि :

क. अपाङ्गता भएका महिलाको क्षेत्रमा क्रियाशील आम सरोकारवालाहरू बिच अपाङ्गता भएका महिलाका विशेष सवालहरूलाई मूलप्रवाहीकरण गराउन सघन रूपमा छलफल भएको।

ख. राष्ट्रिय महिला आयोगमा पर्ने उजुरी अन्तर्गत पीडित पक्षलाई प्रवाह गर्ने सेवालाई अपाङ्गमैत्री बनाउने विषयमा नीतिगत सुझावहरू प्राप्त भएको।

ग. राष्ट्रिय महिला आयोगबाट अपाङ्गता भएका महिलाको अधिकार प्रवर्द्धन गर्ने सवालमा गरिएका प्रयासहरूको जानकारी आम सरोकारवालाहरू माझ गराउने अवसर प्राप्त भएको।

घ. विभिन्न तहका सरकारबाट अपाङ्गता भएका महिला माथि हुने हिंसाको निवारण र अपाङ्गता भएका महिलाको सशक्तीकरणमा गर्नु पर्ने प्रयासहरूबारे नीतिगत, सुझाव र सिफारिसको लागि सूचनाको आधार तय भएको।

ङ. विभिन्न तहका सरकारबाट अपाङ्गता भएका महिला माथि हुने हिंसाको निवारण र अपाङ्गता भएका महिलाको सशक्तीकरणमा गर्नु पर्ने प्रयासहरूबारे नीतिगत, सुझाव र सिफारिसको लागि सूचनाको आधार तय भएको।

## ६.१५ कार्यक्रमको नामः लैङ्गिक तथा यौनिक अल्पसंख्यकको सवालमा अन्तरक्रिया

### पृष्ठभूमि:

वर्तमान परिप्रेक्ष्यमा लैङ्गिक पहिचानलाई पनि मानव अधिकारको एक महत्त्वपूर्ण सवालको रूपमा ग्रहण गर्नु पर्ने विषयमा आवाजहरू उठ्न थालेका छन् । विशेष गरी लैङ्गिक तथा यौनिक अल्पसंख्यकका अधिकारको सवाल सर्वप्रथमतः पहिचानमै केन्द्रित रहेको छ । पहिचानको आधार भएपछि मात्र मर्यादित मानव जीवन जीउने हैसियत प्रत्येक मानवलाई प्राप्त हुने विषयमा लैङ्गिक तथा यौनिक अल्पसंख्यक व्यक्तिका अधिकारका सवाललाई समेत राष्ट्रिय महिला आयोगले सम्बोधन गर्दै आएको छ। कतिपय अवस्थामा महिला वा पुरुष बाहेक अन्य लैङ्गिक समुदाय भएकै कारण हिंसामा पर्नु परेको गुनासो तथा उजुरीहरू समेत राष्ट्रिय महिला आयोगमा पर्ने गरेको छ । यो अवस्थालाई ध्यानमा राख्दै लैङ्गिक तथा यौनिक अल्पसंख्यकका अधिकार सम्बन्धी विषयलाई सम्बोधन गर्न जिम्मेवार सञ्चारकर्मीहरू, गैरसरकारी संस्थाहरू, लैङ्गिक तथा यौनिक अल्पसंख्यकको क्षेत्रमा कार्यरत अभियन्ताहरू र सरकारी सेवा प्रदायक निकाय सहितको उपस्थितिमा यो अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ।

### उद्देश्य:

क. लैंङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायका समस्या तथा सवालहरू पहिचान गर्नु ।

ख. लैंङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायको सवालमा क्रियाशील संघसंस्था र निकाय बिच सहकार्यको वातावरण तय गर्नु।

ग. लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायका पहिचान र अधिकारबारे सचेतना, पैरवी गर्दै सेवामा पहुँचका अवसर लागि गर्नु पर्ने नीतिगत सिफारिसको लागि सूचना संकलन ।

कार्यक्रमको विवरणः

| कार्यक्रमको नेतृत्व गर्ने र टोलीमा सम्मिलित हुने पदाधिकारी | मिति | कार्यक्रम स्थान | प्रमुख अतिथि |
|---|---|---|---|
| माननीय अध्यक्ष कमला कुमारी पराजुलीको नेतृत्वमा<br>माननीय सदस्य कृष्ण कुमारी पौडेल खतिवडा<br>माननीय सदस्य विद्या कुमारी सिन्हा<br>माननीय सदस्य सावित्रा कुमारी शर्मा | २०८१।०२।३० | राष्ट्रिय महिला आयोग सभाहल | प्रतिनिधि सभाको महिला तथा सामाजिक मामिला समितिका सभापति माननीय किरण कुमार साह |

### प्राप्त सुझावहरूः

क. लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायका लागि सरकारी निकायमा मर्यादित भाष्यको प्रयोग सहित सबै किसिमका अत्यावश्यक सेवामा पहुँच स्थापित हुनुपर्ने ।

ख. लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायका लागि राज्यले सम्वोधन गर्न नसकेका विषयहरू पहिचान गरी कानूनमा नै आवश्यक व्यवस्था गरी सम्वोधन गर्नु पर्ने ।

ग. लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायका व्यक्तिहरूका लागि आरक्षणको व्यवस्था गरी राज्यका उपलब्ध अवसरहरूमा सहभागी गराउनु पर्ने ।

घ. लैङ्गिक तथा यौनिक अल्पसंख्यकको पहिचान, आत्मसम्मान, सुरक्षा र मानव अधिकार सम्बन्धी प्रवन्धको विषयमा LGBTIQ समुदायलाई विशेष सम्बोधन हुनु पर्ने ।

ङ. लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायको खेलकुदको क्षेत्रमा संभाव्यता रहेको हुँदा खेलकुद सम्बन्धी क्षमता विकासमा नीति र कार्यक्रमको व्यवस्था हुनु पर्ने ।

च. लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायका ज्येष्ठ नागरिकका लागि पनि राज्यको तर्फबाट दीर्घकालीन आश्रयस्थलका व्यवस्था हुनुपर्ने ।

छ. नागरिकता र राहदानी सहज रूपमा उपलब्ध हुने गरी प्रक्रिया निर्धारण गर्नु पर्ने ।

ज. लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायका व्यक्तिहरूमाथि हुने विभेदको अन्त्य गर्न विभिन्न सञ्चार माध्यमहरूको प्रयोग गरी प्रचार प्रसार गर्नु पर्ने ।

झ. लैङ्गिक मैत्री विद्यालय, कार्यालयहरू एवं कार्यस्थलहरूको व्यवस्था हुनु पर्ने ।

ञ. स्थानीय तहको कार्यपालिका कार्यालयहरूमा लैङ्गिक विभेद सम्वन्धी गुनासो सम्बोधन गर्न सहायता कक्ष स्थापना गर्नु पर्ने ।

ट. लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायमाथि अपशव्द र अपमानजनक भाष्य प्रयोग गर्नेहरू माथि कडा कारबाहीको व्यवस्था हुनु पर्ने ।

### उपलब्धि

क. लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायको विशेष समस्याहरू पहिचान भएको ।

ख. सरोकारवाला पक्षबाट लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायभित्र पनि महिला सम्बन्धी समस्याहरू र समाधानका उपायहरूको सिफारिस भएको ।

ग. लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायको सवालमा र महिलाको सवाल लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायसँग अन्तरसम्बन्धित रहेका विषयमा नीतिगत सिफारिसका लागि सूचनाको आधार तय भएको ।

## ६.१६ कार्यक्रमको नाम: ज्येष्ठ नागरिक माथि हुने अवहेलना, दुर्व्यवहार र हिंसा विरुद्ध ज्येष्ठ महिलाको सुरक्षाको सवालमा अन्तरक्रिया कार्यक्रम

### पृष्ठभूमि:

लैङ्गिक हिंसाका अधिकांश पीडितहरू महिला हुने गर्दछन् । यसमा पनि शारीरिक, मानसिक एवं कमजोर आर्थिक अवस्थाका कारण ज्येष्ठ महिलाहरू हिंसा दुर्व्यवहारमा परेको पाइन्छ । विशेषगरी ज्येष्ठ महिलाहरू माथि अवहेलना र दुर्व्यवहार आफ्नै परिवारका सदस्यबाट हुने गर्दछ । कतिपय अवस्थामा परिवारबाटै बहिष्करणमा पनि ज्येष्ठ नागरिकहरू पर्ने गरेको देखिन्छ । सार्वजनिक स्थलहरूमा समेत ज्येष्ठ नागरिकहरू अवहेलना र दुर्व्यवहारमा पर्ने गरेको देखिन्छ । परिवारबाट र समुदायबाट हुने ज्येष्ठ महिला माथिको अवहेलना र दुर्व्यवहारको रोकथाम कसरी हुन सक्छ भन्ने विषयमा छलफल गर्न यो कार्यक्रम सम्पन्न गरिएको हो । राज्यबाट प्रवाह गरिएको सामाजिक सुरक्षा सम्बन्धी व्यवस्थामा समीक्षा समेत यस कार्यक्रममा भयो र महत्त्वपूर्ण नीतिगत सुझावहरू समेत प्राप्त भएका छन् ।

### कार्यक्रमको उद्देश्य:

क. लैङ्गिक हिंसाका कारण ज्येष्ठ महिलाको शारीरिक तथा मानसिक स्वास्थ्यमा पर्ने नकारात्मक असर पहिचान गर्दै ज्येष्ठ महिला सामाजिक र मानवअधिकार सुरक्षाको सवालहरूलाई सम्बोधन गर्नु ।

ख. ज्येष्ठ महिलामाथि भइरहेको दुर्व्यवहार हिंसा रोकथामका लागि विभिन्न सरोकारवाला निकायसँग अन्तरक्रिया तथा छलफल गरी नीतिगत सिफारिसको आधार तय गर्नु ।

### कार्यक्रमको विवरण:

| कार्यक्रमको नेतृत्व गर्ने र टोलीमा सम्मिलित हुने पदाधिकारी | मिति | कार्यक्रम स्थान | प्रमुख अतिथि |
|---|---|---|---|
| माननीय अध्यक्ष कमला कुमारी पराजुलीको नेतृत्वमा<br>माननीय सदस्य कृष्ण कुमारी पौडेल खतिवडा<br>माननीय सदस्य विद्या कुमारी सिन्हा<br>माननीय सदस्य जया घिमिरे<br>माननीय सदस्य सावित्रा कुमारी शर्मा | २०८०।०६।१५ | राष्ट्रिय महिला आयोग सभाहल | माननीय महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री सुरेन्द्र आचार्य |

### कार्यक्रमबाट प्राप्त सुझावहरू:

क. उमेर अनुसार सामाजिक सुरक्षा भत्ता बढाउँदै लैजानु पर्ने ।

ख. ज्येष्ठ नागरिकमा भएको अनुभव, ज्ञान, क्षमता, सिप र प्रतिभाको सम्मान र कदर गर्न स्थानीय सरकारले सिप हस्तान्तरण तथा प्रतियोगितात्मक कार्यक्रमहरू सञ्चालन गर्नु पर्ने ।

ग. वडा कार्यालयहरूबाट ज्येष्ठ नागरिकलाई स्याहार गर्ने अभिमुखीकरण तालिमहरू सञ्चालन गर्नु पर्ने।

घ. व्यवसाय गर्न सक्ने, ज्येष्ठ नागरिकलाई सहुलियत पूर्ण ऋणको व्यवस्था गरी आयआर्जनको वातावरण दिने ।

ङ. अन्तरपुस्ता ज्ञान, अनुभव र सिप हस्तान्तरणका लागि उहाँहरूको नियमित भेटघाटका लागि सबै वडा/ टोलमा विश्रामस्थलैं पार्क, दिवासेवा केन्द्र स्थापना गर्नु पर्ने ।

च. ज्येष्ठ नागरिकलाई रोग प्रतिरोधात्मक क्षमता विकास गर्न समय समयमा खोप तथा पौष्टिक आहार वितरण गर्नु पर्ने ।

छ. प्रत्येक प्रदेशमा कम्तीमा पनि एउटा विशेष किसिमको ज्येष्ठ नागरिक ग्राम सञ्चालन गर्नु पर्ने ।

ज. सुपर मार्केटमा ज्येष्ठ नागारिक खण्ड छुट्याउन निजी क्षेत्रको ध्यानाकर्षण गराउनु पर्ने ।

झ. इच्छुक ज्येष्ठ नागरिकले औपचारिक अध्ययन गरी शैक्षिक योग्यता वृद्धि गर्न चाहेमा छात्रवृत्ति दिनु पर्ने ।

ञ. हिंसा पीडित ज्येष्ठ महिलाको न्यायको लागि न्यायिक निकाय/अदालतमा छिटो छरितो प्रक्रियाबाट न्याय निरूपण गर्ने व्यवस्था हुनु पर्ने ।

ट. सासु बुहारी/ आमा छोरीसँग सुमधुर सम्बन्ध राख्ने बुहारीको पहिचान गरी वडा कार्यालयबाट सम्मान गर्नु पर्ने ।

ठ. स्थानीय सरकारले अति विपन्न, सीमान्तकृत विपन्न ज्येष्ठ नागरिकलाई लत्ताकपडा पौष्टिक आहार, औषधी व्यवस्था गर्नु पर्ने ।

### कार्यक्रमको उपलब्धि :

क. ज्येष्ठ नागरिकका समस्याको पहिचान र सुनुवाई राष्ट्रिय महिला आयोगले गर्ने अवसर प्राप्त भएको ।

ख. ज्येष्ठ नागरिकका लागि गर्न पर्ने नीतिगत व्यवस्थाका लागि सिफारिस गर्ने आधार तय भएको ।

ग. अन्तर्राष्ट्रिय ज्येष्ठ नागरिक दिवसको औचित्य र सार्थकता पुष्टि भएको ।

## ६.१७ कार्यक्रमको नाम: महिला हिंसा निवारणका लागि सुरक्षा निकायसँग रणनीतिक योजना बैठक र अन्तरक्रिया कार्यक्रम

### पृष्ठभूमि:

विभिन्न किसिमका हिंसाबाट पीडित महिलाहरूको उजुरी लिने र न्यायको पहुँचमा पुर्‍याउन नेपाल प्रहरीले प्रभावकारी सेवा प्रवाह गर्दै आएको छ । हिंसामा परेका महिलाहरूलाई न्यायको पहुँचमा पुर्‍याउने उद्देश्यले नेपाल प्रहरीमा छुट्टै महिला, बालबालिका तथा ज्येष्ठ नागरिक महाशाखाको समेत व्यवस्था छ । त्यसरी जिल्ला जिल्लामा सोही अनुसार छुट्टै सेलको व्यवस्था छ । यसै सन्दर्भमा नेपाल प्रहरी अन्तर्गत देशभरि नै सञ्चालनमा रहेका महिला, वालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रवाट हिंसा पीडितहरूलाई सेवा प्रवाह हुँदै आएको छ । लक्षित वर्ग एकै किसिमको हुनाले सेवालाई थप प्रभावकारी बनाउन समन्वय, सहकार्य आवश्यक हुन्छ। राष्ट्रिय महिला आयोगको आयोजनामा नेपाल प्रहरी लगायत अन्य सुरक्षा निकायहरू, न्याय क्षेत्र, सञ्चारकर्मी, अधिकारकर्मी एवं प्रत्यक्ष सरोकार राख्ने सरकारी तथा गैरसरकारी सरोकारवाला निकायको उपस्थितिमा यस किसिमको रणनीतिक योजना बैठक र अन्तरक्रिया ७ वटै प्रदेशमा सम्पन्न भयो । यो बैठक र अन्तरक्रियाबाट बालिका, किशोरी र महिला सुरक्षाको सवालमा रणनीतिगत विषयवस्तुहरू पहिचान भई सोही विषयहरूमा आवश्यक समन्वय र सहकार्य गर्ने सम्बन्धमा छलफल र अन्तरक्रिया भयो ।

**कार्यक्रमको उद्देश्य:**

क. फरक फरक प्रदेश र जिल्लाको अवस्था अनुसार समस्याको पहिचान गर्नु ।

ख. सुरक्षा निकायसँग राष्ट्रिय महिला आयोगको सहकार्यका लागि रणनीतिगत सवालहरू पहिचान गर्नु

ग. लैङ्गिक हिंसा पीडितका लागि राष्ट्रिय महिला आयोगद्वारा प्रवाह भइरहेको सेवाको बारेमा सरोकारवालाहरूलाई जानकारी गराउँदै त्यसको थप प्रभावकारिताका लागि छलफल गर्ने ।

घ. लैङ्गिक हिंसा निवारणका लागि सुरक्षा व्यवस्थामा गर्नु पर्ने आवश्यक सुधारका विषयमा सरोकारवालाले गर्नु पर्ने सिफारिस गर्न सूचनाको आधार तय गर्नु ।

ङ. लैङ्गिक हिंसा निवारणको लागि सम्बन्धित सुरक्षा निकायका पदाधिकारीहरूबाट पृष्ठपोषण संकलन गर्नु ।

च. लैङ्गिक हिंसा निवारणको सम्बन्धमा रणनीतिक सवालहरू तयार गर्नु तथा सम्बन्धित निकायलाई सिफारिस गर्नु ।

छ. हिंसा पीडित बालिका, किशोरी, महिलाको उजुरी दर्ता, कारबाही प्रक्रिया र न्यायमा पहुँचका लागि आइपरेका बाधा, व्यवधान र चुनौतीहरूको पहिचान गरी आवश्यक समन्वय, सहकार्य र सुधारका लागि सिफारिस गर्नु ।

| क्र.स. | कार्यक्रमको नेतृत्व गर्ने र टोलीमा सम्मिलित हुने पदाधिकारी | मिति | कार्यक्रम स्थान |
|---|---|---|---|
| १. | माननीय अध्यक्ष कमला कुमारी पराजुली | २०८०।०८।२१ | सुर्खेत |
| २. | माननीय अध्यक्ष कमला कुमारी पराजुली | २०८०।०७।२१ | तनहुँ |
| ३. | माननीय अध्यक्ष कमला कुमारी पराजुली | २०८१।०२।२२ | अर्घाखाँची |
| ४. | माननीय सदस्य कृष्ण कुमारी पौडेल खतिवडा | २०८१।०२।२२ | मोरङ्ग |
| ५. | माननीय सदस्य विद्या कुमारी सिन्हा | २०८०।१२।२७ | महोत्तरी |
| ६. | माननीय सदस्य सावित्रा कुमारी शर्मा | २०८०।०७।२२ | धादिङ्ग |
| ७. | माननीय सदस्य सावित्रा कुमारी शर्मा | २०८१।०२।२२ | दार्चुला |

**प्राप्त सुझावहरू:**

अ. नीतिगत

क. Living together, Same Sex Relation मा भएका समस्या र हिंसालाई सम्बोधन र नियमन गर्न आवश्यक कानूनको निर्माण गर्नु पर्ने ।

ख. वैदेशिक रोजगारीका कारण सम्बन्ध विच्छेद बढेको र त्यसले घरेलु हिंसालाई समेत बृद्धि गरेकोले यस सम्बन्धमा आयोगले थप अध्ययन गरी त्यसमा सुधार र सचेतनाका लागि रणनीति बनाई पहल गर्नु पर्ने ।

आ. संस्थागत

क. स्थानीय तह सरकारले लैङ्गिक हिंसा विरुद्ध सचेतना र सशक्तीकरणको लागि पर्याप्त योजना हुनु पर्ने ।

ख. राष्ट्रिय महिला आयोगको अनुगमन तथा सिफारिस सम्बन्धी भूमिका थप प्रभावकारी हुनु पर्ने ।

ग. लैङ्गिक हिंसाको उजुरी दर्ता र कारबाहीलाई अदालतले फाष्ट ट्र्याकबाट सम्बोधन गर्नु पर्ने ।

इ. कार्यक्रमगत

क. लैङ्गिक हिंसाका बहुपक्षीय स्वरूपहरू पहिचान गरी हिंसा निवारणका उपायहरू अवलम्बन गर्नु पर्ने । लैङ्गिक हिंसाका घटनामा न्याय निरूपण गर्न सर्वप्रथमतः सेवा प्रवाह गर्ने निकायको बारेमा जानकारी दिन प्रचारप्रसार गर्नु पर्ने ।

ख. प्रहरी सेवामा लैङ्गिक अभिमुखीकरण सहित क्षमता अभिवृद्धि गरी पीडितमैत्री सेवा प्रवाहमा उन्मुख गराउनु पर्ने ।

ग. महिलाहरूलाई अनुसन्धानको क्रममा थुनामा राख्दा आवश्यक लैङ्गिकमैत्री सुरक्षा व्यवस्था हुनुपर्ने,

घ. सामाजिक सञ्जालका कारण किशोरीहरू बढी हिंसामा परेको हुँदा यसको समस्या निवारणका उपाय सहित नियमनको व्यवस्था र सबै सरोकारवाला पक्षहरूबाट जनचेतनामूलक कार्यक्रमहरू समुदायस्तरमा सञ्चालन गर्नु पर्ने ।

ङ. मनोसामाजिक समस्या र आत्महत्याको दर बढ्दो क्रममा रहेकोले यस विषयमा थप अध्ययन गरी मानसिक स्वास्थ्य सम्बन्धी सचेतना सहित आत्महत्या न्यूनीकरणका उपायहरू अवलम्बन गर्नु पर्ने,

च. महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा खटिने कर्मचारीहरूलाई लैङ्गिक अभिमुखीकरण सहित क्षमता विकास र उत्प्रेरणामूलक तालिम र शिक्षाको व्यवस्था गर्नु पर्ने ।

छ. लैङ्गिक हिंसाका घटनालाई सम्बोधन गर्ने र त्यसको न्याय निरूपण गर्ने निकायहरूको बारेमा समुदायस्तरमा प्रचार प्रसार गर्नु पर्ने,

ई. आचरणगत

सेवा प्रदायक सरकारी संरचना र कर्मचारीका सौँच, व्यवहार र कार्यशैली लैङ्गिकमैत्री/पीडितमैत्री हुनुपर्ने ।

### कार्यक्रमको उपलब्धि

क. लैङ्गिक हिंसाका सवालहरू र हिंसाका मुख्य कारक तत्त्वहरू पहिचान भएको ।

ख. लैङ्गिकहिंसाको निवारणका लागि सरोकारवालाहरूको भूमिका स्पष्ट किटान भएको ।

ग. लैङ्गिक हिंसाको सन्दर्भमा रणनीतिगत सवालहरू पहिचान भई जिम्मेवारी समेत स्पष्ट किटान गरिएको र सोही बमोजिम जिम्मेवार निकायहरू कार्यान्वयन गर्नमा सहमत भएको ।

घ. सुरक्षा निकायहरूले महिला सुरक्षा सम्बन्धी सेवालाई थप प्रभावकारी बनाउने विषयमा प्रतिबद्धता जाहेर गर्दै सुरक्षाको विद्यमान व्यवस्था र गर्नु पर्ने सुधारका लागि जानकारी गराएको ।

ङ. लैङ्गिक हिंसाको न्यूनीकरण र पीडितलाई न्याय प्रदान गर्ने कार्यमा राष्ट्रिय महिला आयोग र सुरक्षा निकायको समन्वय र सहकार्य सम्बन्धमा स्पष्टता भएको ।

च. राष्ट्रिय महिला आयोगको संविधान प्रदत्त काम, कर्तव्य र आधिकार तथा सेवा प्रवाहको मौजुदा व्यवस्थाको विषयमा सुरक्षा निकाय र आम सरोकारवालाहरूमा जानकारी गराउने र प्रचार प्रसारका लागि अनुरोध गर्ने पृष्ठभूमि प्राप्त भएको ।

छ. जिल्लामा लैङ्गिक हिंसालाई प्रभावकारी सम्बोधन, अनुगमन, र न्यायमा सबलीकरणका लागि लैङ्गिक सम्पर्क इकाईको आवश्यकता पहिचान भएको ।

ज. सरकारको तर्फबाट लैङ्गिक हिंसा निवारण गर्न तथा पहुँचमा पुऱ्याउने सवालमा गर्नु पर्ने सुधार र थप उपायहरूको विषयमा नीतिगत तथा कार्यगत सुधारका लागि आवश्यक सूचनाको आधार तय भएको ।

झ. महिला हिंसाको मुख्य-मुख्य कारणको पहिचान तथा तिनलाई निवारण गर्न प्रहरीद्वारा अवलम्बन गरिएको असल अभ्यासको बारेमा सबै सरोकारवाला सेवा प्रदायक समक्ष जानकारी भएको ।

ञ. लैङ्गिक हिंसा बढ्न नदिन सुरक्षा निकाय तथा सरोकारवाला निकायको भूमिका कस्तो रहने भन्ने सम्बन्धमा छलफल र पृष्ठपोषण भएको ।

## ६.१८ कार्यक्रमको नामः विद्यालयस्तरमा हुने लैङ्गिक हिंसा निवारणको सम्बन्धमा शिक्षक, विद्यार्थी र विद्यालय व्यवस्थापनका पदाधिकारीसँगको अभिमुखीकरण

### पृष्ठभूमिः

विद्यालयस्तरमा लैङ्गिक हिंसा सम्बन्धी सचेतनाका साथै अभिमुखीकरण गर्नका निम्ति विद्यार्थी, शिक्षक तथा विद्यालय व्यवस्थापन समितिका पदाधिकारीलाई संयुक्त रूपमा राखी कार्यक्रम गर्नु यस कार्यक्रमको मुख्य आशय हो। साथै लैङ्गिक हिंसा घर, विद्यालय तथा राष्ट्रबाटै अन्त्य गर्न एवं महिला र पुरुषबीचको समानतामा रहेको खाडल निर्मूलीकरण गर्न पहल गर्ने अभियानको रूपमा यो कार्यक्रम सञ्चालन गरिएको हो ।

**उद्देश्य:**

क. समुदाय र विद्यालयमा लैङ्गिक हिंसा विरुद्ध सचेतना र अभिमुखीकरण गर्नु ।

ख. विद्यालयस्तरमा हुने हिंसाको अवस्था पहिचान गर्नु ।

ग. विद्यालयमा हुन सक्ने लैङ्गिक हिंसाको जोखिपूर्ण कारक तत्त्वहरू र निवारणका उपायहरूबारे विद्यालयका सरोकारवालाहरूसँग अन्तरक्रिया गरी संवेदशीलताबारे महशुसीकरण गराउनु ।

घ. राष्ट्रिय महिला आयोगद्वारा लैङ्गिक हिंसाको निवारण र पीडितलाई न्यायको पहुँचमा हालसम्म भएको प्रयासहरूबारे विद्यालयसँग सम्बन्धित सरोकारवालाहरूसँग छलफल गर्नु ।

ङ. विद्यालयमा हुन सक्ने लैङ्गिक हिंसा अन्त्य गर्न राष्ट्रिय महिला आयोग र अन्य सेवा प्रदायक निकायहरूको के-कस्तो भूमिका हुन सक्छ भन्ने विषयमा विद्यार्थी, शिक्षक तथा व्यवस्थापन समितिका पदाधिकारीहरूबाट जानकारी तथा पृष्ठपोषण प्राप्त गर्नु र समन्वयका माध्यमहरूबाट पहिचान गर्नु ।

च. विद्यालयलाई लैङ्गिक हिंसा विरुद्ध अभिमुखीकरण अभियानका लागि प्रेरित गर्नु ।

छ. बाल अवस्थामा हुने दुर्व्यवहार र हिंसाको बारेमा विद्यालय एवं विद्यालय व्यवस्थापन समितिलाई सुसूचित गरी रोकथामका उपायहरूबारे छलफल गराई त्यसको पहल गर्न प्रेरित गर्नु ।

**कार्यक्रमको विवरण:**

| क.स. | कार्यक्रमको नेतृत्व गर्ने र टोलीमा सम्मिलित हुने पदाधिकारी | मिति | कार्यक्रम स्थान |
|---|---|---|---|
| १. | माननीय अध्यक्ष कमलाकुमारी पराजुली | २०८१।०२।२४ | पाल्पा |
| २. | माननीय अध्यक्ष कमला कुमारी पराजुलीको नेतृत्वमा<br>माननीय सदस्य सावित्रा कुमारी शर्मा | २०८१।०१।०७ | जाजरकोट |
| ३. | माननीय सदस्य कृष्णकुमारी पौडेल खतिवडा | २०८१।०२।०९ | स्याङ्जा |
| ४. | माननीय सदस्य कृष्ण कुमारी पौडेल खतिवडा | २०८०।०८।१९ | इलाम |
| ५. | माननीय सदस्य कृष्ण कुमारी पौडेल खतिवडा | २०८०।०८।०८ | रामेछाप |
| ६. | माननीय सदस्य विद्या कुमारी सिन्हा | २०८१।०२।१४ | रौतहट |
| ७. | माननीय सदस्य सावित्रा कुमारी शर्मा | २०८१।०२।१५ | बझाङ्ग |

**प्राप्त सुझावहरू:**

क. देशमा मौजुदा बालबालिकाको संरक्षण सम्बन्धी संयन्त्रहरूको संस्थागत व्यवस्थामा थप सुधार गरी संरक्षण सम्बन्धी सेवालाई प्रभावकारी बनाउनु पर्ने ।

ख. नेपालमा समग्र बालबालिकाका संरक्षणका सवालहरूको स्थिति विश्लेषण गरी सुधारका उपायहरू पहिचान गर्नु पर्ने ।

ग. शैक्षिक संस्थामा हुन सक्ने लैङ्गक हिंसाका जोखिम पहिचान गर्न विद्यालयका सरोकारवालाहरूमाफ सर्वेक्षण गर्नु पर्ने ।

घ. विद्यार्थीलाई अभद्र व्यवहार गर्ने शिक्षकलाई यथाशीघ्र कानूनको दायरामा ल्याउनु पर्ने ।

ङ. बाल सञ्जाील तथा समुदायमा आधारित किशोर किशोरी सञ्जाकलको प्रवर्द्धनमा राज्यको पर्याप्त लगानी हुनु पर्ने ।

च. नैतिक शिक्षा प्रवाह गर्ने किसिमको पाठ्यक्रम राष्ट्रिय रूपमा नै तय गर्नु पर्ने ।

छ. अभिभावकहरू किशोर किशोरीले लगाउने पहिरन प्रति सचेत हुनु पर्ने ।

ज. विद्यालय व्यवस्थापन समितिले शिक्षकका व्यवहारहरू विद्यार्थी प्रति मर्यादित भए नभएको अनुगमन गर्नु पर्ने ।

झ. विद्यालयमा शिक्षकहरूको राजनीतिक आस्था र अभिभावकको पृष्ठभूमिको आधारमा हुन सक्ने विधार्थीमाथिको विभेदको अन्त्य गर्न विद्यालयलाई राजनीतिक प्रतिशोधमुक्त राख्नु पर्ने ।

ञ. विद्यालयमा बालक्लवहरू गठन गरी प्रभावकारी परिचालन गर्न स्थानीय तहको महिला, बालबालिका शाखाको सक्रियता चाहिने ।

**कार्यक्रमको उपलब्धि :**

क. विद्यालय तहका पाठ्यपुस्तकमा यौन तथा प्रजनन स्वास्थ्य शिक्षा र लैङ्गिक हिंसा जस्ता विषयहरू समावेश गरी अध्यापन गराउनु पर्ने देखिएको ।

ख. विद्यालयस्तरमा हुने हिंसाहरू जस्तै कुटपिटको कारण हुने हिंसा, यौनजन्य हिंसा, हानिकारक अभ्यासले निम्त्याएको हिंसा, किशोरीहरूलाई छोएर गरिने हिंसा आदिको यथार्थ अवस्थाबारे जानकारी प्राप्त भएको ।

ग. विद्यालयस्तरमा हुने हिंसा निवारण गर्न विभिन्न सरोकारवाला निकायहरूबिच छलफल भई सो को निराकरणका लागि सुझावहरू आदन प्रदान भएको ।

घ. आयोगले नेपाल सरकारसमक्ष उपयुक्त नीति निर्माणका लागि सुझाव दिन र सिफारिस गर्न सहयोग पुगेको ।

ङ. विद्यालयका शिक्षक, विद्यार्थी तथा अभिभावकहरूले महिला हिंसा तथा घरेलु हिंसा रोकथाम तथा निवारणका लागि सबै एकजुट भएर समन्वय र सहकार्य गर्दै अघि बढ्नु पर्ने कुरामा जानकार भएको ।

च. महिला हिंसा भएमा उजुरी गर्ने निकायका रूपमा राष्ट्रिय महिला आयोगमा रहेको खबर गरौँ ११४५ का बारेमा सरोकारवालाहरूलाई जानकारी भएको ।

छ. विद्यालयमा हुन सक्ने हिंसाको जोखिम र विद्यालयलाई लैङ्गिक हिंसा मुक्त राख्न सरोकारवालाहरूले निर्वाह गर्नु पर्ने भूमिकाको विषयमा विद्यालयका शिक्षक, विद्यार्थी र विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरूलाई अभिमुखीकरण गर्ने अवसर प्राप्त भएको ।

ज. विद्यालयलाई हिंसामुक्त राख्ने अभियानलाई प्रभावकारी बनाउन राष्ट्रिय महिला आयोगले अब गर्नु पर्ने नीतिगत/कार्यगत सिफारिस र अन्य प्रयासहरूको लागि विद्यालयकै प्रत्येक सरोकारवालाहरूबाट रचनात्मक सुझावहरू प्राप्त भएको ।

झ. राष्ट्रिय महिला आयोगको काम, कर्तव्य बारे सरोकारवालालाई जानकारी गराउने अवसर प्राप्त भएको ।

ञ. विद्यालय क्षेत्रको व्यवस्थापन सम्बन्धमा सरोकारवालालाई जानकारी प्राप्त भएको ।

## ६.१९ कार्यक्रमको नामः राष्ट्रिय महिला आयोगको स्थापना दिवस, उत्कृष्ट नारी सम्मान तथा उत्कृष्ट कर्मचारी सम्मान कार्यक्रम

**पृष्ठभूमिः**

सन् १९९५ को चौथो विश्व महिला सम्मेलनको बेइजिङ्ग घोषणा पत्रले अधिकार सम्पन्न स्वतन्त्र संस्थाबाट महिलाको हकहित र अधिकारको संरक्षण र संवर्द्धनका लागि प्रयास गर्नु पर्ने दायित्व सरकारको हुने भन्ने उल्लेख गरे अनुरूप २०५८ साल फागुन २३ गते (७ मार्च २००२) मा तत्कालीन नेपाल सरकार मन्त्रिपरिषदको निर्णयबाट राष्ट्रिय महिला आयोग गठन भएको यस दिनलाई राष्ट्रिय महिला आयोगको स्थापना दिवसको रूपमा मनाउने गरिएको छ । यस वर्ष पनि संवत २०८० साल फागुन ३० गतेका दिन राष्ट्रिय महिला आयोगमा उत्कृष्ट कार्य सम्पादन गर्ने कर्मचारीलाई सम्मान महिलाको क्षेत्रमा महत्त्वपूर्ण योगदान पुऱ्याउने व्यक्ति तथा संस्थाहरूलाई सम्मानका कार्यक्रम सहित एक दिवसीय कार्यक्रम अत्यन्त प्रभावकारी ढंगले सम्पन्न गरिएको छ ।

**कार्यक्रमको उद्देश्यः**

क. राष्ट्रिय महिला आयोगको आवश्यकता महत्त्व र गरिमालाई सम्मान गर्नु ।

ख. राष्ट्रिय महिला आयोगमा उत्कृष्ट कार्य सम्पादन गर्ने विभिन्न जिम्मेवारीका कर्मचारीहरू र महिला अधिकारको क्षेत्रका अभियन्तालाई सम्मान गर्नु ।

### कार्यक्रमको विवरण:

| कार्यक्रमको नेतृत्व गर्ने र टोलीमा सम्मिलित हुने पदाधिकारी | मिति | कार्यक्रम स्थान | प्रमुख अतिथि |
|---|---|---|---|
| माननीय अध्यक्ष कमला कुमारी पराजुलीको नेतृत्वमा<br>माननीय सदस्य कृष्ण कुमारी पौडेल खतिवडा<br>माननीय सदस्य विद्या कुमारी सिन्हा<br>माननीय सदस्य सावित्रा कुमारी शर्मा | २०८०।११।२३ | राष्ट्रिय महिला आयोग | विशेष अतिथिको रुपमा प्रतिनिधिसभाका उपसभामुख माननीय इन्दिरा राना |

### कार्यक्रमको उपलब्धि:

क. राष्ट्रिय महिला आयोगको स्थापना दिवसलाई राष्ट्रका विशिष्ट व्यक्तिहरूको उपस्थितिमा औपचारिक कार्यक्रम गरी मनाइएको।

ख. राष्ट्रिय महिला आयोगमा उत्कृष्ट कार्य सम्पादन गर्ने विभिन्न पद र भूमिकाका कर्मचारीहरू तथा महिलाको क्षेत्रमा विशेष योगदान पुऱ्याउने व्यक्तिहरूलाई गरिएको सम्मानबाट निजहरू आफ्नो जिम्मेवारी र अभियानमा अझै समर्पित हुन सक्ने अपेक्षा रहेको।

## ६.२० आयोगबाट यस आर्थिक वर्षमा सहकार्यमा गरिएका कार्यक्रम:

### कार्यक्रमको नाम: प्रविधिमा महिला सुरक्षा सम्बन्धी नीतिगत अन्तरक्रिया कार्यक्रम

राष्ट्रिय महिला आयोगको आयोजनामा विविसी मिडिया एक्सन नेपाल (BBC Media Action Nepal) संगको सहकार्यमा २०८०।११।१७ गते आयोगका माननीय अध्यक्ष कमला कुमारी पराजुलीको अध्यक्षतामा माननीय सूचना तथा सञ्चारमन्त्री रेखा शर्माज्यूको प्रमुख आथित्यतामा प्रविधि माथिको पहुँच, आवश्यकता र सुरक्षाको विषयमा विषय विज्ञहरूको प्रस्ताव सहित केन्द्रीयस्तरको “प्रविधिमा महिला सुरक्षा” विषयमा नीतिगत छलफल कार्यक्रम सम्पन्न भयो।

## खण्ड 'ख'

## अध्ययन अनुसन्धान

### ६.२१ स्थानीय सरकारको निर्णय महिला उपप्रमुखको प्रभावः सहभागिता र चुनौतीहरू सम्बन्धी अध्ययन

**पृष्ठभूमिः**

देश संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था सहित तीन तहको शासकीय संरचनामा रूपान्तरण भएपछि स्थानीय तहहरूमा महिला सशक्तीकरण र लैङ्गिक हिंसा निवारणका सवालमा महत्त्वपूर्ण जिम्मेवारी रहेको छ। स्थानीय तहहरूका जम्मा उपप्रमुखहरू मध्ये ७३.२% महिला रहेको र महिला उपप्रमुखहरूको भूमिकालाई न्यायिक समितिको संयोजकको रूपमा महत्त्वपूर्ण भूमिका स्थापित गरिएको छ। यसै गरी बजेट समिति तथा अनुगमन समितिको नेतृत्व समेत उपप्रमुखले हुने गरी कानूनमा व्यवस्था गरिएको छ। सामाजिक क्षेत्रको सहजीकरण र सवलीकरण गर्दै सीमान्तकृत क्षेत्रको नागरिकको सशक्तीकरणको भूमिका समेत उपप्रमुखबाट हुने व्यवस्था मिलाइएको छ।यस किसिमको व्यवस्थाहरू हुँदा हुँदै पनि स्थानीय तहका उपप्रमुखहरूको अर्थपूर्ण सहभागिता नभएको विषयमा राष्ट्रिय महिला आयोगले पृष्ठपोषणकारी तथा सिफारिसकर्ताको भूमिकालाई प्रभावकारी बनाउँदै स्थानीय तहमा महिला उपप्रमुखहरूको अर्थपूर्ण नेतृत्व अभिवृद्धि गर्नका लागि आवश्यक पहल गर्नु पर्ने भएकोले यो अध्ययन गरिएको छ।

**अध्ययनको औचित्य**

नेपालको संविधान २०७२ ले देशलाई संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासकीय व्यवस्थामा रूपान्तरण गरेको छ। यस व्यवस्थाले स्थानीय तहलाई बलियो कार्यकारी भूमिका प्रदान गरेको छ। महिला उपप्रमुखको प्रभाव स्थानीय तहमा के कस्तो छ भन्ने अवस्थाको परिदृष्यमा स्पष्ट हुने मुख्य उद्देश्यसहित यो अध्ययन गरिएकोमा यस अध्ययनका विशिष्टीकृत उद्देश्यहरू देहाय बमोजिम रहेका छन्।

१. महिला उपप्रमुखहरूले स्थानीय सरकारको निर्णय प्रक्रियामा आफ्नो भूमिकालाई कसरी प्रस्तुत गरिरहनु भन्ने अवस्थाको तथ्य प्राप्त गर्नु।

२. महिला उपपप्रमुखहरूको निर्णय प्रक्रियामा के कस्ता तत्त्वले सहयोग वा अवरोध गरेका छन् र उपप्रमुखको निर्णय प्रक्रियामा सहयोगी र अवरोधक तत्त्वहरूको अन्तरसम्बन्धको अवस्था आंकलन गरी सहयोगी तत्त्व प्रवर्द्धन गर्न आयोगबाट सिफारिस गर्ने आधार तय गर्नु।

३. निर्णय प्रक्रियामा महिला उपप्रमुखहरूले झेल्नु परेका चुनौतीहरू आंकलन गर्दै यस्ता चुनौतीहरू समाधान गर्ने उपायहरू पहिचान गर्नु।

**सुझावहरू**

यस अध्ययनमा कोशी प्रदेशको स्थानीय सरकारका महिला उप-प्रमुखहरूले निर्णय प्रक्रियामा पार्न खोजेको प्रभाव र सामना गरेका बहुपक्षीय चुनौतीहरू तथा अवसरहरूको विश्लेषण गर्दै यसका आधारमा विभिन्न सुझावहरू प्रस्तुत गरिएको छ। यी सुझावहरूले अध्ययनबाट पहिचान गरिएका चुनौतीहरूको समाधान गर्न र महिला उप-प्रमुखहरूको भूमिकालाई सशक्त बनाउन सहयोग पुऱ्याउँछन्। संघीय, प्रादेशिक र स्थानीय सरकारका निकायहरू जस्तै राष्ट्रिय महिला आयोग, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, सामाजिक विकास मन्त्रालय (प्रदेश) र स्थानीय सरकारहरूले यी सुझावहरूलाई लैङ्गिकमैत्री स्थानीय शासनको लागि कार्यान्वयन गर्न सक्छन्। सुझावहरू देहाय बमोजिम रहेका छन्ः

क) नीतिगत र कानूनी सुझावहरू

१. लैङ्गिक-संवेदनशील नीतिहरू तर्जुमा र कार्यान्वयन गर्ने ।

२. महिला उप-प्रमुखको भूमिका, जिम्मेवारी र अधिकारलाई स्पष्ट रूपले परिभाषित गर्ने ।

३. महिला उप-प्रमुखको बजेटसम्बन्धी भूमिका अभिवृद्धि गर्न कानूनी प्रारूपको समीक्षा र संशोधन गर्ने ।

४. स्थानीय सरकारको संरचनाभित्र अधिकार प्रत्यायोजन गर्ने ।

५. स्थानीय सरकारका लागि व्यापक द्वन्द्व व्यवस्थापन ढाँचा विकास गर्ने ।

६. पारदर्शी एजेन्डा साझेदारी र सूचना सम्प्रेषण सुनिश्चित गर्ने ।

ख) संरचनात्मक सुझावहरू

१. उत्तरदायित्व र लैङ्गिक मूलप्रवाहीकरणको लागि सशक्त संयन्त्र स्थापना गर्ने ।

२. संस्थागत सुधारका माध्यमबाट समावेशी निर्णय प्रक्रियाको संस्कृति प्रवर्द्धन गर्ने ।

३. जवाफदेही र निगरानीका उपाय सशक्त बनाउने ।

४. अन्तर-दल सहकार्य र सहमति निर्माणलाई प्रवर्द्धन गर्ने संयन्त्र स्थापना गर्ने ।

५. महिला उप-प्रमुखहरूको लागि समर्पित सहायता संरचनाहरू स्थापना गर्ने ।

६. नेतृत्वमा अग्रगमन र राजनैतिक सशक्तीकरणको लागि संरचनागत मार्ग स्थापना गर्ने ।

ग) व्यवहारगत सुझावहरू

१. पालिका प्रमुख र महिला उप-प्रमुखहरू बिच सहयोग र साझा जिम्मेवारी प्रवर्द्धन गर्ने ।

२. स्थानीय सरकारहरूमा संस्थागत संस्कृतिको रूपान्तरण गर्ने ।

३. विविध दृष्टिकोण र बिचारलाई सम्मान गर्ने वातावरण तयार गर्ने ।

४. प्रशासनिक कर्मचारीभित्र निष्पक्ष र सहयोगी संस्कृति प्रवर्द्धन गर्ने ।

५. महिला उप-प्रमुखहरूको लागि नेतृत्व विकास कार्यक्रम सञ्चालन गर्ने ।

६. महिला उप-प्रमुखहरूको लागि क्षमता अभिवृद्धि कार्यक्रम लागू गर्ने ।

## ६.२२ वैदेशिक रोजगारीमा संलग्न महिलाहरूको अवस्था, चुनौती र जोखिम पक्षसम्बन्धी अनुसन्धान

### पृष्ठभूमि:

नेपालको सामाजिक आन्दोलन, राज्यको शिक्षा, स्वास्थ्य, लैङ्गिक समानताजस्ता मुद्दामा क्रमिक रूपमा कार्यक्रमहरू प्राथमिकतामा पर्नाले र अर्कोतर्फ समाजमा विद्यमान असमानता, विभेद, लैङ्गिक हिंसा र बेरोजगारी लगायतका कारणले महिलाहरूमा समेत वैदेशिक रोजगारीमा आकर्षण र चासो बढी उल्लेख्य रूपमा देखिन्छ । एकातर्फ महिलाहरू खुला अर्थतन्त्रसँगसँगै रोजगारी र वैदेशिक रोजगारीमा प्रवेश गर्ने क्रम बढ्नु र अर्कोतर्फ कमजोर सामाजिक र नीतिगत व्यवस्था तथा समाज र विशेषतः राज्यको महिलाप्रति हेर्ने संरक्षणवादी दृष्टिकोणले गर्दा गैरकानूनी ढङ्गबाट उनीहरू बिदेसिने क्रम बढ्दै जाँदा महिलामाथि हुने हिंसा बढ्ने गरेको देखिन्छ । तसर्थ कामका सिलसिलामा बिदेसिएका, बिदेसिने क्रममा रहेका र विदेशमा काम गरी नेपाल फर्केका महिला तथा तिनका परिवारहरूसँग छलफल गरी कसरी महिलाहरूको वैदेशिक रोजगारीको अवस्थालाई अझ सहज र सुरक्षित बनाउन सकिन्छ भन्ने विषयमा आवश्यक अध्ययन र अनुसन्धान गरी यस क्षेत्रमा आगामी दिनका निम्ति नेपाल सरकारलाई सुझाव प्रदान गर्ने उद्देश्यका साथ त्रिभुवन विश्वविद्यालयसँगको समन्वयमा राष्ट्रिय महिला आयोगद्वारा यो अध्ययन सम्पन्न गरिएको हो ।

**अध्ययनको उद्देश्य:**

वैदेशिक रोजगारीमा संलग्न महिलाहरूको अवस्था, समस्या, चुनौती र जोखिम पक्षको अध्ययन तथा अनुसन्धान गरी सो क्षेत्रको प्रभावकारी सञ्चालन तथा व्यवस्थापनका लागि आगामी दिनमा चाल्नुपर्ने कदमका बारेमा पृष्ठपोषण उपलब्ध गराउनु यसको समग्र उद्देश्य रहेको छ भने यसका मुख्य मुख्य उद्देश्यहरूलाई निम्न प्रकारले उल्लेख गरिएका छन् ः

क. वैदेशिक रोजगारीमा संलग्न महिलाहरूका लागि विद्यमान नीति, कानून तथा कार्यक्रमहरूको अध्ययन गरी नीतिगत खाडल तथा अन्तर पत्ता लगाउनु,

ख. वैदेशिक रोजगारीमा रहेका महिलाहरूको अवस्था, समस्या, चुनौतीका बारेमा जानकारी प्राप्त गरी सोका लागि आगामी दिनमा चाल्नु पर्ने कदमका बारेमा जानकारी प्राप्त गर्नु,

ग. अध्ययनबाट आएका उपलब्धिको आधारमा वस्तुनिष्ठ र कार्यान्वयन योग्य सुझाव सहितको पूर्ण प्रतिवेदन तयार गर्नु ।

**अध्ययनबाट प्राप्त सुझावहरू :**

क. महिला केन्द्रित नयाँ नीति निर्माण र मौजुदा नीति कार्यान्वयन गर्नु पर्ने ।

ख. वैदेशिक रोजगारी व्यवस्थित गर्ने सम्बन्धमा बनेका सबै कानूनहरूको पूर्ण कार्यान्वयन गर्नु पर्ने ।

ग. वैदेशिक रोजगारीलाई सुरक्षित र मर्यादित बनाउन पर्याप्त शिक्षा र चेतनाको अभिवृद्धि गर्नु पर्ने ।

घ. महिलाको वैदेशिक रोजगारीको विकल्पको रूपमा आन्तरिक रोजगारी सृजनाका पर्याप्त अवसरहरू सृजना गर्नु पर्ने ।

ङ. विदेशबाट फर्किएका महिलाको सामाजिक मर्यादा उच्च राख्न नागरिक समाजको दृष्टिकोणमा सुधारका लागि सामाजिक अभियानहरू सञ्चालन गर्नु पर्ने ।

च. महिलाको मर्यादित र व्यवस्थित वैदेशिक रोजगारीको लागि पुरुषको समर्थन र सहभागिता अपरिहार्य रहेकोले पुरुषहरूको सहकार्य र संलग्नता अभिवृद्धि गर्न अभियानहरू सञ्चालन गर्नु पर्ने ।

## ६.२३ जबरजस्ती करणी र यौनजन्य दुर्व्यवहारको वर्तमान अवस्था, त्यसका कारण र असरहरूबारे अध्ययन

**पृष्ठभूमि:**

समग्र नेपाली महिलाको हकहित र अधिकारलाई संरक्षण र संवद्धन गर्दै महिला सशक्तीकरण गर्न तथा महिला विरुद्ध हुने सबै प्रकार का भेदभावलाई निर्मूल गरी लैङ्गिक न्याय सुनिश्चित गर्न सघाउ पुर्‍याउन राष्ट्रिय महिला आयोग स्थापनाकाल देखि नै कृयाशिल हुदै आएको छ। नेपालको संविधानले निर्दिष्ट गरेको काम, कर्तव्य र अधिकारबमोजिम राष्ट्रिय महिला आयोगको काम, कर्तव्य मध्ये "लैङ्गिक समानता, महिला सशक्तीकरण तथा महिलासँग सम्बन्धित कानूनी व्यवस्थाको अध्ययन अनुसन्धान गरी त्यस्ता कानूनमा गर्नु पर्ने सुधारका सम्बन्धमा सम्बन्धित निकायलाई सिफारिस गर्ने र त्यसको अनुगमन गर्ने" एक रहेको छ। त्यसैगरी राष्ट्रिय महिला आयोग नियामावली, २०७८ ले लैङ्गिक हिंसा, विभेद, दुर्व्यवहार, सामाजिक कुरीति आदिलाई नियन्त्रण गर्ने सन्दर्भमा विभिन्न योजना तथा कार्यक्रम तयार गरी कार्यन्वयनको लागि नेपाल सरकार लगायत विभिन्न निकायमा सिफारिस गर्ने व्यवस्था छ। यसै सन्दर्भमा जबरजस्ती करणी र यौनजन्य दुर्व्यवहारको समसामयिक अवस्था, कानूनी प्रावधान र यसमा गरिनु पर्ने समसामयिक परिवर्तनका बारेमा कार्यान्वयन गर्न सकिने सुझाव दिनु पनि यस आयोगको कर्तव्य हुन आउँछ।

**अध्ययनको उद्देश्य:**

जबरजस्ती करणी तथा यौनजन्य दुर्व्यवहारको वर्तमान अवस्थाको कारण र यसका असर तथा निवारणका उपायहरू पत्ता लगाउनु यस अध्ययनको मुख्य उद्देश्य रहेको छ भने अन्य उद्देश्यहरू देहाय बमोजिम रहेका छन्।

(क) जबरजस्ती करणी तथा यौनजन्य दुर्व्यवहारको कारण र त्यसबाट पीडित महिलामा परेको सामाजिक तथा मानसिक असर हरूको विश्लेषण गर्नु ।

(ख) जबरजस्ती करणी तथा यौनजन्य दुर्व्यवहारका पीडित र पीडक दुवै पक्षको उमेरगत संरचना, भौगोलिक, शैक्षिक र आर्थिक अवस्थाको विश्लेषण गर्नु ।

(ग) जबरजस्ती करणी तथा यौनजन्य दुर्व्यवहारका घटनाको निराकरणका लागि अपनाउनु पर्ने ठोस उपायहरू पहिचान गरी कार्यान्वयन योग्य सुझावहरू पेश गर्नु ।

## अध्ययनबाट प्राप्त सुझावहरू:

जबरजस्ती करणी र यौनजन्य दुर्व्यवहारका घटनाको न्यूनीकरण र निराकरण गर्न कुनै एक मात्रै निकायको प्रयासले सम्भव नहुने देखिन्छ । यसमा संघीय सरकारका मन्त्रालयहरू जस्तै महिला, बालबालिका तथा ज्येष्ठ नागरिक, गृह, शिक्षा तथा प्रविधि, कानून तथा न्याय देखि कार्यान्वयन तहको पुलिस प्रशासन, न्यायालय, शैक्षिक निकाय, स्वास्थ्य सेवाका निकाय, नागरिक समाज र महिला सञ्जाल सबैको समान भूमिका हुने देखिन्छ । त्यसमा पनि तीनै तहका सरकारका निकायको भूमिका अहं रहने हुन्छ । यो अध्ययनको निष्कर्षका आधारमा राष्ट्रिय महिला आयोगले सम्बन्धित निकायमा महिला माथि हुने यौनजन्य दुर्व्यवहार र जबरजस्ती करणी जस्ता सामाजिक कुरीतिका विरुद्ध काम गर्न निम्न अनुसारका विषयमा पहल गर्नु पर्ने सुझाव तय गरिएको छ ।

१. तथ्याङ्क सङ्कलन, अध्यावधिकरण र अनुसन्धान

   क. राष्ट्रिय महिला आयोगभित्र अनुसन्धान र नीतिगत पैरवी सेलको व्यवस्था गरी राष्ट्रिय महिला आयोगले सो सेललाई महिलासंग सम्बन्धित सबै खाले सूचना र तथ्याङ्कको बैङ्क वा स्रोत केन्द्रको रूपमा विकास गर्नु पर्ने ।

   ख. जनसाङ्ख्यिक स्वास्थ्य सर्वेक्षणमा यसका विषयबस्तु समावेश गर्न पहल गर्ने ।

   ग. नेपाल प्रहरीका यस सम्बन्धी तथ्याङ्कको महिला आयोगले बहुपक्षीय उपयोगमा ध्यान दिनुपर्ने ।

२. कानूनी र नीतिगत पुनरावलोकन

   क. संघ, प्रदेश र स्थानीय तहका सरोकारवाला बहुपक्षीय निकायसंगको बहस पैरवी र अन्तरक्रियाका आधारमा आवश्यक कानूनी र नीतिगत कमी कमजोरीको परिमार्जन गर्न पहल गर्ने ।

३. सरकारी संरचनामा महिला सम्बन्धी सवालको मूलप्रवाहीकरण

   क. साविकको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको जिल्ला तह सम्मका महिला विकास कार्यालय स्थानीय तहमा समायोजन पछि तल्लो तह सम्म महिला सशक्तीकरणका काममा शून्यता आएको देखिएको छ । यसको परिपूर्ति गर्न राष्ट्रिय महिला आयोगले कम्तीमा प्रदेश तहमा आफ्ना कार्यालय स्थापना गरेर आवश्यक गतिविधि अगाडि बढाउनु पर्ने ।

   ख. संघीय महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय देखि पालिका तह सम्मले पनि यौनजन्य हिंसा र जबर जस्ती करणीमा अग्रभागमा र समन्वयात्मकरूपमा काम गर्नु पर्ने ।

   ग. सेफ होम र बाल सुधार गृहको न्यूनतम पूर्वाधार र सुविधामा ध्यान जानु पर्ने ।

   घ. विभिन्न अस्पतालमा सञ्चालित एकद्वार संकट व्यवस्थापन केन्द्र OCMC संग आवासीय सुरक्षित गृह राख्न पैरवी गर्ने र सबै स्वास्थ्य, शारीरिक, मानसिक साथै कानूनी उपचारका सेवा एकै ठाँऊबाट उपलब्ध गराउन पहल गर्ने ।

   ङ. महिला हिंसा सम्बन्धी मुद्दा प्रहरीको सबै भन्दा तल्लो (चौकी) निकायमा जाहेरीका लागि आएमा तुरुन्तै उपल्लो निकायमा सिफारिस गरी हाल्ने प्रथा बसाल्न पहल गर्नु पर्ने ।

   च. स्थानीय न्यायिक समितिको क्षमता अभिवृद्धि गर्ने र महिला हिंसा र यौनजन्य दुर्व्यवहारका विरुद्ध प्रवर्द्धनात्मक/सचेतनाका कार्यक्रम सञ्चालन गर्न सक्रिय बनाउन पहल गर्ने ।

   छ. आयोगको ११४५ हेल्पलाइनको सेवा स्थानीय तह सम्म प्रभावकारी विस्तार गरिनु पर्ने ।

४. प्रवर्द्धनात्मक पक्ष कमजोर देखिएकोले कानूनी सचेतना लगायतका अभियानमुखी कार्यक्रमहरू सञ्चालन गर्ने

   क. स्थानीय र राष्ट्रिय स्तरका महिला अधिकारकर्मी संस्थाहरूसंग सहकार्य गर्ने ।

ख. संघ, प्रदेश र स्थानीय तहका सरकारलाई महिला अधिकारका सवालमा उत्तरदायी बनाउने ।

ग. विद्यालयको पाठ्यक्रममा यौनजन्य हिंसा र जबरजस्ती करणी सम्बन्धी पाठ्यसामग्री समावेश गर्ने ।

घ. विद्यालय तहमा यौन तथा प्रजनन् शिक्षामा यस्ता विषय कानूनी पक्षसंग पनि जोडेर गहन रूपमा लागू हुनु पर्ने ।

## ६.२४ महिला हिंसा सम्बन्धमा राष्ट्रिय महिला आयोगको सेवा प्रवाह सम्बन्धमा गरिएको एक अध्ययन

महिलाको हक, हित र अधिकारको संरक्षण गर्ने तथा महिला माथि हुने कुनै पनि प्रकारको हिंसा तथा विभेदलाई अन्त्य गर्नु राष्ट्रिय महिला आयोगको संवैधानिक जिम्मेवारी र दायित्व हो । राष्ट्रिय महिला आयोगले प्रचलित कानूनले तोकेको क्षेत्राधिकार भित्र रही महिला माथि भइरहेका यस्ता हिंसालाई सम्बोधन गर्दै आएको छ। आयोगले उजुरी दर्ता भएपछि पीडितलाई विभिन्न प्रकारका सेवाहरू प्रदान गरिरहेको छ । उजुरीको विषयमा दुवै पक्षसँग छलफल गराउने, आपसी सहमति भएमा मेलमिलाप गराउने, कानूनी परामर्श दिने मनोसामाजिक परामर्श प्रदान गर्ने, कानूनी सहायता उपलब्ध गराउने, आवश्यकतानुसार पीडितलाई आकस्मिक उपचारको व्यवस्था मिलाउने, तत्काल उद्धार गर्नु पर्ने भएमा सोको व्यवस्था मिलाउने, पीडितलाई सुरक्षा दिने, सुरक्षित आश्रयस्थलमा पठाउने, रोजगारमूलक सिप प्रशिक्षणको व्यवस्था मिलाउने समेतका कार्यहरू गर्दै आइरहेको छ । यसरी राष्ट्रिय महिला आयोगबाट हिंसा पीडितलाई सेवा प्रदान गरेपश्चात उनीहरूले आफ्नो हक अधिकार प्राप्त गरी तथा आपसी मेलमिलाप पश्चात पारिवारिक मिलन भई सफल रूपले जीवनयापन गरिरहेका के कति सेवाग्राहीहरू लाभन्वित भएका छन् भन्ने सम्बन्धमा अध्ययन तथा अनुसन्धान गर्नआवश्यक देखी राष्ट्रिय महिला आयोगले वि.सं. २०७५ साल देखि २०८० सालसम्म ६ वर्षको अवधिमा आयोगबाट विभिन्न सेवा प्राप्त गरे पश्चात सफलता प्राप्त गरेका सेवाग्राहीहरूको घटनाको विषयमा अध्ययन गर्ने प्रयास गरेको छ।

राष्ट्रिय महिला आयोगमा वि. सं. २०७५ सालदेखि २०८० सालसम्म दर्ता भएका हिंसा पीडितको उजुरीको अध्ययन गर्ने र आयोगले सिफारिस गरी पठाएका कानूनी सहायता तथा परामर्श केन्द्र (LACC) मार्फत विभिन्न अदालतमा दायर भएका मुद्दाको अवस्था पत्ता लगाउने, हिंसा पीडितले आयोगबाट प्राप्त गरेको सेवाबाट न्याय प्राप्त गरे वा नगरेको विषयमा तथ्याङ्को विश्लेषण गर्ने, आयोगले प्रदान गरेको सेवाबाट के कति सेवाग्राही लाभन्वित भएका छन् भन्ने सम्बन्धमा अध्ययन गरी सुझाव पेश गर्नेउद्देश्यले यो अध्ययन गरिएको छ। आयोगबाट पीडितलाई विभिन्न सेवाका लागि सिफारिस गरी पठाएका संस्थाहरू नेपाल बार एशोसियसन, ल्याक, टिपिओ नेपाल, साथी, सिविन लगायतका संस्थाको तथ्याङ्कलाई समेत हेरिएको छ।

यस अध्ययन अवधिमा राष्ट्रिय महिला आयोगको अभिलेख अनुसार विगत ६ वर्षमा ७३४४ वटा हिंसाका घटनाहरू दर्ता रहेका छन् । यस अनुसार घरेलु हिंसा ८८ प्रतिशत र महिला हिंसा १२ प्रतिशत रहेको देखिन्छ। महिला हिंसाको घटनाको प्रवृत्तिलाई हेर्दा वि.सं. २०७७ सालमा हिंसाका घटनाहरू बढेको र अन्य अवधिमा क्रमशः घट्दो क्रममा रहेको देखिन्छ। मानसिक हिंसा, आर्थिक हिंसा, शारीरिक हिंसा र यौनजन्य हिंसा गरी महिला विरुद्ध चार प्रकारका हिंसा हुने गरेको र सबैभन्दा बढी मानसिक हिंसा ४२ प्रतिशत, आर्थिक हिंसा ३० प्रतिशत, शारीरिक हिंसा २४ प्रतिशत र यौनजन्य हिंसा ४ प्रतिशत रहेको आयोगको अभिलेखबाट देखिन्छ। अध्ययन अवधिमा अभिलेखीकरण भएका हिंसाका घटनाहरूलाई विश्लेषण गर्दा महिला माथि विवाहित वा अविवाहित जुनसुकै अवस्थामा पनि हिंसा हुने गरेको र सबैभन्दा बढी हिंसामा परेका विवाहित महिला ८८ प्रतिशत रहेका छन्।त्यसैगरी २६ देखि ४० वर्ष उमेर समूहका महिलाहरू बढी हिंसामा परेको र यो संख्या ५८ प्रतिशत रहेको, निरक्षर तथा साधारण लेखपढ गर्न सक्ने महिलाहरू बढी हिंसामा परेको र यस्तो सङ्ख्या २८ प्रतिशत रहेको, जुनसकै जातजातिमा पनि महिला हिंसा भएको र सबैभन्दा बढी ब्राहमण क्षेत्री समुदायका महिलाहरू हिंसामा परेको र यस्तो सङ्ख्या ४६ प्रतिशत रहेको पाइएको छ।

अध्ययन अवधिमा आयोगले मनोसामाजिक परामर्श ३८३३ जना, कानूनी परामर्श ६५१३ जना, मेलमिलाप १८०३ जना, कानूनी सहायता १७५८ जनालाई र सुरक्षित आश्रयस्थल र सिपमूलक तालीम २०१ जना हिंसा पीडित महिलालाई सेवा प्रवाह गरेको छ। कानूनी सहायताको लागि सबैभन्दा बढी कानूनी सहायता तथा परामर्श केन्द्र (ल्याक) मा १४२३ जना, मनोसामाजिक परामर्शको लागि टि.पि.ओ नेपालमा ८३० जना, सुरक्षित आश्रयस्थलको लागि साथीसँस्थामा २५८ जना र बालबालिकाको आश्रयस्थल र शिक्षाको लागि सिविनमा २३५ जनालाई सिफारिस गरिएको तथ्याङ्कबाट देखिन्छ। आयोगको CMS सिष्टममा अभिलेखीकरण

भएको नदेखिएतापनि कानूनी सहायताको लागि ७७ वटै जिल्लामा जिल्ला बार एशोसियसनसँग समन्वय गर्न नेपाल बार एशोसियसन, सुरक्षित आश्रयस्थलको लागि एपिरोन नेपाल, शुभअवसर ग्राममा समेत हिंसा पीडितहरूलाई सिफारिस गरिएको छ।

आयोगबाट अध्ययन अवधिमा आपसी सहमतिबाट १३९५ वटा महिला हिंसाका घटनामा मेलमिलाप भएको पाइन्छाजसमध्ये मेलमिलाप पश्चात ३५२ जना पीडितहरू पारिवारिक मिलन भई हाल बसिरहेको अवस्था छाआयोगबाट अध्ययनको क्रममा हालै बुझ्दा ६७ परिवार आयोगको सहमति अनुसार कार्यान्वयन गरी मेलमिलापमा रहेको पाइएको छ। बाँकी सबैको फोन सम्पर्क हुन नसकेकोले पीडितको मेलमिलाप भए नभएको बुझ्न नसकिएको अवस्था छ। आयोगले हिंसा पीडितलाई उपलब्ध गराएको महत्त्वपूर्ण सेवा कानूनी सहायता रहेको छ। कानूनी सहायताको लागि अध्ययन अवधिमा पीडितलाई अदालती प्रक्रियाबाट न्याय प्रदान गर्न ल्याकमा ५५० जनालाई सिफारिस गरी पठाएको देखिन्छ भने ४०५ वटा मुद्दाको मात्र अवस्थाको जानकारी लिन सकिएको छ। महिला वादी वा प्रतिवादी भई विभिन्न अदालतमा २८ प्रकारका मुद्दा दायर भएको पाइन्छ। मानाचामल, अंशवण्डा, सम्बन्ध विच्छेद, घरेलु हिंसा, वैवाहिक वलात्कार, विधुतीय कारोबार, मानव बेचविखन, जबरजस्ती करणी, बहुविवाह समेतका विभिन्न मुद्दाहरू रहेको देखिन्छ।

पुरुष वादी भई दायर गरिएको र महिलाले प्रतिउत्तर पेश गरेका सम्बन्ध विच्छेद, मानाचामल र अंशवण्डाको मुद्दामा पतिले सम्बन्ध विच्छेदको मुद्दा दायर गरेकोमा पत्नीले सो मुद्दालाई स्वीकार गरेको अवस्थामा अंशवण्डा वा मानाचामलको व्यवस्था गरी सम्बन्ध विच्छेदको फैसला गरेको तथा पत्नीले सम्बन्ध विच्छेदको मुद्दालाई इन्कार गरेको अवस्थामा सम्बन्धित अदालतबाट सम्बन्ध विच्छेद नहुने फैसला गरेको देखिन्छ। त्यसैगरी २७ वटा सम्बन्ध विच्छेदको मुद्दामा वादीको दावी नपुगेकोले सम्बन्ध विच्छेद नभएको र ११ वटा मुद्दामा अंश र मानाचामल सहित सम्बन्ध विच्छेद भएको फैसलाबाट देखिन्छ। त्यस्तै रिट निवेदन तर्फ उत्प्रेषण, परमादेश र निषेधाज्ञाको आदेश माग गरी जिल्ला अदालत, उच्च अदालत र सर्वोच्च अदालतमा दायर गरिएका रिट निवेदनमा माग दाबी बमोजिमको रिट जारी नभई खारेज भएको अवस्था देखिंदा प्रतिवादी विपक्षी महिलाले न्याय प्राप्त गरेको अवस्था देखिन्छ।

महिला वादी भई विभिन्न सम्बन्धित जिल्ला अदालतमा दायर गरिएका सम्बन्ध विच्छेद, अंश वण्डा र मानाचामलका ६५ वटा मुद्दामा महिलाले माग दाबी गरे बमोजिम अंशवण्डा र मानाचामल छुट्टाई सम्बन्ध विच्छेद भएको फैसलाबाट देखिन्छ। त्यसैगरी महिला जाहेरवाला भई नेपाल सरकार वादी भई विभिन्न अदालतमा दायर भएका बोक्सीको आरोप, बहुविवाह, जबरजस्ती करणी र विद्युतीय कारोबार समेतका मुद्दामा प्रतिवादीलाई कैद र जरिवानाको सजाय भएको, जबरजस्ती करणीको मुद्दामा प्रतिवादीलाई कैद सजाय र पीडितलाई क्षतिपूर्ति भराउने आदेश सहितको फैसला भएको र घरेलु हिंसाको मुद्दामा प्रतिवादीलाई कसूरदार ठहराई जरिवाना भएको पाइन्छ। रिट निवेदन तर्फ निवेदकले आमाको नामबाट नागरिकता जारी गर्न परमादेशको आदेश जारी गरिपाउँ भनी उच्च अदालत पाटन र सर्वोच्च अदालतमा निवेदन दर्ता भएकोमा सो उपर सुनुवाई हुँदा बाबुको नाम यकिन गरेको तर पहिचान खुलाउन नसकेको, बाबुको ठेगाना यकिन नभएको, पतिसँग सम्बन्ध विच्छेद भएको, बाबु सम्पर्क विहीन रहेको भएतापनि आमाको नामबाट वंशजको आधारमा नेपालको नागरिकता जारी गर्न परमादेशको आदेश भएको देखिन्छ।

अतः राष्ट्रिय महिला आयोगमा हिंसा पीडित महिलाको उजुरी दर्ता भएपछि आयोगबाट पीडितलाई प्रदान गरिएको विभिन्न सेवाहरू मनोसामाजिक परामर्श, कानूनी परामर्श, मेलमिलाप, कानूनी सहायता उपलब्ध गराइएको साथै आवश्यकतानुसार पीडितलाई आकस्मिक उपचार, सुरक्षा प्रदान गर्ने, पीडकलाई खोजतलास गर्ने, सुरक्षित आश्रयस्थल, सिपमूलक व्यवसायिक तालीमको लागि सम्बन्धित सँस्थाहरूमा समन्वय र सहजीकरण गर्ने कार्य गर्दै आइरहेको छ। अध्ययन अवधिमा आयोगबाट प्रवाह गरिएको सेवा प्रभावकारी रहेको यस अध्ययनले देखाएको छ।

# परिच्छेद ७

# राष्ट्रिय महिला आयोगले लैङ्गिक समानता प्रवर्द्धन तथा लैङ्गिक न्याय सुनिश्चित गर्ने सन्दर्भमा नेपाल सरकारका विभिन्न मन्त्रालय, विभाग तथा निकायहरूबाट आवश्यक पहलकदमी लिनुपर्ने विषयमा गरिएको नीतिगत सिफारिस

नेपालको संविधान र राष्ट्रिय महिला आयोग ऐन, २०७४ बमोजिम राष्ट्रिय महिला आयोगलाई महिलाको हक हित प्रवर्द्धन गर्ने, लैंङ्गिक समानता प्रवर्द्धन गर्ने तथा लैङ्गिक हिंसा निवारणका लागि हिंसा पीडितलाई न्यायमा पँहुच पुर्याउिने उद्देश्यले अन्तर्राष्ट्रिय प्रतिबद्धता कार्यान्वयन गर्ने सन्दर्भमा नीति निर्माण र कार्यान्वयन गर्ने निकायमा नीतिगत सिफारिस गर्ने जिम्मेवारी प्रदान गरिएको छ। यसै जिम्मेवारी अनुरूप राष्ट्रिय महिला आयोगले नीतिगत सिफारिस गर्ने कार्य गर्दै आएको छ यस प्रतिवेदनमा आ.व. २०८०/८१ मा गरिएका नीतिगत सिफारिसहरू र आ.व. २०७९/८० मा आयोगबाट भएका सिफारिसको कार्यान्वयनको अवस्था प्रस्तुत गरिएको छ।

## ७.१ आयोगबाट आ.व २०८०/८१ मा गरिएको नीतिगत सिफारिसको विवरण

| क.सं. | सिफारिस भएको निकायको नाम | सिफारिस गरिएको विषय | सिफारिसको विवरण |
|---|---|---|---|
| १. | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | • एक तिहाइ महिलाको सहभागिता | • संघीय तथा प्रादेशिक मन्त्रिपरिषद्मा एकतिहाइ महिलाको सहभागिताको सुनिश्चितताको लागि कानूनी व्यवस्था गरी लागू गर्ने। |
| २. | अर्थ मन्त्रालय | • लैङ्गिक उत्तरदायी बजेट (Gender Responsive Budget) संघीय विषयगत मन्त्रालयहरू, प्रदेश सरकार र प्रत्येक स्थानीय तहको वार्षिक बजेटमा लैङ्गिक उत्तरदायी बजेट तर्जुमा दिग्दर्शन, २०६९ को पालना गरी प्रत्यक्ष लैङ्गिक उत्तरदायी बजेट विनियोजनलाई सुनिश्चित गर्ने। | • संघीय विषयगत मन्त्रालयहरू, प्रदेश सरकार र प्रत्येक स्थानीय तहको वार्षिक बजेटमा लैङ्गिक उत्तरदायी बजेट तर्जुमा दिग्दर्शन, २०६९ को पालना गरी प्रत्यक्ष लैङ्गिक उत्तरदायी बजेट विनियोजनलाई सुनिश्चित गर्ने। |
| ३. | गृह मन्त्रालय | • महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रहरूमा जनशक्ति संरचना पुनरावलोकन र क्षमता विकास | • नेपाल प्रहरी अन्तर्गत सबै महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रहरूमा जनशक्ति संरचना पुनरावलोकनका लागि संगठन तथा व्यवस्थापन सर्वेक्षण (O&M) गर्ने<br>• सेवा केन्द्रमा पदस्थापन भएका कर्मचारीहरूलाई पर्याप्त लैङ्गिक सम्वेदनशील सेवा प्रवाह सम्बन्धी अभिमुखीकरणको व्यवस्था गर्नु पर्ने।<br>• सेवा केन्द्रहरूमा एक जना मनोविमर्शकर्ताको समेत व्यवस्था गर्ने। |

| | | | |
|---|---|---|---|
| | | • विभेदपूर्ण लिङ्ग छनौट<br>• महिला बेचबिखन तथा ओसारपसारको नियन्त्रण<br>• योगमायालाई राष्ट्रिय विभूति घोषणा | • विभेदपूर्ण लिङ्ग छनौटको विषयलाई नियन्त्रण गर्नका लागि केही प्रयासहरू भएको भएतापनि यसको पूर्णरूपमा नियन्त्रण हुन नसकेको हुँदा नियन्त्रणको विधि, प्रक्रिया, मापदण्ड र व्यस्थापकीय प्रबन्ध माथि पुनरावलोकन गरी विभेदपूर्ण लिङ्ग छनौट पूर्ण रूपमा नियन्त्रण गर्ने ।<br>• भारतसँगका नाकाहरूमा मानव वेचविखन विशेष गरी महिला तथा किशोरी बेचबिखनको अवस्था रहेको हुँदा सुरक्षा व्यवस्थालाई थप प्रभावकारी बनाउदै महिला बेचबिखन तथा ओसारपसारको नियन्त्रणका लागि नाका प्रहरी चौकीमा आवतजावतको चाप हेरी नाकामा खटिने महिला प्रहरीको संख्या बढाउने । |
| ४. | महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | • विकास आयोजनाहरूको लैङ्गिक परीक्षण<br>• लैङ्गिक हिंसा निवारण कोष र अल्पकालीन आश्रयस्थल<br>• महिला तथा बालबालिका सम्पर्क कार्यालय स्थापना<br>• स्थानीय तहमा लैंङ्गिक सम्पर्क इकाई (Gender Focal Unit) सञ्चालन मापदण्ड<br>• एकल महिला सुरक्षा कोष | • नेपाल सरकारका विषयगत मन्त्रालयहरू अन्तर्गत सञ्चालित विकास आयोजनाहरूको कम्तीमा वर्षको एक पटक लैङ्गिक परीक्षणको व्यवस्था गर्ने<br>• प्रत्येक स्थानीय तहमा लैङ्गिक हिंसा निवारण कोषको स्थापना गरी हिंसा पीडित महिलाको तत्काल, उद्धार, राहत, पुर्नस्थापना तथा जीविकोपार्जन सहयोगमा परिचालन गर्ने र प्रत्येक जिल्लामा लैङ्गिक हिंसा पीडितहरूको लागि अल्पकालीन आश्रयस्थलको व्यवस्था गर्ने/गराउने ।<br>• विगतमा क्रियाशील रहेका महिला तथा बालबालिका कार्यालयहरूको खारेज भएसँगै महिला, बालबालिका, ज्येष्ठ नागरिक लगायत जोखिममा परेको समुदायका सवाललाई सहजीकरण र सम्बोधन गर्ने निकायको अभाव भएको हुँदा प्रत्येक जिल्लामा महिला बालबालिका सम्पर्क कार्यालय स्थापना गर्न यस आयोगसँग सम्बन्धित बहुआयामिक सरोकारवालाहरूबाट बृहत रूपमा पृष्ठपोषण प्राप्त भएकोले सम्पर्क र समन्वय गर्ने भूमिकाको लागि प्रत्येक जिल्लामा महिला तथा बालबालिका सम्पर्क कार्यालयहरू स्थापना गर्ने ।<br>• सबै संघीय स्तरका विषयगत मन्त्रालयहरू, आयोगहरू, प्रदेशका विषयगत मन्त्रालय/ कार्यालयहरू तथा प्रत्येक स्थानीय तहमा लैंङ्गिक सम्पर्क इकाई (Gender Focal Unit) सञ्चालन मापदण्ड तयार गरी कार्यक्षेत्रगत शर्त समेत तोकी लैङ्गिक सम्पर्क इकाईको भूमिका प्रभावकारी बनाउने ।<br>• सबै जिल्लाका स्थानीय तहहरूमा लैङ्गिक उत्तरदायी बजेटको विनियोजन र कार्यान्वयन, लैङ्गिक सम्पर्क व्यक्तिको व्यवस्था, लैङ्गिक हिंसा निवारण सम्बन्धी सचेतनामूलक कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने कार्यमा उक्त महिला बालबालिका सम्पर्क कार्यालयहरूलाई जिम्मेवार बनाउने ।<br>• विगतमा स्थापना भएको एकल महिला सुरक्षा कोष सञ्चालन नियमावलीलाई संघीय संरचना अनुरूप संशोधन गरी सो को मापदण्ड तयार गरी शिघ्र सञ्चालनमा ल्याउनु पर्ने |

| | | | |
|---|---|---|---|
| | | • संयुक्त राष्ट संघ सुरक्षा परिषद्को प्रस्ताव नं. १३२५ र १८२० को कार्यान्वयन<br>• योगमायालाई राष्ट्रिय विभूति घोषणा | • संयुक्त राष्ट संघ सुरक्षा परिषद्को प्रस्ताव नं.१३२५ र १८२० को कार्यान्वयनका लागि सबै स्थानीय तहहरूमा कार्ययोजना बनाई कार्यान्वयन गर्ने ।<br>• योगमायालाई राष्ट्रिय विभूति घोषणा गर्ने र योगमाया स्मृति दिवसलाई राष्ट्रिय दिवसको रूपमा मनाउन निर्णय गर्ने । |
| ५. | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, | • लैङ्गिक हिंसा निवारण कोष र अल्पकालीन आश्रयस्थल<br>• एकल महिला सुरक्षा कोष<br>• एकल महिलाको प्राथमिकीकरण<br>• स्थानीय तहमा लैङ्गिक सम्पर्क इकाई (Gender Focal Unit) सञ्चालन मापदण्ड<br>• स्थानीय तहमा कानूनी सहजकर्ता (कानून अधिकृत), मनोसामाजिक परामर्शकर्ता र दोभाषेको दरबन्दी<br>• महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रहरूमा जनशक्ति संरचना पुनरावलोकन र क्षमता विकास<br>• विद्यालयको पाठ्यक्रममा लैङ्गिक सवाल र लैङ्गिक तथा घरेलु हिंसा कसूर तथा सजायलाई छुट्टै इकाईको रूपमा समावेश<br>• अन्तरपुस्ता सिप हस्तान्तरण कार्यक्रम<br>• महिला विकास कार्यक्रम अन्तर्गत कार्यरत कर्मचारीहरूको बृति विकास | • प्रत्येक स्थानीय तहमा लैङ्गिक हिंसा निवारण कोषको स्थापना गरी हिंसा पीडित महिलाको तत्काल उद्धार, राहत, पुर्नस्थापना तथा जीविकोपार्जन सहयोगमा परिचालन गर्ने र प्रत्येक जिल्लामा लैङ्गिक हिंसा पीडितहरूको लागि अल्पकालीन आश्रयस्थलको व्यवस्था गर्ने/गराउने ।<br>• प्रत्येक स्थानीय तहमा समेत एकल महिला सुरक्षा कोष स्थापना गरी उक्त कोषलाई एकल महिलाको सुरक्षा, उद्धार, राहत र जीविकोपार्जन सहयोगमा परिचालन गर्ने ।<br>• प्रत्येक स्थानीय तहबाट एकल महिलाको प्राथमिकीकरण गरी उनीहरूको सिप विकास र दीर्घकालीन रोजगारी सिर्जना हुन सक्ने किसिमले सिप विकास र वीउपूँजीको व्यवस्था गर्ने ।<br>• सबै संघीय स्तरका विषयगत मन्त्रालयहरू, आयोगहरू, प्रदेशका विषयगत मन्त्रालय/कार्यालयहरू तथा प्रत्येक स्थानीय तहमा लैङ्गिक सम्पर्क इकाई (Gender Focal Unit) सञ्चालन मापदण्ड तयार गरी कार्यक्षेत्रगत शर्त समेत तोकी लैङ्गिक सम्पर्क इकाईको भूमिका प्रभावकारी बनाउने ।<br>• प्रत्येक स्थानीय तहमा कानूनी सहजकर्ता (कानून अधिकृत), मनोसामाजिक परामर्शकर्ता र बहिरा सेवाग्राही लक्षित दोभाषेको दरबन्दी सिर्जना गरी पदपूर्तिको व्यवस्था गर्ने ।<br>• नेपाल प्रहरी अन्तर्गत सबै महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रहरूमा जनशक्ति संरचना पुनरावलोकनका लागि संगठन तथा व्यवस्थापन सर्वेक्षण (O&M) गर्ने<br>• सेवा केन्द्रमा पदस्थापन भएका कर्मचारीहरूलाई पर्याप्त लैङ्गिक सम्वेदनशील सेवा प्रवाह सम्बन्धी अभिमुखीकरणको व्यवस्था गर्नु पर्ने ।<br>• सेवा केन्द्रहरूमा एक जना मनोविमर्शकर्ताको समेत व्यवस्था गर्ने ।<br>• विद्यालयहरूका किशोर किशोरीलाई लक्षित गरी आत्मरक्षा सम्बन्धी तालिम सञ्चालन गर्ने ।<br>• प्रत्येक स्थानीय तहले विद्यालयका विद्यार्थीहरूलाई लक्षित गरी ज्येष्ठ नागरिक/ज्येष्ठ महिला माथि हुने अवहेलना र दुर्व्यवहारको न्यूनीकरणमा प्रवर्द्धनात्मक उपाय स्वरूप आवधिक रूपमा अन्तरपुस्ता सिप हस्तान्तरण कार्यक्रम गर्ने । |

| | | | |
|---|---|---|---|
| | | • महिला विकास कार्यक्रम अन्तर्गत कार्यरत कर्मचारीहरूको TOR | • नेपाल विविध सेवाका साविकको महिला विकास कार्यक्रम अन्तर्गत कार्यरत सबै महिला कर्मचारीहरू कर्मचारी समायोजन ऐन, २०७५ अन्तर्गत संघ, प्रदेश र स्थानीय तहमा समायोजन भएकोमा उक्त सेवाका कर्मचारीहरूको वृत्तिपथ सुनिश्चित गर्ने।<br>• कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम स्थानीय तहमा समायोजन भएका नेपाल विविध सेवा अन्तर्गत महिला विकास कार्यक्रम तर्फका कर्मचारीहरूलाई महिला विकास तथा सशक्तीकरण एवं महिला अधिकारको सरोकारका विषयमा जिम्मेवारी नदिई अन्य किसिमका जिम्मेवारी दिइएको हुँदा स्थानीय तहमा महिलाका समस्याहरू सम्बोधन गर्न नसकेको देखिएकोलेः प्रत्येक स्थानीय तहमा छुट्टै महिला विकास इकाई स्थापना गर्ने।<br>• संघबाट समायोजन भएका नेपाल विविध सेवा अन्तर्गत साविक महिला विकास कार्यक्रम तर्फका महिला कर्मचारीहरूलाई महिला विकास, महिला सशक्तीकरण, लैङ्गिक हिंसा न्यूनीकरण तथा घटना व्यवस्थापन, बालबालिका, अपाङ्गता भएका व्यक्ति र ज्येष्ठ नागरिकको संरक्षण र सशक्तीकरण सम्बन्धी विषयमा कार्यक्षेत्रगत शर्त तोकी खटाउने। |
| ६. | शिक्षा मन्त्रालय | • विद्यालयको पाठ्यक्रममा लैङ्गिक सवाल र लैङ्गिक तथा घरेलु हिंसा कसूर तथा सजायलाई छुट्टै इकाईको रूपमा समावेश | • माध्यामिक तहको विद्यालयको अनिवार्य सामाजिक शिक्षा विषयको पाठ्यक्रममा लैङ्गिक सवाल र लैङ्गिक तथा घरेलु हिंसा कसूर तथा सजायलाई छुट्टै इकाईको रूपमा समावेश गर्ने।<br>• नाटक, प्रहसन, वक्तित्व कला लगायतका रचनात्मक क्रियाकलापहरूको माध्यमबाट लैङ्गिक हिंसा विरुद्धको सचेतनामूलक कार्यक्रम सञ्चालन गर्न विद्यालयको अतिरिक्त क्रियाकलाप अन्तर्गत विषयवस्तु समावेश गर्ने। |
| ७. | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | • एकद्वार संकट व्यवस्थापन केन्द्र (OCMC) बाट प्रवाह हुनुपर्ने सेवालाई अन्तर्राष्ट्रिय मापदण्ड अनुरूप व्यवस्थित गर्ने<br>• विभेदपूर्ण लिङ्ग छनौट | • देशका ९४ वटा सरकारी/सामुदायिक अस्पतालहरूमा लैङ्गिक हिंसा पीडितलाई लक्षित गरी सञ्चालन गरिएका एकद्वार संकट व्यवस्थापन केन्द्र (OCMC) बाट प्रवाह हुनुपर्ने सेवालाई अन्तर्राष्ट्रिय मापदण्ड अनुरूप व्यवस्थित गर्न प्रचलित मापदण्डमा पुनरावलोकन गर्ने र आर्थिक तथा भौतिक र मानवीय स्रोतको उचित व्यवस्थापन गरी पीडितमैत्री सेवा प्रवाहको प्रवन्ध गर्ने।<br>• विभेदपूर्ण लिङ्ग छनौटको विषयलाई नियन्त्रण गर्नका लागि केही प्रयासहरू भएतापनि यसको पूर्णरूपमा नियन्त्रण हुन नसकेको हुँदा नियन्त्रणको विधि, प्रक्रिया, मापदण्ड र व्यस्थापकीय प्रबन्ध माथि पुनरावलोकन गरी विभेदपूर्ण लिङ्ग छनौट पूर्ण रूपमा नियन्त्रण गर्ने। |

| | | | |
|---|---|---|---|
| ८. | श्रम रोजागर तथा सामाजिक सुरक्षा मन्त्रालय | • महिलाको सुरक्षित र मर्यादित वैदेशिक रोजगारीको लागि प्रचलित प्रक्रिया र मापदण्डमा पुनरावलोकन<br>• वैदेशिक रोजगारी सम्बन्धी लैङ्गिक खण्डीकृत तथ्याङ्क संकलन र अभिलेखीकरण | • महिलाको सुरक्षित र मर्यादित वैदेशिक रोजगारीको लागि प्रचलित प्रक्रिया र मापदण्डमा पुनरावलोकन गर्नु पर्ने । सो को लागिः<br>• महिलाको वैदेशिक रोजगारी सम्बन्धी देशगत रूपमा छुट्टै मापदण्ड तयार गर्ने ।<br>• सुरक्षित पारिवारिक पुनःएकीकरणको लागि वैदेशिक रोजगारीमा जानुपूर्व र वैदेशिक रोजगारीबाट फर्केपछि मनोसामाजिक विमर्शको व्यवस्था गर्ने ।<br>• स्थानीय तहको रोजगार सेवा केन्द्रलाई वैदेशिक रोजगारी सम्बन्धी लैङ्गिक खण्डीकृत तथ्याङ्क संकलन र अभिलेखीकरण गर्नेगरी जिम्मेवारी तोक्ने । |
| ९. | राष्ट्रिय योजना आयोग | विकास आयोजनाहरूको लैङ्गिक परीक्षण | • नेपाल सरकारका विषयगत मन्त्रालयहरू अन्तर्गत सञ्चालित विकास आयोजनाहरूको कम्तीमा वर्षको एक पटक लैङ्गिक परीक्षणको व्यवस्था गर्ने । |
| १०. | निर्वाचन आयोग | • महिलाको एक तिहाई प्रतिनिधित्व प्रत्यक्ष निर्वाचनबाट सुनिश्चित<br>• दलीय गठबन्धनको मापदण्ड | • महिलाको एक तिहाई प्रतिनिधित्व प्रत्यक्ष निर्वाचनबाट सुनिश्चित हुने गरी राजनीतिक दलहरूका विधानमा परिमार्जन गर्नु पर्ने गरी निर्वाचन सम्बन्धी कानूनहरूमा पुनरावलोकन गर्ने ।<br>• वि.सं. २०७९ को स्थानीय तहको निर्वाचनको परिणाममा २०७४ को स्थानीय तहको निर्वाचनको भन्दा स्थानीय तहको उपप्रमुखको संख्या घटेको र २०७९ को स्थानीय तहको सदस्य निर्वाचनमा दलीय गठबन्धन नै यसको कारण देखिएको हुँदा महिलाको नीतिगत तहमा पहुँचलाई बाधा पुग्ने गरी गठबन्धनको अभ्यास नगर्नेगरी निर्वाचन सम्बन्धी मापदण्डहरू तयार गरी लागू गर्ने । स्थानीय तहको प्रमुख र उपप्रमुख तथा अध्यक्ष र उपाध्यक्ष पदमा एक दलबाट एक जना मात्र उम्मेदवार चयन गर्दा महिला उम्मेदवार चयन गर्नेगरी मनोनयन गर्ने व्यवस्था गर्ने । |

## ७.२ आयोगबाट आ.व. २०७९/८० मा विभिन्न निकायमा विभिन्न विषयमा नीतिगत सिफारिस गरिएकोमा सम्बन्धित निकायहरूबाट प्राप्त भएको जानकारीको आधारमा तयार गरिएको सिफारिसको कार्यान्वयनको अवस्था

| क्र.सं. | सिफारिस भएको निकायको नाम | सिफारिस गरिएको विषय | सिफारिस कार्यान्वयनको अवस्था |
|---|---|---|---|
| १. | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | • विगतमा जिल्लामा रहेका महिला बालबालिका कार्यालय खारेज भएसँगै महिला बालबालिका ज्येष्ठ नागरिक लगायत जोखिममा परेको समुदायका सवाललाई सहजीकरण र सम्बोधन गर्ने निकायको अभाव भएको हुँदा प्रत्येक जिल्लामा महिला बालबालिका सम्पर्क केन्द्र स्थापना गर्ने | • संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०८०/०४/२५ गतेको निर्णयानुसार ७७ जिल्लाको जिल्ला समन्वय समितिमा अधिकृतस्तरको कर्मचारीलाई महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको सम्पर्क व्यक्तिको रूपमा तोकिएको । |

| | | | |
|---|---|---|---|
| | | • लैङ्गिक हिंसाबाट पीडित तथा प्रभावितका लागि सञ्चालनमा ल्याइएका सुरक्षित आश्रय स्थल वा सेवा केन्द्र<br>• सञ्चालन तथा व्यवस्थापनमा एकरूपता ल्याउन मापदण्ड बनाउने ।<br>• पीडित तथा प्रभावितलाई आवश्यक सेवा एकीकृत रूपमा उपलब्ध गराउने ।<br>• आश्रय गृहहरूको संस्थागत सुदृढीकरण आश्रयगृहले प्रदान गर्ने सेवालाई अत्यावश्यक सेवामा समावेश गराउने मापदण्ड अनुरूप सञ्चालन भए नभएको अनुगमन गर्ने, हरेक जिल्लामा जिल्ला समन्वय समितिको समन्वयमा सबै पालिकाहरूको अपनत्व सहितको अल्पकालीन आश्रयस्थल निर्माण गर्ने र हरेक प्रदेशमा एक/एकवटा दीर्घकालीन आश्रयस्थलको निर्माण गर्ने ।<br>• महिला अपाङ्ग बालबालिका तथा यौनिक अल्पसंख्यक मानसिक समस्या भएको व्यक्तिहरूको फरक फरक किसिमको समस्या हुने हुँदा यस कुरालाई मध्यनजर गरी आश्रयस्थलको निर्माण सञ्चालन गर्नु पर्ने ।<br>• यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक समुदायलाई हेर्ने पाठ्यक्रममा समेत यो विषय समावेश गर्ने र सचेतना गराउने ।<br>• प्रत्येक मन्त्रालय प्रदेश आयोग, विभाग, जिल्ला स्तरका कार्यालय र स्थानीय तहसम्म लैङ्गिक सम्पर्क विन्दु अनिवार्य तोकी TOR सहित अर्थपूर्ण भूमिकाको सुनिश्चित गर्ने ।<br>• लैङ्गिक हिंसा तथा हानिकारक अभ्यास निवारणका लागि राष्ट्रिय कार्ययोजना बनाइ लागू गर्ने ।<br>• हाल कार्यान्वयनमा रहेको एकल महिला सुरक्षाकोष मापदण्डमा समयसापेक्ष परिमार्जन गरी कोषको प्रभावकारी परिचालन गर्न सिफारिस गर्ने र परिचयपत्र नवीकरण गर्ने कार्य अनलाईन मार्फत गर्ने व्यवस्था मिलाउने ।<br>• लैङ्गिक हिंसा तथा हानिकारक अभ्यास अन्त्यका लागि अनिवार्य पुरुष सहभागिताको लागि सिफारिस गर्ने ।<br>• लैङ्गिक हिंसा निवारण कोष(सञ्चालन) नियमावली २०६७ (दोस्रो संसोधन २०७६) ले व्यवस्था गरे बमोजिम सातवटै प्रदेश र सबै स्थानीय तहले लैङ्गिक हिंसा निवारण कोष अनिवार्य स्थापना गर्ने ।<br>• योगमाया स्मृति दिवसलाई राष्ट्रिय दिवसका रूपमा मनाउन सरकारलाई सिफारिस गर्ने । | • लैङ्गिक हिंसाबाट पीडित तथा प्रभावितका लागि सञ्चालनमा ल्याइएका सुरक्षित आश्रयस्थल वा सेवाकेन्द्र विगतमा सञ्चालनमा रहेको २१ वटा अल्पकालीन सेवा केन्द्र स्थानीय तहको समन्वयमा सञ्चालनमा रहेको र प्रदेश नं. १ मा सामाजिक विकास मन्त्रालयबाट दीर्घकालीन पुनःस्थापना केन्द्र सञ्चालनमा रहेका साथै महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयबाट मंगला साहना दीर्घकालीन पुनःस्थापना केन्द्र सञ्चालन हुदैं आएको र एसियाली विकास बैंकको सहयोगमा भक्तपुर जिल्लाको सूर्यविनायक नगरपालिकामा मंगला साहना दीर्घकालीन पुनःस्थापना केन्द्रको भवन निर्माणको क्रममा रहेको ।<br>• संघ संस्थाले मन्त्रालयको समन्वयमा सुरक्षित आश्रय स्थलको सञ्चालन गरिरहेको छ ।<br>• एसियाली विकास बैंकको सहयोगमा मन्त्रालयले सुदुरपश्चिम प्रदेश र मधेश प्रदेशमा दीर्घकालीन पुनःस्थापना केन्द्र निर्माणको क्रममा रहेको ।<br>• एसियाली विकास बैंकको सहयोगमा बाग्मती प्रदेश र सुदुरपश्चिम प्रदेशमा १५ वटा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रको भवन निर्माणको क्रममा रहेको ।<br>• यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायलाई हेर्ने दृष्टिकोण व्यवहार र सोचमा परिवर्तन गर्न विद्यालयको पाठ्यक्रममा राखिएको ।<br>• महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयबाट सचेतनामूलक कार्यक्रम गर्ने गरिएको ।<br>• सबै संघीय मन्त्रालय/आयोग तथा केन्द्रीय निकायहरूमा लैङ्गिक सम्पर्क व्यक्ति तोकिएको, लैङ्गिक सम्पर्क व्यक्तिहरूको लागि कार्य क्षेत्रगत शर्त (TOR) स्वीकृत भएको लैङ्गिक सम्पर्क व्यक्तिहरूको क्षमता विकास तथा सकारात्मक सोच सम्बन्धी तालिम तथा अन्तरक्रिया कार्यक्रम निरन्तर रूपमा सञ्चालन हुदै आएको ।<br>• लैङ्गिक हिंसा निवारण सम्बन्धी राष्ट्रिय कार्ययोजनाको प्रारम्भिक मस्यौदा तयार भएको ।<br>• स्थानीय तहमा एकल महिला सुरक्षा कोष स्थापना तथा परिचालनको लागि पत्राचार गरिएको ।<br>• हालसम्म कोषमा रकम जम्मा ६,५६,२८,१७६। (छ करोड छपन्न लाख अठ्ठाइस हजार एक सय ७६ रुपैंया) मात्र रहेको ।<br>• लैङ्गिक हिंसा अन्त्यका लागि पुरुष सञ्जाल सदस्यहरूको गठन गरी परिचालन गरिएको ।<br>• २४६ वटा स्थानीय तहले मन्त्रालयलाई लैङ्गिक हिंसा निवारण कोष स्थापना तथा परिचालन गरेको जानकारी गराएको छ ।<br>• संस्कृति पर्यटन तथा नागरिक उड्डयान मन्त्रालयको समन्वयमा योगमाया दिवसको अवसरमा योगमाया पुरस्कार वितरण कार्यक्रम गरिएको । |

| | | | |
|---|---|---|---|
| २. | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | • किशोरी तथा महिला हिंसालाई प्रोत्साहित गर्ने तथा उपेक्षा, हीनताबोध र बदनाम गराउने खालका अश्लील गीत पोस्टर प्याम्प्लेट प्रचारप्रसार र भिडियोहरूको निर्माण तथा प्रसारणमा रोक लगाउने,<br>• प्रविधिमा आधारित महिला हिंसा (Technology Facilitated Gender Based Violence) दिन प्रतिदिन बढ्दै गएको अवस्थामा त्यस्तो हिंसा नियन्त्रण तथा नियमन गर्नका साथै पीडकलाई कडा कारबाहीको दायरामा ल्याई पीडितको न्याय प्राप्तिको अधिकार सुनिश्चितताका लागि प्रविधिबाट हिंसा पीडितलाई उजुरी दिने संयन्त्र ७७ वटै जिल्लामा रहने व्यवस्था गर्ने,<br>• सम्पूर्ण तालिम प्रदायक निकायहरूले सञ्चालन गर्दै आएका तालिमको पाठ्यक्रममा लैङ्गिक समानता र लैङ्गिक हिंसा न्यूनीकरणका विषय अनिवार्य रूपमा समावेश गर्न लगाउने। | • मन्त्रालयले स्वीकृत वार्षिक कार्यक्रम बमोजिम वितरण गर्दै आएको आम सञ्चार तथा पत्रकारिता सँग सम्बन्धित संघ संस्थाहरूलाई वितरण गर्ने अनुदानमा प्रविधिमा आधारित महिला हिंसा नियन्त्रण गर्ने सम्बन्धमा जनचेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्ने संघ संस्थाहरूलाई प्राथामिकता दिइएको।<br>• सामाजिक सञ्जालको प्रयोग सम्बन्धी निर्देशिका, २०८० कार्यान्वयनमा रहेको र सामाजिक सञ्जालको माध्यमबाट हुने साइबर अपराधका घटनाहरू सम्बन्धी गुनासो दर्ता फारमको व्यवस्था गरिएको छासाथै ती गुनासाहरू सम्बोधन गर्न उल्लिखित निर्देशिका बमोजिम मन्त्रालयमा सामाजिक सञ्जाल गुनासो व्यवस्थापन इकाईको गठन भई मासिक रूपमा गुनासो फछ्यौट गर्ने गरेको।<br>• मन्त्रालय मातहतको निकाय प्रेस काउन्सिल नेपालले पत्रकार आचार संहिता, २०७३ तथा महिला उत्तरदायी संचार निर्देशिका,२०७६ बमोजिम प्रविधिमा आधारित महिला हिंसा हुन नदिने सम्बन्धमा निरोधात्तमक तथा उपचारात्मक कामहरू गरिरहेको छ। |
| ३. | युवा तथा खेलकुद मन्त्रालय | • महिला र पुरुष खेलाडीबीच रहेको एकै किसिमको खेलमा भइरहेको असमान पारिश्रमिक हटाई महिलालाई संविधानले व्यवस्था गरे बमोजिम समान पारिश्रमिक प्रदान गर्न सिफारिस गर्ने। | • यस मन्त्रालयबाट प्रदान गरिने अन्तराष्ट्रिय पदक विजेता खेलाडीहरूलाई मासिक भत्ता, ओमन्पियन खेलाडी भत्ता, खेलाडी आजिवन भत्ता तथा र पुरस्कार सम्बन्धमा महिला खेलाडी र पुरुष खेलाडीबीच असमानता नरहेको। |
| ४. | अर्थ मन्त्रालय | १. महिलालाई प्रत्यक्ष लाभ पुऱ्याउने हिसाबले प्रदेश स्थानीय तहले पनि लैङ्गिक उत्तरदायी बजेटको व्यवस्था गर्ने र भइरहेको हकमा कार्यान्वयनलाई अर्थपूर्ण बनाउने।<br>२. सम्पूर्ण तालिम प्रदायक निकायहरूले सञ्चालन गर्दै आएका तालिमको पाठ्यक्रममा लैङ्गिक समानता र लैङ्गिक हिंसा निवारणका विषय अनिवार्य रूपमा समावेश गर्न लगाउने।<br>३. सम्पूर्ण बैंक तथा वित्तीय संस्थाहरूमा तलव सुविधा सहितको प्रसुति विद्या सुरक्षित कार्य अतिरिक्त काम वापत वातावरण शिशु स्याहार केन्द्र अतिरिक्त भत्ता लगायतका सुविधा सहितको लैङ्गिक मैत्री वातावरण बनाउन आवश्यक व्यवस्था गर्ने। | १. महिलालाई प्रत्यक्ष लाभ पुऱ्याउने हिसाबले प्रदेश स्थानीय तहले पनि लैङ्गिक उत्तरदायी बजेटको व्यस्था गर्ने गरेको।<br>• प्रदेशमा Province Ministry Budgetary Information System (PLMBIS) एवं स्थानीय तहमा SuTRA लाई लैङ्गिक उत्तरदायी बजेट तर्जुमा गर्न सक्ने गरी प्रणाली विकास भई लागू गरिएको।<br>• आर्थिक वर्ष २०८१/२०८२ मा लैङ्गिक समानताका आधारमा सबै प्रदेशहरूले बजेट विनियोजन गरेको देखिन्छ। प्रदेश अनुसारको लैङ्गिक उत्तरदायी बजेट अनुसारको व्यय अनुमान तपसिल बमोजिम रहेको छ।<br>**<u>गण्डकी प्रदेश</u>** **<u>प्रतिशत</u>**<br>प्रत्यक्ष लाभ ६५.७१%<br>अप्रत्यक्ष लाभ २४. ८७%<br>तटस्थ ९.४२%<br>**<u>बाग्मती प्रदेश</u>** **<u>प्रतिशत</u>**<br>प्रत्यक्ष लाभ २४.३२%<br>अप्रत्यक्ष लाभ १४.४३%<br>तटस्थ ५७.६३% |

| | | | |
|---|---|---|---|
| | | | **मधेश प्रदेश** **प्रतिशत**<br>प्रत्यक्ष लाभ ८९.३२%<br>अप्रत्यक्ष लाभ ५.७४%<br>तटस्थ ४.९४%<br>**कोशी प्रदेश** **प्रतिशत**<br>प्रत्यक्ष लाभ २३.७८%<br>अप्रत्यक्ष लाभ ६८.६९%<br>तटस्थ ७.५३%<br>२. सम्पूर्ण तालिम प्रदायक निकायहरूले सञ्चालन गर्दै आएका तालिमको पाठ्यक्रममा लैङ्गिक समानता र लैङ्गिक हिंसा, निवारणका विषय अनिवार्यरूपमा गर्न लगाउने सम्बन्धमाः<br>सार्वजनिक वित्त व्यवस्थापन तालिम केन्द्र (यस मन्त्रालय अन्तर्गतको निकाय) बाट सञ्चालित हुने लामो अवधिको सेवा प्रवेश तथा सेवाकालीन तालिममा यस्तो विषय अनिवार्यरूपमा समावेश गर्ने गरिएको ।<br>३.<br>३.१. सम्पूर्ण बैक तथा वित्तीय संस्थाहरूमा तलब सुबिधा सहितको प्रसुति विदा, सुरक्षित कार्य, शिशु स्यहार केन्द्र व्यवस्था गर्ने सम्बन्धमाः<br>नेपाल राष्ट्र बैंक लगायतका सरकारी बैंकहरूले प्रसुति स्याहार विदा आ-आफ्नो विनियमावलीमा व्यवस्था गरी उपलब्ध गारइएको देखियो।<br>शिशु स्याहार केन्द्र सम्बन्धमाः नेपाल राष्ट्र बैंकमा ठाँउ अभावका कारणले सो सुविधा उपलब्ध गराउन नसकेको, नवनिर्मित भवनमा उत्त सेवा उपलब्ध गराउने सम्बन्धी योजना रहेको। नेपाल बैंक लिमिटेडले मासिक दुई हजार रुपैया शिशु स्याहार भत्ता उपलब्ध गराउने व्यवस्था रहेको छ। कृषि विकास बैंकको चालु आर्थिक वर्षको बजेट तथा कार्यक्रम महाशाखा कार्यक्रममा शिशु स्याहार केन्द्र सम्बन्धमा आवशयक व्यवस्था गर्ने उल्लेख छ।<br>३.२. लैङ्गिकमैत्री वातावरण सम्बन्धमाः<br>नेपाल राष्ट्र बैंक सुरक्षित, स्वच्छ र मर्यादित वातावरणमा काम गर्न पाउने प्रत्येक व्यक्तिको अधिकारलाई सुनुश्चित गर्दै कार्यास्थलमा हुने लैङ्गिक समानतामा आँच आउने व्यवहार नियन्त्रण गर्न, यौनजन्य दुर्व्यवहारलाई निवारण गर्ने सम्बन्धी कर्नचारी आचारसंहिता, २०७८ लागू गरेको,<br>नेपाल बैंक लिमिटेडमा कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहारलाई निवारण सम्बन्धी कर्मचारी आचारसंहिता तयार गर्न क्रममा रहेको, कृषि विकास बैंकमा आचारण सम्बन्धी व्यवस्था भएको र आचारण विपरित कार्य गरेमा गुनासो सुनुवाइको व्यवस्था रहेको,<br>सबै सरकारी बैकहरूमा अतिरिक्त काम गरे वापत अतिरिक्त भत्ताको व्यवस्था रहेको छ। |

| | | | |
|---|---|---|---|
| | | | **विविधः**<br>चालु आर्थिक वर्षको बजेटमा महिलामैत्री थप व्यवस्थाहरूः<br>पारिश्रमिक कर गणनाको क्रममा १०% छुट,<br>महिलालाई रोजगारीमा प्राथमिकता दिने उद्योगलाई कर छुट,<br>घरजग्गाको स्वाःमित्व हस्तान्तरणको क्रमा महिलालाई पुंजीगत लाभाकरमा छुट,<br>विदेशबाट नेपाल आउँदा महिलालाई ५० ग्रामसम्म सुनको गहना आफूसँग ल्याउन पाउने। |
| ५. | निर्वाचन आयोग | • संविधानमा व्यवस्था भए बमोजिम जनसङ्ख्याको आधारमा महिलाको समानुपातिक प्रतिनिधित्व सुनिश्चित गर्ने | • नेपालको संविधानको धारा ८४(८) मा "यस भागमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि संघीय संसदमा प्रतिनिधित्व गर्ने प्रत्येक राजनीतिक दलबाट निर्वाचित कुल सदस्य संख्याको कम्तीमा एक तिहाइ सदस्य महिला हुनु पर्नेछ। त्यसरी निर्वाचन गर्दा उपधारा (१) को खण्ड (क) र धारा ८६ को उपधारा (२) को खण्ड (क) बमोजिम निर्वाचित सदस्यहरु मध्ये कुनै राजनीतिक दलको एक तिहाइ सदस्य महिला निर्वाचित हुन नसकेमा त्यस्तो र ाजनीतिक दलले उपधारा (१) को खण्ड (ख) बमो जिम सदस्य निर्वाचित गर्दा आफ्नो दलबाट संघीय संसदमा निर्वाचित हुने कुल सदस्यको कम्तीमा एक तिहाइ महिला सदस्य हुने गरी निर्वाचित गर्नु पर्नेछ।" भन्ने व्यवस्था रहेको।<br>• नेपालको संविधानको धारा ८६(२) मा राष्ट्रिय सभामा रहने उनान्साठी सदस्य मध्ये प्रत्येक प्रदेशबाट तीन जना महिला र राष्ट्रपतिबाट मनोनीत हुने ३ जना मध्ये १ जना महिला अनिवार्य हुनुपर्ने व्यवस्था रहेको।<br>• नेपालको संविधानको धारा ९१ मा प्रतिनिधि सभाको सभामुख र उपसभामुख मध्ये १ जना महिला, धारा ९२ को राष्ट्रिय सभाको अध्यक्ष र उपाध्यक्ष मध्ये १ जना महिला हुनु पर्ने व्यवस्था रहेको।<br>• नेपालको संविधानको धारा २२२(३) मा "उपधारा (१) बमोजिम गठन हुने गाउँ सभामा प्रत्येक वडामा कम्तीमा दुई जना महिलाको प्रतिनिधित्व हुनेछ" भन्ने र धारा २२३(३) मा "उपधारा (१) बमोजिम गठन हुने नगर सभामा प्रत्येक वडामा कम्तीमा दुई जना महिलाको प्रतिनिधित्व हुनेछ" भन्ने व्यवस्था रहेको छ।<br>• नेपालको संविधानको धारा १७६(९) मा "यस धारामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश सभामा प्रतिनिधित्व गर्ने प्रत्येक राजनीतिक दलबाट निर्वाचित कुल सदस्य संख्याको कम्तीमा एक तिहाइ सदस्य महिला हुनु पर्नेछ । त्यसरी निर्वाचन गर्दा उपधारा (१) को खण्ड (क) बमोजिम निर्वाचित सदस्यहरु मध्ये कुनै राजनीतिक दलको एक तिहाइ सदस्य महिला निर्वाचित नभएमा त्यस्तो राजनीतिक दलले सोही उपधाराको खण्ड (ख) बमोजिम सदस्य निर्वाचित गर्दा आफ्नो दलबाट प्रदे श सभामा निर्वाचित हुने कुल सदस्यको कम्तीमा एक तिहाइ महिला सदस्य हुने गरी निर्वाचित गर्नु पर्नेछ।" भन्ने व्यवस्था रहेको। |

| | | | |
|---|---|---|---|
| | | | **<u>कानूनी व्यवस्थाः-</u>**<br>• स्थानीय तह निर्वाचन ऐन, २०७३ को दफा १७ को उपदफा (४) बमोजिम मनोनयनपत्र पेश गर्दा दलले अध्यक्ष र उपाध्यक्ष, प्रमुख र उपप्रमुख तथा जिल्ला समन्वय समितिको प्रमुख र उपप्रमुख मध्ये पचास प्रतिशत महिला उम्मेदवार रहने गरी मनोनयनपत्र पेश गर्नु पर्ने व्यवस्था रहेको छ। तर दलले एकजना मात्र उम्मेदवारी दिएमा यो उपदफाको प्रावधान लागू हुने छैन। सोहि दफाको उपदफा (५)बमोजिम गाउँपालिका वा नगरपालिकाको वडा समितिका महिला वडा सदस्य पदमा मनोनयनपत्र पेश गर्दा दलले कम्तीमा एक जना दलित महिला उम्मेदवार रहने गरी मनोनयन पत्र पेश गर्ने व्यवस्था रहेको छ।सोही ऐनको दफा २१ बमोजिम माथि उल्लेखित व्यवस्थाहरूलाई कार्यान्वयन नगर्ने राजनीतिक दलको मनोनयन पत्र बदर हुने अवस्था हुने हुँदा मनोनयनको अवस्थामानै हुने अनुगमनले राजनीतिक दललाई कानूनको व्यवस्था पालना गर्न बाध्यात्मक अवस्था सिर्जना गरेको छ । उक्त व्यवस्थाको कार्यान्वयन गर्न मुख्य निर्वाचन अधिकृत तथा निर्वाचन अधिकृतलाई अधिकार प्रत्यायोजन गर्ने गरेको छ।<br>• प्रदेश सभा निर्वाचन ऐन, २०७४ को दफा २८ को उपदफा (३) बमोजिम समानुपातिक निर्वाचन प्रणाली तर्फ दलले उम्मेदवारको वन्दसूची तयार गरी पेश गर्दा कूल उम्मेदवारको पचास प्रतिशत उम्मेदवार महिला रहने गरी नाम समावेश गर्नु पर्नेछ। उपरोक्त व्यवस्थालाई कार्यान्वयन गर्न सोही ऐनको दफा २९को उपदफा (१) बमोजिम आयोगले जाँचबुझ गर्ने व्यवस्था रहेको छ।<br>• प्रतिनिधि सभा निर्वाचन ऐन, २०७४को दफा २८ को उपदफा (३) बमोजिम दलले उम्मेदवारको वन्दसूची तयार गरी पेश गर्दा कूल उम्मेदवारको पचास प्रतिशत उम्मेदवार महिला रहने गरी नाम समावेश गर्नु पर्नेछ। उपरोक्त व्यवस्थालाई कार्यान्वयन गर्न सोही ऐनको दफा २९ को उपदफा (१) बमोजिम आयोगले जाँचबुझ गर्ने व्यवस्था रहेको छ।<br>• राष्ट्रिय सभा सदस्य निर्वाचन ऐन, २०७५ को दफा ३ बमोजिम हुने राष्ट्रिय सभा सदस्यको निर्वाचनको लागि प्रत्येक प्रदेशबाट ३ जना महिलाको प्रतिनिधित्वलाई सुनिश्चित गरिएको छ।<br>• माथि उल्लेखित संवैधानिक र कानूनी व्यवस्था बमोजिम निर्वाचनमा महिलाको प्रतिनिधित्व सुनिश्चित गर्नको लागि आयोगले, दलको मनोनयन पत्र तथा उम्मेदवार जाँचबुझ गर्ने र मनोनयन बदर समेत गर्ने गरेको छ। साथै कानून सम्मत नआएका विषयहरूमा आयोगले दललाई पत्राचार गरी निर्देशन दिने गर्दै आइरहेको छ। |

| | | | |
|---|---|---|---|
| | | | **प्रस्तावित व्यवस्थाः-**<br>• निर्वाचन कानूनलाई एकिकरण र संशोधन गर्न बनेको "निर्वाचन व्यवस्थापन विधेयक" को मस्यौदा तर्जुमा गरी मिति २०८०।०३।१८ मा नै आयोगबाट गृह मन्त्रालय पठाईएको छ । उक्त मस्यौदामा महिला प्रतिनिधित्वको लागि दफा ७४ मा देहायको व्यवस्था प्रस्ताफव गरिएको छः-<br>**महिला उम्मेदवार :**<br>(१) दफा ७३ बमोजिम कुनै राजनीतिक दलले देहायको पदमा उम्मेदवारी दिँदा देहाय बमोजिमको सङ्ख्यामा महिला उम्मेदवार दिनु पर्नेछ ः-<br>(क) प्रतिनिधि सभा वा प्रदेश सभा सदस्यको लागि पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली तर्फ उम्मेदवारी दिँदा त्यस्तो दलले जति निर्वाचन क्षेत्रमा उम्मेदवारी दिने हो त्यसको कम्तीमा तेत्तीस प्रतिशत महिला उम्मेदवार,<br>(ख) स्थानीय तहको अध्यक्ष वा उपाध्यक्ष, प्रमुख वा उपप्रमुख मध्ये कम्तीमा एक जना महिला उम्मेदवार, तर एउटा पदमा मात्र उम्मेदवारी दिँदा महिला उम्मेदवार दिनु पर्नेछ।<br>(ग) वडा अध्यक्षको पदमा उम्मेदवारी दिँदा त्यस्तो दलले सम्बन्धित स्थानीय तहमा उम्मेदवार दिने सम्पूर्ण वडा अध्यक्ष मध्ये कम्तीमा तेत्तीस प्रतिशत महिला उम्मेदवार।<br>(२) उपदफा (१) बमोजिमको संख्यामा सम्बन्धित राजनीतिक दलले महिला उम्मेदवार दिएको वा नदिएको सम्बन्धमा प्रतिनिधि सभा वा प्रदेश सभा सदस्यको निर्वाचन भए आयोगले र अन्य निर्वाचन भए सम्बन्धित निर्वाचन अधिकृतले अनुगमन गरी त्यसको निर्धारण गर्नेछ।<br>(३) उपदफा (१) को खण्ड (क), (ख) वा (ग) विपरीत उम्मेदवारी दिने राजनीतिक दलको सम्बन्धित खण्ड बमोजिमको सबै उम्मेदवारी रद्द हुनेछ।<br>(४) निर्वाचन कार्यक्रम बमोजिम उम्मेदवार मनोनयन गर्ने दिन कुनै वडामा दलित महिला सदस्य उम्मेदवार मनोनयन नभई पद रिक्त हुने अवस्था भएमा त्यस्तो पदमा अल्पङ्ख्यक महिला उम्मेदवार हुन सक्ने गरी निर्वाचन अधिकृतले कार्यक्रम तयार गरी प्रकाशन गर्नु पर्नेछ। |

| | | | |
|---|---|---|---|
| ६. | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | सामाजिक रूपान्तरणका अगुवा योगमाया न्यौपानेको पहिचान र भूमिकालाई उजागर र चिरस्थायी बनाउनको लागि पाठ्यसामग्री बनाइ अध्ययन अध्यापन गराउने। | विदुषी योगमायाको योगदानलाई उच्च प्राथामिकता दिई "योगमाया आयुर्वेद विश्वविद्यालय" समेतको स्थापना भई सञ्चालनको क्रममा रहेको तथा राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ बमोजिम विकास भएको कक्षा ११ को अनिवार्य नेपाली विषयको पाठ्यपुस्तक अन्तर्गत राष्ट्रिय जीवनी विधामा निज योगमायाको एउटा सिङ्गो पाठ समावेश गरी हाल विद्यालयमा पठनपाठन भइरहेको तथा कक्षा ७ को "सामाजिक अध्ययन तथा मानवमूल्य शिक्षा" विषयको एकाइ दुई-"हाम्रा मानव मूल्य मान्यता" शीर्षक अन्तर्गतको पाठ ८ मा "हाम्रा प्रेरणादायी राष्ट्रिय व्यक्तित्व" मा योगमायाको विषयवस्तु समावेश भएको समेत जानकारी प्राप्त भएको। |
| ७. | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | आगामी दिनमा बन्ने भौतिक संरचना लैङ्गिकमैत्री हुनुपर्ने। | यस मन्त्रालय र अन्तर्गतका निकायहरूमा लागू हुने गरी "लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कार्यसञ्चालन मार्गदर्शन, २०७४" कार्यान्वयनमा रहेको र आगामी दिनमा यसको कार्यान्वयनलाई शसक्त बनाउने योजना रहेको। |
| ८. | नेपाल राष्ट्र बैंक | बैंक तथा बित्तीय संस्थामा लैङ्गिक हिंसा नियन्त्रण सम्बन्धी आचारसंहिता निर्माण गरी हरेक बैंक तथा वित्तिय संस्थामा परिपत्र गर्ने। | नेपाल राष्ट्र बैंक बाट बैंक तथा वित्तीय संस्थाहरूको लागि नमूना कर्मचारी सेवा विनियमावली जारी गरिएको व्यवस्था गरिएकोले यस बैंक बाट इजाजतपत्रप्राप्त सबै बैंक तथा वित्तीय संस्थाले आ-आफ्नो कर्मचारी प्रशासन विनियमावलीमा सोही बमोजिम व्यवस्था गर्नु पर्ने। |

राष्ट्रिय महिला आयोग-२०५८

| | | | |
|---|---|---|---|
| ९. | रक्षा मन्त्रालय | • मन्त्रालय अन्तर्गत रहेका सम्पूर्ण तालिम प्रदायक निकायहरूले सञ्चालन गर्दै आएका तालिमको पाठ्यक्रममा लैङ्गिक समानता र लैङ्गिक हिंसा निवारण विषय अनिवार्य रूपमा समावेश गर्न लगाउने | रक्षा मन्त्रालय अन्तर्गत सैनिक कमाण्ड तथा स्टाफ कलेज, विरेन्द्र शान्ति कार्य तालिम केन्द्र, नेपाल सैनिक वार कलेज पृतना तालिम शिक्षालयहरू, सैन्य तालिम केन्द्रहरू नेपाल सैनिक प्रतिष्ठान लगायतका कुल १७ वटा तालिम प्रदायक निकायहरूबाट लैङ्गिक समानता र लैङ्गिक हिंसा निवारण सँग सम्बन्धितः Protection of Human Rights, Protection of Civilians (POC), Women Peace and Security (WPS), UN Core Values Respect for Diversity, Social Inclusion Opportunities and Challenges for Nepal, Gender, Conflict and Peace Building, Gender Equality, Conflict Related Sexual Violence (CRSV), Sexual Exploitation and Abuse (SEA), Military Act in General and MIlitary Regulation 2069, LOAC and IHL, Understanding Gender Perspective, Concept and Employment of Engagement Teams in UNPKO, Women in Nepal Human Rights Perspectives, Nepal's Social Construct and Gender Balance Challenges and Way Forward, संयुक्त राष्ट्रसंघ सुरक्षा परिषद् प्रस्तावना १३२५, १८२० र १८८८ लाई समावेश गरी कक्षा सञ्चालन, सैनिक आचारसंहिता संग्रह, २०७६, सैनिक ऐन२०६३ तथा सैनिक मूल्य मान्यता र आचारसंहिता, Behaviour of Junior Officer Towards Senior Officers and Lady Wives, प्रतिविद्रोह कारवाहीहरूको सैद्धान्तिक कक्षाहरू, Legal Aspects in CL OPs पाठहरू/विषयवस्तुहरूमा सञ्चालित तालिम मा, (प्राप्त भएअनुसार) महिला = २०४४, पुरुष = १३६६६, कुल = १५७१० जनालाई आ.व. ०७९/०८० मा तालिम प्रदान गरिएको। |
| १०. | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | • हरेक स्थानीय तह अपाङ्गमैत्री हुनुपर्ने र सेवा प्रवाहमा सहजता पुऱ्याउनको लागि सांकेतिक दोभाषेको व्यवस्था गर्नु पर्ने।<br>• बहुअपाङ्गता भएका महिलाहरूको लागि सामाजिक सुरक्षा भत्तामा पुनरावलोकन गर्ने।<br>• निजामती सेवा लगायत सार्वजनिक सेवामा संविधानमा व्यवस्था भए अनुरूपको सकरात्मक विभेदको आधारमा आरक्षणको व्यवस्था गर्ने। | • स्थानीय तहहरूका नयाँ बनेका संरचनाहरू अपाङ्गमैत्री बनाइएको साथै अधिकांश स्थानीय तहहरूमा सांकेतिक भाषा र दोभाषेको व्यवस्था हुन नसकेको।<br>• अधिकांश स्थानीय तहहरूमा बहुअपाङ्गता भएका महिलाहरूको लागि सामाजिक सुरक्षा भत्तामा पुनरावलोकन भएको छैन। स्थानीय तहहरू सो सम्बन्धमा संघीय सरकारको दिशानिर्देशको लागि पर्खिरहेको।<br>• निजामती सेवा ऐन २०४९ र नियमावली, २०५० मा भएको व्यवस्था अनुरूप आरक्षणको व्यवस्था भएको। |

| | | | |
|---|---|---|---|
| | | • यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक समुदायलाई हेर्ने दृष्टिकोण, गर्ने व्यवहार र सोचमा परिवर्तन गर्न आवश्यक भएकोले विद्यालय र विश्वविद्यालयका पाठ्यक्रममा समेत सो विषय समावेश गर्ने र सचेतना गराउने ।<br>• प्रत्येक पालिकामा ५० वर्ष भन्दा कम उमेरका एकल महिलाको तथाङ्क यकिन गरी रोजगारीमा प्रथामिकता दिन स्थानीय तहलाई सिफारिस गर्ने ।<br>• घरेलु हिंसाको मुख्य कारण मादक पदार्थ सेवन भएको पाइएको हुँदा मादक पदार्थ सेवनलाई नियन्त्रण व्यवस्थापन र नियमन गर्न आवश्यक कानूनी व्यवस्था गर्ने ।<br>• लैङ्गिक हिंसा र हानिकारक अभ्यास अन्त्यको लागि अनिवार्य पुरुष सहभागिताको लागि सिफारिस गर्ने ।<br>• महिलालाई प्रत्यक्ष लाभ पुऱ्याउने हिसाबले प्रदेश र स्थानीय तहले पनि लैङ्गिक उत्तरदायी बजेट व्यवस्था गर्ने र भइरहेको हकमा कार्यान्वयनलाई अर्थपूर्ण बनाउने ।<br>• सम्पूर्ण तालिम प्रदायक निकाहरूले सञ्चालन गर्दै आएका तालिमको पाठ्यक्रममा लैङ्गिक समानता र लैङ्गिक हिंसा निवारणका विषय अनिवार्य रूपमा समावेश गर्न लगाउने | • केही स्थानीय तहहरूमा यौनिक तथा लैङ्गिक अल्यसंख्यक समुदायलाई हेर्ने दृष्टिकोण गर्ने व्यवहार र सोचमा परिवर्तन ल्याउन विद्यालयको पाठ्यक्रममा समावेश भएको साथै सचेतनाका कार्यक्रमहरू सञ्चालन हुदैं आएको ।<br>• स्थानीय तहहरूमा एकल महिला समूहहरू गठन भएको ।<br>• स्थानीय तहहरूमा मादक पदार्थ सेवनलाई नियन्त्रण व्यवस्थापन र नियमन गर्न सचेतनामूलक कार्यक्रम सञ्चालन भएको तथा केही स्थानीय तहहरूमा सो सम्बन्धी कानूनी व्यवस्था पनि रहेको ।<br>• केही स्थानीय तहहरूमा लैङ्गिक हिंसा र हानिकारक अभ्यास अन्त्यको लागि अनिवार्य पुरुष सहभागिता हुने गरेको ।<br>• संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले स्थानीय तहमा लैङ्गिक उत्तरदायी बजेट तर्जुमा गर्ने विभिन्न तालिम सञ्चालन गर्दै आएको तथा स्थानीय तहको मध्यमकालीन खर्च संरचना दिग्दर्शनले पनि लैङ्गिक उत्तरदायी बजेटलाई अनिवार्य गरेको ।<br>• तालिम प्रदायक निकायहरूले सञ्चालन गर्दै आएको तालिमको पाठ्यक्रममा लैङ्गिक समानता र लैङ्गिक हिंसा निवारणका विषय अनिवार्य रूपमा समावेश गरेको । |
| ११. | गृह मन्त्रालय | • आश्रयगृहले प्रदान गर्ने सेवालाई अत्यावश्यक सेवामा समावेश गराउने ।<br>• बहुअपाङ्गता भएका महिलाहरूको लागि सामाजिक सुरक्षा भत्तामा पुनरावलोकन गर्ने ।<br>• यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक समुदायका व्यक्तिलाई पहिचान सहितको नागरिकताको अधिकार सुनिश्चित गर्नु पर्ने ।<br>• यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक समुदायका व्यक्तिलाई वैवाहिक जीवनलाई कानूनी मान्यता दिनु पर्ने ।<br>• नेपाल प्रहरीको महिला बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रको जनशक्तिको संख्या कम भएको र महिला प्रहरी पनि पर्याप्त नभएको हुँदा सो को आवश्यक संख्यामा व्यवस्थापन गर्नुका साथै प्रहरीलाई लैङ्गिक सवालमा तालिम तथा अभिमुखीकरणको लागि सिफारिस गर्ने ।<br>• महिला बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा शिशु स्याहार केन्द्र र स्तनपान कक्षको स्थापना गर्ने । | • ०८०/०८१ मा लैङ्गिक हिंसा नियन्त्रण सम्बन्धमा भए/गरेका कार्यहरूः<br>• सशस्त्र प्रहरी बल, नेपालको युनिटहरूमा मादक पदार्थ सेवनलाई पूर्णरूपमा निरुत्साहित गरिएको ।<br>• तालिम क्यालेण्डर अनुसार सञ्चालन हुने र सशस्त्र प्रहरी कर्मचारीहरूको दैनिक कार्य तालिकाहरूमा समेत लैङ्गिक विभेदका विषयलाई समावेश गरी कक्षाहरू सञ्चालन गर्ने गरेको ।<br>• गुल्मस्तरसम्मका कार्यालयहरूमा शिशु स्याहार केन्द्र स्थापना गरी कार्य सञ्चालन गर्दै आइरहेको ।<br>• लैङ्गिक विभेदका विषयहरूमा प्राप्त ६२ (बैसठ्ठी) वटा उजुरी तथा गुनासो सम्बन्धमा ५७ (सन्ताउन्न) वटा फछ्र्यौट भएको ।<br>• लैङ्गिक हिंसा सम्बन्धी समस्यामा परी फोन तथा सम्पर्कमा आई सल्लाह र सहायता माग्ने जम्मा ८४४ (आठ सय चौवालिस) जना उजुरीकर्ता (कर्मचारी, कर्मचारी परिवार तथा अन्य व्यक्ति) हरूको गुनासो सुनुवाई र समस्या समाधानका लागि आवश्यक काउन्सिलिङ गरी परामर्श सहित सहजीकरण गरेको । (प्रत्यक्ष रूपमा-३७५ जना र फोन मार्फत-४६९ जना) |

| | | | |
|---|---|---|---|
| | | • घरेलु हिंसाको मुख्य कारण मादक पदार्थ सेवन भएको पाइएको हुँदा मादक पदार्थ सेवनलाई नियन्त्रण, व्यवस्थापन र नियमन गर्न आवश्यक कानूनी व्यवस्था गर्ने ।<br>• प्रविधिमा आधारित महिला हिंसा (Technology Facilitated Gender Based Violence) दिन प्रतिदिन बढ्दै गएको अवस्थामा त्यस्तो हिंसा नियन्त्रण तथा नियमन गर्नका साथै पीडकलाई कडा कारवाहीको दायरामा ल्याई पीडितको न्याय प्राप्तिको अधिकार सुनिश्चितताका लागि प्रविधिबाट हिंसा पीडितलाई उजुरी दिने संयन्त्र ७७ वटै जिल्लामा रहने व्यवस्था गर्ने ।<br>• सम्पूर्ण तालिम प्रदायक निकायहरूले सञ्चालन गर्दै आएका तालिमको पाठ्यक्रममा लैङ्गिक समानता र लैङ्गिक हिंसा न्यूनीकरणका विषय अनिवार्य रूपमा समावेश गर्न लगाउने । | • सशस्त्र प्रहरी बल, नेपालमा कार्यरत सशस्त्र प्रहरी कर्मचारीहरूलाई लैङ्गिक समानता, समावेशीकरण,महिला सशक्तिकरण, घरेलु हिँसा (कसूर तथा सजाय) ऐन २०६६, CEDAW, लिङ र लैङ्गिकताको परिचय, अवधारणा र महत्त्व, मानव अधिकार, लैङ्गिक सवाल तथा आचारसंहिता, लैङ्गिक हिंसा विरुद्ध कानूनी व्यवस्था एंव संगठनको नीति र सशस्त्र प्रहरी बल, नेपालमा लैङ्गिक हिंसा सम्बन्धी उजुरी र व्यवस्थापन लगायतका विषयमा विभिन्न कार्यलयहरूमा प्रशिक्षण तालिम सञ्चालन भएको । प्रशिक्षार्थी संख्या; ३१४<br>• सशस्त्र प्रहरी बल, नेपालका विभिन्न युनिटहरूमा सञ्चालित तालिमहरूमा तालिमरत प्रशिक्षार्थीहरूलाई लैङ्गिक सवालका विषयमा आधारित भई लैङ्गिक हिंसा तथा अन्तराष्ट्रिय मानवीय कानून, लैङ्गिक इकाई एक परिचय र लैङ्गिक हिंसा विरुद्ध आचारसंहिता र समाजमा लिङ्ग र लैङ्गिकता सम्बन्धी अवधारणा र महत्त्व, लैङ्गिक विभेद, घरेलु हिंसा र लैङ्गिक हिंसा सजाय तथा हदम्याद सम्बन्धी व्यवस्थाका साथै लैङ्गिक हिंसा र कार्यक्षेत्रमा हुन सक्ने लैङ्गिक हिंसाको विषयमा तालिम सञ्चालन गरिएको छ । प्रशिक्षार्थी संख्याः २६१<br>जनशक्ति संख्या सम्बन्धीः<br>• हाल नेपाल प्रहरीको २३२ वटा प्रहरी कार्यालयहरूमा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रहरूका लागि जम्मा ११५९ जनाको दरबन्दीको व्यवस्था रहेको र हाल जम्मा ७०६ जना प्रहरी कर्मचारीहरू सेवा केन्द्रहरूमा महिला प्रहरी कर्मचारी- ४१९ जना र पुरुष प्रहरी कर्मचारी-२८७ जना कार्यरत रहेका छन् ।<br>• नेपाल प्रहरीको विभिन्न तालिम प्रदायक कार्यालयहरूबाट लैङ्गिक सवालमा निम्नानुसारको तालिम तथा अभिमुखीकरण तालिम प्रदान गरिएको छ :<br>१. घरेलु हिंसा उजुरी सुनुवाई तथा मेलमिलाप सिप विकास प्रशिक्षण,<br>२. Cyber Crime Investigation (First Responder Level–1)<br>३. जुनियर प्रहरी अधिकृतहरूका लागि महिला तथा बालबालिकासँग सम्बन्धित अपराध अनुसन्धान,<br>४. प्रहरी जवान देखि प्र.व.ह का लागि महिला तथा बालबालिकासँग सम्बन्धित अपराध अनुसन्धान,<br>५. बालन्याय प्रणाली (कार्यविधि)<br>नेपाल प्रहरी प्रधान कार्यालय, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा निर्देशनालयद्वारा लैङ्गिक सवालहरूमा सञ्चालन भएका तालिम/अनुशिक्षहरूः |

| | | | |
|---|---|---|---|
| | | | १. लैङ्गिक उत्तरदायी अनुसन्धान तथा सञ्चार सिप सम्बन्धी प्रशिक्षक प्रशिक्षण,<br>२. लैङ्गिक हिंसा रोकथाम तथा नियन्त्रण तालिम,<br>३. Case management of child sexual abuse and exploitation,<br>४. लैङ्गिक उत्तरदायी अनुसन्धान तथा सञ्चार सिप अनुशिक्षण,<br>५. लैङ्गिक संवेदनशीलता र व्यवहार।<br>• महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा शिशु स्याहार केन्द्र र स्तनपान कक्षको स्थापना गर्नेः<br>• हालसम्म नेपाल प्रहरीको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रहरूमा जम्मा ४१ वटा कार्यालयहरूमा बालमैत्री कक्ष निर्माण भई सेवा सञ्चालनमा रहेको।<br>• नेपाल प्रहरीको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रहरूको निकट भविष्यमा निर्माण हुने सेवा केन्द्रहरूमा स्तनपान कक्षको प्रावधान रहेको।<br>**कानूनी व्यवस्था**<br>• नेपाल नागरिकता ऐन, २०६३ को दफा ८ (क), पहिचान सहितको नागरिकता दिने।<br>• नेपाल नागरिकता नियमावली, २०६३ नियम ८ ख. मा लैङ्गिक पहिचान खुलाउने। |
| १२. | नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान | • प्रतिष्ठानबाट सञ्चालन हुने सेवा प्रवेश, सेवाकालीन तथा अन्य तालिम प्रशिक्षणमा लैङ्गिक समानता र महिला सशक्तीकरणका विषयहरूलाई समावेश गर्ने। साथै, त्यस्ता तालिम, प्रशिक्षण कार्यक्रममा लैङ्गिक विभेद र हिंसा नियन्त्रण सम्बन्धी विषयलाई पनि समेट्ने। | • आ.व. २०७९/०८० मा सञ्चालन भएको प्रशिक्षणमा लैङ्गिक समानता र महिला सशक्तिकरणमा देहायका विषयहरू समावेश गरिएकोः<br>• Professional course on Management and Development (PCMD)<br>• Advanced Course on Management and Development (ACMD)<br>• Training of Trainers (TOT)<br>• Financial Management Training<br>• Leadership Excellence Programme for women managers<br>• Managerial and Administrative skills<br>• Capacity Enhancement Training, etc |

| | | | |
|---|---|---|---|
| १३. | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | १. महिलालाई वैदेशिक रोजगारीमा घरेलु कामदारका रुपमा लगाइएको प्रतिबन्धको कारण महिलाहरू अवैध बाटोबाट वैदेशिक रोजगारीमा जाने क्रम नरोकिएको साथै कहीकतै दलालहरूबाट ठगिने क्रम बढ्नुका साथै कहिकतै बढी शोषणमा परेको सुविधा तथा सुरक्षाबाट वञ्चित, अभिलेखिकरण नहुदाँ राज्यबाट प्राप्त गर्नुपर्ने सेवा प्राप्त नभएको तथा गन्तव्य मुलुकमा पनि असुरक्षित हुँदा उद्दार तथा क्षतिपूर्ति समेत गर्नका साथै नियमनका लागि समेत बलियो संयन्त्रको समेत कानूनी व्यवस्था गरी कार्यान्वयन गर्ने ।<br>२. सुरक्षित र मर्यादित रोजगारीको मागि महिलाको मर्यादित रोजगारीमा संलग्न पक्षले पालना गर्नुपर्ने आचारसंहिता बनाई लागू गर्नुपर्ने ।<br>३. गृह श्रमिक तथा अनौपचारिक क्षेत्रमा कार्यरत महिलाहरूलाई सामाजिक सुरक्षामा समावेश गर्ने ।<br>४. मनोरञ्जन क्षेत्रमा रोजगारी गरिरहेका महिलाको आत्मसम्मान र मर्यादाको लागि रोजगारदाता केन्द्रित आचारसंहिता र निर्देशिका बनाई लागू गर्ने ।<br>५. मनोरञ्जन क्षेत्रमा सेवा प्रवाह गर्ने रोजगारदाताको अनुगमनका लागि मौजुदा निर्देशिका/सूचकमा परिमार्जन गर्ने र उनीहरूले प्राप्त गर्ने सेवा सुविधा लगायतका व्यवस्था र अवस्थाको नियमलाई प्रभावकारी बनाउने साथै उक्त क्षेत्रमा विद्यमान श्रम शोषणको अन्त्य गर्न न्यूनतम पारिश्रमिक तथा अन्य सेवा सुविधा प्रदान गर्ने सम्बन्धमा कानुनी व्यवस्था गर्ने ।<br>६. बहुअपाङ्गता भएका महिलाहरूको लागि सामाजिक सुरक्षा भत्तामा पुनरावलोकन गर्ने । | १. घरेलु कामदार सम्बन्धी निर्देशिका २०७३ कार्यान्वयनमा रहेको । औपचारिक रुपमा जोर्डन र साइप्रस बाहेक अन्य देशमा घरेलु महिला कामदार नगएका यु.ए.ई लगायत विभिन्न मुलुकसँग घरेलु कामदार सम्बन्धी बेग्लै समझदारी गरी कामदार पठाउन द्विपक्षीय छलफल जारी रहेको ।<br>२. निर्देशिकाले नै संलग्न पक्षको जिम्मेवारी/कर्तव्य तोकेको ।<br>३. अनौपचारिक क्षेत्रमा कार्यरत श्रमिकहरूलाई सामाजिक सुरक्षामा आवद्धता गरिएको ।<br>४. "मनोरञ्जन क्षेत्रमा काम गर्ने श्रमिकहरूको हक अधिकारको सम्बन्धमा निर्माण गर्ने कानूनको अवधारणा पत्र" मा श्री अर्थ मन्त्रालयको मिति २०८०।०९।१६, च.नं ५८६ को पत्रबाट सैद्धान्तिक सहमति प्राप्त भएको ।<br>५. उक्त अवधारणापत्रमा सैद्धान्तिक सहमतिको लागि श्री कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयमा मिति २०८१/११/०६ मा पत्र पठाईएकोमा श्री कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयको प.सं. ०८०।०८१, च.नं २००, मिति २०८०/१२/०५ को पत्र मार्फत प्रस्तुत विषयमा नँया विधेयकको सट्टामा श्रम ऐन, २०७४ को संशोधनबाट नै सम्मानित अदालतको आदेशको कार्यान्वयन हुन सक्ने देखिएको नयाँ कानून आवश्यक नरहेको राय प्राप्त भएको ।<br>६. महिला मन्त्रालयसँग सम्बन्धित भएको । |
| १४. | स्वास्थ तथा जनसङ्ख्या मन्त्रालय | • किशोरी तथा महिलामाथि हुने जबरजस्ती करणी जस्तो जघन्य अपराधमा संलग्न अपराधीलाई कानुनी दायरामा ल्याउनका लागि अपराधको सवुत प्रमाण संकलनमा सहजताका लागि प्रत्येक प्रदेशका प्रादेशिक अस्पतालमा विधिविज्ञान प्रयोगशाला स्थापना गर्ने<br>• स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मी महिलाहरूको श्रमशोषण भइरहेको भन्ने व्यापक रूपमा गुनासो भइरहेको हुँदा निजी स्वास्थ्यसंस्थामा कार्यरत महिला स्वस्थ्यकर्मीलाई सरकारी सेवा अनुरूपको सेवा सुविधा उपलब्ध गराउन आवश्यक व्यवस्था गर्ने<br>• स्वास्थ्य सेवामा सरल, सहज र लैङ्गिक तथा यौनिक अल्पसंख्यकमैत्री वातावरण कायम गर्ने<br>• स्वास्थ्य संस्थामा सञ्चालित एकद्वार संकट व्यवस्थापन केन्द्रलाई भौतिक पूर्वाधार र दक्ष जनशक्ति सहित स्रोत साधन सम्पन्न बनाउने | • अघिल्लो आ.व. दखि नै यस मन्त्रालयले सातवटै प्रदेशमा विधि विज्ञान प्रयोगशालाका लागि वार्षिक कार्यक्रममा राखेतापनि यो विषय संरचनामात्र नभई यसको कार्यान्वयन, विषय विज्ञताका लागि विशेषज्ञ जनशक्ति लगायत सिप तथा तालिमको लागि समेत कुनै कानूनी व्यवस्थाबाट मात्र सम्भव भएकोले सो सम्बन्धमा मन्त्रालयले अन्य सरोकार मन्त्रालयहरू, गृह, अर्थ, संघीय मामिला मन्त्रालयसँगको छलफलबाट सम्भव गराउने प्रयास गरिरहेको । तत्काल सम्बोधनका लागि एकद्वार संकट व्यवस्थापन केन्द्रमा प्रमाण संकलन, भण्डारण, व्यवस्थापन तथा प्रयोगका लागि सिप, क्षमता विकास, सम्बन्धित निकायमा जानकारी एवम् तालिमका पाठ्यक्रममा समावेश गरी क्लिनिक मेडिको लिगल सेवासँग आवद्ध गरी कार्यान्वयन भैरहेको । |

<table>
<tr>
<td></td>
<td></td>
<td></td>
<td>
<ul>
<li>श्रम शोषण भएको विषयवस्तुमा श्रम मन्त्रालय एवम् गृह मन्त्रालयको अनुगमन तथा नियमनबाट कार्यान्वयन गर्न सकिन्छ। लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धमा मन्त्रालयले समय समयमा सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ अधिकारका विषयहरूमा विशेष जोड दिएको एवम् सुरक्षित, मर्यादित र सम्मानित रूपमा काम गर्न पाउने र सेवाग्राहीहरूलाई सेवा दिनुपर्ने भनी बारम्बार कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (निवारण) ऐनका प्रावधानहरूलाई उच्च तहका प्रतिनिधि एवम् कार्यान्वयनमा संलग्न पदाधिकारीहरूलाई जानकारी गराइ अन्तरक्रिया एवम छलफल गराएको। तालिम सञ्चालन गर्दा एवम् कुनै पनि गोष्ठि, सम्मेलन आयोजना गर्दा सञ्चालन पूर्व कार्यस्थल स्वच्छ र मर्यादित बनाउने सन्देशमूलक सामग्री उत्पादन गरी प्रसारण गरिएको।</li>
<li>लैङ्गिक तथा यौनिक अल्पसंख्यक मैत्री स्वस्थ सेवा प्रवाहका लागि समय समयमा अन्तरक्रिया कार्यक्रम तथा एकद्धार संकट व्यवस्थापन केन्द्रहरूको समीक्षा तथा सम्मेलनमा जानकारी गराउदै अस्पतालहरू लैङ्गिक तथा यौनिक अल्पसंख्यक मैत्री हुनुपर्ने विषयमा जोड दिइएको।</li>
<li>एकद्धार संकट व्यवस्थापन केन्द्र स्थापना तथा सञ्चालन नेपाल सरकार स्वास्थ तथा जनसङ्ख्या मन्त्रालयको प्राथामिकतापूर्ण कार्यक्रम मानिन्छ। यसको स्थापना, सञ्चालन तथा व्यवस्थापन संघीय मन्त्रालयबाट मात्र भएको छ, १० वर्ष बढी भएको अवस्थामा मन्त्रालयले कार्यक्रमको सेवा प्रभावकारिता अध्ययन कार्य अगाडी बढाएको छ। अबको कार्यक्रम संख्यात्मक रूपमा विस्तार नगरी गुणात्मक सुढृणीकरणमा विशेष जोड दिईएको छ। ९२ वटा एकद्धार संकट व्यवस्थापनको सेवा प्रभावकारिता र स्थानीय तहसम्म जानकारी गराउने एवम् सरोकारवाला सबैको सहयोग, समन्वय र सहकार्य बढोत्तरी गराउने उद्देशयले राष्ट्रिय सम्मेलन गर्ने योजना रहेको छ। जस्का लागि तीनै तहका सरकार, विकास साभेदार, नागरिक समाज, गैरसरकारी संघसस्थाहरूको सहकार्यमा सम्मेलन सञ्चालनको खाका समेत तयार गरिएको छ।</li>
</ul>
</td>
</tr>
<tr>
<td>१५</td>
<td>राष्ट्रिय योजना आयोग</td>
<td>
<ul>
<li>महिलालाई प्रत्यक्ष लाभ पुऱ्याउने हिसाबले सरकार, प्रदेश र स्थानीय तहले पनि लैङ्गिक उत्तरदायी बजेटको व्यवस्था गर्ने र भइरहेको हकमा कार्यान्वयनलाई अर्थपूर्ण बनाउने।</li>
</ul>
</td>
<td>
<ul>
<li>यस सम्बन्धमा चालू आर्थिक वर्ष २०८१/०८२ मा संघ र प्रदेश तहको कुल बजेटमा प्रत्यक्ष लैङ्गिक उत्तरदायी बजेटको व्यवस्था सम्बन्धी विवरणः (रकम रु हजारसम्म)</li>
</ul>
<table>
<tr><th>क्र.सं.</th><th>नेपार सरकार/प्रदेश</th><th>कूल बजेट</th><th>प्रत्यक्ष लैङ्गिक उत्तरदायी बजेट/कार्यक्रम</th><th>प्रतिशत</th></tr>
<tr><td>१</td><td>संघ</td><td>१८६०३०३०००</td><td>८१५९४०७४३</td><td>४३.८६</td></tr>
<tr><td>२</td><td>कोशी प्रदेश</td><td>३५२७९३००</td><td>८३९०३१८</td><td>२८.७८</td></tr>
<tr><td>३</td><td>मधेश प्रदेश</td><td>४३८९२१७०</td><td>३९२०५१३८</td><td>८९.३२</td></tr>
<tr><td>४</td><td>वागमति प्रदेश</td><td>६४५४०४३१</td><td>१९१४४९९९</td><td>२९.६६</td></tr>
<tr><td>५</td><td>गण्डकी प्रदेश</td><td>३२९७८५७५</td><td>१०९८३३०८</td><td>३३.३०</td></tr>
<tr><td>६</td><td>लुम्बिनी प्रदेश</td><td>३८९७००००</td><td>१०४८११२१</td><td>२६.८९</td></tr>
<tr><td>७.</td><td>कर्णाली प्रदेश</td><td>३१४१००४१</td><td>१३७५८१२१</td><td>४३.८</td></tr>
<tr><td>८.</td><td>सुदुरपश्चिम प्रदेश</td><td>३१६२९८२८</td><td>१८१२८५४६</td><td>५७.३१</td></tr>
</table>
</td>
</tr>
</table>

# परिच्छेद ८
# स्थलगत अनुगमन सम्बन्धी विवरण

**पृष्ठभूमि:**

आयोगबाट नेपाल पक्ष राष्ट्र भएका अन्तर्राष्ट्रिय प्रतिबद्धताहरूको स्थानीयकरण र कार्यान्वयनका आधारमा अवस्था, नेपाल सरकारबाट फरक-फरक समुदायका महिला, बालिका, किशोरी, ज्येष्ठ नागरिकका लागि भएका विशेष सेवा तथा व्यवस्था कार्यान्वयन र त्यसको प्रभावकारिताको अवस्था, सरोकारवाला निकायहरूबिच समन्वय सहकार्य अवस्था र हिंसा पीडित बालिका तथा महिलाको न्यायमा पहुँचको अवस्था लगायतका सवालहरूको सम्बन्धमा आयोगका पदाधिकारी सहितको टोलीबाट आ.व. २०८०/८१ मा विभिन्न प्रदेश, जिल्ला र स्थानमा अनुगमन गरिएको छ।

१. माननीय अध्यक्ष कमला कुमारी पराजुलीको नेतृत्वमा

| क्र.सं. | मिति | | प्रदेश | जिल्ला |
|---|---|---|---|---|
| | देखि | सम्म | | |
| १ | २०८०।०७।१६ | २०८०।०७।२२ | गण्डकी | तनहुँ, लमजुङ्ग र मनाङ (कार्यक्रम) |
| २ | २०८०।०८।१६ | २०८०।०८।२२ | कर्णाली सुदूरपश्चिम | सुर्खेत, अछाम र बाजुरा (कार्यक्रम, अनुगमन) |
| ३ | २०८०।०८।२८ | २०८०।०९।०२ | कर्णाली सुदूरपश्चिम | जाजरकोट, रुकुम पश्चिम (कार्यक्रम, अनुगमन) |
| ४ | २०८०।१२।२९ | २०८१।०१।०५ | कोशी प्रदेश | तेह्रथुम मोरङ (कार्यक्रम, अनुगमन) |
| ५ | २०८१।०१।१३ | २०८१।०१।२२ | कर्णाली | सुर्खेत, कालिकोट, जुम्ला र मुगु (कार्यक्रम, अनुगमन) |
| ६ | २०८१।०२।१३ | २०८१।०२।१५ | बागमती | सिन्धुपाल्चोक (कार्यक्रम) |
| ७ | २०८१।०२।२० | २०८१।०२।२६ | लुम्बिनी | अर्घाखाँची, गुल्मी, पाल्पा (कार्यक्रम) |
| ८ | २०८१।०३।१२ | २०८१।०३।१५ | बागमती | हेटौडा,मकवानपुर (कार्यक्रम) |

२. माननीय सदस्य कृष्णकुमारी पौडेल खतिवडाको नेतृत्वमा

| क्र. सं. | मिति | | प्रदेश | जिल्ला |
|---|---|---|---|---|
| | देखि | सम्म | | |
| १ | २०८०।०७।१६ | २०८०।०७।२२ | गण्डकी | तनहुँ, लमजुङ्ग र मनाङ (कार्यक्रम) |
| २ | २०८०।०८।०५ | २०८०।०८।०९ | बागमती | रामेछाप (कार्यक्रम, अनुगमन) |
| ३ | २०८०।०८।१७ | २०८०।०८।२३ | कोशी | झापा, इलाम, पाँचथर |
| ४ | २०८०।१०।११ | २०८०।१०।१७ | बागमती, कोशी | दोलखा, खोटाङ, ओखलढुंगा (कार्यक्रम, अनुगमन) |
| ५ | २०८१।०१।२६ | २०८१।०२।०१ | लुम्बिनी, कर्णाली | अर्घाखाँची, प्युठान, सल्यान (कार्यक्रम, अनुगमन) |
| ६ | २०८१।०२।०५ | २०८१।०२।११ | गण्डकी | कास्की, म्याग्दी, स्याङजा (कार्यक्रम, अनुगमन) |
| ७ | २०८१।०२।२१ | २०८१।०२।२७ | कोशी | विराटनगर (कार्यक्रम, अनुगमन) |
| ८. | २०८१।०३।०९ | २०८१।०३।१५ | लुम्बिनी | रुपन्देही, दाङ (कार्यक्रम, अनुगमन) |

३. माननीय सदस्य विद्या कुमारी सिन्हाको नेतृत्वमा

| क्र.सं. | मिति | | प्रदेश | जिल्ला |
|---|---|---|---|---|
| | देखि | सम्म | | |
| १ | २०८०।०५।०६ | २०८०।०५।१० | मधेश | धनुषा (अनुगमन) |
| २ | २०८०।१०।२५ | २०८०।११।२ | मधेश | धनुषा, सिरहा (अनुगमन) |
| ३ | २०८०।११।२४ | २०८०।११।३० | मधेश | बारा, पर्सा (अनुगमन) |
| ४ | २०८०।१२।१२ | २०८०।१२।१८ | मधेश, लुम्बिनी | कार्यक्रम |
| ५ | २०८०।१२।२६ | २०८०।१२।३० | मधेश | महोत्तरी, धनुषा, सिरहा (कार्यक्रम) |
| ६ | २०८१।०१।१३ | २०८१।०१।१९ | मधेश | बारा, पर्सा, सिन्धुली (कार्यक्रम) |
| ७ | २०८१।०२।०५ | २०८१।०२।०८ | सुदुरपश्चिम | कञ्चनपुर, डडेल्धुरा (कार्यक्रम) |
| ८ | २०८१।०२।१२ | २०८१।०२।१६ | मधेश | रौतहट (कार्यक्रम) |

४. माननीय सदस्य जया घिमिरेको नेतृत्वमा

| क्र.सं. | मिति | | प्रदेश | जिल्ला |
|---|---|---|---|---|
| | देखि | सम्म | | |
| १ | २०८०।०४।२० | २०८०।०४।२४ | मधेश | महोत्तरी (अनुगमन) |
| २ | २०८०।०६।२८ | २०८०।०७।०३ | मधेश | सिरहा, सप्तरी, महोत्तरी, धनुषा (अनुगमन) |

५. माननीय सदस्य सावित्रा कुमारी शर्माको नेतृत्वमा

| क्र.सं. | मिति | | प्रदेश | जिल्ला |
|---|---|---|---|---|
| | देखि | सम्म | | |
| १ | २०८०।०७।१८ | २०८०।०७।२४ | बागमती | रसुवा, नुवाकोट धादिङ (कार्यक्रम) |
| २ | २०८०।०८।१६ | २०८०।०८।२२ | गण्डकी, लुम्बिनी | नवलपरासी, रुपन्देही, स्याङजा, कास्की (अनुगमन) |
| ३ | २०८०।०८।२८ | २०८०।०९।०२ | कर्णाली | जाजरकोट, रुकुम पश्चिम (अनुगमन, कार्यक्रम) |
| ४ | २०८०।१०।१६ | २०८०।१०।२२ | कोशी | मोरङ, सुनसरी, तेह्रथुम |
| ५ | २०८०।११।०८ | २०८०।११।१४ | लुम्बिनी | रुपन्देही, कपिलवस्तु (अनुगमन) |
| ६ | २०८१।०२।१४ | २०८१।०२।१८ | बागमती | गोरखा (कार्यक्रम) |
| ७ | २०८१।०२।२० | २०८१।०२।२९ | सुदुरपश्चिम | कैलाली, बझाङ्ग, बैतडी, दार्चुला (कार्यक्रम) |
| ८ | २०८१।०३।१२ | २०८१।०३।१६ | बागमती | हेटौडा (कार्यक्रम) |

## ८.१ माननीय अध्यक्ष श्री कमला कुमारी पराजुलीको नेतृत्वमा आ.व. २०८०/८१ मा भएका अनुगमनहरूको विवरण

| क्र.सं. | अनुगमन मिति | अनुगमन स्थान | अनुगमनको सन्दर्भ/विषय | अनुगमनमा देखिएका विषय |
|---|---|---|---|---|
| १. | २०८०।०४।२९ | काठमाडौ | जडीबुटी औषधी उत्पादन तथा प्रशोधन केन्द्र लिमिटेडको कार्यालय काठमाडौंमा राष्ट्रिय महिला आयोगका माननीय अध्यक्षज्यूको नेतृत्वमा, माननीय सदस्यहरू विद्या कुमारी सिन्हा, जया घिमिरे, सावित्रा कुमारी शर्मा र आयोगका कर्मचारी सहितको टोलीबाट स्थलगत अनुगमन भयो। | मिती २०८० साउन २९ गते जडीबुटी औषधी उत्पादन तथा प्रशोधन केन्द्र लिमिटेडबाट सो केन्द्रमा कार्यरत महिला श्रमिकहरूले श्रम ऐन अनुसार सेवा सुविधा नपाएको र लैङ्गिक विभेद भएको भनी आयोगमा गरेको उजुरी अनुसार राष्ट्रिय महिला आयोगको टोलीबाट स्थलगत अनुगमन भयो।<br>अनुगमनमा गरिएको अध्ययन, अवलोकन र अवस्थाको विश्लेषण सहित उजुरीकर्ताका चमागहरू र गुनासाको समाधानका लागि राष्ट्रिय महिला आयोगबाट औषधी उत्पादन तथा प्रशोधन केन्द्र लिमिटेडका व्यवस्थापन पक्ष र उजुरीकर्तासँग छलफल गरी समस्या समाधानको पहल गर्दै सम्बन्धित निकायहरूसँग समन्वय र सहजीकरण गरियो। |
| २. | २०८०।५।६ | काठमाडौ | कोशिस नेपाल दक्षिणकाली नगरपालिका फर्पिङ्गमा रहेको मनोसामाजिक समस्या भएका व्यक्तिहरूको लागि काम गर्ने संस्था हो। कोशिसमा विगत वर्षदेखि नै ह्रिंसाको कारण मनोसामाजिक समस्या भएका विभिन्न उमेर समुदायका र अवस्थाका महिलालाई सेवा दिलाउन राष्ट्रिय महिला आयोगबाट पनि सिफारिस गरेर पठाउने गरिएको छ।<br>सोही क्रममा२०८० भाद्र ६ गते राष्ट्रिय महिला आयोगका अध्यक्ष माननीय कमला पराजुलीको नेतृत्वमा प्रमुख महिला विकास अधिकृत (उपसचिव) सीता अधिकारी, महिला विकास अधिकृत रोशनी श्रेष्ठ सहितको टोलीबाट कोशिश नेपाल संस्थाको अनुगमन गरियो। | कोशिस नेपाल अनुगमनका क्रममा देखिएका अवस्था :<br>● संस्थाको भौतिक पूर्वाधार सुरक्षित र सुविधायुक्त (४ तला) आफ्नै पक्की भवन रहेको।<br>● संस्थामा विज्ञ जनशक्तिको सहयोगमा मनोसामाजिक परामर्श, उपचार र थेरापीको समेत व्यवस्था रहेको।<br>● अनुगमनको समयमा विभिन्न जिल्लाबाट ३७ जना मनोसामाजिक समस्या भएका फरक फरक उमेर र समूहका महिलाहरूलाई आश्रय दिई मनोसामाजिक परामर्श र उपचार गराई रहेको।<br>● महिलाहरूको मनलाई एकाग्र राख्न विभिन्न किसिमका सीप सिकाइ व्यस्त राखेको र महिलाहरू खुशीसाथ सहभागी भएको अवस्था। |
| | | | | संस्थाको चुनौतीहरू :<br>● संस्थामा आएर उपचार पश्चात् सामान्य अवस्था भइसकेको व्यक्तिहरू पनि लामो समयसम्म राख्नुपर्ने हुँदा संस्थामा बोझ थप भई अत्यावश्यक व्यक्तिलाई सेवा दिन कठिनाइ हुने गरेको।<br>● अभिभावक र आफन्तले मनोसामाजिक समस्या भएका व्यक्तिको परिवारले बोझ मानी घरमा राखी हेरचाह गर्न नसकेको भनी संस्थामा नै आश्रय दिन अनुरोध गरेर जिम्मेवारीबाट पन्छिएको देखियो। |

| | | | | |
|---|---|---|---|---|
| ३. | २०८०।८।१८ | बाजुरा | बडिमालिका नगरपालिकाको अनुगमन। | आयोगका अध्यक्ष माननीय कमला पराजुलीको नेतृत्वमा सरकारी वकील उशा गजमेर सहितको टोलीबाट बाजुरा जिल्लाको बडिमालिका नगरपालिकाको अनुगमन भयो। अनुगमनमा नगर प्रमुख, न्यायिक समितिका प्रमुख तथा पदाधिकारी संग लैङ्गिक हिंसा, महिलाको न्यायमा पहुँच, समाजमा विद्यमान हानिकारक अभ्यासका कारण हुने सबै किसिमका लैङ्गिक हिंसा अन्त्यका लागि न्यायिक समितिका असल अभ्यास र चुनौती सम्बन्धमा छलफल भयो।<br>अनुगमनका क्रममा नगरपालिकाबाट भएका नीति कार्यान्वयन तथा न्यायिक समितिको भूमिकाबारे जानकारी लिई नगरपालिकासँग आयोगले गर्नसक्ने समन्वय र सहकार्यबारे बताउनु भयो।<br>नगरपालिकाले बाजुरा सरकारी अस्पतालमा आधारित लैङ्गिक हिंसा पीडितका लागि एकद्वार व्यवस्थापन केन्द्र (OCMC) सँग कसरी समन्वय गरिरहेको छ भन्ने बारेमा पनि छलफल भयो। |
| ४. | २०८०।८।१८ | बाजुरा | बाजुरा जिल्ला सरकारी अस्पतालको एकद्वार संकट व्यवस्थापन केन्द्र (OCMC) को अनुगमन। | आयोगका अध्यक्ष माननीय कमला पराजुलीको नेतृत्वमा सरकारी वकील उशा गजमेर सहितको टोलीबाटसरकारी अस्पतालमा आधारित लैङ्गिक हिंसा पीडितका लागि एकद्वार संकट व्यवस्थापन केन्द्र (OCMC) अनुगमन भयो। अनुगमनका क्रममा OCMC को भौतिक पूर्वाधार, श्रोत साधन, जनशक्ति, सेवाग्राहीलाई सूचना र पहुँच लगायतका विषयमा छलपल भयो। |
| | | | | जस अनुसार अनुगमनबाट देखिएका बुँदाहरूः<br>• आ.व २०८०/८१ मा ocmc मा प्राप्त बजेट कम आएको।<br>• १ जना स्टाफ नर्स रहेको।<br>• हिंसा पीडित महिलालाई तत्काल उद्धार गर्न अल्पकालीन सेफ हाउसमा रिफर गर्ने गरेको।<br>• आ.व २०७९/८० मा १७३ जना पीडितले सेवा लिएको<br>• जनशक्तिको अभावमा OCMC कै focal person बाट मनोपरामर्श सेवा समेत उपलब्ध गराउने गरेको।<br>• OCMC मा आएका पीडित follow up को लागि प्रत्येक महिनामा ५ दिन स्थल गएर अवस्था अध्ययन गर्ने गरेको। |
| | | | | अनुगमनको निष्कर्षः<br>• अनुगमनबाट बाजुरामा जिल्ला अस्पलातको लैङ्गिक हिंसा विरुद्ध एकद्वार संकट व्यवस्थापन केन्द्र (OCMC) प्रभावकारी रहेको।<br>• नयाँ भवन निर्माण कार्य सम्पन्न हुन लागेकोले त्यहाँबाट थप सेवा सुविधा दिन सक्ने देखिएको।<br>• OCMC बारे स्थानीय एफ.एम. मा दिनको २ पटक जिङ्गल बजाइ प्रचार प्रसार समेत गर्ने गरेकोले थप प्रभावकारिता बढेको देखिएको।<br>• OCMC मा प्राप्त सेवा र सूचना अनुसार छुट्याइएको बजेट कम भएको देखिएको र सो बारेमा आयोगले सम्बन्धित निकायमा सुझाव र ध्यानाकर्षण गराउनुपर्ने देखिएको। |

| | | | | |
|---|---|---|---|---|
| ५. | २०८०।८।१९ | अछाम | मंगलसेन नगरपालिकाको न्यायिक समितिको अनुगमन | अनुगमनबाट देखिएका बुँदाहरूः<br>● मंगलसेन नगरपालिकाको न्यायिक समितिमा आउने गरेका महिला सम्बन्धी उजुरी/हिंसा पीडित महिलाका किसिम, उनीहरूको न्यायको लागि नगरपालिकाबाट भएको विशेष पहल, असल अभ्यासबारे जानकारी लिएको ।<br>● हिंसा पीडित महिलाको न्यायका लागि कानूनमा भएका प्रावधानलाई के कसरी कार्यान्वयन गर्न सकिन्छ भनी छलफल गरिएको ।<br>● नगरपालिकाको न्यायिक समितिमा मनोसामाजिक विमर्शकर्ताको व्यवस्था रहेको पाईएको ।<br>● उजुरी तथा मुद्दा हेर्नका लागि छुट्टै कोठा ईजलासको व्यवस्था रहेको ।<br>चुनौतीः<br>● अनुगमनबाट न्यायिक समितिको काम कारबाहीका लागि कानून व्यवसायी नियुक्ति गरेकोमा बेरुजु आएकोले प्रभावकारी भूमिकामा कठिनाइ रहेको ।<br>● स्थानीय स्रोत नभएकोले आवश्यक बजेट व्यवस्थापनमा समस्या देखिएको तथा काम गर्न कठिनाइ रहेको ।<br>● व्यवस्था भएका ऐन, कानूनबारे सेवाग्राही र सेवा प्रदायक दुवै पक्षलाई जानकारी नभएर सचेतनाको आवश्यकता भएको । |
| ६. | २०८०।८।१९ | अछाम | अछाम साँफेबगरमा सम विकास नेपाल संस्था र सोही संस्था मार्फत् सञ्चालन गरेको साना उद्योगको अनुगमन । | अनुगमनका क्रममा देखिएको अवस्था<br>● साना उद्योग संस्थाले स्थानीय महिलालाई रोजगारी प्रदान गरेको ।<br>● उक्त उद्योगले विभिन्न प्रकारका ढाकाका सामान हाते झोले ब्यागहरू उत्पादन गर्ने गरेको ।<br>● उद्योगले आर्गेनिक खाने कुराहरू संकलन प्रशोधन र बिक्री वितरण गरेको ।<br>● उक्त उद्योगले दिदीबहिनी नामको आर्गेनिक स्यानिटरी प्याडको उत्पादन आफै गर्ने गरेको ।<br>● संस्था मार्फत् स्थानीय पालिकाहरूसंग समन्वय र सहकार्य गरेर लैङ्गिक हिंसा विरुद्ध अभियान सञ्चालन गर्ने । बालिका र किशोरीहरूलाई खेलकुद र आत्मरक्षाको प्रशिक्षण दिने र हिंसा पीडित महिलालाई उद्दार र न्यायमा पहुँको लागि समन्वय र सहजीकरण गरेको देखियो । |

| | | | | |
|---|---|---|---|---|
| ७. | २०८०।८।२८ | जाजरकोट | राष्ट्रिय महिला आयोगका अध्यक्ष कमला पराजुलीको नेतृत्वमा माननीय सदस्य सावित्रा कुमारी शर्मा र कर्मचारीको टोली सहित जाजरकोटको भेरी नगरपालिका, नलगाँडका विभिन्न बस्तीमा पुगेर भुकम्प प्रभावित क्षेत्रको लैङ्गिक पक्षीय स्थलगत अवलोकन अनुगमन, अभिमुखिकरण तथा न्यानो कपडा वितरण गरिएको। | अवलोकन र अनुगमनका क्रममा देखिएको अवस्था<br>• जाजरकोट र रुकुममा करिब ६३ हजार घरक्षति भएको।<br>• विभिन्न सरकारी तथा गैर सरकारी निकायबाट राहत सामग्रीहरू वितरण भएको।<br>• ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, सुत्केरी, गर्भवती र विशेष संरक्षण भएकालाई पनि आवश्यकता अनुसार राहत वितरण गरेको पाइयो।<br>• विद्यालय, स्वास्थ्य संस्था, सडक, खानेपानीको संरचनाहरू भूकम्पमा क्षति भएकोले शिक्षा, स्वास्थ्य, सुरक्षाको विषय निकै असहज रहेको।<br>• आफ्नो घर भत्किएर फरक फरक परिवारका मानिसहरू धेरैजना एउटै सेल्टरमा बस्ने बाध्यता भएकोले व्यक्तिगत तथा पारिवारिक गोपनीयताको समस्या।<br>• बालिका, किशोरी, महिला, अपांगता भएका र ज्येष्ठ नागरिकहरू यौनजन्य र अन्य विभिन्न किसिमका हिंसा र दुर्व्यवहारमा परेको अवस्था।<br>• असुरक्षित अवस्थाको सामना गर्नु पर्दा धेरैजनालाई मनोसामाजिक समस्या, डिप्रेसन भएको र कतिपयले आत्महत्याको प्रयास समेत गरेको।<br>• स्थानीय सरकार, जिल्ला प्रशासन कार्यालय, सेना, प्रहरीको सहकार्य र समन्वयमा भुकम्प पछिको उद्धार तथा खोजी कार्य द्रुतगतिमा भएको ।<br>• अस्थायी आवास निर्माणमा ढिलाई हुँदा ज्येष्ठ नागरिक, सुत्केरी, गर्भवती, रोगी र अशक्तहरूमा चिसोका कारण मृत्यु हुने जोखिम रहेको र थप जोखिमको सामना गर्नु परेको।<br>• संघ, प्रदेश र स्थानीय तहबीच नीतिगत र कार्यगत समन्वयको आवश्यकता देखिएको।<br>• शौचालय, सडक, विद्यालय, स्वास्थ्य चौकी, कृषि पुर्वाधारको लागि आवश्यक बजेटको व्यवस्थापन भएको।<br>• पुरुषहरूमा मादक पदार्थ सेवन गर्ने प्रवृति बढेकोले घरेलुहिंसा तथा लैङ्गिक हिंसा बढेको।<br>सुझावहरू :<br>• विपद् व्यवस्थापनको सन्दर्भमा संघ, प्रदेश र स्थानीयहरू बीच प्रभावकारी समन्वयकारी संयन्त्रको व्यवस्था हुनुपर्ने।<br>• राहत वितरण भन्दा पनि यथाशक्य शीघ्र अस्थायी आवास निर्माण गर्नु पर्ने।<br>• स्थानीय पालिकाले नागरिकहरूलाई मनोसामाजिक परामर्श तालिम तथा सचेतनाका कार्यक्रम सञ्चालन गर्नु पर्ने।<br>• स्थानीय पालिका मार्फत भूकम्प प्रभावित नागरिकहरूलाई उत्पादनमूलक कार्यमा लगाउन कृषि तथा पशुपालनका कार्यक्रम सञ्चालन गर्नु पर्ने। |

| | | | | |
|---|---|---|---|---|
| ८. | २०८०।०८।३० | जाजरकोट | राष्ट्रिय महिला आयोगका अध्यक्ष कमला पराजुलीको नेतृत्वमा माननीय सदस्य सावित्रा कुमारी शर्मा र कर्मचारी शाखा अधिकृत सुशिला पंथ, लेखा अधिकृत श्रीभद्र गौतम, ना.सु. अनन्त घिमिरे सहितको टोलीबाट जाजरकोट जिल्ला अस्पताल, एकद्वार संकट व्यवस्थापन केन्द्र र प्रजनन स्वास्थ्य सम्बन्धी अनुगमन गरियो । | अनुगमनका क्रममा देखिएका कुराः<br>• आ.व. २०७९।८० मा एकद्वार संकट व्यवस्थापन केन्द्रमा ६३ वटा घटना दर्ता भएका मध्ये१६ वटा घटना (११ देखि २० वर्षसम्मका) बालिका र किशोरी उपरका जबरजस्ती करणीका घटना रहेको ।<br>• ११ वर्षकी बालिका ६३ वर्षको आफ्नै हजुरबुबाबाट जबरजस्ती करणी भएको ।<br>• दर्ता भएका मध्ये ५० ओटा दलित समुदायका महिला तथा बालिका रहेको ।<br>• आ.व. २०८०।८१ मंसिरसम्म ६१ वटा केश दर्ता भएको । जसमध्ये १७ जना (११ जना १४ वर्षमुनिका र ६ जना १८ वर्षमुनिका) बालिकामाथि भएका जबरजस्ती करणीका घटना रहेका ।<br>• ६१ केशमध्ये ३८ जना दलित समुदायका महिला र बालिका रहेको ।<br>• जिल्ला अस्पतालमा बालरोग विशेषज्ञ र स्त्रीरोग विशेषज्ञ नरहेको ।<br>• ५० शैयाको उक्त जिल्ला अस्पतालको भौतिक संरचना अत्याधुनिक रहेको तर जनशक्तिको अभाव, एकजना मात्र MDGP रहेको कारण महिलाको प्रजनन स्वास्थ्यसम्बन्धी परामर्श परीक्षण र उपचारमा समस्या रहेको ।<br>• OCMC मा एकजना सिनियर अ.न.मी. एकवर्षदेखि फोकल पर्सनको रुपमा रहेको ।<br>• भुकम्पको कारण लैङ्गिक हिंसा, यौनजन्य हिंसा, जबरजस्ती करणी, मानसिक हिंसा र घरेलु हिंसाका पीडितहरूको संख्या बढ्ने गरेको ।<br>• हिंसापीडितको संख्या बढेसँगै जनशक्तिको अभावका कारण प्रभावकारी सेवामा कठिनाइ भएको ।<br>सुझाव तथा सिफारिस<br>• अस्पतालमा स्त्रीरोग विशेषज्ञ, बालरोग विशेषज्ञ, मनोपरामर्शकर्ता जस्ता विशेषज्ञ, जनशक्तिको व्यवस्थामा पहल गर्ने,<br>• OCMC सेवाबारे प्रचारप्रसार गराउनुपर्ने<br>• हिंसा पीडित महिलाको प्रभावकारी सेवाको लागि सरोकारवाला निकायबाट बेला बेलामा अनुगमन हुनु पर्ने,<br>• थप बजेटको लागि पहल गर्नुपर्ने |

| | | | | |
|---|---|---|---|---|
| ९. | २०८०।०८।३० | रुकुम पश्चिम | २०८० मंसिर ३० गते जाजरकोट केन्द्रबिन्दु भई गएको भुकम्प प्रभावित क्षेत्रमा लैङ्गिक सामाजिक पक्षबाट अनुगमन गर्ने क्रममा आयोगका माननीय अध्यक्ष कमला पराजुलीको नेतृत्वमा माननीय सदस्य सावित्रा कुमारी शर्मा, शाखा अधिकृत सुसिला पन्थ, लेखा अधिकृत श्रीभद्र गौतम, ना.सु. अनन्त घिमिरे लगायत आयोगको टोलीबाट आठविसकोट नगरपालिकाको अनुगमन गरियो। | राष्ट्रिय महिला आयोगको टोलीबाट भूकम्पले अत्यधिक प्रभाव पारेको, मानवीय क्षति र भौतिक पूर्वाधार समेतको धेरै क्षति भएको रुकुम पश्चिमको आठविसकोट नगरपालिकाको पनि अनुगमन भयो।<br>• १४ वडा भएको यस नगरपालिकाका नगर प्रमुखका अनुसार भुकम्पले ९९६३ घर क्षति गरेका, १२७ जना घाइते भएको र ४२ जनाको भूकम्पमा परेर ज्यान गएको, तत्काल उद्दार कार्य प्रभावकारी भएको , प्रभावितहरूका लागि भिन्न क्षेत्रबाट राहत वितरण कार्य भईरहेको जानकारी दिनुभयो।<br>• सो नगरपालिका भित्र ३४ प्रतिशत अति विपन्न दलित समुदायको बसोबास भएको , सरकारले अस्थायी आवास निर्माणको लागि ५० हजार छुट्याएको तर शौचालय, खानेपानी, स्वास्थ्यकेन्द्र, विद्यालय जस्ता अत्यावश्यक भौतिक संरचनाका लागि बजेट व्यवस्था नभएकाले भनै धेरै अस्तव्यस्त र समस्या भएको कुरा जानकारी भयो।<br>• भूकम्पले घर भत्किएर सामुहिक सेल्टरमा बस्दा बालिका, किशोरी, महिला र अपांगता भएका समुदाय र ज्येष्ठ नागरिकहरू बढी प्रभावित भएको, विभिन्न किसिमका हिंसा र दुर्व्यवहारहरू बढेको, विशेषगरी पुरुषहरू मदिरा सेवन गरेर घरभित्र र समाजमा भै भगडा गर्ने कारणले घरेलु हिंसाका घटनाहरू पनि धेरै बढेको, सबै उमेर समुदायमा नैराश्यताले धेरैलाई मानसिक समस्या देखिन थालेको, सकेको र जानेको काम पनि नगरी राहतमूखि भएर भन मागीखाने मानसिकताले परनिर्भरता बढ्न थालेको, विकृति विसंगति र अनेक किसिमका हिंसा, आत्महत्याको प्रयास र केही घटना पनि भइरहेको कुरा नगरपालिका प्रमुखबाट जानकारी प्राप्तभयो।<br>सुभाव तथा निस्कर्ष :<br>• तीन तहकै सरकारको समन्वय र सहकार्यमा पुनर्निर्माण कार्य यथाशक्य चाँडै प्याकेजमै ( खानेपानी, सौचालय, स्वास्थ्यकेन्द्र, विद्यालय लगायत अत्यावश्यक संरचना ) सम्पन्न गर्नुपर्ने।<br>• जतिसक्दो चाँडै भूकम्पको कारण भौतिक संरचना र मानवीय क्षति व्यहोरेर मानशिक त्रास, मनोसामाजिक पीडामा परेकाहरूलाई मनोसामाजिक परामर्श सहित जिविकोपार्जनको कार्यक्रम सञ्चालन गर्नुपर्ने।<br>• सीमान्तकृत, अति विपन्न, असहाय, अशक्त, बालबालिका र बृद्धबृद्धाहरूका विशेष आवश्यकता र समस्याको पहिचान गरी लैङ्गिक समाजिक समोशीतालाई ध्यान दिएर स्थानीय तह सरकारबाट समन्वय र सहकाय गरी अल्पकालीन र दीर्घकालीन नीति तथा कार्यक्रम बनाएर कार्यान्वयन गर्नु पर्ने। |

| | | | | |
|---|---|---|---|---|
| १०. | २०८०।११।१४ | ललितपुर | मानसिक अस्पताल, लखनखेल | २०८० फाल्गुन १३ गते आयोगका माननीय अध्यक्ष कमला कुमारी पराजुलीले खोटाङ जिल्ला दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका १३ की २९ वर्षीय फुर्दिकुको मानसिक अवस्था ठिक नभएर आँगनमै खोर बनाएर थुनिएको समाचार पढेपछि तत्कालै दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका प्रमुख तिर्थ भट्टराईसँग सम्पर्क र लगनखेल मानसिक अस्पतालका निर्देशक डा. अनन्त अधिकारीसँग समन्वय गरी अस्पतालमा उपचार गराउने व्यवस्था मिलाई फाल्गुन १४ गते खोरमा थुनिएकी फुर्दिकुको उद्धार गरी नगरपालिकाले काठमाडौं ल्याई सोही दिन लगनखेल मानसिक अस्पतालमा भर्ना गराइ औषधी उपचार सुरु भयो। आयोगका अध्यक्ष स्वयं अस्पताल पुगी अस्पताल निर्देशक डा. अनन्त अधिकारी र फुर्दिकु तथा उनका बुबालाई समेत भेटी उनको अवस्थाबारे जानकारी लिनुभयो। करीब ४ हप्ता अस्पतालमा उपचार गराइ विभिन्न व्यक्तिले सहयोग समेत उपलब्ध गराइ उपचार भएर घर फर्कन सफल भएकी छन्। |
| ११. | २०८०।१२।३० | तेह्रथुम | माननीय अध्यक्ष कमलाकुमारी पराजुली, उपसचिव सीता निरौला सहितको आयोगको टोलीबाट जिल्ला प्रशासन कार्यालयको अनुगमन | जिल्ला प्रशासन कार्यालय, तेह्रथुमका प्रमुख जिल्ला अधिकारी श्री मिना अर्याल र DSP रन्जन दाहालसँग जिल्लामा रहेका सेवा प्रदायक कार्यालयहरू र OCMC को प्रभावकारिता, लैङ्गिक हिंसा न्यूनीकरणका लागि होर्डिङ बोर्डको आवश्यकता, रेडियो कार्यक्रम, लैङ्गिक हिंसा बिरुद्ध अभिमुखीकरण कार्यक्रम, आत्महत्याका घटना रोकथाम लगायतका विषयमा छलफल भएको थियो।<br>छलफल पश्चात जिल्ला प्रशासन कार्यालय र जिल्ला प्रहरी कार्यालयबाट स्थानीय पालिका समेतको समन्वय र सहकार्य गर्न सक्ने पहल बारेमा आधार तयार भयो। |
| १२. | २०८०।१२।३० | तेह्रथुम | म्याङ्लुङ्ग नगरपालिकाले सञ्चालन गरेको हिंसा पीडित महिलाका लागि सुरक्षित आश्रयगृहको अनुगमन | राष्ट्रिय महिला आयोगको अध्यक्षको नेतृत्वमा, आयोगका उपसचिव सीता निरौला, तेह्रथुमका प्रमुख जिल्ला अधिकारी मीना अर्याल, म्यांगलुंग नगरपालिका उपप्रमुख जमुना कार्की सुवेदी सहितको टोलीबाट हिंसा पीडित महिलाको सुरक्षित आश्रयस्थल अनुगमन गरियो।<br>अनुगमनका क्रममा देखिएका अवस्थाः<br>• म्याङ्लुङ्ग नगरपालिकाले सञ्चालन गरेको अल्पकालिन सुरक्षित आश्रयगृहमा ८ वटा कोठा रहेको आफ्नै भवनमा स्थापना गरेको देखियो<br>• अनुगमन अवलोकनको समयमा सो अल्पकालीन आश्रयगृहमा कोही पनि पीडित तथा हिंसा प्रभावित नभएको पाइयो। निरीक्षणको क्रममा आश्रयगृहको गोपनीयता कायम गर्नका लागि विशेष व्यवस्था गर्न परामर्श प्रदान गरिएको थियो। |

| | | | | |
|---|---|---|---|---|
| १३. | २०८०।१२।३० | तेह्रथुम | म्याङलुङ्ग नगरपालिका न्यायिक समितिको अनुगन। | • म्याङलुङ्ग नगरपालिकाका उपप्रमुख श्री जमुना कार्की, वडा अध्यक्ष, वडा सदस्य लगायत नगर कार्यपालिका सदस्य, वडा महिला सदस्य (महिला) हरूको उपस्थितिमा नगरपालिकामा लैङ्गिक समानता, महिला सशक्तीकरण र हिंसा न्यूनीकरण र हिंसा पीडित महिलाको न्यायमा पहुँचका लागि भएका असल अभ्यास र चुनौतीका विषयमा छलफल भयो।<br>• नगरपालिका मार्फत सञ्चालित सचेतनाका कार्यक्रम, विद्यालय स्तरमा विद्यार्थीसँग अभिमुखीकरण कार्यक्रम, सीप विकास कार्यक्रमहरू पालिकाले सञ्चालन गर्दै आएको।<br>• नगरपालिकाबाट आवश्यकता अनुसार लैङ्गिक उत्तरदायी बजेट बिनियोजन हुन नसकेको र महिलाप्रतिको सकारात्मक र सम्मानजनक दृष्टिकोण हुन नसक्दा अझ प्रभावकारी भूमिका निर्वाहमा चुनौती भएको कुरा नगरपालिका उपप्रमुख र महिला वडा अध्यक्ष तथा सदस्यहरूले बताउनु भयो।<br>• छलफलको क्रममा न्यायिक समितिको भूमिकालाई कसरी प्रभावकारी बनाउने र सबै सरोकारवाला निकाय र सेवा प्रदायक संयन्त्रहरूसंग समन्वय र सहकार्य गर्दै समाजमा भैरहेका लैङ्गिक हिंसा अन्त्यको अभियानलाई कसरी प्रभाव कारी बनाउन सकिन्छ भन्ने बारेमा राष्ट्रिय महिला आयोगका अध्यक्षको तर्फबाट सुझाव र परामर्श प्रदान गरियो। |
| १४. | २०८१।१।२ | तेह्रथुम | लालीगुँरास नगरपालिका बसन्तपुरको अनुगमन | • अनुगमनको क्रममा लाली गुरास नगरपाालिकामा भएका लैङ्गिक उत्तरदायी नीति, योजना र कार्यक्रम सम्बन्धमानगर प्रमुख, उपप्रमुख र वडा अध्यक्ष, सदस्यहरू र प्रमुख प्रशासकीय अधिकृत लगायतसँग छलफल भयो।<br>• न्यायिक समितिका असल अभ्यास, चुनौतीहरू र महिलाको न्यायमा पहुँचको लागि भएका विशेष पहलबारे छलफल भयो।<br>• अनुगमनका बखत पालिकामा निशूल्क स्वास्थ्य शिविर सञ्चालन भैरहेकोमा ५०० महिलाले सेवा लिएको जानकारी प्राप्त भयो।<br>• पालिकामा "उपमेयरसँग महिला कार्यक्रम" अन्तर्गत महिलाका लागि अभिमुखीकरण र सचेतना कार्यक्रम सञ्चालन गर्दै आएको जानकारी प्राप्त भयो।<br>• अधिकांश पुरुष वैदेशिक रोजगारीमा गएको हुँदा महिलालाई घरायसी कार्यबोझ भएर सीप, क्षमता विकास र उत्पादनमुखी काममा समय दिन नसक्ने अवस्थाको जानकारी आयो।<br>• महिला सशक्तीकरणका लागि आवश्यक बजेट विनियोजनमा प्राथमिकता नभएको अवस्था थाँहा भयो। |

| | | | | |
|---|---|---|---|---|
| १५. | २०८१।१।२ | मोरङ | उर्लाबारी न.पा. वडा नं. ५ मा रहेको घरेलु माला उद्योगको अनुगमन। | आयोगका अध्यक्ष माननीय कमला कुमारी पराजुली, उपसचिव सीता निरौला फुँयाल समेतको टोलीबाट उर्लाबारीमा गृहिणी महिलालाई आय आर्जनमा सहभागी गराउने उद्देश्यले सञ्चालन गरिएको घरेलु माला उद्योगको अनुगमन भयो।<br>• अनुगमनको क्रममा उक्त उद्योगमा महिला श्रमिकबाट पोते, मोती क्रिष्टल आदिका माला र विभिन्न हस्तकलाका सामग्रीहरू तयार गरी आय आर्जन गरेको पाइयो।<br>• विशेषगरी कोभिड महामारीको समयमा उद्योगधन्दा पसल व्यवसाय सबै बन्द भई दैनिक ज्यालादारीमा गुजारा गर्ने श्रमिकहरू भोकमरीको अवस्थामा पुगेको समयमा ती श्रमिक महिलालाई लक्षित गरी सञ्चालन गरिएको उक्त उद्योगले १५० जना महिलालाई स्वरोजगार बनाएको जानकारी प्राप्त भयो।<br>• अति आधारभूत तहका श्रमिक महिलाहरूले माला र हस्तकलाका सामग्रीहरू आफ्नै घरमा लगेर आफ्नो अनुकुल समयमा तयार गरी उद्योगमा बुझाएर साप्ताहिक रुपमा ४ देखि ५ हजारसम्मको उत्पादन तयार गरेर आफ्नो घर व्यवस्थापन गर्दै मासिक रुपमा १६ हजार देखि २५ हजारसम्म आय आर्जन गरी जीविकोपार्जन गरेको कुरा उद्योगमा कार्यरत श्रमिकबाट समेत जानकारी प्राप्त भयो। |
| १६. | २०८१।१।१५ | कालिकोट | जिल्ला प्रशासन कार्यालय कालिकोटको अनुगमन। | आयोगका अध्यक्ष माननीय कमला कुमारी पराजुली, प्रमुख महिला विकास अधिकृत सीता अधिकारी, ना.सु. सुरेश विष्ट सहितको टोलीबाट जिल्ला प्रशासन कार्यालय कालिकोटको अनुगमन गरियो।<br>अनुगमनको क्रममा कालिकोटका प्रमुख जिल्ला अधिकारी गणेश नेपाली, म्क्ए अर्जुन नेपाली, फेडोका सचिव पदमकला विश्वकर्मा सहितको महिला अधिकारकमीहरू पदमा तिरुवा, जुना सुनार, आशा वि.क. सहित कालिकोटमा महिलाको अवस्था, जिल्ला प्रशासन कार्यालयमा आउने लैङ्गिक हिंसाको उजुरी अवस्था, पीडितको पहुँच, पीडित मैत्री सेवा र वातावरण भए नभएको, जिल्ला प्रशासन कार्यालयबाट सेवा प्रदान गर्ने क्रममा देखिएका अनुभव र चुनौतीहरू, पीडितको न्यायप्राप्तीमा पहुँच भए नभएको र एकद्वार संकट व्यवस्थापन केन्द्र (OCMC) को प्रभावकारिता बारेमा छलफल र कुराकानी भयो। |
| | | | | • कालिकोटमा वालविवाह, बहुविवाह, घरेलुहिंसा, बालिका, किशोरी र महिलामाथि ुने यौनहिंसा र जवरजस्ती करणीका घटनाहरू धेरै हुने गरेको देखियो,<br>• हिंसा सहन नसकेर मानसिक पीडामा पुगेका र आत्महत्या गरेका घटनाहरू पनि धेरै ःहुने गरेको कुरा छलफलमा आयो।<br>• केही समय अगाडि एकजना महिलाले तीनवटा बच्चा सहित राकम कर्णालीमा आत्महत्या गरेको, केही महिना अगाडि एकजना बच्चाकी आमाले सुरक्षित आश्रयगृहमै आत्महत्या गरेका घटनाहरू पनि जानकारीमा आए ,<br>• महिलालाई विभेद गर्ने, शारिरिक तथा मानसिक हिंसा गर्ने कुराहरू त समाजले सामान्य स्विकारेको जानकारी आयो। |

| | | | | |
|---|---|---|---|---|
| | | | | सुझाव र सिफारिस :<br>● छलफलबाट जिल्ला प्रशासन कार्यालयमा उजुरीमा आएका हिंसा पीडित महिलाको न्यायमा पहुँचका लागि सेवालाई सहज,निस्पक्ष र पीडितमैत्री बनाउने,<br>● पीडित केन्द्रित अवधारणा अनुसार कार्या गर्ने,<br>● दण्डहिनताको अवस्थालाई अन्त्य गर्ने,<br>● पीडितको न्यायमा सहज पहुँचको वातावरण बनाउने,<br>● लैङ्गिक हिंसा विरुद्ध जानकारी, सूचना र सेवामा पहुँचका लागि सरोकारवाला निकाय र सेवा प्रदायक संघ संस्थासंग समन्वय र सहजीकरण गराईदिने, |
| १७. | २०८१।१।१५ | कालिकोट | ● कालिकोट जिल्ला अस्पतालमा सञ्चालित एकद्वार संकट व्यवस्थापन केन्द्र (OCMC) को स्थलगत अनुगमन | आयोगका अध्यक्ष माननीय कमला कुमारी पराजुली, प्रमुख महिला विकास अधिकृत सीता अधिकारी, ना.सु. सुरेश विष्ट सहितको टोलीबाट लैङ्गिक हिंसा पीडितका लागि सञ्चालित एकद्वार संकट व्यवस्थापन केन्द्र (OCMC) को अनुगमन भयो।<br>● अनुगमनका क्रममा आयोगबाट OCMC मा आउने हिंसा पीडितको किसिम, संख्या र हिंसाका कारणबारे जानकारी लिनुभयो।<br>● OCMC को होर्डिङ बोर्ड, जानकारीमूलक पर्चा, बुकलेट र स्थानीय एफ.एम. मार्फत पनि जानकारी गराएर सेवाग्राहीको पहुँच बढेको देखियो।<br>● भौतिक पूर्वाधारमा समस्या, जनशक्तिको कमी, श्रोत साधनको अपर्याप्तता रहेर पनि सन्तोषजनक सेवा प्रवाह भएको देखियो।<br>सुझाव तथा सिफारिसहरू :<br>● स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय र अस्पताल व्यवस्थापनबाट समेत एकद्वार संकट व्यवस्थापन केन्द्रबाट प्रवाह हुने सेवाहरूको बृहत प्रचार प्रसार हुन पर्ने।<br>● एकद्वार संकट व्यवस्थापन केन्द्रमा दक्ष जनशक्ति पर्याप्त संख्यामा खटाउनु पर्ने।<br>● एकद्वार संकट व्यवस्थापन केन्द्र भएका सबै अस्पतालमा विधिविज्ञान प्रयोगशाला स्थापना गर्नु पर्ने।<br>● निर्देशक समिति र सञ्चालक समितिहरूले आवश्यक सुधारका लागि छलफल गर्न नियमित बैठक बस्नु पर्ने।<br>● एकद्वार संकट व्यवस्थापन केन्द्र, सोही स्थानमा रहेको नेपाल प्रहरी अन्तर्गत महिला बालबालिका सेवा केन्द्र, स्थानीय तह र लैङ्गिक हिंसाबाट पीडित, महिलालाई सेवा प्रवाह गर्ने संस्थाहरू बिच सहकार्यको बातावरण हुनु पर्ने। |

| | | | | |
|---|---|---|---|---|
| १८. | २०८१।१।१६ | कालिकोट | हिंसा पीडित महिलाको सुरक्षित आश्रयगृह (महिला तथा बालबालिका केन्द्र) अनुगमन | आयोगका अध्यक्ष माननीय कमला कुमारी पराजुली, प्रमुख महिला विकास अधिकृत सीता अधिकारी, ना.सु. सुरेश विष्ट सहितको टोलीबाट हिंसा पीडित महिलाको सुरक्षित अल्पकालीन आश्रयगृहको अनुगमन गरियो।<br>• विभिन्न किसिमका लैङ्गिक हिंसामा परी प्रहरीमा उजुरीमा गएका र OCMC मा सेवाका लागि आएका हिंसा पीडित महिलाहरू यस गृहमा अल्पकालीन सेवाको लागि आश्रय लिने गरेको पाइयो।<br>• कतिपय हिंसा पीडितलाई बालबच्चा सहित आश्रय दिनुपर्ने अवस्था देखियो।<br>• आश्रयगृहले हिंसा पीडित महिलालाई आवश्यक मनोसामाजिक परामर्श र जीवनोपयोगी अभिमुखीकरण गराउने गरेको पाइयो।<br>• आश्रयगृहमा भएकी एक पीडित महिलाले आत्महत्या गरेको पनि जानकारी हुन आयो।<br>• महिलाहरू चरम हिंसा र अत्याचार सहन नसक्ने र न्यायमा पहुँच समेत नहुने अवस्था भएपछि केही समयअघि तीनओटा सन्तान सहित एकजना महिलाले राकम कर्णालीमा आत्महत्या गरेको घटना पनि अनुगमनको क्रममा जानकारी हुन आयो। |
| | | | | सुधारका लागि सुझावः<br>• संस्था मार्फत स्थानीय पालिकासँग समन्वय गर्दै लैङ्गिक हिंसा विरुद्ध सचेतना र अभिमुखीकरणका कार्यक्रम सहित अभियान सञ्चालन गर्नुपर्ने।<br>• महिलालाई आय आर्जन र आत्मनिर्भरताका अवसरका कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने।<br>• आश्रयगृहमा आएकी पीडितलाई न्यायमा पहुँचका लागि विभिन्न सरोकारवाला निकायमा समन्वय र सहजीकरण गराइदिने। |

| | | | | |
|---|---|---|---|---|
| १९. | २०८१।१।१७ | मुगु | मुगु जिल्लाको सदरमुकाम गमगढीमा रहेको जिल्ला अस्पताल मुगुमा सञ्चालित एकद्वार संकट व्यवस्थापन केन्द्रको (OCMC) अनुगमन | आयोगका अध्यक्ष माननीय कमला कुमारी पराजुली, प्रमुख महिला विकास अधिकृत सीता अधिकारी, ना.सु. सुरेश विष्ट सहितको टोलीबाट लैङ्गिक हिंसा पीडितका लागि सञ्चालित एकद्वार संकट व्यवस्थापन केन्द्र (OCMC) को अनुगमन भयो।<br>● अनुगमनका क्रममा आयोगबाट OCMC मा आउने हिंसा पीडितको किसिम, संख्या र हिंसाका कारणबारे जानकारी लिनुभयो।<br>● OCMC को होर्डिङ बोर्ड, जानकारीमूलक पर्चा, बुकलेट र स्थानीय एफ.एम. तथा अस्पतालका सम्पर्क व्यक्ति मार्फत पनि गाउँ गाउँमा गई लैङ्गिक हिंसा तथा एकद्वार संकट व्यवस्थापन केन्द्रबारे अभिमुखीकरण र जानकारी गराइएको।<br>● तर जिल्ला अस्पताल र एकद्वार संकट व्यवस्थापन केन्द्र जिल्ला सदरमुकामबाट टाढा (फेदीमा) रहेको। भौगोलिक रुपले असहज र यातायातका साधनको पनि सहज पहुँच नभएको हुँदा आपतकालीन र जोखिम अवस्थामा रहेका हिंसा पीडितहरूलाई सेवा लिन कठिनाइ भएको देखियो।<br>● केन्द्रमा उपलब्ध भएका कर्मचारीबाट यथासम्भव पीडितहलाई राम्रो र सहज व्यवहार गरी सेवा प्रवाह गर्ने प्रयास गरिरहेको देखियो।<br>● अधिकांश पीडितहरू न्यायिक समिति र नेपाल प्रहरी मार्फत जानकारी प्राप्त गरी केन्द्रमा आउने गरेको।<br>सुधारका सुझावहरू :<br>● एकद्वार संकट व्यवस्थापन केन्द्रमा दक्ष जनशक्ति पर्याप्त संख्यामा खटाउनु पर्ने।<br>● एकद्वार संकट व्यवस्थापन केन्द्र भएका सबै अस्पतालमा विधिविज्ञान प्रयोगशाला स्थापना गर्नु पर्ने।<br>● एकद्वार संकट व्यवस्थापन केन्द्र, सोही स्थानमा रहेको नेपाल प्रहरी अन्तर्गत महिला बालबालिका सेवा केन्द्र, स्थानीय तह र लैङ्गिक हिंसाबाट पीडित, महिलालाई सेवा प्रवाह गर्ने संस्थाहरू वीच समन्वय र सहकार्यको बातावरण हुनु पर्ने।<br>● एकद्वार संकट, व्यवस्थापन केन्द्रमा प्रयोग हुने भौतिक सामग्रीहरूको व्यवस्थापन उपयुक्त किसिमले गर्नु पर्ने। |

| | | | | |
|---|---|---|---|---|
| २० | २०८१।१।१७ | मुगु | जिल्ला प्रशासन कार्यालय मुगुको अनुगमन | • मिति २०८१।१।१७ गते आयोगका माननीय अध्यक्ष कमला कुमारी पराजुलीको नेतृत्वमा उपसचिव सीता अधिकारी, ना.सु. सुरेश विष्ट सहितको टोलीबाट मुगु जिल्ला प्रशासन कार्यालयको अवलोकन र अनुगमन गरियो।<br>• अनुगमनको क्रममा जिल्ला प्रशासन कार्यालय, मुगुका प्रमुख जिल्ला अधिकारी टोपेन्द्र बहादुर के.सी. जिल्ला प्रहरी प्रमुख विरेन्द्र थापा, सहायक प्रमुख जिल्ला अधिकारी लगायतसँग जिल्लामा महिला सुरक्षा र न्यायमा पहुँचको अवस्था, महिला अधिकार र सेवामा पहुँचको अवस्था, हिंसाको अवस्था, हिंसा रोकथाममा जिल्ला प्रशासन कार्यालय र जिल्ला प्रहरी कार्यालयको भूमिका, लैङ्गिक हिंसा विरुद्ध एकद्वार संकट व्यवस्थापन केन्द्रको प्रभावकारिता, स्थानीय पालिकाहरूसँगको समन्वय र सूचनामा पहुँच साथै सेवा प्रदायक निकायलाई लैङ्गिक मैत्री र पीडितमैत्री बनाउने सन्दर्भमा छलफल भयो।<br>• छलफलको क्रममा भौगोलिक विकटताको कारण महिलाले अधिकार सेवा र अवसर पाउन कठिनाइ भएको।<br>• शिक्षा र सूचनाको कारण राज्यबाट प्रदत्त सेवा, सुविधा र न्यायमा पहुँच अत्यन्त कम भएको।<br>• OCMC बारेमा स्थानिय पालिकासम्म केही मात्रामा सूचना र जानकारी भएर पनि भौगोलिक विकटता, यातायातको समस्या लगायतले कम पहुँच भएको<br>• जिल्ला अस्पतालको भौतिक पूर्वाधार राम्रो भएर पनि बजारको फेदीमा रहेकोले यातायात असुविधा/विज्ञ जनशक्ति, ICU को व्यवस्था समेत नभएर प्रजनन स्वास्थ्य सम्बन्धी सेवामा समस्या रहेको अवस्था<br>• चरम पितृसत्तात्मक सोँचको कारण धेरै महिलाहरू घरेलु हिंसा, लैङ्गिक हिंसा मानसिक तथा शारीरिक हिंसा खपेर पनि त्यसको प्रतिकार गर्न नसक्ने अवस्था रहेको जानकारी आयो। |

| | | | | |
|---|---|---|---|---|
| २१ | २०८१।१।१९ | जुम्ला | जिल्ला प्रहरी कार्यालय, जुम्लाको अनुगमन | आयोगका अध्यक्ष माननीय कमला कुमारी पराजुली, प्रमुख महिला विकास अधिकृत सीता अधिकारी, ना.सु. सुरेश विष्ट सहितको टोलीबाट जिल्ला प्रहरी कार्यालय जुम्लाको अनुगमन गरियो।<br>अनुगमनको क्रममा जुम्लाका प्रहरी प्रमुख समेत क्षदिलाल कामती र महिला सेलका महिला प्रहरी हवल्दारसंग जिल्लामा लैङ्गिक हिंसाको अवस्था, पीडितको पहुँच, पीडित मैत्री सेवा र वातावरण भए नभएको, जिल्ला प्रहरी कार्यालयको महिला सेलबाट सेवा प्रदान गर्ने क्रममा आएका अनुभव र चुनौतीहरू, पीडितको न्याय प्राप्तीमा पहुँच भए नभएको र एकद्वार संकट व्यवस्थापन केन्द्र (OCMC) संगको समन्वय र अनुगमनको क्रममा प्राप्त गुनासाहरू बारेमा छलफल र कुराकानी भयो।<br>सुझाव र सिफारिस :<br>• छलफलबाट हिंसा पीडित महिलाको न्यायमा पहुँचका लागि सेवालाई निषक्ष र पीडितमैत्री बनाउने,<br>• दण्डहिनताको अवस्थालाई अन्त्य गर्ने,<br>• पीडितको सहज पहुँचको वातावरण बनाउने,<br>• लैङ्गिक हिंसा विरुद्ध जानकारी, सूचना र सेवामा पुहँचका लागि सरोकारवाला निकाय र सेवा प्रदायक संघ संस्थासंग समन्वय र सहकार्य गर्दै स्थानीय स्तरसम्म सचेतना मूलक कार्यक्रमहरू गर्ने। |
| २२ | २०८१।१।१९ | जुम्ला | जुम्लाको कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानमा सञ्चालित एकद्वार संकट व्यवस्थापन केन्द्रको अनुगमन | मिति २०८१।१।१९ गते आयोगका अध्यक्ष माननीय कमला कुमारी पराजुली, जुम्लाका DSP क्षदिलाल कामती, प्रमुख महिला विकास अधिकृत सीता अधिकारी, प्रहरी अधिकृतहरू, ना.सु. सुरेश विष्ट सहितको टोलीबाटजुम्लाको कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानको अनुगमन भयो।<br>• अनुगमनको क्रममा अस्पतालको भौतिक संरचना अत्यन्त्यै राम्रो भएर पनि त्यहाँ सञ्चालित एकद्वार संकट व्यवस्थापन केन्द्र (OCMC) को लागि भने भौतिक संरचना र आवश्यक जनशक्तिको प्रभावकारी व्यवस्था हुन नसकेको देखियो।<br>• एकद्वार संकट व्यवस्थापन केन्द्र (OCMC) केन्द्रमा आउने धेरैजसो हिंसा पीडित महिलाहरू जवरजस्ती करणी (उमेर नपुगी जवरजस्ती यौन सम्बन्धबाट गर्भवती भएका), हाडनाता करणी, वाल विवाह, यौनजन्य र दुव्यवहारपूर्ण लैङ्गिक हिंसा, अत्यधिका कामको बोझ, विभेद र चरम घरेलु हिंसाकाकारण आत्महत्या प्रयासका घटनाहरू धेरै हुने गरेको र वर्षभरीमा OCMC मा आएका सयभन्दा धेरै हिंसा पीडित मध्येमा करिव एक तिहाई आत्महत्या प्रयासका घटना रहेको जानकारी प्राप्त भयो।<br>• (OCMC) मा प्रायः धेरैजसो हिंसा पीडित महिलाहरू जिल्ला प्रहरी कार्यालय, हिंसा पीडित महिलाको सुरक्षित आश्रय गृह र पत्रकार मार्फत् पुग्ने गरेको कुरा अनुगमनबाट थाहा भयो। चरम घरेलु हिंसा र अत्याचार सहन नसकेर किशोरी र महिलाले आत्महत्याको प्रयास गरेको कुरा जुम्लाको कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानमा सञ्चालित एकद्वार संकट व्यवस्थापन केन्द्रका सम्पर्क व्यक्ति नर्सिङ अफिसर सविना मानन्धर, जुम्लाका DSP क्षदिलाल कामती, सुरक्षित आश्रयगृहका अध्यक्ष भगवती श्रोष्ठ र पत्रकार दिलमाया शाहीबाट जानकारी प्राप्त भयो। |

| | | | | |
|---|---|---|---|---|
| | | | | समस्या र चुनौतीहरू :<br>• (OCMC) को लागि भौतिक रुपमा पीडितमैत्री संरचनात्मक व्यवस्था र प्राथमिता नभएको<br>• हिंसा पीडितकालागि एकद्वार संकट व्यवस्थापन भनिएता पनि सरोकारवाला निकायसंगको आवश्यक समन्वय, विषय विज्ञ जनशक्तिको अभाव रहेको,<br>• (OCMC) हिंसा पीडितकालागि एकद्वार संकट केन्द्र र त्यसबाट लिनसक्ने सेवाको बारेमा सबै न्यायिक समिति र जनप्रतिनिधीसँग पनि जानकारी र सूचनाको पहुँच हुन नसकेको ।<br>**सुझाव र सिफारिस :**<br>• OCMC सेवालाई प्रभावकारी बनाउन प्रमुख जिल्ला अधिकारीसंग समन्वय गरी नियमित रुपमा निर्देशक समितिको बैठक बसेर योजना, कार्यान्वयन, समीक्षा र सुधारको कार्य गर्ने ।<br>• OCMC बारेमा सबै सरोकावाला निकाय, सेवा प्रदायक संघ संस्थाहरू र स्थानीय पालिकासम्म सूचना र जानकारी गराउन स्थानीय एफ..एम. मार्फत्, पर्चा, पोष्टर र पालिका स्तरसम्म होर्डिङ्ग बोर्डको व्यवस्था गर्ने,<br>• अस्पातालमा OCMC को लागि आवश्यक पीडितमैत्री भौतिक पूर्वाधारको व्यवस्था गर्ने,<br>• OCMC सेवा प्रदान गर्न उद्देश्य अनुरुप नर्सिङ्ग अधिकृत लगायत मनोपरामर्श कर्ता, कानून अधिकृत, सुरक्षा अधिकारी लगायत आवश्यक विज्ञ जनशक्तिको व्यवस्था गर्ने,<br>• जोखिममा रहेका हिंसा पीडित महिलाको आवश्यक सुरक्षा प्रबन्धका लागि उद्दार सुरक्षित आश्रयस्थलमा समन्वय र व्यवस्थापन गरी न्यायमा पहुँचका लागि समेत समन्वय र सहजीकरण गराउने । |
| २३. | २०८१।१।१९ | जुम्ला | जुम्ला जिल्ला कारागार अनुगमन | २०८१।१।१९ गते आयोगका अध्यक्ष माननीय कमला कुमारी पराजुली, जुम्लाका DSP क्षदिलाल कामती, प्रमुख महिला विकास अधिकृत सीता अधिकारी, प्रहरी अधिकृतहरू, ना.सु. सुरेश विष्ट सहितको टोलीबाट जुम्ला जिल्ला कारागार अनुगमन भयो ।<br>अनुगमन र अवलोकनमा देखिएको अवस्था :<br>• भौतिक संरचना एकान्त स्थलमा व्यवस्थित र शान्त रहेको ।<br>• ८० जनाको क्षमता रहेको तर १२९ जना थुनुवा र बन्दी (१२५ पुरुष र ४ महिला) रहेको। जसमध्ये ७७ जना कैदी र ५२ जना थुनुवा रहेको ।<br>• जसमध्ये महिला ४ जना महिलाको भिन्नै व्यवस्थित संरचना रहेको ।<br>• कारागारमा रहेका थुनुवा र कैदी मध्येमा ३९ जना जवरजस्ती करणीको आरोपमा र ३ जना ज.क. उद्योगमा रहेका छन् । लैङ्गिक पक्षबाट अवलोकन गर्दा एक तिहाई कैदी जवरजस्ती करणीमा हुनु सामान्य अवस्था हैन ।<br>• जसमध्ये अधिकांश १४ वर्षमुनीका बालिका करणीको आरोपमा थुनुवा र कैदी रहेको ।<br>• प्रतिनिधिमूलक घटना : एकजना ७७ वर्षका बृद्ध आफ्नै नातिनी पर्ने ५ वर्षकी नातिनी करणी गरेर, अर्को १८ वर्षको किशोर १३ वर्षकी छिमेकी बालिका करणी गरेर पुर्पक्षमा थुनिएका छन् ।<br>• त्यसैगरी सबैभन्दा धेरै कर्तव्य ज्यानमा २८ र लागू औषधमा २६ जना बन्दी रहेका थिए । |

| | | | | |
|---|---|---|---|---|
| | | | | **चुनौती :**<br>• कारागारमा सजाय काटीरहेका थुनुवा बन्दीहरू बिन्दास अवस्थामा देखिएका, जवरजस्ती करणी जस्तो अपराध गरेर पनि अपराधबोध, गल्तीको महशुसीकरण, पश्चातापको अनुभूति नदेखिएको हुँदा त्यस्ता कैदीहरू सजाय काटेर समुदायम फर्किएपछि पुनः पीडितलाई धम्की हुने र उनीहरू अपराधजन्य कार्यमा संलग्न हुन सक्ने जोखि रहेको देखियो ।<br>सुझाव तथा सिफारिस :<br>कारागारमा रहेका थुनुवा, कैदीको मनोभावनामा सकारात्मक परिवर्तनका लागि ध्यान, मेडिटेसन, आध्यात्मिक क्रियाकलाप र उत्पादनमुखि श्रमकार्यमा सहभागी गराउन उपयुक्त हुने देखिन्छ। |
| २४. | २०८१।१।२० | जुम्ला | जुम्लाको चन्दननाथ नगरपालिकामा रहेको हिंसा पीडित महिलाको सुरक्षित आश्रयस्थल अनुगमन | २०८१।१।२०आयोगका अध्यक्ष माननीय कमला कुमारी पराजुली, जुम्लाका जिल्ला समन्वय प्रमुख गौरीनन्द आचार्य, महिला विकास अधिकृत सीता अधिकारी, ना.सु. सुरेश विष्ट सहितको टोलीबाट जुम्ला जिल्लामा रहेको घरेलु हिंसा तथा यौनजन्य दुर्व्यवहारबाट प्रभावित महिलाहरूको लागि सञ्चालित सुरक्षित आश्रयस्थलको अनुगमन भयो । अनुगमनको क्रममा आश्रय स्थलका अध्यक्ष भगवती श्रेष्ठ र कर्मचारी गौरी कुलाला सहितसंग सेफ हाउसमा आउने हिंसा पीडितको अवस्था, समन्वय, सहजीकरण र न्यायमा पहुँच , समस्या र चुनौतीका बारेमा छलफल भयो ।<br>अनुगमन र अवलोकनका क्रममा देखिएको अवस्थाः<br>• सुरक्षित आश्रयस्थलमा आउने अधिकांश चरम घरेलु हिंसा र यौनजन्य हिंसाका पीडितहरू आउने गरेका छन् ।<br>• हिंसा पीडितको उजुरी र न्यायमा सहज पहुँच नभएको,<br>• पीडितको न्यायमा पहुँचका लागि सेफ हाउस आफैले पहल गरेको छ ।<br>• आश्रय स्थलमा आउने पीडितलाई सुरक्षामा चुनौती भएको,<br>• अदालतबाट पीडितको पक्षमा फैसला भएर पनि फैसला कार्यान्वयन नभएर पीडितले न्याय नपाएको अवस्था,<br>• सेफ हाउस सञ्चालनका लागि आवश्यक बजेट र भौतिक पूर्वाधारको समेत समस्या रहेको ।<br>• गाँउ गाँउमा महिलाहरू चरम हिंसा खप्न नसकेर फोन गर्ने, पालिका प्रमुख समेत आफै हिंसा पीडित भएको गुनासो गर्ने गरेको जानकारी प्राप्त भयो ।<br>• अस्पतालमा आधारित एकद्वार संकट व्यवस्थापन केन्द्र, जिल्ला प्रहरी कार्यालय, नगरपालिकासंग समन्वय गर्दै सेफ हाउस सञ्चालन भएको कुरा अध्यक्ष भगवती श्रेष्ठले बताउनु भयो। |

| | | | | |
|---|---|---|---|---|
| २५. | २०८१।२।२ | काठमाडौं | गोरखापत्र संस्थानको लैङ्गिक पक्षीय अनुगमन | **<u>अनुगमनका क्रममा देखिएको अवस्था:</u>**<br>• कर्मचारीहरू स्थायी सेवा र करार सेवा गरी भर्ना हुने गरेको, सोहीबमोजिम नियुक्ति र सेवा सुविधा पाउने अवस्था रहेको पाइयो ।<br>• कार्यरत कर्मचारीहरूमध्ये महिला कर्मचारीको संख्या करिब ५५ प्रतिशत रहेको, विभागीय प्रमुख तथा शाखाको नेतृत्व गर्ने कर्मचारीमा महिलाको संख्या उल्लेख्य पाइयो ।<br>• कार्यक्षेत्रसंग सम्बन्धित क्षमता अभिवृद्धि कार्यक्रम, तालिम, अध्ययन अनुसन्धान गर्न महिलाको लागी विशेष प्रावधान नरहेको पाइयो ।<br>• प्रसुती विद्याको सम्बन्धमा विनियमावली संशोधन हुने क्रममा रहेको पाइयो ।<br>• कर्मचारीहरू सामाजिक सुरक्षा कोषमा आबद्ध नभएको पाइयो ।<br>• कर्मचारीहरूको दुर्घटना बीमाको व्यवस्था नभएको पाइयो ।<br>• गुनासो सुनुवाईका लागि कार्यालयले गुनासो सुन्ने अधिकारीको व्यवस्था गरेको तर कर्मचारीका पिरमर्का सुन्ने गुनासो सुनुवाइ संयन्त्र गठन नभएको पाइयो ।<br>• सबै कर्मचारीको लागी एउटै शौचालय रहेको । लैङ्गिकमैत्री शौचालय, डस्टविन, सेनेटरी प्याडको व्यवस्था नरहेको पाइयो ।<br>• शिशु स्याहार केन्द्र, स्तनपान कक्ष र बालमैत्री कोठाको व्यवस्था नरहेको पाइयो ।<br>• महिलासंग सम्बन्धित प्रेरणादायी समाचार, लेख, अन्तर्वार्ताहरू प्राथमिकता राखि प्रकाशन हुने गरेको पाइएन ।<br>**<u>सुझाव</u>**<br>• महिला कर्मचारीका लागी आफ्नो सेवाक्षेत्रसंग सम्बन्धित क्षमता अभिवृद्धि सम्बन्धी तालिम, अध्ययन अनुसन्धानका लागी विशेष अवसर दिनुपर्ने,<br>• सबै कर्मचारीलाई सामाजिक सुरक्षा कोषमा आवद्ध गराउनुपर्ने,<br>• दुर्घटना बीमा अनिवार्य गर्नुपर्ने,<br>• कर्मचारीको गुनासो सुनुवाईको लागि तत्काल गुनासो सुनुवाई संयन्त्र गठन गरी कार्यान्वयन गर्नुपर्ने,<br>• शौचालय लैङ्गिकमैत्री बनाउनुपर्ने, सेनेटरी प्याड, डस्टबिनको तत्काल व्यवस्था गर्नुपर्ने,<br>• महिला कर्मचारीको संख्या उल्लेख्य रहेकाले शिशु स्याहार केन्द्र, स्तनपान कक्ष, बालमैत्री कोठाको व्यवस्था गर्नुपर्ने,<br>• रातसाँझ काम गर्ने कर्मचारीहरूलाई ड्युटी पश्चात् घरसम्म पुग्नको लागी यातायातको व्यवस्था गर्नुपर्ने,<br>• लेट निकासा र महिलासंग सम्बन्धित खोज, अनुसन्धानमुलक तथा प्रेरणादायी लेख, समाचार, अन्तर्वार्तालाई नियमित गर्न महिला कर्मचारीलाई प्रोत्साहित गर्नुपर्ने, |

## ८.२ माननीय सदस्य श्री कृष्ण कुमारी पौडेल खतिवडाको नेतृत्वमा आ.व. २०८०/८१ मा सम्पन्न भएका अनुगमनहरूको विवरण

| क्र.सं. | अनुगमन मिति | अनुगमन स्थान | अनुगमनको सन्दर्भ/विषय | अनुगमनमा देखिएका विषय |
|---|---|---|---|---|
| १. | २०८०।०६।११ | मानसिक अस्पताल, पाटन | पाँचथर जिल्लाको फिदिम नगरपालिका वडा नं. ४ बस्ने ममता सेवा र उनकी छोरीलाई श्रीमानले कुटपिट तथा घरेलु हिंसा गरेको अनुगमन। | उहाँहरूलाई श्रीमान् छाडेको र मानसिक रूपमा समस्या हुनुभएको साथै बेवारिसे अवस्थामा सडकमा जीवन विताइरहनुभएको जानकारी प्राप्त भएको। तत् पश्चात् फिदिम नगरपालिकाका नगर प्रमुख र कर्मचारीको सहयोगमा राजधानीमा झिकाइ मानसिक अस्पताल, पाटनमा भर्ना गरी उपचार पश्चात् घर फर्किनुभएको छ। उहाँहरूलाई राजधानीमा आइसकेपछि खान बस्न आर्थिक रूपमा समस्या भएकाले माननीय सदस्यले व्यक्तिगत रूपमा रु दश हजार सहयोग गरेको। |
| २. | २०८०।०८।०५ | काठमाडौँ | आयोगका माननीय सदस्य कृष्णकुमारी पौडेल खतिवडा र माननीय सदस्य सावित्रा कुमारी शर्मा सहित कर्मचारीको टोलीबाट नेपाल अपाङ्ग संघ खगेन्द्र नवजीवन केन्द्र, गोकर्णेश्वर नगरपालिकाको अनुगमन। | • त्यहाँ रहेका वेथिती, कुरीति र हिंसाका घटनाहरू प्रति गम्भीर ध्यान आकर्षण भएको।<br>• अपाङ्ग पीडित महिलालाई कुटपिट गर्ने व्यक्तिलाई कानूनको दायरामा ल्याउनुपर्ने।<br>• महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले लगानी गरेको रकम खर्चको अनुगमन गर्नु पर्ने। अपाङ्गताका नाममा लिएको रकम बैंक खातामा हुनुपर्ने।<br>• उच्च छवि बोकेको संस्थामा दिनहुँ हुने बेथिती, हिंसा, कुरीतिलाई चाँडो भन्दा चाँडो सम्बन्धित निकायले नियमन गर्नु पर्ने।<br>• अपाङ्ग पीडित महिलाको लागि हिंसाका घटनाहरू घटेमा तत्काल आयोगको हटलाईन ११४५ मार्फत पत्राचार गर्नु पर्ने कुरामा जोड दिइएको। |
| ३. | २०८०।०८।०५ | काठमाडौँ | आयोगका माननीय सदस्य कृष्णकुमारी पौडेल खतिवडा र माननीय सदस्य सावित्रा कुमारी शर्मा सहित कर्मचारीको टोलीबाट लव प्रसाद आश्रम सुन्दरीजलको अनुगमन। | • गोकर्णेश्वर नगरपालिका स्थित लवप्रसाद सुधार संघ(लव प्रसाद गृह) ले न्यूनतम मापदण्ड पूरा नगरी आधिकारिकता विनासञ्चालन गरेको र बालगृहमा आश्रित बालबालिकालाई बेवारिसे, असुरक्षित अवस्थामा रहेको सूचनाका आधारमा तत्काल उद्धार गर्न सिफारिस गरी उद्धारका लागि पहल गरेको। उक्त गृहले बालबालिकालाई मानसिक, शारीरिक तथा यौनजन्य आपराधिक कार्यमा संलग्न गराएको पाइएको। राष्ट्रिय महिला आयोगको विज्ञप्ती र अनुगमनबाट महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय र गृह मन्त्रालयमा पत्राचार पछि सरोकारवाला निकाय बाल परिषदबाट ९ जना बालिका उद्धार गरिएको छ। |
| ४. | २०८०।०८।०७ | रामेछाप | जिल्ला प्रशासन कार्यालय | • रामेछाप जिल्लामा घरेलु हिंसा, जवरजस्ती करणी र आत्महत्याका घटनाहरू घट्दो क्रममा रहेको,<br>• हिंसाका घटना रोकथाम गर्न योग तथा ध्यान र उत्प्रेरणाका कार्यक्रम सञ्चालन गर्ने गरेको,<br>• वैदेशिक रोजगारीको असरका कारण सम्बन्ध विच्छेद र आत्महत्याको दर बढेको। |
| ५. | २०८०।०८।०७ | रामेछाप | मन्थली नगरपालिका | • बजेट विनियोजन गरी महिला सिप विकास, सशक्तीकरण र आर्थिक सहायता जस्ता कार्यक्रमहरू सञ्चालन गरिरहेको,<br>• नगरपालिकालाई विद्यालय र समुदायस्तरमा पुगेर लैङ्गिक हिंसा विरुद्धको सचेतनामूलक कार्यक्रम सञ्चालन गर्न सुझाव दिइएको, |

| | | | | |
|---|---|---|---|---|
| ६. | २०८०।०८।०७ | रामेछाप | एकद्वार संकट व्यवस्थापन केन्द्र | • जवरजस्ती करणी तथा यौनजन्य दुर्व्यवहारबाट अधिकांश १४ वर्ष देखि १८ वर्षका बालिका तथा किशोरीहरू भएको जानकारी प्राप्त भएको ।<br>• OCMC सञ्चालनको लागि पर्याप्त स्रोत साधन र भौतिक संरचना भएको नदेखिएको ।<br>• पहाडी जिल्ला सबै ठाँउमा पर्याप्त जानकारी नभएको र आउने जाने कठिनाइ, खर्चको व्यवस्थापन तथा पीडितलाई बस्ने व्यवस्थाको समस्या रहेको । |
| ७. | २०८०।०८।०७ | रामेछाप | मन्थली मा.वि. | • लैङ्गिक संवेदनशीलता अनुसार संरचनाहरू निर्माण गरिएको पाइयो ।<br>• महिनावारी स्वच्छताका लागि स्यानिटेरी प्याडको व्यवस्था तथा अविभावकहरूलाई अभिमुखीकरण गर्नेगरीएको । |
| ८. | २०८० मंसिर १७ | पाँचथर | जिल्ला प्रशासन कार्यालय | • आत्महत्याका घटनाहरू बढी रहेका,<br>• मानव बेचविखन तथा यौन दुर्व्यसनका घटनाहरू बढ्दै गएका,<br>• मादक पदार्थ सेवनले घरेलु हिंसा तथा किशोरीहरू माथि बलात्कारका घटनाहरू घट्ने गरेको देखिएको ।<br>• वैदेशिक रोजगारीका कारण सम्बन्ध विच्छेदका घटनाहरू बढ्दै गएका,<br>• अन्तरजातीय विवाहका कारण पारिवारिक वेमेल तथा घरेलु हिंसा बढ्नुका साथै सम्बन्ध विच्छेदका उजुरी बढेको । |
| ९. | २०८० मंसिर १७ | पाँचथर | एकद्वार संकट व्यवस्थापन केन्द्र | • अस्पताल परिसरमा OCMC को वोर्ड सबैले देख्न सक्ने गरी राख्नुपर्ने,<br>• OCMC को वारेमा प्रसार प्रसार गर्नु पर्ने,<br>• साइको सोसल काउन्सिलको तालिम Gender Based Violence संवेदनशील बनाउनु पर्ने । |
| १०. | २०८० मंसिर १७ | पाँचथर | जिल्ला प्रशासन कार्यालय | • लैङ्गिक हिंसा विरुद्ध भएका कामकारबाहीका सम्बन्धमा जानकारी लिनुका साथै महिला बालबालिका तथा ज्येष्ठ नागरिक कक्षको निरिक्षण गरेको । जिल्ला प्रहरी कार्यालय महिला हिंसा विरुद्धको अभियानमा क्रियाशील रहनुका साथै तहाँको महिला सेल व्यवस्थित रहेको पाइयो । |
| ११ | २०८० मंसिर १७ | पाँचथर | जिल्ला कारागार कार्यालय | • कारागारमा क्षमता भन्दा करिव ७ गुणा बढि कैदीबन्दी रहेकोले व्यवस्थापनमा कठिनाइ भएको ।<br>• १६९ कैदीबन्दी मध्ये ७४ जना जबरजस्ती करणी र २ जना मानव बेचविखनको अभियोगमा कैद सजाय भुक्तान गरिरहेको ।<br>• सरोकारवाला निकायलाई पत्राचार गरी नयाँ बन्दै गरेको भवन सुचारुका लागि पहल गरिएको । |
| १२. | २०८० मंसिर १७ | पाँचथर | ज्येष्ठ नागरिक सेवा आश्रम | • सेवा लिने ज्येष्ठ नागरिकहरू सेवा सुविधाबाट सन्तुष्ट रहेको पाइएको ।<br>• थप भवन निर्माण कार्य भइरहेको बजेटको अभावले निर्माणमा समस्या रहेको ।<br>• मानसिक रोगीहरू कोठामा सुताएर राखेकोलाई समस्या समाधान गर्न नगरपालिकालाई जानकारी गराएको । |

| | | | | |
|---|---|---|---|---|
| १३ | २०८०।१०।०२ | ललितपुर | आयोगका माननीय सदस्य कृष्णकुमारी पौडेल खतिवडा र माननीय सदस्य सावित्रा कुमारी शर्मा, सचिव पार्वती अर्याल सहित कर्मचारीको टोलीबाट ललितपुर महानगरपालिका बागडोलमा रहेको साथी संस्थाको अनुगमन। | • राष्ट्रिय महिला आयोगमा आएकी गर्भवती (३५ हप्ता पुगेको) परिवर्तितलाई संकटकालीन अवस्थामा साथी संस्थामा सेल्टरको लागि पठाइएकोमा एक बच्चाको जन्म भएपछि साथी संस्थाले आयोगको सहमती बिना अनाधिकृत व्यक्तिलाई हस्तान्तरण गरेको पाइएको।<br>• बच्चा फिर्ता गरी नेपालको कानून बमोजिम मात्र बच्चा दिन वा लिन मिल्ने आफु खुशी अब यस्ता कार्य नगर्न निर्देशन भएको। |
| १४ | २०८०।०१।११ | दोलखा | एकद्वार संकट व्यवस्थापन केन्द्र | • सेफ हाउस दर्ता नगरी निजी रूपमा सञ्चालन भइरहेकोले सुरक्षाको दृष्टिकोणबाट संवेदनशील भएको।<br>• बलात्कारको घटना बढी आउने तर मेलमिलापको लागि दवाव दिने प्रवृत्ति रहेको।<br>• OCMC मा आउने घटनाहरू क्रमशः घट्दै गइरहेको।<br>• OCMC का कर्मचारी छिटो छिटो सरुवा हुने प्रवृत्तिले सेवा प्रवाहमा असर पुगेको। |
| १५ | २०८०।०१।११ | दोलखा | जिल्ला प्रहरी कार्यालय | • प्रहरीहरू आवासको लागि टेन्टमा बसी गुजारा गर्नु परेको अवस्था रहेको।<br>• महिला प्रहरीहरूको आवासको उचित व्यवस्था नभएको।<br>• प्रहरी कार्यालयमा दर्ता हुन आउने उजुरी घरेलु हिंसा र ठाडो निवेदनमा अधिकांश मेलमिलाप हुने गरेको।<br>• प्रहरी कार्यालयको भवन निर्माणका लागि नेपाल सरकारलाई सिफारिस गर्ने प्रतिबद्धता गरेको। |
| १६ | २०८१।०१।२५ | भक्तपुर | चाँगुनारायण नगरपालिका, वडा नं. ४ | • १४ वर्षिया बालिकालाई आफ्ने काकाले ३ पटकसम्म करणी गरेको।<br>• PNC Test गर्दा बालिका ५ हप्ताको गर्भधारण भैसकेको जानकारी प्राप्त भएको।<br>• स्वास्थ्य केन्द्रमा सोही बालिकाले रा.म.आ.को टोली समक्ष कुरा राखी उजुरी गरे पश्चात आयोगले तहाँका वडा अध्यक्ष र स्वास्थ्य केन्द्रका कर्मचारीको रोहवरमा जवरजस्ती करणी विरुद्ध हदैसम्म सजायका लागि सिफारिस सहित सोही ठाँउबाट प्रहरीलाई अनुसन्धानको लागी जिम्मा लगाएको।<br>• पीडितलाई राष्ट्रिय महिला आयोगमा ल्याई OCMC पठाएर गर्भपतन गरी सेफ हाउसमा राख्ने व्यवस्था गरेको। |
| १७ | २०८१।०१।२८ | प्यूठान | कारागार कार्यालय | • कैदी क्षमताको तिन गुणा कैदी बन्दीहरू रहेको।<br>• महिला र पुरुष कैदीलाई छुट्टा छुट्टै बस्ने ठाउँको व्यवस्था रहेको पाइएको।<br>• भवन जिर्ण भएकाले हालै लागेको डढेलोले समेत क्षति पुऱ्याएको देखिएको।<br>• भवन जिर्ण र साघुरो भएकाले कैदी बन्दीको चाप अनुसार नयाँ भवनको आवश्यकता रहेकोले सम्बन्धित निकायमा जिर्ण कारागारको व्यवस्थापनका लागि आयोगबाट पत्राचार गर्ने। |

| | | | | |
|---|---|---|---|---|
| १८ | २०८१।०२।०७ | गण्डकी प्रदेश | प्रदेश प्रहरी कार्यालय | • बालबालिकाहरूलाई बस्ने, खाने, पढ्ने र खेल्ने सुविधा सहित वातावरण व्यवस्थापन रहेको पाइयो।<br>• कैदीहरूलाई राम्रो व्यवस्थापन गरी राखेको पाइयो।<br>• मादक पदार्थ सेवन, पर्यटकको आवतजावत र वैदेशिक रोजगारीका कारण किशोर किशोरी, बालबालिका र एकल महिलाहरू बढी जोखिममा परेका।<br>• सानै उमेरमा प्रेम सम्बन्ध राखी मागी विवाह गर्ने गर्दा बाल बिवाहका घटनाका उजुरीहरू नपरेको। |
| १९ | २०८१।०२।०७ | कास्की | एकद्वार संकट व्यवस्थापन केन्द्र | • खुला क्षेत्र सहित स्रोत साधन सम्पन्न रहेको नेपाल सरकार बाट प्राप्त विनियोजित बजेटको प्रयोग राम्रोसँग भएको देखियो।<br>• हिंसा पीडितलाई अन्य स्वास्थ्य समस्या देखिएमा समेत उपचार गर्ने गरिएको। |
| २० | २०८१।०२।०८ | म्याग्दी | एकद्वार संकट व्यवस्थापन केन्द्र | • OCMC मा कार्यरत स्वास्थ्यकर्मीहरूलाई आवश्यक क्षमता विकासका कार्यक्रम, ६ महिने मनोसामाजिक परामर्श तालिम सञ्चालन गर्नु पर्ने आवश्यक देखिएको। |
| २१ | २०८१।०२।०९ | स्याङ्जा | एकद्वार संकट व्यवस्थापन केन्द्र | • OCMC मा आउने घटनाहरू मेलमिलापमा जाने र पुन घटना दोहोरीने प्रवृत्ति देखिएको। यसरी पीडकले उन्मुक्ति पाउने हुनाले कानूनको दायरामा ल्याउन अन्य सरोकारवाला निकायसँग समन्वयलाई प्रभावकारी बनाउनु पर्ने देखिन्छ। |
| २२ | २०८१।०२।२४ | विराटनगर, मोरङ | नेपाल प्रहरी प्रदेश कार्यालय | • वैदेशिक रोजगारीको रूपमा मानव बेचबिखन हुने गरेका, खुला सिमानाका कारण भारत हुँदै तेस्रो मुलुकमा लैजाने गरेको<br>• सानै उमेरमा प्रेम सम्बन्ध राख्ने र त्यसबाट जबरजस्ती करणी, बालविवाह जस्ता घटनाहरू घट्ने गरेको।<br>• मादक पदार्थ सेवन र लागू पदार्थको दुर्व्यसनले गर्दा घरेलु हिंसाका घटना बढेको। |
| २३ | २०८१।०२।२४ | विराटनगर, मोरङ | एकद्वार संकट व्यवस्थापन केन्द्र, कोशी अस्पताल | • नेपाल सरकारले विनियोजन गरेको बजेट अपुग भई अस्पतालको आफ्नै स्रोतबाट OCMC को सेवामा खर्च गर्नु परेको।<br>• हिंसा पीडितलाई अन्य स्वास्थ्य समस्या समेत भएको अवस्थामा उपचार गर्न कठिनाइ हुने गरेको।<br>• अस्पतालको परिसर भित्र खुला रूपमा क्यान्टिन सञ्चालन गरेको पाइएको। स्वास्थ्य संस्थामा यसरी खुला रूपमा क्यान्टिन सञ्चालन गरी स्वास्थ्य माथि नै खेलवाड गरेको पाएकाले सम्बन्धित संस्था र अन्य सरोकारवाला निकायको ध्यानाकर्षण गराइएको। |

| | | | | |
|---|---|---|---|---|
| २४ | २०८१।०२।२४ | विराटनगर, मोरङ | विराटनगर जोगवनी नाका अनुगमन | • माइती नेपालका कर्मचारीहरूसँग छलफल गर्ने कार्य भएको<br>• उमेर हुलिया हेरेर शंकास्पद व्यक्तिहरूलाई सोधपुछ गर्नेगरीएको।<br>• प्राय १५ देखि २० वर्षका किशोरीहरू नाका हुँदै भारत तर्फ लैजाने गरेको।<br>• रातीको समयमा बोर्डर क्रस गर्ने हुँदा नियन्त्रणमा ल्याउन नसकिएको।<br>• घर परिवारको सदस्यलाई नै फकाएर दलालले सोधपुछका क्रममा आफू नाता पर्ने भनि भन्न लगाउने गरेको।<br>• धेरै पीडितहरू मधेश प्रदेशका मधेशी जनजाति समुदायका हुने गरेको।<br>• महिनामा २०/२२ जनालाई Intercept/Rescue गर्नेगरिएको। |
| २५ | २०८१।०३।०९ | रूपन्देही | सुनौली नाकाको सुरक्षा अवस्था | • रोजगारीको सिलसिलामा नेपालको पहाडी भेगबाट ठूलो संख्यामा भारततर्फ जाने गरेको।<br>• सुरक्षाकर्मीको निगरानी र सुरक्षा सम्बन्धी सेवा प्रभावकारी नै देखिएको तर सुरक्षाकर्मीको संख्या कमी देखिएको।<br>• सीमा क्षेत्रमा महिला सुरक्षा प्रवर्द्धनका लागि भूमिका निर्वाह गर्ने गैरसरकारी संस्थाहरू अत्यन्त क्रियाशील देखिएको।<br>• केही महिलाहरू शंकास्पद रूपमा आफ्नो उद्देश्य स्पष्ट नगरी भारत प्रवेश गर्ने गरेको हुँदा थप अनुसन्धान गर्नु पर्ने देखिएको।<br>• मानव बेचविखन जस्तो जघन्य अपराधमा गैह्रसरकारी संस्थाहरूले गरेका गतिविधिमा निगरानी गर्न र नेपाल प्रहरीसँग समन्वय गर्नका लागि सिमा नाकामा सरकारको उपस्थिति हुनुपर्ने देखिन्छ। |

## ८.३ माननीय सदस्य श्री विद्या कुमारी सिन्हाज्यूको नेतृत्वमा आ.व. ०८०/८१ मा सम्पन्न भएका अनुगमनहरूको विवरण

| क्र.सं. | मिति | अनुगमन गरिएको जिल्ला | अनुगमनको विषय | आयोगबाट दिएको मुख्य सुझाव |
|---|---|---|---|---|
| १. | २०८०।०५।०६ | धनुषा | आरती शाहको मृत्युको कारण पत्ता लगाउन गरिएको अनुगमन | • बयानको क्रममा भएको घटना सम्बन्धमा यथार्थ पत्ता लगाउन CCTV फुटेजलाई प्रमाणको रूपमा अध्ययन गर्न सम्बन्धित प्रहरी कार्यालयबाट उपलब्ध गराउनु पर्ने ।<br>• पीडित पक्षको समस्या समाधान गर्न पीडित, सम्बन्धित सुरक्षा निकाय, गृह मन्त्रालय, प्रहरी प्रधान कार्यालय, राष्ट्रिय मानब अधिकार आयोग, महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, मधेशी आयोग तथा राष्ट्रिय महिला आयोगका प्रमुख तथा प्रतिनिधिहरूको रोहवरमा छलफल गरी समस्याको समाधान गरी निष्कर्षमा पुऱ्याउनु पर्ने ।<br>• उक्त पीडितहरूको समस्यालाई समाधान गरी निष्कर्षमा पुऱ्याउनको लागि माथि उल्लेखित निकायहरूसँग समन्यायत्मक बैठक/ छलफलको पहल तहाँ मन्त्रालयबाट गरिनुपर्ने ।<br>• प्रादेशिक अस्पतालबाट अवदेखी शंकास्पद मृत्युहरूमा तत्काल पोष्टमार्टम नगर्ने ।<br>• स्थानीय तहबाट नागरिक अधिकार संरक्षणको विषय चासो राखी पीडित नआएपनि न्यायको पहल गर्नु पर्ने ।<br>• प्रहरीबाट CC क्यामराको फुटेज राष्ट्रिय महिला आयोगमा उपलब्ध गराउनु पर्ने<br>• पीडितको गुनासो,जाहेरी उजुरी, अनुरोध प्रहरीले गम्भीरतापूर्वक लिनु पर्ने ।<br>• नेपाल प्रहरीको जिम्मेवार व्यक्तिलाई बोलाई अनुसन्धान प्रभावकारी र वस्तुनिष्ठ बनाउन राष्ट्रिय महिला आयोगबाट सुझाव दिने ।<br>• दोषीलाई कारबाही गर्न सम्बन्धित निकायलाई सिफारिस गर्ने ।<br>• सम्माननीय उपराष्ट्रपति रामसहाय यादव ज्यू समक्ष मधेशको मुख्य मन्त्री सरोज यादव ज्यूसँग भएको<br>• मधेश प्रदेशमा भइरहेको महिला हिंसा तथा आरती साहको अस्वभाविक मृत्युको सन्दर्भमा छिटो भन्दा छिटो न्याय दिलाउनु पर्ने ।<br>• अनुसन्धान प्रभावकारी र वस्तुनिष्ठ बनाउनको लागि CIB र नेपाल प्रहरी प्रमुख बसन्त कुँवरलाई आयोगमा बोलाइ जतिसक्दो चाडो निर्देशन न्यायको प्रत्याभूति सहित सम्बोधन र सहजीकरण गर्न सुझाव र निर्देशन गरेको |
| २. | २०८०।१०।२५ | सिरहा | महिला हक, अधिकार, संरक्षण र लैङ्गिक हिंसाको सन्दर्भमा भएका विद्यमान कानून को प्रभावकारी निवारण सम्बन्धी असल अभ्यास बारे जिल्लामा अनुगमन | • कर्मचारीलाई तालिमको आवश्यकता देखिएको ।<br>• तालिममा कर्मचारीलाई Rotaton मा सहभागी गराउनुपर्ने ।<br>• स्थानीय भाषा जान्ने प्रहरी चौकीमा खटाइदिने ।<br>• प्रत्येक चौकिमा कम्तीमा २ जना महिला प्रहरी हुनुपर्ने ।<br>• प्रहरी कर्मचारी खटाउँदा सम्बन्धित स्थानीय भाषा जान्ने प्रहरी खटाउनु पर्ने । |

| | | | | |
|---|---|---|---|---|
| | | | | • वैदेशिक रोजगारीमा जानुपर्नेमा श्रीमान ,श्रीमती र बच्चाको नाममा संयुक्त रूपमा खाता खोलीदिनुपर्ने ।<br>• प्रत्येक स्थानीय तहको लैङ्गिक उत्तरदायी बजेटको अवस्था माथि राष्ट्रिय महिला आयोगले अनुगमन गर्नु पर्ने । |
| ३. | २०८०।१०।३० | धनुषा | महिला हक अधिकार संरक्षण र लैङ्गिक हिंसाको सन्दर्भमा भएका विद्यमान कानूनको प्रभावकारी निवारण सम्बन्धी असल अभ्यास बारे जिल्लामा अनुगमन | • कर्मचारीलाई तालिमको आवश्यकता देखिएको ।<br>• तालिममा कर्मचारीलाई Rotaton मा सहभागी गराउनुपर्ने ।<br>• स्थानीय भाषा जान्ने प्रहरी चौकीमा खटाइदिने ।<br>• प्रत्येक चौकीमा कम्तीमा २ जना महिला प्रहरी हुनुपर्ने ।<br>• प्रहरी कर्मचारी खटाउँदा सम्बन्धित स्थानीय भाषा जान्ने प्रहरी खटाउनु पर्ने ।<br>• वैदेशिक रोजगारीमा जानुपर्नेमा श्रीमान, श्रीमती र बच्चाको नाममा संयुक्त रूपमा खाता खोलीदिनुपर्ने ।<br>• प्रत्येक स्थानीय तहको लैङ्गिक उत्तरदायी बजेटको अवस्था माथि राष्ट्रिय महिला आयोगले अनुगमन गर्नु पर्ने ।<br>• जबरजस्ती करणीमा राजनीति बार्गेनिङका कारण न्याय पाउने पीडित जहिलै पनि पीडित भएर न्याय नपाएको हुँदा जिल्ला प्रशासन कार्यालयले यस्तो अवस्थमा जानुपर्ने सुझाव दिनुभयो । |
| ४. | २०८०।११।२४ | बारा | महिला हक अधिकार संरक्षण र लैङ्गक उत्तरदायी बजेटको प्रभावकारी कार्यान्वयन सम्बन्धी असल अभ्यास बारे पालिका अनुगमन । | • पीडितलाई संरक्षण गर्ने उपयुक्त स्थान नभएकोले गैर सरकारी संस्थाको सहयोग लिन परेको अवस्था छ जसबाट सरकारी तहबाट एक मापदण्ड पुरा भएको अल्पकालीन आश्रयस्थलको व्यवस्था हुनुपर्ने ।<br>• OCMC मा कार्यरत मेडिकल अधिकृत लगायतका स्वास्थ्यकर्मीहरूलाई पीडितको स्वास्थ्य अनुसन्धान गर्ने सम्बन्धमा सबै किसिमको प्राविधिक सिप विकास तालिम दिनुपर्ने । |
| ५. | २०८०।११।२७ | पर्सा उप महानगरपालिका | महिला हक अधिकार संरक्षण र लैङ्गिक उत्तरदायी बजेटको प्रभावकारी कार्यान्वयन सम्बन्धी असल अभ्यास बारे पालिका अनुगमन | • पीडितलाई संरक्षण गर्ने उपयुक्त स्थान नभएकोले गैर सरकारी संस्थाको सहयोग लिनु परेको अवस्था छ जसबाट सरकारी तहबाट एक मापदण्ड पूरा भएको अल्पकालीन आश्रयस्थको व्यवस्था हुनुपर्नो<br>• OCMC मा कार्यरत मेडिकल अधिकृत लगायतका स्वास्थ्यकर्मीहरूलाई पीडितको स्वास्थ्य अनुसन्धान गर्ने सम्बन्धमा सबै किसिमको पाविधिक सिप विकास गरी तालिम दिनुपर्नो<br>• उपप्रमुख लैङ्गिक उत्तरदायी बजेट प्रति अन्योल जस्तो देखिएको ।<br>• भारतीय महिलासँग विहे भएपछि परिवार शिक्षित भएपनि बिवाह दर्ता र नागरिकतामा श्रीमानै असहमत भएको। |

## ८.४ माननीय सदस्य श्री सावित्रा कुमारी शर्माज्यूको नेतृत्वमा आ.व. ०८०/८१मा सम्पन्न भएका अनुगमनहरूको विवरण

| क्र.सं. | अनुगमन मिति | अनुगमन स्थान | अनुगमनको सन्दर्भ/विषय | अनुगमनमा देखिएका विषय |
|---|---|---|---|---|
| १. | २०८०।०८।१७ | दमौली अस्पताल तनहुँ | लैङ्गिक हिंसाबिरुद्धको राष्ट्रिय कार्य योजना २०१० अनुसार एकद्वार संकट ब्यबस्थापन केन्द्रहरूमा (OCMC) मा के कस्ता कार्यहरू कसरी भएका छन जिल्लाका अन्य निकायको के कस्तो भूमिका रहेको छ भन्ने सम्बनधमा अनुगमन | • कुनै Addiction मा लागेकाहरूबाट बढिमात्रामा शारिरिक, यौनजन्य हिंसा हुने गरेको।<br>• बजेट घटेर (गत आ.व. १५ लाख ०८०।०८१ मा १२ लाख) आएकोले खर्च पुऱ्याउन कठिनाइ देखिएको।<br>• OCMC को बजेटबाट एकजना मात्र स्टाफ भएकोले प्रभावकारी सेवा पुऱ्याउन कठिनाइ भएको।<br>चुनौती<br>• जबरजस्ती करणी जस्तो संवेदनशिल घटनामा पनि सम्बन्धित निकायलाई खबर नै नगरी पीडकसँग मेलमिलाप गरी जाने गरेको।<br>• समय सापेक्ष घटना बढ्दो क्रममा सेवा प्रवाह विस्तार गर्नु पर्ने अवस्थामा बजेट घटेर आएकोले एकद्वार संकट व्यवस्था केन्द्रबाट पीडितलाई आर्थिक सहयोग गर्न कठिनाइ रहेको। OCMC मा एकजना मात्र स्टाफ भएकोले सेवा पुऱ्याउन कठिनाइ रहेको।<br>• पीडितलाई दवाव रहित बनाउन अनुसन्धान नसकिउन्जेल पीडितलाई सेफ र secret ठाउँमा राख्नको लागि आवश्यक व्यवस्था हुनुपर्ने। |
| २. | २०८०।०८।१८ | स्याङ्जा | लैङ्गिक हिंसाबिरुद्धको राष्ट्रिय कार्य योजना २०१० अनुसार एकद्वार संकट ब्यबस्थापन केन्द्रहरूमा (OCMC)के कस्ता कार्यहरू कसरी भएका छन जिल्लाका अन्य निकायको के कस्तो भूमिका रहेको छ भन्ने सम्बनधमा अनुगमन | • बजेट घटेर (गत आ.व. १५ लाख ०८०।०८१ मा १२ लाख) आएकोले खर्च पुऱ्याउन कठिनाइ देखिएको।<br>• OCMC को बजेटबाट एकजना मात्र स्टाफ भएकोले प्रभावकारी सेवा पुऱ्याउन कठिनाइ भएको।<br>चुनौतीहरू<br>• समय सापेक्ष घटना बढ्दो क्रममा सेवा प्रवाह विस्तार गर्नु पर्ने अवस्थामा बजेट घटेर आएकोले एकद्वार व्यवस्था केन्द्र बाट पीडितलाई आर्थिक सहयोग गर्न कठिनाइ रहेको।<br>• OCMC मा एकजना मात्र स्टाफ भएकोले सेवा पुऱ्याउन कठिनाइ रहेको।<br>• पीडितलाई दवाव रहित बनाउन अनुसन्धान नसकिउन्जेल पीडितलाई सेफ र secret ठाउँमा राख्नको लागि आवस्यक व्यवस्था हुनुपर्ने। |

| | | | | |
|---|---|---|---|---|
| ३. | २०८०।०८।२० | रूपन्देही | लैङ्गिक हिंसा बिरुद्धको राष्ट्रिय कार्य योजना २०१० अनुसार एकद्वार संकट ब्यबस्थापन केन्द्रहरूमा (OCMC)के कस्ता कार्यहरू कसरी भएका छन अन्य निकायको के कस्तो भूमिका रहेको छ भन्ने सम्बनधमा अनुगमन | • OCMC को बजेट घटेर १५ लाख बाट १० लाख भएको।<br>हिंसामा परेकाहरूको संख्या - ३६१<br>जवरजस्ती करणी - ६४<br>यौनजन्य दुर्व्यवहार -१३<br>शारीरिक दुर्व्यवहार - १३९<br>मानसिक दुर्व्यवहार - २८<br>वालविवाह - ९०<br>अन्य (वोर्डर एरिया india बाट उद्दार गरेर ल्याइएका र कारण नखुलेका)२७<br>जातीय आधारमा :<br>• दलित - ६१<br>• जनजाती - ५४<br>• मधेसी - ५८<br>• मुस्लीम - ४७<br>• व्राहमण- ४२<br>• अन्य - ३<br>• उद्दार गरिएका हिंसापीडितलाई राख्ने संस्था<br>• शुभ अवसर ग्राम<br>• आफन्त नेपाल<br>• OCMC मा स्टाफ १ जना मात्र हुने भएकोले र OCMC स्टाफले अन्य तिर पनि काम गर्नु परेकोले सेवा दिनमा कठिनाइ देखिएको।<br>• जवरजस्ती करणी जस्तो संवेदनशिल घटनामा पनि सम्बन्धित निकायलाई खबर नै नगरी पीडकसँग मेलमिलाप गरी जाने गरेको।<br>• समय सापेक्ष घटना बढ्दो क्रममा सेवा प्रवाह विस्तार गर्नु पर्ने अवस्थामा बजेट घटेर आएकोले एकद्वार संकट ब्यबस्था केन्द्रबाट पीडितलाई आर्थिक सहयोग गर्न कठिनाइ रहेको। |

| | | | | |
|---|---|---|---|---|
| ४. | २०८०।०८।२० | नवलपरासी | लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान अन्तर्गत रहेर हिंसा पीडितको अवस्थाको बारेमा अनुगमन | OCMC Report<br>• शारिरिक दुर्व्यवहार - ५२<br>• यौनजन्य दुर्व्यवहार - १<br>• बलात्कार - ६<br>• OCMC बजेट २५ लाखबाट १० लाखमा झरेको ।<br>जिल्ला प्रहरी कार्यालय परासी बाट प्राप्त तथ्याङ्क<br>• शारिरिक दुव्यवहार - १९<br>• मानसिक दुर्व्यवहार - ५४<br>• आर्थिक हिंसा - १२<br>चुनौती<br>• सेवा विस्तार गर्नु पर्ने अवस्थामा इ़ऋःऋ को बजेट घटेर आएकोले सेवा प्रवाहमा कठिनाइ<br>• OCMC को एकजना मात्र स्टाफले सेवादिन कठिनाइ ।<br>• यहाँका स्थानीयले वढि विश्वास प्रहरी प्रशासनलाई गर्ने गरेकोले हिंसा पीडितहरू<br>• सिधै जिल्ला प्रहरी कार्यालयमा जाने गरेको ।<br>• धेरै जसो यहाँका case मा बालबालिका हराउने भनेर सेवाग्राही आउने गरेको दर्ता गर्ने र पछि बुझ्दै जाँदा विवाह गरेर गएको भन्ने जानकारी आउने गरेको तर कतिपयले भेटिएपछी जानकारी नै नदिने हुनाले यस्ता बालिकाहरू हराएकोमा दर्ता देखिने गरेको पाइयो । |
| ५. | २०८०।०८।२१ | नवलपुर जिल्ला, जिल्ला प्रहरी कार्यालय | लैङ्गिक हिंसाबाट प्रभावित महिला तथा बालबालिकाको अवस्थाबारे अनुगमन। | • ०८०।०८१ मा कार्यालयमा दर्ता भएका उजुरी जम्मा-३८<br>• मिलापत्र- १८<br>• कामबाँकी - १३<br>• स्थगित भएको - ७<br>• खुल्ला सीमानाको कारण किशोरीहरू हराउने गरेको । |

| | | | | |
|---|---|---|---|---|
| | | | | • अधिकांश हिंसाका घटनाहरूलाई पहुँचको भरमा गाउँघरमै मिलाउने र धेरैसमस्या आएपछि मात्र बाहिर ल्याउने गरिएको।<br>• सामाजिक सञ्जालबाट सम्पर्क भई उमेर नपुगी १६/१७ मै किशोर किशोरिहरू भागि विवाह गर्ने गरेको जसले महिला हिंसालाई बढावा दिइएको पाईयो।<br>चुनौती<br>• नेपाल भारत सिमा क्षेत्रमा विवाह गर्ने र दाईजोलाई अधिकारको रूपमा हेरिने दृष्टिकोणले हिंसालाई प्रोत्साहन दिइएको।<br>• जवरजस्तो करणी जस्ता शंवेदनसील केसमा पीडितलाई सुरक्षित पुनस्थापन गर्ननसक्दा पीडकसँग मिल्नैपर्ने बाध्यता तथा जिउधनको समेत जोखिम रहेको।<br>• १६।१७ वर्षका किशोर किशोरीहरू मन मिलेपछि भाग्ने गरेको र किशोरी पक्षले अपहरण तथा शरिर बन्धकको मुद्दा हाल्ने गरेको। |
| ६. | २०८०।०८।२१ | मध्यविन्दु जिल्ला अस्पताल कावासोती, नवलपुर | जिल्ला अस्पतालमा रहेको OCMC को अनुगमन | • पीडितलाई OCMC ले प्रदान गर्ने सेवाबारे जानकारीनै नहुनु।<br>चुनौती<br>• टाढा दुर दरारमा रहेका जनतालाई सेवाको बारेमा जानकारी दिलाउन असहज भएको।<br>• सेवा सुविधा उपलब्ध भए पनि Victim हरू सेवा लिन नआएकोले यसका लागि अस्पतालमा उपलब्ध सेवा सुविधाको बारेमा प्रचार प्रसार गर्नु पर्ने कुरामा ध्यानाकर्षण गराइयो।<br>उपलब्धि<br>• जम्मा case- ३१ जना<br>• OCMC अन्तर्गत २ bed सहितको कोठा उपलब्ध भएको।<br>• पुनर्वास व्यवस्थाको लागि नगरपालिकाले १० bed सहितको पुनर्वास केन्द्र खोलेर सञ्चालनमा ल्याएको।<br>• सेवा प्रदानको लागि सेवा सुविधा प्रयाप्त देखिएको।<br>• मध्यविन्दु अस्पतालमा OCMC का सदस्यहरूले सेवा दिनु तत्परता देखाएता पनि त्यहाँ पीडितहरू नआउने गरेकोले त्यसका लागि प्रचार प्रसारमा जोड दिनु पर्ने गाउँ गाउँमा गएर OCMC को बारेमा जानकारी दिनुपर्ने सुझाव दिई अव आउने दिनमा पीडितले सजिलै सेवा प्राप्त गर्ने देखिन्छ। |

| | | | | |
|---|---|---|---|---|
| ७. | २०८०।०८।२१ | भरतपुर जिल्ला अस्पताल, चितवन | OCMC को अनुगमन | • अस्पतालमा २ बेडमात्र भएकोले सेवा प्रदान गर्न कठिनाइ भएको।<br>• ८ वर्ष मुनिका किशोरीले करणी भएर जन्माएका बच्चाहरूको व्यवस्थापनमा समस्या देखिएको।<br>• OCMC मा स्टाफ १ जना मात्र हुने भएकोले र धेरै जनालाई सेवा प्रदान गर्नु पर्ने भएकोले सेवा पुऱ्याउन कठिनाइ भएको।<br>• संघद्वारा सञ्चालित OCMC भएकोले स्थानीय र प्रदेश सरकारले सहयोग नगर्ने गरेको।<br>चुनौती<br>• समय सापेक्ष घटना बढ्दो क्रममा सेवा प्रवाह विस्तार गर्नु पर्ने अवस्थामा बजेट घटेर आएकोले<br>• एकद्वार संकट व्यवस्था केन्द्रबाट पीडितलाई आर्थिक सहयोग गर्न कठिनाइ रहेको।<br>• OCMC मा एकजना मात्र स्टाफ भएकोले सेवा पुऱ्याउन कठिनाइ रहेको।<br>• OCMC मा दुई वेडमात्र उपलब्ध भएकोले र पीडितको संख्या बढी हुने गरेकोले प्रभावकारी<br>• सेवा प्रदान गर्न कठिनाइ भएको।<br>सुझाव<br>• घटना बढ्दो क्रममा सेवा प्रवाह विस्तार गर्नु पर्ने अवस्थामा एकद्वार संकट व्यवस्था केन्द्रको लागि बजेट घटेर आएकोले आर्थिक सहयोग गर्न कठिनाइ रहेको हुँदा सो को लागि सम्बन्धित निकायलाई महिला आयोगले जानकारी गराउने र सो समस्या समाधानको लागि पहल गर्ने।<br>• बढि जनघनत्व भएको ठाउँमा OCMC को बजेट साथै काम गर्ने स्टाफको मात्रा बढाउनु पर्छ भन्ने कुरा आयोगलाई लागेको हुँदा सो विषयमा सम्बन्धित निकायसम्म कुरा पुऱ्याउने प्रतिवद्दता गरियो।<br>उपलब्धि<br>• चितवन अलि जनघनत्व बढि भएको ठाउँ भएकोले र अस्पतालमा OCMC मा रहेका स्टाफको कमिसाथै सवै विरामी एकै ठाउँमा राखिने हुनाले OCMC द्वारा दिइने सेवा प्रभाहमा कठिनाइ आएको भन्ने यथार्थतालाई अध्ययन गरी आगामी दिनमा महिला आयोगको तर्फबाट उहाँहरूलाई दिन सक्ने योगदान तथा अन्य सम्बन्धित निकायमा यो खवर पुऱ्याई समस्या समाधान गर्न सक्नु नै आयोगको लागी उपलब्धि हुनेछ। |
| ८. | २०८०।०८।२१ | जिल्ला प्रहरी कार्यालय, चितवन | लैङ्गिक हिंसाबाट प्रभावित महिला तथा बालबालिका<br>हरूको अवस्थाबारे अनुगमन | घरेलु हिंसा सम्वन्धी उजुरी ०८०।८१<br>खान लाउन नदिएको - ४५<br>कुटपिट -७०<br>गाली बेइज्जति - ५२<br>मिलापत्र -१२८<br>अदालत प्रक्रियामा गएको -२२<br>काम बाँकी - १७ |

| | | | | |
|---|---|---|---|---|
| | | | | • अधिकांश हिंसाका घटनाहरूलाई पहुँचको भरमा पीडितलाई डर धम्की दिएर पीडित र पीडकलाई फर्काउने गरेको पाईयो ।<br>• किशोरि तथा महिलाहरू आफुमै self stand नभएको कारणले अरुमाथि भर पर्नुपर्दा त्यसअनुरूप धेरैले शारीरिक, मानसिक हिंसा सहनुपरेको ।<br>**चुनौती**<br>• जवरजस्ती करणी जस्तो संवेदनशील घटनामा पनि सम्बन्धित निकायलाई खबर नै नगरी पीडकसँग मेलमिलाप गरी जाने गरेको ।<br>**उपलब्धि**<br>• हिंसामा परेका महिला तथा किशोरीको संख्या प्राप्त भएको जसअनुरूप यस्ता पीडितको समस्या समाधान गर्न महिला आयोगले अझ बढि के कस्तो भूमिका निर्वाह गर्नु पर्दछ भन्ने जानकारी प्राप्त भएको ।<br>• पीडितको सुरक्षाको लागि के कस्तो व्यवस्था गर्नुपर्दछ भन्नेकुरा यकिन गर्न सहज भएको । |
| ९. | २०८०।०८।२२ | चितवन, मन्जु श्री असहाय संरक्षण केन्द्र | सेफ हाउसको अनुगमन | • बाल विवाह, जवरजस्ती करणी, घर परिवारवाट शारीरिक तथा मानसिक यातना खेपिरहेका महिला तथा किशोरीहरू यहाँ अवस्थित रहेको ।<br>• यहा मनोसामाजिक परामर्श पनि दिने गरेको साथै आश्रित महिला तथा किशोरीहरूको आवश्यकता अनुसार कानूनी निकाय, प्रहरी प्रशासनसँग समन्वय गरी उहाँहरूलाई सम्बन्धित निकायसम्म लान आश्रय स्थलकै कर्मचारी सँगै जाने गरेको ।<br>• सरकारी आश्रय स्थल भएको हुनाले आवश्यकता लाई हेरी सरकारबाटनै आर्थिक योगदान भएपनि प्राईभेट क्षेत्रबाट पनि सरसहयोग हुने गरेको । साथै साधारण public ले पनि आफ्नो birthday पारेर आश्रय स्थलमा किशोरी तथा बालिकाहरूलाई सरसहयोग गर्ने गरेको ।<br>• आश्रय स्थलमा २६ वटा जति वेड रहेको र साना बच्चालाई १ वेडमा २ जना गरि आवस्यकता अनुसार राख्ने गरेको ।<br>• आश्रय स्थलमा २७ महिला तथा बच्चाहरू रहेको ।<br>- स्कुल कलेज जाने- २२<br>- अन्य महिला -५ |

| | | | | |
|---|---|---|---|---|
| १०. | २०८०।०८।२१ | चितवन,देबघाट समाज कल्याण केन्द्र वृद्धाश्रम। | | • अहिले यस आश्रममा ३३ जना वृद्धाहरू रहनु भएको जसमा महिला १६ र पुरुष १७ जना हुनुहुन्छ। आश्रममा ६५ देखि ९७ वर्ष समूहका वृद्धाहरू रहनु भएको। यस आश्रममा कार्यरत कर्मचारीहरू ७ जना हुनुन्छ। सरकारबाट गत वर्ष १० लाख बजेट प्राप्त भएको र यस वर्ष बजेट नआएको।<br>चुनौती<br>• आश्रम सञ्चालनको लागि सरकारबाट निरन्तर बजेट प्राप्त नभएको।<br>• औषधी उपचार समयमा खुवाउनको साथै वृद्धाहरूलाई तत्काल आइपर्ने समस्या समाधनको लागि स्वास्थ्यकर्मीको अभाव<br>• बाँदरले धेरै दुख दिने हुनाले यसलाई व्यवस्थापन गर्न आर्थिक सहयोगको अपेक्षा गरेको पाईयो।<br>उपलब्धि<br>देवघाट वृद्धाश्रम धार्मिक दृष्टिकोणले पनि निकै प्रचलित स्थल भएकोले यहाँ मानिसहरूको आवतजावत धेरै मात्रामा भएको पाईयो। केहि मनकारी समूहले व्यक्तिगत रूपले दान दक्षिणा गर्ने गरेको पाईयो। उक्त आश्रममा visit बाट वृद्ध वृद्धाको दिनचर्या, अवस्था उहाँहरूको समस्याको बारेमा साथै आश्रमको अवस्थाको बारेमा अध्ययन गरी उहाँहरूलाई परेका समस्याहरूको बारेमा सुझावको रूपमा जानकारी प्राप्त भयो। |
| ११. | २०८०।०८।०५ | काठमाडौ जिल्ला गोकर्णेश्वर न.पा.०६ | नेपाल अपाङ्ग संघ खगेन्द्र नवजीवन केन्द्रमा रहेका अपाङ्गता भएका व्यक्तिहरू उपर भएको विभिन्न किसिमको हिंसा दुर्व्यबहार र बेथिति बारे स्थलगत अनुगमन | • अपाङ्ग पीडित महिलालाई कुटपिट गर्ने व्यक्तिलाई कानूनको दायरामा ल्याउनुपर्ने।<br>• अपाङ्गता भएका मानिसले पाउनुपर्ने सबै सेवा सुविधाहरू उचित रूपमा पाउनुपर्ने।<br>• अपाङ्गता भएका मानिसहरूको मनोबल बढाउनका लागि सशक्तीकरणका कार्यक्रमहरू सञ्चालन गर्नु पर्ने।<br>• उच्च छबि बोकेका संस्थामा दिनहु हुने बेथिति, कुरीति, हिंसालाई चाडो भन्दा चाडो सम्बन्धित निकायले नियमन गर्नु पर्ने। |
| १२. | २०८०।१०।०२ | साथी संस्था ललितपुर | राष्ट्रिय महिला आयोगबाट गरिएको स्थलगत अनुगमन | • साथी संस्थामा रहेका हिंसा पीडीतहरुको स्वास्थ्य अवस्था एवं साथी संस्थाले पीडितलाई दिइएको सेवा सुविधाको बारेमा अनुगमन चाँडो भन्दा चाँडो गर्नुपर्ने। |

| | | | | |
|---|---|---|---|---|
| १३. | २०८०।११।१० | रूपन्देही | देवदह नगरपालिकाको अनुगमन | • मिति २०८०/११/१० मा रूपन्देही जिल्ला देवदह नगरपालिकाको अनुगमन भयो।<br>• अनुगमनको क्रममा नगरप्रमुख ध्रुवचन्द्र खरेल, उपप्रमुख (न्यायिक समिति प्रमुख) विद्यालक्ष्मी गुरुङ लगायत न्यायिक समितिका पदाधिकारीहरूसँग भेटघाट गरी नगरपालिकाबाट महिला सशक्तीकरण र लैङ्गिक हिंसा निवारणका लागि भएका असल अभ्यास र चुनौती बारेमा छलफल भयो।<br>समस्याः<br>• बालविवाह धेरै भएको उजुरीमा नआएको तर बालविवाहबाट जन्मिएका बच्चाको जन्मदर्तामा समस्या<br>• सामाजिक सञ्जालको दुरूपयोग, लिभिङ्ग रिलेसनबाट उत्पन्न विकृति र लैङ्गिक हिंसा वैदेशिक रोजगारीमा गएका परिवारमा भएको विकृति र विखण्डन<br>निष्कर्ष र सिफारिस<br>• बालविवाह, लैङ्गिक हिंसा विरुद्ध सचेतना अभिवृद्धिमा जोड दिने<br>• बालिका शिक्षा महिलाको आर्थिक आत्मनिर्भरताको लागि विशेष योजना सञ्चालन गर्ने। |
| १४. | २०८०।११।११ | रुपन्देही | सैनामैना नगरपालिकाको अनुगमन | • मिति २०८०/११/११ गते सैनामैना नगरपालिकाको न्यायिक समिति सदस्य रामप्रसाद अधिकारी र न्यायिक समितिका प्रमुख बिना राना लगायतका पदाधिकारीसँग भेटघाट गरी नगरपालिकाबाट महिलाको समग्र अवस्था सम्बन्धी छलफल गरियो र छलफलमा विभिन्न प्रकारका समस्या, चुनौती र असल अभ्यासबारे छलफल भयो।<br>• सामाजिक संजालले गर्दा महिला हिंसा बढेको गरिबीका कारण आत्महत्या दुरुत्साहनको चुनौती रहेको देखियो।<br>निष्कर्ष<br>• बालविवाह, लैङ्गिक हिंसा विरुद्ध सचेतनामूलक अभियानलाई जोड दिने अभियान सञ्चालन गर्ने बालक्लबलाई अग्रसर गराउने। |

| | | | | |
|---|---|---|---|---|
| १५. | २०८०।११।१२ | कपिलबस्तु | महाराजगञ्ज नगरपालिका कपिलवस्तुको अनुगमन | • मिति २०८०/११/१२ गते न्यायिक समितिको प्रमुख रिता कुर्मी, महाराजगञ्ज नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत रविन्द्र चौधरी, महिला शाखा प्रमुख तथा न्यायिक समितिका पदाधिकारी सँग लैङ्गिक हिंसा नियन्त्रण र महिला हिंसा विरुद्ध अभियान सम्बन्धी कार्यक्रम लगायतका छलफल गरियो ।<br>समस्या र चुनौतीः<br>• यो नगरपालिका भारत र नेपालको सीमामा पर्ने भएकोले मानव बेचबिखनको समस्या, बालविवाह, सामाजिक सञ्जालबाट हुने हिंसा र living together बाट हुने हिंसा रहेको ।<br>• Living together को कानून नभएकोले यसबाट हुने समस्या हल गर्न असहज र कानूनी व्यवधान ।<br>निष्कर्षः<br>• बालक्लब र अधिकारकर्मी लगायतलाई लैङ्गिक हिंसा विरुद्धको अभियान र सचेतनामूलक कार्यक्रम विद्यालय टोल छिमेकमा समेत सञ्चालन गरिने र नागरिक समाजलाई समेत सचेत गराउन उपयुक्त देखिएको । |

# परिच्छेद ९
# उजुरी तथा मुद्दा व्यवस्थापन

## ९.१ उजुरी सम्बन्धी व्यवस्थाः

नेपालको संविधानले राष्ट्रिय महिला आयोगलाई महिला हिंसा वा सामाजिक कुरीतिबाट पीडित भएको र महिला अधिकार प्रयोग गर्न नदिएको वा वञ्चित गरेको विषयमा कुनै व्यक्ति वा संस्था विरुद्ध मुद्दा दायर गर्नु पर्ने आवश्यकता देखिएमा कानून बमोजिम अदालतमा मुद्दा दायर गर्न सम्बन्धित निकाय समक्ष सिफारिस गर्ने अधिकार अख्तियार गरेको छ।

त्यस्तै, राष्ट्रिय महिला आयोग ऐन, २०७४ ले महिला विरुद्धको हिंसा वा विभेदको कारणबाट उत्पन्न कुनै समस्या वा विशेष अवस्थाको बारेमा अध्ययन अनुसन्धान गरी त्यस्तो अवस्था उत्पन्न हुन नदिनको लागि अवलम्बन गर्नु पर्ने रणनीतिहरूको बारेमा नेपाल सरकारलाई सुझाव दिने, महिला विरुद्धको हिंसा वा विभेदको कारण सामाजिक रूपमा बहिष्करण वा जोखिम वा विस्थापित वा पीडित महिलालाई सुरक्षा केन्द्र वा पुनःस्थापना केन्द्रमा पठाउने, त्यसैगरी राष्ट्रिय महिला आयोग नियमावली, २०७८ मा लैङ्गिक हिसामा परेका महिला तथा आश्रित बालबालिकाका लागि मनोसामाजिक परामर्श र कानूनी सहायता उपलब्ध गराउन, लैङ्गिक हिंसामा परेका महिला तथा आश्रित बालबालिकाका लागि सुरक्षित आश्रयस्थल, अल्पकालीन आवास, पुनःस्थापना केन्द्र वा सेवा केन्द्र आदिमा पठाउन सम्बन्धित निकायसँग आवश्यक सहकार्य र समन्वय गर्न, सुरक्षित आश्रयस्थल, पुनः स्थापना केन्द्र र सेवा केन्द्रमा रहेका हिंसा पीडित महिलालाई जीविकोपार्जनका लागि आवश्यक व्यावसायिक तथा रोजगारीमूलक सिप, प्रशिक्षण आदि प्रदान गर्न सम्बन्धित निकायसँग समन्वय गर्न, घरेलु तथा महिला विरुद्ध हुने कुनै पनि हिंसा सम्बन्धी उजुरी लिने र उजुरी उपर छानविन गर्ने, पीडितलाई राहत, उद्धार र कानूनी उपचारको लागि ७७ वटै जिल्लाका नेपाल बार एशोसियशन र काठमाडौं उपत्यकाको हकमा कानूनी परामर्श केन्द्र (LACC) मार्फत सेवा प्रदान गर्ने र पीडितको निःशुल्क स्वास्थ्य उपचारको लागि एकद्वार संकट व्यवस्थापन केन्द्र (OCMC) मा समन्वय गरी पठाउने, पीडितलाई मनोसामाजिक परामर्श र मानसिक उपचारको व्यवस्था मिलाउने, आपतकालीन अवस्थामा रहेका हिंसा पीडित महिलालाई तत्काल उद्धार गरी सुरक्षित आश्रयस्थलमा पठाउने, हिंसा पीडित महिलालाई मनोसामाजिक परामर्श र कानूनी परामर्श पश्चात जीविकोपार्जनको लागि आवश्यक व्यावसायिक तथा रोजगारमूलक सिप प्रशिक्षण दिनका लागि सम्बन्धित निकायसँग समन्वय र सहकार्य गर्ने लगायतका कार्यहरू मार्फत महिलालाई न्यायमा पहुँच र सशक्तीकरणको भूमिका निर्वाह गर्दै आइरहेको छ। महिला हिंसाका घटनाका बारेमा पीडित आफै वा निजको तर्फबाट कसैले आयोगसमक्ष उजुरी दिन सक्ने व्यवस्था छ। यसरी उजुरी दिँदा पीडित आफै वा निजको तर्फबाट उजुरी दिने व्यक्तिले आयोगमा उपस्थित भई, हुलाक मार्फत, टेलिफोन, फ्याक्स, इमेल वा अन्य विद्युतीय माध्यमबाट, आयोगबाट सञ्चालित हेल्पलाइन वा अन्य जुनसुकै माध्यमबाट दिन सकिनेछ। आयोगमा हेल्पलाइन सेवा २४ सै घण्टा उपलब्ध रहेको र यसरी आयोगमा दिइने उजुरी दर्ता गरे वापत र आयोगबाट प्रदान गरिएका सेवा वापत कुनै पनि शुल्क लाग्दैन।

आयोगमा परेको उजुरीको छानबिन गर्दा प्रथम दृष्टिमा नै महिला हिंसा भएको देखिएमा त्यस्तो कार्य तत्काल रोक्नको लागि सम्बन्धित व्यक्ति, निकाय वा पदाधिकारीलाई आदेश दिने, उजुरी छानबिनको सम्बन्धमा विपक्षीलाई उपस्थित गराइ जानकारी लिने, पक्षहरूलाई लिखत वा कागज प्रमाण पेश गर्न आदेश दिने, आवश्यक भएमा स्थलगत निरीक्षण गर्ने, कुनै सरकारी वा सार्वजनिक निकायबाट सम्बन्धित विषयको नक्कल झिकाउने, छानबिन गरिसकेपछि मुद्दा दायर गर्न सिफारिस गर्ने, मेलमिलाप गराउने आदि कार्य गरिन्छ। त्यसैगरि, आयोगले प्रदान गर्ने सेवाहरूमा कानूनी परामर्श, कुनै पनि अदालतमा मुद्दा वा रिट निवेदन दर्ता गर्नु पर्ने भएमा वा मुद्दा मामिलामा पीडितको तर्फबाट बहस पैरवी गर्नु परेको अवस्थामा निःशुल्क कानूनी सहायता, मनोसामाजिक परामर्श, तत्काल उद्धार गर्नु पर्ने देखिएमा उद्धार गरी आश्रयस्थलमा राख्ने लगायत आवश्यकता अनुसार अन्य विभिन्न सरकारी तथा गैर सरकारी निकायहरूसँग समन्वय गरी पीडितलाई अधिकार दिलाउनको लागि पहल गर्ने गरेको छ।

## ९.२ आयोगमा प्राप्त उजुरी निवेदन तथा आयोगद्वारा प्रदान गरिएका सेवाहरू:

### ९.२.१ आ.व. २०८०/८१ मा आयोगको क्षेत्राधिकार अनुसार दर्ता भएका उजुरीहरू:

| महिना | घरेलु हिंसा | सेवा प्रवाह (इमेल, टेलिफोन- ११४५, निवेदन) | जम्मा |
|---|---|---|---|
| श्रावण | ७६ | ४३ | ११९ |
| भाद्र | ४९ | ४३ | ९२ |
| असोज | ५६ | ३४ | ९० |
| कार्तिक | २१ | १३ | ३४ |
| मंसिर | ५१ | ३३ | ८४ |
| पुष | ३१ | ३२ | ६३ |
| माघ | ४१ | ४४ | ८५ |
| फागुन | २१ | ३५ | ५६ |
| चैत्र | २२ | ३४ | ५६ |
| बैशाख | ३३ | २७ | ६० |
| जेठ | ४६ | ५६ | १०२ |
| असार | ३७ | ५४ | ९१ |
| जम्मा | ४८४ | ४४८ | ९३२ |

यस आर्थिक वर्षमा कुल ९३२ वटा उजुरी प्राप्त भएका छन् जसमा घरेलु हिंसाका उजुरीहरू ४८४ वटा रहेको र अन्य निवेदन मार्फत ४४८ वटा उजुरी प्राप्त भई आयोगबाट सेवा प्रवाह गरिएको छ। घरेलु हिंसाका उजुरीमा विवाहित पुरुषले विवाहको प्रलोभन देखाई झुठो आश्वासन दिई अर्को महिलासँग सँगै बसी सम्बन्ध राख्ने र केही समयपछि उक्त महिलालाई घरमा नलग्ने, भागेर जाने प्रवृत्तिले महिलाहरू बढी हिंसामा परेका छन्। त्यसैगरी पुरुषले कुनै महिलासँग विवाह गरी बालबच्चा जन्माउने तत्पश्चात वैदेशिक रोजगारीमा जाने, विवाह दर्ता र बालबच्चाको जन्मदर्ता नबनाएका कारण महिलाहरू थप पीडित भएको अवस्था छ। महिलाहरूलाई घर परिवारका सदस्यहरू श्रीमान्, सासु ससुरा लगायतले घरेलु हिंसा गर्ने, गाली गलौज गर्ने, विभिन्न प्रकारका यातना दिने, कुटपिट गर्ने, आर्थिक हिंसा समेत गर्ने गरेको कारण महिलाहरू सबैभन्दा बढी मानसिक हिंसामा परेको अवस्था छ।

### ९.२.२ हिंसाको प्रकार अनुसार आयोगमा दर्ता भएका उजुरीहरू:

| हिंसाको प्रकार | संख्या |
|---|---|
| मानसिक हिंसा | ४७० |
| आर्थिक हिंसा | ३०१ |
| शारीरिक हिंसा | २७७ |
| यौनजन्य हिंसा | २२ |

माथि उल्लेखित उजुरीहरूमा एउटै महिला मानसिक हिंसा, आर्थिक हिंसा, शारीरिक हिंसा तथा यौनजन्य हिंसाबाट समेत पीडित/प्रभावित हुने भएकोले उजुरीको संख्या र हिंसाको प्रकारमा फरक पर्न गएको हो।

## ९.३ आयोगमा प्राप्त भएका उजुरीमा छलफल तथा मेलमिलापको अवस्थाः

| महिना | छलफल (पटक) | मेलमिलाप |
|---|---|---|
| श्रावण | २९० | ३८ |
| भाद्र | २१७ | ४१ |
| असोज | १८५ | ३९ |
| कार्तिक | ८० | २४ |
| मंसिर | २१० | ५१ |
| पुष | १९४ | १९ |
| माघ | २२६ | २९ |
| फागुन | १५८ | ३५ |
| चैत्र | १३४ | १३ |
| बैशाख | १४५ | ३३ |
| जेठ | २१७ | २७ |
| असार | १४४ | ३० |
| जम्मा | २२०० | ३७९ |

आयोगमा आ.व. २०८०/८१ मा प्राप्त उजुरीको तथ्याङ्क अनुसार ९३२ वटा उजुरी र अघिल्लो आर्थिक वर्षको फलो अप उजुरीको समेत गरी जम्मा २२०० जनालाई छलफल गराइएकोमा ३७९ जनालाई मेलमिलाप गराइ पारिवारिक पुनर्मिलन भएको अवस्था छ। राष्ट्रिय महिला आयोग ऐन, २०७४ को दफा १४ मा "मेलमिलाप सम्बन्धी व्यवस्था" भए बमोजिम आयोगको महत्त्वपूर्ण भूमिका भित्र रहेर हरेक एकजना पीडितको मेलमिलापको लागि कम्तीमा दुईदेखि पाँचपटकसम्म छलफल गराउनुपर्ने हुन्छ। यसरी आयोगबाट पटक-पटक छलफल भई मेलमिलाप हुँदा हिंसा पीडित महिलाको सहज जीवन व्यतित हुने अवस्था सिर्जना भएको छ।

### ९.३.१ आयोगबाट प्रदान गरिएको सेवाको विवरण:

| महिना | कानूनी परामर्श सेवा | मनोसामाजिक परामर्श सेवा |
|---|---|---|
| श्रावण | ११९ | ८५ |
| भाद्र | ९२ | ४० |
| असोज | ९० | ५१ |
| कार्तिक | ३४ | २७ |
| मंसिर | ८४ | ३५ |
| पुष | ६३ | ३१ |
| माघ | ८५ | ४८ |
| फागुन | ५६ | ४१ |
| चैत्र | ५६ | ३८ |
| बैशाख | ६० | ३९ |
| जेठ | १०२ | ६९ |
| असार | ९१ | ३० |
| जम्मा | ९३२ | ५३४ |

## ९.४ हिंसा पीडित महिलाहरूको सेवाका लागि आयोगबाट विभिन्न संस्थाहरूमार्फत प्रदान गरिएको सेवाको विवरण:

| क्र.सं. | सेवाको प्रकार | संख्या |
|---|---|---|
| १. | साथी (हिंसा पीडित महिलाको सुरक्षित आश्रयस्थलको लागि) | १४ |
| २. | ल्याक (कानूनी सहायताको लागि ) | ४७ |
| ३. | नेपाल बार (कानूनी सहायताको लागि) | २० |
| ४. | शुभ अवसर ग्राम नेपाल ( सुरक्षित आवासको लागि ) | ६ |
| ५. | एपिरोन नेपाल (सुरक्षित आवास तथा सिपमूलक तालिमको लागि) | ३ |
| ६. | शक्ति समूह ( सुरक्षित आवासको लागि ) | १ |
| ७. | मानवसेवा पुनःस्थापना केन्द्र (सुरक्षित आवासको लागि) | १ |
| ८. | कोसीस नेपाल (मानसिक हिंसा पीडित महिलाको सुरक्षित आश्रयस्थलको लागि) | १ |
| ९. | OCMC (घाँउ जाचँ) | १० |
| १०. | TPO नेपाल (मनोसमाजिक परामर्शको लागि) | ८ |
| ११. | गौशला वृद्धाश्रम (सुरक्षित आवासको लागि) | १ |
| १२. | ओरेक नेपाल (सुरक्षित आवासको लागि) | १ |
| १३. | मानव सेवा आश्रम (सुरक्षित आवासको लागि) | १ |
| १४. | सेवा प्रवाहका लागि विभिन्न संस्थामा सिफारिस गरिएको जम्मा संख्या | ११४ |
| १५. | सेवा प्रवाहको लागि नेपाल प्रहरीलाई पत्राचार | ३७ |
| १६. | जम्मा सेवा प्रवाह | १५१ |

## ९.५ "खबर गरौं ११४५" हेल्पलाइन सेवा:

आयोगको निःशुल्क हेल्पलाइन "खबर गरौं ११४५" मार्फत देशभरबाट हिंसा पीडित महिलाले आफू उपर हिंसा भएको जानकारी गराउने बित्तिकै प्रतिकार्य गर्नेगरी सेवा प्रवाहको व्यवस्था मिलाएको छ। जस अनुसार यस आर्थिक वर्षमा १२२२ नयाँ उजुरी तथा जानकारी टेलिफोन र २८७७ फलोअप टेलिफोन गरी जम्मा ४०९९ टेलिफोन कल प्राप्त भएको छ। जस अनुसार "खबर गरौं ११४५" बाट ४०९९ हिंसा पीडित महिला प्रत्यक्ष लाभग्राही भएको अवस्था छ।

## ९.६ आयोगमा प्राप्त भएका सूचनाका आधारमा अन्य सेवा प्रदायक निकायहरुमा पत्राचार एवं सिफारिस गरिएको विवरण:

| क्र.सं. | पत्र प्राप्त मिति | निवेदक/ पीडित | ठेगाना | निवेदनको व्यहोरा | पत्राचार एंव सिफारिस |
|---|---|---|---|---|---|
| १ | २०८०/५/१८ | डिभिजन वन कार्यालय, रामेछापका करारका महिला कार्मचारीहरू | रामेछाप | महिला कर्मचारीहरूलाई सहायक वन अधिकृतले यौनजन्य हिंसा गरी करारका महिला कर्मचारीहरूलाई रोजगारीबाट निकालेकोले कारबाही गरिपाउँ भन्ने व्यहोराको निवेदन | आयोगमा प्राप्त निवेदनका आधारमा मिति २०८०/५/२५ मा डिभिजन वन कार्यालय रामेछापमा आवश्यक कारबाही तथा छानबिन गरी आयोगमा जानकारी उपलब्ध गराउन आयोगबाट पत्राचार गरेको। |
| २ | २०८०/६/२३ | परिवर्तित १ | सिन्धुली | हिंसा पीडित निवेदकलाई औषधी उपचारको लागी आर्थिक सहयोग आवश्यक भएको भनी निवेदन प्राप्त भएको। | पीडितको निवेदन अनुसार मिति २०८०/६/२३ गते आयोगबाट महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयमा औषधी उपचारको लागि आर्थिक सहायता प्रदान गर्न सिफारिस गरी पठाएको। |
| ३ | २०८०/८/१० | परिवर्तित ३ | सिन्धुली | ७ वर्ष अगाडि काममा लगाईदिने भनी ललाई फकाई भारतको सिलगडी लगेर यौनव्यवसायमा लगाएकोमा भागेर नेपाल आएको भन्ने निवेदन प्राप्त भएको। | पीडितको निवेदन अनुसार मानव वेचविखन तथा अनुसन्धान व्यूरोलाई मिति २०८०/८/१३ गते आवश्यक अनुसन्धान तथा कारबाहीको लागि आयोगबाट पत्राचार गरिएको। आयोगको समन्वयमा हाल सो विषयमा कारबाही प्रक्रिया शुरु भई सिन्धुली जिल्ला अदालतमा मुद्दा चलिरहेको। |
| ४ | २०८०/८/१४ | परिवर्तित ४ | भानुभक्त प्राणी उद्धान केन्द्र, छिर्कन, तनहुँ। | भानुभक्त प्राणी उद्धान केन्द्र, छिर्कन तनहुँमा कार्यरत महिला कर्मचारीलाई सोही कार्यालयका तत्कालीन कार्यालय प्रमुखले अमानवीय व्यवहार गरी मानसिक हिंसा गरेको भन्ने निवेदन दर्ता भएको। | पीडितको उजुरीका आधारमा २०८०/८/१४ गते वन तथा वातावरण मन्त्रालयमा आवश्यक छानबिन तथा कारबाही गरी प्रतिवेदन पेस गर्न आयोगबाट पत्राचार गरिएकोमा सो विषयमा वन तथा वातावरण मन्त्रालयबाट गठित भएको समितिले पेश गरेको प्रतिवेदन सहित जवाफ यस आयोगमा प्राप्त भएको र सो सम्बन्धमा पुनः थप स्पष्टताका लागि मन्त्रालयमा पत्राचार गरिएको। |
| ५ | २०८०/८/२५ | एकल महिला | काठमाण्डौ | विपक्षीले एकल महिलालाई विवाह गर्ने भनी प्रलोभनमा पारी कागज गरी दिएको तर विवाह गर्न इन्कार गरी थप मानसिक हिंसा, गाली बेइज्जती र धम्की समेत गरेको भन्ने निवेदन दर्ता भएको। | मिति २०८०/१०/१६ गते निवेदकको विषयमा थप छानबिन गर्नु पर्ने भएकोले आयोगको सचिवको संयोजकत्वमा छानबिन समिति गठन भएको र छानबिन समितिले आयोग समक्ष प्रतिवेदन पेश गरी सो सम्बन्धमा कारबाही प्रक्रिया शुरु भएको। |

| | | | | | |
|---|---|---|---|---|---|
| ६ | २०८०/९/२ | मानव अधिकारका लागि महिला, एकल महिला समूह WHR मार्फत एकल महिलाको उजुरी | चितवन | निवेदक एकल महिलालाई एकल भएको कारणले निजको स्वआर्जन र अंश समेत खोसी परिवारका सदस्यले आर्थिक तथा मानसिक हिंसा गरी आफ्नो घरबाट निकाला गरेको भन्ने निवेदन दर्ता भएको। | निवेदकको निवेदन अनुसार मिति २०८०/९/२ गते आयोगका अध्यक्षबाट प्रमुख जिल्ला अधिकारीसँग सो विषयमा सोधपुछ गरी जिल्ला प्रशासन कार्यालय, चितवनलाई आवश्यक छानविन गरी पीडितलाई आफ्नो घरमा बस्ने सहज वातावरण बनाइदिन पीडितको निवेदन बमोजिमको हक अधिकार प्राप्तिका लागि पहल गर्न सिफारिस गरेको। तत्पश्चात पीडितलाई निजको घरमा बस्ने वातावरण सहज भई पीडितले आफ्नो घर तथा जग्गा फिर्ता पाएको। |
| ७ | २०८०/९/४ | सोरु गा.पा को खनाया स्वास्थ्य चौकी, मुगुमा कार्यरत अनमी | मुगु खनाया स्वास्थ्य चौकीका दलित महिला कर्मचारीलाई जातीय विभेद गरेको भनी सामाजिक सञ्जाल मार्फत आयोगलाई जानकारी प्राप्त भएको। | पीडित महिलालाई जातकै आधारमा घरबेटीले कोठा खाली गर भनी जातीय हिंसा गरेको जानकारी प्राप्त भएपछि आयोगबाट मुगुका प्रमुख जिल्ला अधिकारी र पीडितसँग समेत कुरा भएको आधारमा। | दलित महिला उपर जातीय हिंसा गरी महिलाको मानव अधिकार हनन भएको विषयमा यस आयोगको गम्भीर ध्यानाकर्षण भएको तथा सो घटनाको आवश्यक छानविन गरी पीडित महिलाको न्यायका लागि जिल्ला प्रशासन कार्यालय, मुगु तथा सोरु गाउँपालिकाको कार्यालय, मुगुमा मिति २०८०/९/४ मा कारबाहीको लागि पत्राचार गरिएको। |
| ८ | २०८०/९/५ | ९ वर्षदेखि Cabin Crew मा कार्यरत एयर होस्टेज | हिमालय एयरलाईन्स काठमाडौँ | निवेदक एयर होस्टेजलाई Cabin Crew डिपाटमेन्टका हेड र मेनेजर Cabin Crew ले कार्यरत एयरलाईन्सबाट राजीनामा देउ भनी मानसिक हिंसा गरेको तथा एयरलाईन्सले commercial IT and ground operation मा बिना जानकारी सरुवा गरिदिएको भन्ने निवेदन आयोगमा दर्ता भएको। | निवेदकको निवेदन अनुसार हिमालय एयरलाईन्सलाई मिति २०८०/९/८ गते निवेदकलाई के आधार र कारणले बिना जानकारी अनुभव नभएको Sector मा सरुवा गरेको तथा मानसिक हिंसा गरिएकोमा सो बारेमा जानकारी सहित आवश्यक कारबाहीका लागि आयोगबाट पत्राचार गरेको। |
| ९ | २०८०/९/२२ | परिवर्तित ५ | सिन्धुली | सिन्धुली स्थित थकाली भान्छा घरमा काम गर्ने क्रममा होटल साहुको छोराले जबर्जस्ती करणी गरी गर्भवती बनाइ फरार भएकोले सुरक्षित आवासको व्यवस्था गरिदिनु हुन ९ महिनाकी गर्भवती महिलाको निवेदन दर्ता भएको। | निवेदक ९ महिनाको गर्भवती भएकोले सुरक्षित आश्रयस्थलमा राखेर निजको निवेदनको विषयमा थप छानबिन गर्नु पर्ने भएकोले सो सम्बन्धमा पीडितलाई न्याय र पीडकलाई कारबाहीको लागि सिफारिस गर्न छानबिन समिति गठन भएको र उक्त छानबिन समितिले आयोग समक्ष प्रतिवेदन पेश गरी आवश्यक कानूनी प्रक्रिया आरम्भ गरेको। |

| | | | | | |
|---|---|---|---|---|---|
| १० | २०८०/१०/२९ | परिवर्तित | नेपाल राष्ट्र बैंक, काठमाण्डौ | नेपाल राष्ट्र बैंकले आयोजना गरेको आन्तरिक कार्यक्रममा कार्यालयका कर्मचारीले दुर्व्यवहार गरेको विषयमा सञ्चार माध्यममा आएपछि सो विषयमा पीडित महिलाबाट पनि आयोगमा निवेदन प्राप्त भएपछि आयोगबाट घटनाको तथ्य जानकारी लिनका लागि पत्राचार गरिएको र सो सम्बन्धमा राष्ट्र बैंकबाट आन्तरिक प्रक्रियाबाटै छानबिन र आवश्यक कारबाही प्रक्रिया पूरा गरी सो सम्बन्धमा जानकारी गराएको। | आयोगमा प्राप्त उजुरीका आधारमा निवेदकले सो घटनाको सम्बन्धमा मिति २०८०/१०/८ गते दिएको निवेदनको सम्बन्धमा पीडकलाई कारबाही प्रक्रिया कुन अवस्थामा छ सो को जानकारी सहित आवश्यक कारबाहीका लागि आयोगबाट पत्राचार भएको। |
| ११ | २०८०।११।२ | परिवर्तित ६ | बुढानिलकण्ठ न.पा वडा नं ६ | नगर प्रहरी लगायतले निवेदकलाई जोर जबरजस्ती गरी महिला हिंसा गरेको निवेदन प्राप्त भएको। | बुढानिलकण्ठ नगरपालिका वडा नं ६ को वडा कार्यालयलाई आयोगबाट मिति २०८०/११/४ मा आवश्यक समन्वय गरी दोषीलाई कारबाही र पीडितलाई न्यायका लागि पत्राचार गरेको। |
| १२ | २०८०/१२/२३ | परिवर्तित ७ | कैलाली जिल्ला लम्किचुवा न.पा १० | पीडक पक्षबाट परिवारमा बारम्बार दबाब र धम्की भएर पीडित घरमा बस्ने वातावरण नरहेको भनी यौनजन्य हिंसा पीडित किशोरीको निवेदन प्राप्त भएको। | आयोगमा प्राप्त मिति २०८०/१२/२३ को पीडितको निवेदन अनुसार तत्काल पीडितलाई सुरक्षित आश्रयस्थल तथा मनोसामाजिक परामर्शको आवश्यकता भएकोले पीडितलाई तालिम सहितको सुरक्षित आश्रयस्थल सिफारिस गरी पठाएर पीडित किशोरीलाई सेवा प्रदान गरेको। |
| १३ | २०८१/१/९ | परिवर्तित ८ | नगराइन नगरपालिका - १, धनुषा | जिल्ला प्रहरी कार्यालय धनुषाले अभद्र व्यवहार मुद्दामा उजुरी दर्ता गर्न ईन्कार गरेको निवेदन प्राप्त भएको। | २०८१/१/९ गते आयोगबाट जिल्ला प्रहरी कार्यालय, धनुषालाई पीडितको उजुरी दर्ता नगर्नुको कारण स्पष्ट पारी उजुरी दर्ता गरी पीडकलाई आवश्यक कारबाहीका लागि पत्रचार गरेको। |
| १४ | २०८१/१/१५ | परिवर्तित ९ | भक्तपुर जिल्ला चाँगुनारायण -४ | वर्ष १४ की नाबालिकालाई निजको आफन्तबाट जबरजस्ती करणी गरी गर्भवती भएको भन्ने आयोगमा जानकारी प्राप्त भएकोले निजलाई तत्काल उद्दार गरिएको। | मिति २०८१/१/२५ गते आयोगबाट नेपाल प्रहरी प्रधान कार्यालय, काठमाण्डौ प्रहरी महानिर्देशकको सचिवालयमा समन्वय र सहयोग तथा आवश्यक कारबाहीको लागि पत्राचार गरी पीडितलाई तत्काल उद्धार गरी सुरक्षित गर्भपतनका लागि OCMC मा समन्वय गरेर सुरक्षित आश्रयगृहमा राखी दोषीलाई कारबाही प्रक्रिया गरेको। |
| १५ | २०८१/२/९ | परिवर्तित १० | भक्तपुर | प्रहरी वृत भक्तपुरले जवर्जस्ती करणीको जाहेरी लिन नमानेको। | मिति २०८१/२/१३ गते प्रहरी वृत भक्तपुर तथा जिल्ला सरकारी वकिल कार्यालय भक्तपुरलाई पीडितको उजुरी नलिनुको उपयुक्त कारण सहित जानकारी उपलब्ध गराउने भनी आयोगबाट पत्राचार गरेको र सो सम्बन्धमा कारण सहित जिल्ला प्रशासन कार्यालबाट आयोगमा पत्र प्राप्त भएको। |
| १६ | २०८१/२/२३ | नगर उपप्रमुख इनरुवा नगरपालिका | सुनसरी | यौनजन्य हिंसामा परेकी अपाङ्गता भएकी हिंसा पीडित युवतीलाई आर्थिक सहयोग उपलब्ध गराइदिने सम्बन्धमा निवेदन प्राप्त भएको। | मिति २०८१/३/७ गते महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयमा जन्मजात अपाङ्ग यौनजन्य हिंसा पीडित युवतीलाई आर्थिक सहायताको लागि आयोगबाट सिफारिस गरी पत्र पठाएको। |

| | | | | | |
|---|---|---|---|---|---|
| १७ | २०८१/३/९ | ज्येष्ठ महिला वर्ष ७६ | काभ्रेपलाञ्चोक | खाईपाई आएको ज्येष्ठ नागरिक भत्ता नदिई गैर कानूनी रूपमा अख्तियार विपरीतको कार्य गरेको हुँदा छानबिन गरिपाउँ भन्ने निवेदन प्राप्त भएको। | मिति २०८१/३/९ गते काभ्रेपलाञ्चोक जिल्ला भुल्भु गाउँपालिका वडा नं ७ को वडा कार्यालयमा पीडितको निवेदन अनुसार आवश्यक छानबिन तथा कारबाही गरी पीडितलाई सेवा प्रदान गरी सोको जानकारी सहित आयोगमा जवाफ उपलब्ध गराइदिनु भनी पत्राचार गरेको। |
| १८ | २०८१/२/३१ | पुष्पलाल मेडिकल एण्ड टिचिङ अस्पताल, वर्न युनिटमा आयोगबाट गरिएको अनुगमन | कीर्तिपुर | पुष्पलाल मेडिकल एण्ड टिचिङ अस्पताल,वर्न युनिटमा रहेका ५ जना घाइतेको अवस्था बुझ्न आयोगका सचिव सहितको टोलीबाट अनुगमन गरिएको | मिति २०८१।२।३० गते राती काठमाडौ चाबहिलमा लोग्नेले श्रीमति र ३ वटी छोरीलाई पेट्रोल खन्याएर आगो लगाई आफू सहित आत्मदाह प्रयास गरेको विषयमा मिति २०८१/२/३१ गते आयोगबाट वर्न अस्पताल कीर्तिपुरबाट अनुगमन गरी सो अनुगमनको आधारमा निज घाइते पीडितहरूको आर्थिक अवस्था कमजोर देखिएकोले औषधी उपचारका लागि आवश्यक सहयोग प्राप्त गर्न महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयमा आर्थिक सहायताको लागि आयोगबाट सिफारिस गरेको। |
| १९ | २०८१/३/२६ | पद्मोदय मा.वि.मा अध्ययन गराउने शिक्षिका | काठमाण्डौ | पद्मोदया मा.वि. मा कक्षा ११ र १२ मा कानून संकायमा अध्यापन गर्दै आइरहेकी शिक्षिकालाई विना जानकारी सेवाबाट हटाइएको सम्बन्धमा निवेदन प्राप्त भएको। | मिति २०८१/३/३० गते पद्मोदय मा.वि प्रदर्शनीमार्ग, काठमाण्डौलाई निवेदक शिक्षिकालाई के कति कारणले सेवाबाट हटाइएको हो भन्ने स्पष्ट पार्दै सोको जानकारी सहित निवेदकको माग सुनुवाई गरी न्यायका लागि आयोगबाट पत्राचार गरेको। |

# परिच्छेद १०

## १०.१ राष्ट्रिय महिला आयोग र नेपाल टेलिभिजन बिच सम्झौता भए बमोजिम नेपालमा महिला पाक्षिक कार्यक्रम उत्पादन तथा प्रसारण सम्बन्धी विवरण:

महिलाको हक अधिकारको संरक्षण र महिला हिंसा न्यूनीकरण सम्वन्धी देशैभरि एकैसाथ प्रसारण हुने गरी थारु, भोजपुरी, मैथिली, डोटेली, तामाङ, नेवारी, लिम्बू र नेपाली गरी ८ भाषामा सचेतनामूलक रेडियो सामग्री तयारी गरी प्रसारण गरिएको छ। यस कार्यक्रमले समुदायस्तरमा लैङ्गिक समानता र लैङ्गिक हिंसा सम्बन्धी चेतना जागृत गर्न मद्दत पुऱ्याएको छ। महिला हिंसाको उपचारका लागि व्यवस्था भएका कानूनी व्यवस्थाहरू र राज्यबाट महिलाले पाउने सेवा सुविधाका व्यवस्थाहरूको बारेमा देशैभरिका महिलाहरूलाई सुसूचित गर्ने उद्देश्यले नेपालमा महिला पाक्षिक कार्यक्रम प्रसारण गर्दै आएको छ। यस कार्यक्रमले थप निम्न विषयमा जोड दिएको छ।

- महिला हिंसा निवारणका लागि सचेतना अभिवृद्धि गर्ने,
- निर्णय प्रक्रियामा महिलाको अर्थपूर्ण सहभागिता अभिवृद्धि गर्ने,
- राष्ट्रिय विकास एवं सामाजिक, राजनीतिक र आर्थिक जीवनका सबै पक्षहरूमा महिलाको समान अधिकार सुनिश्चित गर्नका लागि सचेतना अभिवृद्धि गर्ने।

### कार्यक्रमको विवरण:

| सि.न. | प्रसारण मिति | विषय | अतिथि |
|---|---|---|---|
| १. | २०८०/०९/२७ | राष्ट्रिय महिला आयोगलाई प्रभावकारी बनाउन आयोगको दायित्व, भूमिका र चुनौतीहरूका सम्बन्धमा | आयोगका माननीय अध्यक्ष कमला कुमारी पराजुली, सिड कमिटीका सदस्य बन्दना राणासँगको कुराकानी |
| २. | २०८०/१०/१२ | वैदेशिक रोजगारीमा जाने महिलाका सवाल सम्बन्धमा। | आयोगका माननीय सदस्य कृष्ण कुमारी पौडेल खतिवडा, श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका सचिव केवल भण्डारीसँगको कुराकानी |
| ३. | २०८०/१०/२६ | महिला विरुद्ध हुने हिंसाको कारण, अवस्था र न्यूनीकरणका उपायहरू सम्बन्धमा। | आयोगका माननीय सदस्य विद्या कुमारी सिन्हा, स्वास्थ्य मन्त्रालयका उपसचिव रोशनी कार्कीसँगको कुराकानी |
| ४. | २०८०/११/११ | नेपालमा ज्येष्ठ महिलाहरूको अवस्था, दुर्व्यवहार र सामाजिक सुरक्षाको सवाल सम्बन्धमा। | आयोगका माननीय सदस्य सावित्रा कुमारी शर्मा, ज्येष्ठ नागरिक वरिष्ठ उपाध्यक्ष अम्बिका केसी सँगको कुराकानी |
| ५. | २०८०/११/२५ | अन्तर्राष्ट्रिय श्रमिक महिला दिवशको अवसरमा नेपाली महिलाहरूको आर्थिक, सामाजिक र राजनैतिक क्षेत्रमा भएको उपलब्धिहरू सम्बन्धमा | पूर्व राष्ट्रपति सम्माननीय विद्यादेवी भण्डारीसँगको विशेष कुराकानी |
| ६. | १०८०/१२/०९ | राष्ट्रिय महिला आयोगको उजुरी तथा मुद्दा व्यवस्थापन शाखाबाट हिंसा पीडित महिलाको न्यायमा पहुँचका लागि भएका कार्यहरू र खबर गरौं ११४५ को प्रभावकारिता सम्बन्धमा। | आयोगको सरकारी वकिल उशा गजमेर र हिंसा पीडित महिला (परिवर्तित नाम अ) सँगको कुराकानी |
| ७. | २०८१/०१/०७ | राष्ट्रिय महिला आयोगको गतिविधि र भावी योजना सम्बन्धमा | आयोगको सचिव श्री पार्वती अर्यालसँगको कुराकानी |
| ८. | २०८१/०१/२१ | बालबिवाहबाट उत्पन्न समस्या र अन्त्यको अभियान सम्बन्धमा | राष्ट्रिय मानव अधिकार आयोगका माननीय सदस्य लिलि थापा र बाल अधिकार सञ्जाल (सिजप) का अध्यक्ष मिना शर्मासँगको कुराकानी |

| | | | |
|---|---|---|---|
| ९. | २०८१/०२/०४ | प्रतिनिधिसभाका महिला सभासदको भूमिका तथा राजनीतिमा महिलाको अर्थपूर्ण उपस्थिति सम्बन्धमा | प्रतिनिधिसभाका माननीय उपसभामुख इन्दिरा राना मगरसँगको कुराकानी |
| १०. | २०८१/०२/१८ | कर्णाली प्रदेशमा महिला, किशोरी र बालिकाका अवस्था न्यायमा पहुँचको चुनौती र राज्यका तीनै तहबाट ध्यान दिनुपर्ने पक्षहरू सम्बन्धमा | आयोगका माननीय अध्यक्ष कमला कुमारी पराजुली र जुम्लाबाट प्रतिनिधिसभा सदस्य माननीय कान्तिका सेजुवालसँगको कुराकानी |
| ११. | २०८१/०३/०७ | एकल महिलाको विविध सवालमा | विभिन्न एकल महिलासँग भर्चुअल प्रतिक्रियामा मानव अधिकारका लागि एकल महिला (WHR) का अध्यक्ष कविता पाण्डेसँगको कुराकानी |
| १२. | २०८१/०३/१८ | लैङ्गिक तथा यौनिक अल्पसंख्यकका पहिचान, अधिकार, सुरक्षा र पहुँचको सवालमा | प्रतिनिधिसभाको महिला तथा सामाजिक मामिला समितिका सभापति माननीय किरण कुमार साह र निलहिरा समाजकी अध्यक्ष पिंकी गुरुङ्ग (सन्दर्भ विशेष भएकोले २१ मा जाने कार्यक्रम १८ मा प्रसारण भएको) |

## १०.२ राष्ट्रिय महिला आयोग र रेडियो नेपाल बिच सम्झौता भए बमोजिम उत्पादन र प्रसारण गरिएको पाक्षिक कार्यक्रमः महिला आवाज सम्बन्धी विवरण

राष्ट्रिय महिला आयोगलाई संविधान प्रदत्त काम, कर्तव्य र अधिकारहरू, आयोगबाट हालसम्म सम्पन्न भएका महिला सशक्तीकरण तथा लैङ्गिक हिंसा न्यूनीकरणका प्रयासहरू, नेपालमा महिलाको अवस्था, क्षेत्रगत सवालहरू, महिला माथि हुने हिंसा र विभेदका विभिन्न स्वरूपहरू तथा लैङ्गिक हिंसा न्यूनीकरण र महिला सशक्तीकरणका सवालमा आम नागरिक एवं सरोकारवालाहरूको भूमिका स्पष्ट गर्दै सो को जानकारी सबैमा पुऱ्याउने उद्देश्यले रेडियो कार्यक्रमः महिला आवाज सञ्चालन गरिएको हो। पाक्षिक रूपमा प्रसारण भएको यस कार्यक्रममा देहायका विषयहरू प्रसारण गरिएको छ।

| क्र. सं. | मिति | विवरण | श्रोत व्यक्तिहरू |
|---|---|---|---|
| १ | २०८०।०८।२८ | लैङ्गिक हिंसाको १६ दिने अभियानको क्रममा राष्ट्रिय महिला आयोगबाट भएको शुभारम्भ कार्यक्रम र समापन कार्यक्रममा केन्द्रित कार्यक्रम। | प्रमुख अतिथि-डा. प्रकाशशरण महत, महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री माननीय सुरेन्द्र राज आचार्य, राष्ट्रिय महिला आयोगको अध्यक्ष माननीय कमला पराजुली, माननीय सदस्य कृष्ण कुमारी पौडेल खतिवडा, सहभागी संघ संस्थाका प्रतिनिधिहरू, |
| २. | २०८०।०९।१२ | राष्ट्रिय महिला आयोगको आयोजनामा भएको हिंसा विरुद्ध अभियानमा केन्द्रित रहेर विभिन्न जिल्ला र प्रदेशमा अवलोकन तथा सचेतना कार्यक्रममा केन्द्रित रहेर तयार पारिएको कार्यक्रम | राष्ट्रिय महिला आयोगको अध्यक्ष कमलाकुमारी पराजुली, सहभागी संघसंस्थाका प्रतिनिधिहरू बाजुरा, कास्की –vox pop |
| ३. | २०८०।०९।२६ | वैदेशिक रोजगारको क्रममा हिंसामा परेर फर्किएका श्रमिक महिलाहरूको समस्या तथा उनीहरूले भोग्नु परेको हिंसाका समस्या समाधानको लागि राज्यले निर्भाह गर्नु पर्ने भूमिकामा केन्द्रित रहेर तयार पारिएको सामग्री। | अधिकारकर्मी पौरखी नेपालका संस्थापक अध्यक्ष मञ्जु गुरुङ, प्रवक्ता गृह मन्त्रालय, राष्ट्रिय महिला आयोगक सचिव पार्वती अर्याल |
| ४. | २०८०।१०।११ | राष्ट्रिय महिला आयोगले हिंसा पीडित महिलाका लागि सञ्चालन गर्दै आएको "खबर गरौ ११४५ हेल्पलाइन सेवा" ले निर्वाह गर्दै आएको भूमिका सम्बन्धमा केन्द्रित रहेर तयार पारिएको सामग्री। | राष्ट्रिय महिला आयोगको सदस्य-विद्या कुमारी सिन्हा, सरकारी वकील उशा गजमेर, मनोसामाजिक परामर्शकर्ता पार्वती सुवेदी, हेल्पलाईन सेवामा कार्यरत २ जना कर्मचारी |
| ५. | २०८०/१०/२५ | महिलाको आर्थिक सशक्तीकरणमा सहकारीको भूमिकाको विषयमा केन्द्रित रहेर तयार पारिएको सामग्री। | पूर्व कृषि, सहकारी तथा भूमिसुधार मन्त्री शशी श्रेष्ठ, नारी चेतना केन्द्रको संस्थापक अध्यक्ष सहकारी अभियन्ता प्रतिभा सुबेदी, साना किसान कृषी सहकारी संस्था संचालक भानु भुसाल |

| | | | |
|---|---|---|---|
| ६. | २०८०।११।१० | महिला तथा किसोरीहरूको सशक्तीकरणको विषयमा सम्पन्न अन्तरक्रिया कार्यक्रममा उठेका विषयमा केन्द्रित रहेर तयार पारिएको सामग्री। | राष्ट्रिय महिला आयोगको अध्यक्ष कमलाकुमारी पराजुली, महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका सहसचिव आभा श्रेष्ठ, फेडोका संस्थापक अध्यक्ष दुर्गा सोव, सहभागी संघसंस्थाका प्रतिनिधिहरू |
| ७. | २०८०।११।२४ | ११४ औं अन्तराष्ट्रिय महिला दिवस र राष्ट्रिय महिला आयोगले २२ औं स्थापना दिवसको अवसर पारेर राष्ट्रिय महिला आयोगले प्रधानमन्त्री तथा मंत्रिपरिषद्को कार्यालयमा सम्पन्न गरेको समारोहमा केन्द्रित रहेर तयार पारिएको सामग्री। | राष्ट्रिय महिला आयोगक-सचीव पार्वती अर्याल, राष्ट्रिय मानव अधिकार आयोगका अध्यक्ष टोप बहादुर मगर, राष्ट्रिय सभा उपाध्यक्ष-उर्मिला अर्याल, प्रतिनिधिसभा उपाध्यक्ष इन्दिरा राना, |
| ८. | २०८०।१२।८ | प्रविधिमा आधारित हिंसा रोकथामका लागि साईबर सचेतना र ११४ अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको अवसरमा राष्ट्रिय महिला आयोगले आयोजना गरेको "अनलाइनमा महिला सुरक्षा विषयक" अन्तरक्रिया कार्यक्रममा केन्द्रित रहेर तयार पारिएको सामग्री। | सूचना तथा सञ्चार मन्त्री माननीय रेखा शर्मा, महिला तथा सामाजिक मामिला समिति सभापति माननीय किरण कुमार साह, राष्ट्रिय महिला आयोगको अध्यक्ष माननीय कमलाकुमारी पराजुली, प्रहरी उपनिरीक्षक दिपकराज अवस्थी, ललितपुर महानगरपालिका उपप्रमुख मञ्जली शाक्य, भक्तपुर नगरपालिका उपप्रमुख रजनी जोशी, दुरसञ्चार प्रधिकरण निर्देशक रोजा किरण बाशुकला |
| ९. | २०८०।१२।२२ | संचारकर्मी महिलाका अवसर, चुनौती र समाधानका विषयमा सञ्चालित अन्तरक्रिया कार्यक्रम केन्द्रित रहेर तयार पारिएको सामग्री। | राष्ट्रिय महिला आयोगको अध्यक्ष माननीय कमला कुमारी पराजुली, आयोगको सचिव पार्वती अर्याल, कार्यक्रममा सहभागी सञ्चारकर्मीको vox pop |
| १०. | २०८१।०१।१३ | अपाङ्गता भएका महिलाहरूको अधिकारका सम्बन्धमा सरोकारवाला निकाय बीच भएको अन्तरक्रिया कार्यक्रममा केन्द्रित रहेर तयार पारिएको सामग्री। | राष्ट्रिय महिला आयोगको अध्यक्ष माननीय कमला कुमारी पराजुली, माननीय सदस्य विद्या कुमारी सिन्हा, महिला तथा सामाजिक मामिला समितिका सभापति माननीय किरण कुमार साह, सहभागी संघसंस्थाका प्रतिनिधिहरू |
| ११. | २०८१।०१।२७ | नीति निर्णायक तहमा महिलाको सहभागिता र पहुँचको अवस्था सम्बन्धमा राष्ट्रिय महिला आयोगले सुर्खेत कालिकोट जुम्ला, दोलखा, खोटाङ्ग र ओखल्ढुंगामा स्थानीय न्यायिक समितिका पदाधिकारी र सरोकारवालाहरूको उपस्थितिमा सम्पन्न गरेको अन्तरक्रिया कार्यक्रममा केन्द्रित रहेर तयार पारिएको सामग्री। | राष्ट्रिय महिला आयोगको अध्यक्ष माननीय कमला कुमारी पराजुली, माननीय सदस्य कृष्ण कुमारी पौडेल खतिवडा, महिला विकास समन्वय शाखा प्रमुख सीता अधिकारी, उजुरी तथा मुद्दा व्यवस्थापन शाखा प्रमुख लक्ष्मी शर्मा, |
| १२ | २०८१/०२/२० | राष्ट्रिय महिला आयोगले हिंसा पीडित महिलाको मानसिक स्वास्थ्य र मनोसामाजिक विषयमा प्रदान गर्दै आएको सेवा सम्बन्धमा राष्ट्रिय महिला आयोगका मनोसामाजिक परामर्श दातासँगको कुराकानी | आयोगका मनोसामाजिक परामर्शदाता निर्मला बस्नेत, मनोपरामर्शदाता अन्तरदृष्टि नेपालका निर्देशक विनिता अधिकारी |
| १३. | २०८१/०२/२४ | राष्ट्रिय महिला अधिकार दिवसको अवसरमा आयोजित कार्यक्रममा केन्द्रित रहेर तयार पारिएको सामग्री। | महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री माननीय भगवती चौधरी, आयोगका अध्यक्ष माननीय कमला कुमारी पराजुली, माननीय सदस्य कृष्ण कुमारी पौडेल खतिवडा, पूर्व सचिव यम कुमारी खतिवडा, निर्वाचन आयोगका माननीय आयुक्त डा. जानकी तुलाधर, प्रतिनिधिसभा सदस्य माननीय रोशन कार्की, राष्ट्रिय समावेशी आयोगका कार्यवाहक अध्यक्ष माननीय विष्णु ओभा |
| १४. | २०८१।०३।१३ | राष्ट्रिय महिला आयोगले आयोजना गरेका यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायको अवस्था, चुनौती र मानवअधिकार सम्बन्धमा सरोकारवालाहरू बीच अन्तरक्रिया कार्यक्रममा आधारित रहेर तयार पारिएको सामग्री। | ब्लु डायमन्ड सोसाइटीका कार्यक्रम निर्देशक भूमिका श्रेष्ठ, महिला तथा सामाजिक मामिला समिति सभापति किरणकुमार साह सहभागी संघ संस्थाका प्रतिनिधिहरू |
| १५. | २०८१।०३।२७ | एकल महिलाको सुरक्षा सम्बन्धमा नीतिगत तथा कार्यक्रमगत पृष्ठपोषणको राष्ट्रिय स्तरका सरोकारवालासँगको अन्तरक्रिया कार्यक्रम | राष्ट्रिय महिला आयोगका माननीय अध्यक्ष कमला कुमारी पराजुली, माननीय सदस्य कृष्णकुमारी पौडेल खतिवडा, मानव अधिकारको लागि एकल महिला समूहका अध्यक्ष कविता पाण्डे, राष्ट्रिय मानव अधिकार आयोगका माननीय सदस्य लिली थापा समेत अधिकारकर्मीहरूको धारणा |

# परिच्छेद ११
# निष्कर्ष, उपलब्धि, चुनौती, सुझाव तथा भावी कार्यदिशा

## ११.१ निष्कर्ष:

१. महिलाको हक अधिकारको सम्बन्धमा भएका अन्तर्राष्ट्रिय प्रतिबद्धताहरूको कार्यान्वयन गर्न गराउने त्यस्ता व्यवस्थाहरूको कार्यान्वयनका लागि आवश्यक नीतिगत, संस्थागत तथा कार्यगत व्यवस्था गर्न र लैङ्गिकमैत्री व्यवस्थाहरू कार्यान्वयनको अवस्था अनुगमन गर्दै प्रभावकारिताको लागि आवश्यक सिफारिस गर्ने कार्यमा राष्ट्रिय महिला आयोगको भूमिका प्रभावकारी रहँदै आएको छ।

२. राष्ट्रिय महिला आयोग ऐन, २०७४ को व्यवस्था अनुरूप आयोगले महिला अधिकार संरक्षण र प्रवर्द्धनका लागि नयाँ कानूनको निर्माण तथा कानूनी व्यवस्थामा समयानुकूल परिमार्जनका लागि पृष्ठपोषण, पैरवी र सिफारिसको सन्दर्भमा आयोगको भूमिका परिणाममुखी रहेको छ।

३. महिला सशक्तीकरण र लैङ्गिक समानता प्रवर्द्धन गर्नका लागि आवश्यक संस्थागत व्यवस्था र कार्यक्रमहरू तर्जुमा भई कार्यान्वयन भए नभएको अनुगमन गरी सुधारका लागि राष्ट्रिय महिला आयोगबाट प्रेषित भएका सुझावहरूको कार्यान्वयनको विषयलाई नेपाल सरकारको विषयगत निकायहरूले संवेदनशील रूपमा ग्रहण गर्ने अवस्थाको विकास भएको छ।

४. देशको कुनै पनि स्थानमा घट्न सक्ने लैङ्गिक हिंसाको घटनाको जानकारी राष्ट्रिय महिला आयोगमा प्राप्त भएपछि आयोगबाट पीडितको उद्धार, राहत र पुनःस्थापनाका लागि तत्काल प्रतिकार्य गर्ने पद्धतिको विकास भएको छ।

५. आयोगबाट सञ्चालित खबर गरौं, हेल्पलाईन "११४५" बाट लैङ्गिक हिंसा पीडित महिलाको तत्काल उद्धार, आवश्यक औषधी उपचार र संरक्षणका लागि निःशुल्क मनोसामाजिक विमर्श, कानूनी सहायता र परामर्श तथा सुरक्षित आश्रयस्थल सम्बन्धी सेवाहरू उपलब्ध गराउँदै आएकोमा यसको थप प्रभावकारिताको लागि यो सेवालाई स्थानीय तहबाटै आवश्यक सेवा प्रवाह गर्न सकिने गरी समन्वय र सहकार्य गर्नु पर्ने देखिएको छ।

६. लैङ्गिक हिंसा निवारणमा नागरिक सचेतना अभिवृद्धिको लागि राष्ट्रिय महिला आयोगबाट विभिन्न किसिमका सचेतनामूलक सामग्री प्रकाशन तथा प्रसारण गर्ने कार्यलाई प्राथमिकतामा राखिएको छ।

७. नेपालको संविधान तथा राष्ट्रिय महिला आयोग ऐन, २०७४ ले आयोगलाई महिला हिंसाका विषयमा उजुरीको छानबिन गर्न सक्ने अधिकार बमोजिम पीडितको पक्षबाट उजुरी लिई त्यसको छानबिन र सुनुवाइ गरी पीडित र पीडक दुवै पक्षलाई आयोगमा झिकाई उजुरीमा दाबी भएका विषयमा दुवै पक्षको राय सुनी एवं न्यायको प्रक्रियाका लागि आवश्यक कार्य र सिफारिस गर्ने भएकोले आयोगबाट पीडितलाई प्रवाह गरिँदै आएको सेवा सन्तोषजनक रहेको अवस्था छ।

८. महिला अधिकार, सशक्तीकरण र लैङ्गिक न्यायका लागि सचेतना, पैरवी र क्षमता विकास कार्यक्रमका लागि लैङ्गिक उत्तरदायी बजेटको व्यवस्था र कार्यान्वयन गर्ने विषयमा राष्ट्रिय महिला आयोगले तीनै तहका सरकार एवं समग्र सरोकारवालाहरूसँगको समन्वय, सहकार्य र सिफारिसलाई प्राथमिकतामा राखेको छ।

९. समाजमा विद्यमान लैङ्गिक हिंसा निवारण र महिला सशक्तीकरणका लागि शिक्षा र आर्थिक आत्मनिर्भरताका नीति तथा कार्यक्रममा जोड दिनुपर्ने आवश्यकता देखिएको छ।

१०. अपाङ्गता भएका बालिका, ज्येष्ठ विधुवा तथा एकल महिलाहरू विभिन्न किसिमका हिंसाको उच्च जोखिममा पर्नसक्ने हुँदा उक्त समुदायको सामाजिक सुरक्षा, संरक्षण र सशक्तीकरणलाई थप प्रभावकारी बनाउन आवश्यक पहल गर्नु पर्ने देखिएको छ ।

११. लैङ्गिक समानता प्रवर्द्धन र लैङ्गिक हिंसा निवारणका लागि आवश्यक योजना तथा नीति कार्यक्रम तर्जुमा गरी सूचकमा आधारित नतिजा हासिल गर्नका लागि स्थानीय तहको विशेष भूमिका रहने हुँदा सबै स्थानीय तह सरकारसँग आयोगबाट समन्वय, सहकार्य गर्दै अगाडि बढ्ने लक्ष्य रहेको छ।

१२. आयोगले लैङ्गिक हिंसा पीडित महिलालाई एकै स्थानबाट सहज ढङ्गले प्रभावकारी सेवा प्रवाह गर्ने उद्देश्यले नेपाल सरकार स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय अन्तर्गत सञ्चालित एकद्वार संकट व्यवस्थापन केन्द्र (OCMC) हरूको सेवा सम्बन्धी प्रवाह र प्रभावकारिताको निरन्तर अनुगमन गरी सो सेवाबारे सेवा प्रदायक र सेवाग्राहीलाई सुसूचित गराई गुणस्तरीय र प्रभावकारी सेवाको लागि सुझाव र सिफारिस गर्दै आएको छ।

१३. बदलिँदो सामाजिक परिस्थितिसँगै महिलाहरू आर्थिक आत्मनिर्भरताको लागि वैदेशिक रोजगारीमा जाने आवश्यकता र बाध्यताले रोजगारीको सिलसिलामा विभिन्न किसिमको हिंसा र जोखिममा परेको अवस्था देखिएकोले महिलाको सुरक्षित र मर्यादित वैदेशिक रोजगारीका लागि आवश्यक नीतिगत व्यवस्था र अनुगमनको खाँचो देखिएको छ।

| 22511 कर्मचारी तालिम खर्च | | | | | ६००,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ६००,०००.० |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | ६००,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ६००,०००.० |
| 22522 कार्यक्रम खर्च | | | | | २५,३००,०००.०० | १५,८०२,२२३.०० | १०,२७३,२०२.०० | ५,५२९,०२१.०० | १५,८०२,२२३.०० | ०.०० | १५,८०२,२२३.०० | १०,४९७,७७७.० |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | २५,३००,०००.०० | १५,८०२,२२३.०० | १०,२७३,२०२.०० | ५,५२९,०२१.०० | १५,८०२,२२३.०० | ०.०० | १५,८०२,२२३.०० | १०,४९७,७७७.० |
| 22529 विविध कार्यक्रम खर्च | | | | | १००,०००.०० | ९३,०००.०० | ९३,०००.०० | ०.०० | ९३,०००.०० | ०.०० | ९३,०००.०० | ७,०००.० |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | १००,०००.०० | ९३,०००.०० | ९३,०००.०० | ०.०० | ९३,०००.०० | ०.०० | ९३,०००.०० | ७,०००.० |
| 22611 अनुगमन, मूल्यांकन खर्च | | | | | ९००,०००.०० | ५२६,५२३.०० | ५२८,५४३.०० | -२,०२०.०० | ५२६,५२३.०० | ०.०० | ५२६,५२३.०० | ३७३,४७७.० |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | ९००,०००.०० | ५२६,५२३.०० | ५२८,५४३.०० | -२,०२०.०० | ५२६,५२३.०० | ०.०० | ५२६,५२३.०० | ३७३,४७७.० |
| 22612 भ्रमण खर्च | | | | | २००,०००.०० | १७,५००.०० | ०.०० | १७,५००.०० | १७,५००.०० | ०.०० | १७,५००.०० | १८२,५००.० |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | २००,०००.०० | १७,५००.०० | ०.०० | १७,५००.०० | १७,५००.०० | ०.०० | १७,५००.०० | १८२,५००.० |
| 22711 विविध खर्च | | | | | १,१००,०००.०० | ५७३,५२५.०० | ३८७,६१९.०० | १८५,८०५.०० | ५७३,५२५.०० | ०.०० | ५७३,५२५.०० | ५२६,४७५.० |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | १,१००,०००.०० | ५७३,५२५.०० | ३८७,६१९.०० | १८५,८०५.०० | ५७३,५२५.०० | ०.०० | ५७३,५२५.०० | ५२६,४७५.० |
| 26413 अन्य संस्थालाई अनुदान— सशर्त | | | | | ५,०००,०००.०० | ९०१,०६८.०० | २७०,०००.०० | ६३१,०६८.०० | ९०१,०६८.०० | ०.०० | ९०१,०६८.०० | ४,०९८,९३२.० |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | ५,०००,०००.०० | ९०१,०६८.०० | २७०,०००.०० | ६३१,०६८.०० | ९०१,०६८.०० | ०.०० | ९०१,०६८.०० | ४,०९८,९३२.० |
| 28142 घर भाडा | | | | | ५,३००,०००.०० | ३,८७५,५९६.०० | १,५१५,७००.०० | २,३५९,८९६.०० | ३,८७५,५९६.०० | ०.०० | ३,८७५,५९६.०० | १,४२४,४०४.० |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | ५,३००,०००.०० | ३,८७५,५९६.०० | १,५१५,७००.०० | २,३५९,८९६.०० | ३,८७५,५९६.०० | ०.०० | ३,८७५,५९६.०० | १,४२४,४०४.० |

Printed By: shreebhadra

Printed Date: Jul 24, 2024 12:04 PM

सचिव

Page 2 / 3

राष्ट्रिय महिला आयोग, भद्रकालीप्लाजा, काठमाडौं

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| जम्मा | ८२,२००,०००.०० | ५७,९९५,२२९.७२ | ४५,११०,९५४.०१ | १२,[illegible]२७५.७१ | ५७,९९५,२२९.७२ | ०.०० | ५७,९९५,२२९.७२ | २४,२०४,७७०.२[illegible] |

[illegible] जम्मा

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| 1100001-नेपाल सरकार | ८२,२००,०००.०० | ५७,९९५,२२९.७२ | ४५,११०,९५४.०१ | १२,८८४,२७५.७१ | ५७,९९५,२२९.७२ | ०.०० | ५७,९९५,२२९.७२ | २४,२०४,७७०.२[illegible] |
| 01-नगद | ८२,२००,०००.०० | ५७,९९५,२२९.७२ | ४५,११०,९५४.०१ | १२,८८४,२७५.७१ | ५७,९९५,२२९.७२ | ०.०० | ५७,९९५,२२९.७२ | २४,२०४,७७०.२[illegible] |
| जम्मा | ८२,२००,०००.०० | ५७,९९५,२२९.७२ | ४५,११०,९५४.०१ | १२,८८४,२७५.७१ | ५७,९९५,२२९.७२ | ०.०० | ५७,९९५,२२९.७२ | २४,२०४,७७०.२[illegible] |

तयार गर्ने : ......
नाम :
पद :
मिति :

पेस गर्ने : ......
नाम
पद
मिति :

राष्ट्रिय महिला आयोग, [illegible], काठमाडौं

प्रमाणित गर्ने : ......
नाम :
पद :
मिति :
सचिव

Printed By: shreebhadra    Printed Date: Jul 24, 2024 12:04 PM    Page 3 / 3

म.ले.प. फाराम नं:२१०

राष्ट्रिय महिला आयोग

राष्ट्रिय महिला आयोग
कार्यालय कोड नं : ३३२००३५०१

## खर्चको फाँटवारी

बजेट उपशीर्षक नम्बर: ३३२०००११३
आयोजना/कार्यक्रम नाम: राष्ट्रिय महिला आयोग

आर्थिक वर्ष: २०८०/८१
महिना: असार

| खर्च/वित्तीय संकेत नम्बर / नाम | प्राथमिक तह | | द्वितीय तह | | अन्तिम बजेट | यस महिना सम्मको निकासा | गत महिना सम्मको खर्च | यस महिनाको खर्च | यस महिना सम्मको खर्च | पेस्की | पेस्की बाहेक खर्च रकम | बाँकी बजेट |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | स्रोत व्यहोर्ने निकाय | भुक्तानी विधि | स्रोत व्यहोर्ने निकाय | भुक्तानी विधि | | | | | | | | |
| 21112पारिश्रमिक पदाधिकारी | | | | | ५,३५३,५०८.०० | ५,१५२,९३५.३० | ४,८४२,५०२.९३ | ३१०,४३२.३७ | ५,१५२,९३५.३० | ०.०० | ५,१५२,९३५.३० | २००,५७२.७० |
| 1.1.7.1तलब | 1100001-नेपाल सरकार | 01-नगद | | | १,०२०,०००.०० | ९३८,४८४.०० | ९३८,४८४.०० | ०.०० | ९३८,४८४.०० | ०.०० | ९३८,४८४.०० | ८१,५१६.०० |
| 1.1.7.3भत्ता | 1100001-नेपाल सरकार | 01-नगद | | | ३,९४०,०००.०० | ३,८२१,९३२.३० | ३,५११,४९९.९३ | ३१०,४३२.३७ | ३,८२१,९३२.३० | ०.०० | ३,८२१,९३२.३० | ११८,०६७.७० |
| 1.1.7.4पोशाक र अतिरिक्त पारिश्रमिक रकम | 1100001-नेपाल सरकार | 01-नगद | | | ३९३,५०८.०० | ३९३,५०८.०० | ३९३,५०८.०० | ०.०० | ३९३,५०८.०० | ०.०० | ३९३,५०८.०० | ०.०० |
| 21141पदाधिकारी बैठक भत्ता | | | | | १००,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | १००,०००.०० |
| 1.2.11.1पदाधिकारी बैठक भत्ता | 1100001-नेपाल सरकार | 01-नगद | | | १००,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | १००,०००.०० |
| 21142पदाधिकारी अन्य सुविधा | | | | | १००,०००.०० | ४०,०००.०० | ४०,०००.०० | ०.०० | ४०,०००.०० | ०.०० | ४०,०००.०० | ६०,०००.०० |
| 1.3.2.1पदाधिकारीको सञ्चार खर्च | 1100001-नेपाल सरकार | 01-नगद | | | १००,०००.०० | ४०,०००.०० | ४०,०००.०० | ०.०० | ४०,०००.०० | ०.०० | ४०,०००.०० | ६०,०००.०० |
| 21149पदाधिकारी अन्य भत्ता | | | | | १००,०००.०० | ९८,२००.०० | ९६,२००.०० | २,०००.०० | ९८,२००.०० | ०.०० | ९८,२००.०० | १,८००.०० |
| 1.2.12.1पदाधिकारी [illegible] भत्ता | 1100001-नेपाल सरकार | 01-नगद | | | १००,०००.०० | ९८,२००.०० | ९६,२००.०० | २,०००.०० | ९८,२००.०० | ०.०० | ९८,२००.०० | १,८००.०० |
| 22112संचार महसुल | | | | | १००,०००.०० | ४४,५७०.०० | ४०,९७०.०० | ३,६००.०० | ४४,५७०.०० | ०.०० | ४४,५७०.०० | ५५,४३०.०० |
| 2.1.8.1पदाधिकारीको सुविधाको सञ्चार खर्च | 1100001-नेपाल सरकार | 01-नगद | | | १००,०००.०० | ४४,५७०.०० | ४०,९७०.०० | ३,६००.०० | ४४,५७०.०० | ०.०० | ४४,५७०.०० | ५५,४३०.०० |
| 22211इन्धन (पदाधिकारी) | | | | | १,४००,०००.०० | १,०१०,०२०.०० | ९३५,४२०.०० | ७४,६००.०० | १,०१०,०२०.०० | ०.०० | १,०१०,०२०.०० | ३८९,९८०.०० |
| 2.2.1.4मोबिल | 1100001-नेपाल सरकार | 01-नगद | | | २१३,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | २१३,०००.०० |
| 2.2.1.5ग्यास | 1100001-नेपाल सरकार | 01-नगद | | | ३५२,०००.०० | ३१२,३००.०० | २८३,१००.०० | २९,२००.०० | ३१२,३००.०० | ०.०० | ३१२,३००.०० | ३९,७००.०० |
| 2.2.1.6डिजेल | 1100001-नेपाल सरकार | 01-नगद | | | ८३५,०००.०० | ६९७,७२०.०० | ६५२,३२०.०० | ४५,४००.०० | ६९७,७२०.०० | ०.०० | ६९७,७२०.०० | १३७,२८०.०० |
| 22213सवारी साधन मर्मत खर्च | | | | | ९००,०००.०० | ७८१,४०६.७० | ७७८,४०६.७० | ३,०००.०० | ७८१,४०६.७० | ०.०० | ७८१,४०६.७० | ११८,५९३.३० |
| 2.3.1.2कार्यालय सवारी साधन मर्मत खर्च | 1100001-नेपाल सरकार | 01-नगद | | | ७५०,०००.०० | ७४५,४०६.७० | ७४५,४०६.७० | ०.०० | ७४५,४०६.७० | ०.०० | ७४५,४०६.७० | ४,५९३.३० |
| 2.3.1.4पदाधिकारी घर मर्मत | 1100001-नेपाल सरकार | 01-नगद | | | १५०,०००.०० | ३६,०००.०० | ३३,०००.०० | ३,०००.०० | ३६,०००.०० | ०.०० | ३६,०००.०० | ११४,०००.०० |
| 27313सेवा निवृत्तको संचित बिदा | | | | | २९५,६०२.०० | २९५,६०२.०० | २९५,६०२.०० | ०.०० | २९५,६०२.०० | ०.०० | २९५,६०२.०० | ०.०० |
| 7.3.6.1सेवा निवृत पदाधिकारीको संचित बिदा | 1100001-नेपाल सरकार | 01-नगद | | | २९५,६०२.०० | २९५,६०२.०० | २९५,६०२.०० | ०.०० | २९५,६०२.०० | ०.०० | २९५,६०२.०० | ०.०० |
| 27314सेवा निवृत्तको औषधी उपचार | | | | | ६११,०६४.०० | ६११,०६४.०० | ६११,०६४.०० | ०.०० | ६११,०६४.०० | ०.०० | ६११,०६४.०० | ०.०० |
| 7.3.8.1सेवा निवृत पदाधिकारीको औषधी उपचार | 1100001-नेपाल सरकार | 01-नगद | | | ६११,०६४.०० | ६११,०६४.०० | ६११,०६४.०० | ०.०० | ६११,०६४.०० | ०.०० | ६११,०६४.०० | ०.०० |
| 28142घर भाडा | | | | | १,१००,०००.०० | ५०५,८००.०० | ४६९,८००.०० | ३६,०००.०० | ५०५,८००.०० | ०.०० | ५०५,८००.०० | ५९४,२००.०० |
| 8.1.4.1पदाधिकारी घर भाडा | 1100001-नेपाल सरकार | 01-नगद | | | १,१००,०००.०० | ५०५,८००.०० | ४६९,८००.०० | ३६,०००.०० | ५०५,८००.०० | ०.०० | ५०५,८००.०० | ५९४,२००.०० |
| जम्मा | | | | | १०,०५९,१७४.०० | ८,५२९,५८७.०० | ८,०९८,९५५.६३ | ४३०,६३२.३७ | ८,५२९,५८७.०० | ०.०० | ८,५२९,५८७.०० | १,५२९,५८७.०० |

Printed By null

Printed Date: Jul 24, 2024 11:46 AM

सचिव

तगत जम्मा

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| 1100001-नेपाल सरकार | १०,०५९,१७५.०० | ८,५२९,५८७.०० | ८,०९८,९५५.६३ | ४३०,६३२.३७ | ८,५२९,५८७.०० | 0.00 | ८,५२९,५८७.०० | १,५२९,५८७.० |
| 01-नगद | १०,०५९,१७५.०० | ८,५२९,५८७.०० | ८,०९८,९५५.६३ | ४३०,६३२.३७ | ८,५२९,५८७.०० | 0.00 | ८,५२९,५८७.०० | १,५२९,५८७.० |
| जम्मा | १०,०५९,१७५.०० | ८,५२९,५८७.०० | ८,०९८,९५५.६३ | ४३०,६३२.३७ | ८,५२९,५८७.०० | 0.00 | ८,५२९,५८७.०० | १,५२९,५८७.० |

तयार गर्ने : ........
नाम:
पद :
मिति :

पेस गर्ने ........
नाम:
पद :
मिति :

प्रमाणित गर्ने ...
नाम :
पद:
मिति :

सचिव

राष्ट्रिय महिला आयोग, काठमाडौं

Printed By: null

Printed Date: Jul 24, 2024 11:46 AM

म.ले.प. फाराम नं:२१०

राष्ट्रिय महिला आयोग

राष्ट्रिय महिला आयोग

कार्यालय कोड नं : २२२००३५०१

## खर्चको फाँटवारी

राष्ट्रिय महिला आयोग, भद्रकालीप्लाजा, काठमाडौं

बजेट उपशीर्षक नम्बर: २२२०००११४

आयोजना/कार्यक्रम नाम: राष्ट्रिय महिला आयोग

आर्थिक वर्ष: २०८०/८१

महिना: असार

| खर्च/वित्तीय संकेत नम्बर / नाम | प्राथमिक तह | | द्वितीय तह | | अन्तिम बजेट | यस महिना सम्मको निकासा | गत महिना सम्मको खर्च | यस महिनाको खर्च | यस महिना सम्मको खर्च | पेस्की | पेस्की बाहेक खर्च रकम | बाँकी बजेट |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | स्रोत व्यहोर्ने निकाय | भुक्तानी विधि | स्रोत व्यहोर्ने निकाय | भुक्तानी विधि | | | | | | | | |
| 31122 मेशिनरी तथा औजार | | | | | ८००,०००.०० | ५०२,७३७.०० | ७२,२०७.०० | ४३०,५३०.०० | ५०२,७३७.०० | ०.०० | ५०२,७३७.०० | २९७,२६३.०० |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | ८००,०००.०० | ५०२,७३७.०० | ७२,२०७.०० | ४३०,५३०.०० | ५०२,७३७.०० | ०.०० | ५०२,७३७.०० | २९७,२६३.०० |
| 31123 फर्निचर तथा फिक्चर्स | | | | | २००,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | २००,०००.०० |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | २००,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | २००,०००.०० |
| 31161 निर्मित भवनको संरचनात्मक सुधार खर्च | | | | | ३००,०००.०० | ६९,२७५.०० | ६९,२७५.०० | ०.०० | ६९,२७५.०० | ०.०० | ६९,२७५.०० | २३०,७२५.०० |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | ३००,०००.०० | ६९,२७५.०० | ६९,२७५.०० | ०.०० | ६९,२७५.०० | ०.०० | ६९,२७५.०० | २३०,७२५.०० |
| | जम्मा | | | | १,३००,०००.०० | ५७२,०१२.०० | १४१,४८२.०० | ४३०,५३०.०० | ५७२,०१२.०० | ०.०० | ५७२,०१२.०० | ७२७,९८८.०० |

स्रोतगत जम्मा

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| 1100001-नेपाल सरकार | | १,३००,०००.०० | ५७२,०१२.०० | १४१,४८२.०० | ४३०,५३०.०० | ५७२,०१२.०० | ०.०० | ५७२,०१२.०० | ७२७,९८८.०० |
| | 01-नगद | १,३००,०००.०० | ५७२,०१२.०० | १४१,४८२.०० | ४३०,५३०.०० | ५७२,०१२.०० | ०.०० | ५७२,०१२.०० | ७२७,९८८.०० |
| जम्मा | | १,३००,०००.०० | ५७२,०१२.०० | १४१,४८२.०० | ४३०,५३०.०० | ५७२,०१२.०० | ०.०० | ५७२,०१२.०० | ७२७,९८८.०० |

तयार गर्ने : ........
नाम:
पद :
मिति :

पेस गर्ने : ........
नाम:
पद :
मिति :

प्रमाणित गर्ने: ........
नाम :
पद :
मिति :

सचिव

Printed By: shreebhadra

Printed Date: Jul 24, 2024 12:14 PM

Page 1 / 1

# अनुसूची ५

## सञ्चार माध्यमसँग सम्बन्धित संघ संस्थाको अनुगमनका लागि तयार गरिएको चेक लिष्ट:

| क्र.सं. | सूचक | विवरण | छ | छैन | कैफियत |
|---|---|---|---|---|---|
| १ | नियुक्ति, सेवा शर्त र पारिश्रमिक | • नियुक्तिपत्र पाएको<br>• परीक्षणकालमा राखिएको अवधि<br>• तलब भत्ता र सुविधा पाएको<br>• कार्यजिम्मेवारी क्षमता अनुसार तोकिएको | | | |
| २ | विदा | • कर्मचारीले आफू कार्यरत सँस्थाबाट भैपरी र पर्व विदा पाएको<br>• प्रसुति विदा पाएको<br>• प्रसुति स्याहार विदा पाएको<br>• बिरामी विदा पाएको<br>• किरिया विदा पाएको | | | |
| ३ | अवसर | • कार्यक्षेत्रसँग सम्बन्धित तालीम पाएको<br>• वैदेशिक मनोनयनको अवसर पाएको<br>• कार्यरत सञ्चार सँस्थाबाट पुरस्कार/सम्मान पाएको<br>• कर्मचारीको क्षमता र रुची अनुसार कार्य जिम्मेवारी तोकिएको | | | |
| ४ | समावेशी सिद्धान्तको अवलम्बन | • रिक्त पदको विज्ञापनमा समानुपातिक समावेशी सिद्धान्तको अवलम्बन गरिएको<br>• हाल व्यवस्थापकीय (अधिकृत तह) पदमा महिला प्रतिनिधित्वको अवस्था सन्तोषप्रद रहेको (प्रतिशतमा...) | | | |
| ५ | सेवा र सुविधा | • कर्मचारीलाई सामाजिक सुरक्षाकोषमा आवद्ध गराएको<br>• कर्मचारी सञ्चयकोषको व्यवस्था रहेको<br>• नागरिक लगानी कोष<br>• औषधी उपचार खर्चको व्यवस्था रहेको<br>• दुर्घटना बीमाको व्यवस्था गरेको | | | |
| ६ | गुनासो सुनुवाई | • कार्यस्थलमा हुने हिंसामा उजुरीको व्यवस्था, सुनुवाईको संयन्त्र<br>• कार्यस्थल कार्यक्षेत्र र कार्यालयमा लैङ्गिकमैत्री व्यवहार र भाषाको प्रयोग हुने गरेको | | | |
| ७ | भौतिक पूर्वाधार | • महिला शौचालयको व्यवस्था गरिएको<br>• महिला शौचालयमा सेनेटरी प्याडको व्यवस्था रहेको<br>• शौचालयमा पानी रहेको<br>• सरसफाई र डष्टविनको व्यवस्था रहेको<br>• स्तनपान कक्ष रहेको<br>• शिशु स्याहार कक्ष | | | |
| ८ | समाचार प्रकाशन | • लैङ्गिक हिंसा (अन्त्यको सन्देशमूलक) विरुद्धको समाचार प्रकाशन हुने गरेको<br>• महिलासँग सम्बन्धित समाचार प्रकाशन हुने गरेको<br>• महिलाका सफलताका कथाहरू<br>• राजनीतिक पार्टीका महिला नेता/महिला उद्यमी व्यवसायी, प्रेरणादायी महिला व्यक्तित्वका अन्तरवार्ताहरू प्रकाशन हुने गरेको<br>• पत्रिकाको सम्पादकीयमा लैङ्गिक मैत्री समाचार प्रकाशन हुने गरेको | | | |

# अनुसूची ६

# राष्ट्रिय महिला आयोग
## National Women Commission

भद्रकाली प्लाजा, काठमाडौं

Phone: +977-4256701
Fax: +977-1-4259411
E-mail: info@nwc.gov.np
http://www.nwc.gov.np

प. सं.:- २०८०/८१
च.नं.:- ६०

२०८०।०४।२५

मिति:

श्री माननीय उपप्रधानमन्त्री एवं गृहमन्त्रीज्यू,
गृह मन्त्रालय,
सिंहदरबार, काठमाडौं ।

**विषय : पीडित परिवारलाई न्याय र दोषीलाई कारवाही सम्बन्धमा ।**

उपर्युक्त विषयमा २०८० जेष्ठ ७ गते साँझ मृत अवस्थामा रहेकी धनुषा (जनकपुर) की आरती साहको परिवार (आमा, बुबा, भाई, बहिनी, मामा) करिब २ महिनादेखि न्यायको माग गर्दै राजधानीको मुटु माईतीघर मण्डलामा धर्नामा रहेका छन् । पीडित परिवारले घटनाको सत्य-तथ्य छानबीन, घटनामा संलग्न दोषीलाई कारवाही र पीडित परिवारलाई न्यायको माग राखेका छन् ।

उक्त घटना फौजदारी कसूर गृह प्रशासनसँग प्रत्यक्ष जोडिएको हुँदा-हुँदै पनि घरेलु हिंसाको कारण एउटी युवतीको जीवन समाप्तिको विषय भएको हुँदा गम्भीर महिला मानव अधिकार हनन् हो, बाँच्न पाउने अधिकारको कुठाराघात हो भन्ने ठहर गर्दै आयोगबाट पटक-पटक सम्बन्धित जिल्ला प्रहरी प्रशासनको ध्यानाकर्षण गराईएको थियो ।

त्यतिमात्र हैन, माननीय मन्त्रीज्यूसमक्ष पनि भेंट गरी यस विषयलाई सहजीकरण र व्यवस्थापनका लागि आयोगबाट पटक-पटक अनुरोध गरिएको विदितै छ ।

तर पीडित परिवार मध्यवर्षाको समय खेती पाती, घरव्यवहार सबै छाडेर विक्षिप्त अवस्थामा न्यायको माग गर्दै दुई महिनादेखि सडकमै रही रहेको र राज्यबाट बेवास्ता भएको अनुभूति हुनु अत्यन्त दुःखद संवेदनशील र गम्भीर विषय हो । अतः यस विषयलाई गम्भीरतापूर्वक छानबिन गराई घटनाको सहजीकरण र व्यवस्थापन गराई पीडित परिवारलाई न्यायको प्रत्याभूति गराईदिनु हुनका लागि सिफारिस गरेको छु । साथै घटनासँग संलग्न कागजातहरु पनि यसैं सिफारिस साथ संलग्न गरिएको अनुरोध छ ।

कमलाकुमारी पराजुली
अध्यक्ष

# राष्ट्रिय महिला आयोग
## National Women Commission

भद्रकाली प्लाजा, काठमाडौं

Phone: +977-4256701
Fax: +977-1-4259411
E-mail: info@nwc.gov.np
http://www.nwc.gov.np

प. सं.:- २०८०।८१
च.नं.:- ४९

मिति: २०८०।०४।२४

श्री माननीय मन्त्री डा. विरेन्द्र प्रसाद महतोज्यू,
वन तथा वातावरण मन्त्रालय,
सिंहदरबार, काठमाडौं ।

विषय : महिलाको छवि धमल्याएको सम्बन्धमा ।

उपर्युक्त सम्बन्धमा तहाँ मन्त्रालयमा कार्यरत् सहायक संरक्षण अधिकृत रामएकवाल द्वासले - 'नेपाल वन सेवा दिग्दर्शन- गेम स्काउट, वनरक्षक सफलताको साथी' भन्ने पुस्तकको पृष्ठ १४३ को प्रश्न नं. १८ मा "केटीलाई भालु किन भनिएको होला ?" भन्ने प्रश्न र त्यसका वैकल्पिक उत्तरहरुमा - A : पोथी भालु जस्तै व्यवहार भएर, B :"पोथी भालुले एक पल्टमा धेरै भालेसँग संसर्ग गर्ने भएर, C: पोथी भालु बहुपतिगामी हुन्छ, D : माथिका सबै भन्ने कुरा समावेश गरी प्रकाशन र वितरण भएकोमा राष्ट्रिय महिला आयोगको गम्भीर ध्यानाकर्षण भएको छ ।

उक्त विषयउपर सामाजिक सञ्जाल, सञ्चार माध्यम र सम्मानित संसदबाट समेत आपत्ति प्रकट गर्दै खबरदारी भईसकेको छ । तर पनि झण्डै तीनहप्ता बितिसक्दा पनि सो विषयमा सम्बन्धित मन्त्रालयको ध्यानाकर्षण नभएको हुँदा त्यस मन्त्रालय मातहत कार्यरत् एकजना राष्ट्रसेवक बाट यसरी जनसंख्याको आधा हिस्सा महिलाको मान, मर्यादा, आत्मसम्मान र चरित्रमै आँच पुऱ्याउने, महिलाको छवि धमल्याउने किसिमको शब्द, भाषा प्रकट गरी पुस्तक प्रकाशन गर्नु क्षम्य विषय नभएको ठहर गर्दै अब उप्रान्त कहीं कसैबाट पनि यस किसिमको अभिव्यक्ति प्रकट हुन नपाओस् भनी उक्त पुस्तकका लेखक राम एकवाल द्वासलाई कानून बमोजिम कारवाहीका लागि सिफारिस गरेको छु ।

कमलाकुमारी पराजुली
अध्यक्ष

बोधार्थः
महिला समिति, सिंहदरबार, काठमाडौं ।

# राष्ट्रिय महिला आयोग
## National Women Commission

भद्रकाली प्लाजा, काठमाडौं

Phone: +977-4256701
Fax: +977-1-4259411
E-mail: info@nwc.gov.np
http://www.nwc.gov.np


प. सं.:- २०८०/८१
च.नं.:- ३२

मिति:

मिति: २०८०/०४/१९

श्री माननीय मन्त्री नारायण प्रकाश साउदज्यू,

परराष्ट्र मन्त्रालय

सिंहदरवार, काठमाडौं ।

**विषय : दक्षिण अमेरिकामा बन्धक बनाइएको तीन नेपाली महिलाको उद्धार सम्बन्धमा ।**

प्रस्तुत विषयमा, वैदेशिक रोजगारीको क्रममा अर्को गन्तव्यका लागि हिंडेका मकवानपुरको ३५ वर्षिया तीर्था लामा वाइबा (पासपोर्ट नं. ०७२८७८१०), सिन्धुपाल्चोकको ४४ वर्षिया सेरसाङ लामा (पासपोर्ट नं. ०६९०२४००) र सिन्धुपाल्चोकको ४० वर्षिया याङ्जेन शेर्पा (पासपोर्ट नं. ०७८२९३७४) रहेका नेपाली महिलाहरु दक्षिण अमेरिकाको ट्रिनिडाड एण्ड टोवागोमा अमानवीय रुपमा बन्धक बनाइएको साथै कसैसँग सम्पर्क समेत गर्न दिइएको छैन । उनीहरुलाई क्यारेबियन एयरलाइन्सको सुरक्षा टीमले एयरपोर्टमै एयरलाइन्सको कार्यालय र सुरक्षाकर्मी बस्ने ठाउँमा थुनेर राखेको सूचना सोही स्थान स्थित नेपाली व्यवसायी तेज लामाले दिनुभएको सञ्चार माध्यममा आएको छ । उक्त कुरामा राष्ट्रिय महिला आयोगको गम्भीर ध्यानाकषर्ण भएको छ ।

उक्त तीन जना महिलाको अवस्था दर्दनाक तथा दुःखद्पूर्ण रहेको छ। ती बन्धकमा परेका महिलाको सवालमा नेपाल सरकार तथा सम्बन्धित निकायले समयमा नै सचेत नभएको खण्डमा कुनै अप्रीय घटना समेत घटन सक्ने भएकाले समस्याको समाधान चाँडै गर्नुपर्ने आयोगको प्रष्ट धारणा रहेको छ। दक्षिण अमेरिकामा रहेका नेपाली समाजहरुले समेत उक्त तीन महिलाको उद्धारको लागि परराष्ट्र मन्त्रालयले विशेष भूमिका निर्वाह नगरे उद्धार गर्न नसकिने स्पष्ट पारेको छ । त्यसैले नेपाल सरकार परराष्ट्र मन्त्रालयले नेपालको वैदेशिक कुटनीतिको माध्यमबाट बन्धक रहेका उक्त तीन जना महिलाको तत्काल उद्धार गरी ल्याउन आग्रह गरिएको छ ।

कमला पराजुली
अध्यक्ष
राष्ट्रिय महिला आयोग

बोदार्थ,
श्रम तथा वैदेशिक रोजगार मन्त्रालय,
महिला, बालबालिका तथा जेष्ठ मन्त्रालय, सिंहदरवार, काठमाडौं

# राष्ट्रिय महिला आयोग
## National Women Commission

भद्रकाली प्लाजा, काठमाडौं

Phone: +977-4256701
Fax: +977-1-4259411
E-mail: info@nwc.gov.np
http://www.nwc.gov.np

प. सं.:- ०८०/८१
च.नं.:- ३३

मिति: २०८०/०४/१९

श्री माननीय मन्त्री सरद सिंह भण्डारीज्यू,

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

सिंहदरवार, काठमाडौं ।

**विषय : दक्षिण अमेरिकामा बन्धक बनाइएको तीन नेपाली महिलाको उद्धार सम्बन्धमा ।**

प्रस्तुत विषयमा, वैदेशिक रोजगारीको क्रममा अर्को गन्तव्यका लागि हिंडेका मकवानपुरको ३५ वर्षिया तीर्था लामा वाइबा (पासपोर्ट नं. ०७२८७८१०), सिन्धुपाल्चोकको ४४ वर्षिया सेरसाङ लामा (पासपोर्ट नं. ०६९०२४००) र सिन्धुपाल्चोकको ४० वर्षिया याङ्जेन शेर्पा (पासपोर्ट नं. ०७८२९३७४) रहेका नेपाली महिलाहरु दक्षिण अमेरिकाको ट्रिनिडाड एण्ड टोबागोमा अमानवीय रुपमा बन्धक बनाइएको साथै कसैसँग सम्पर्क समेत गर्न दिइएको छैन । उनीहरुलाई क्यारेबियन एयरलाइन्सको सुरक्षा टीमले एयरपोर्टमै एयरलाइन्सको कार्यालय र सुरक्षाकर्मी बस्ने ठाउँमा थुनेर राखेको सूचना सोही स्थान स्थित नेपाली व्यवसायी तेज लामाले दिनुभएको सञ्चार माध्यममा आएको छ । उक्त कुरामा राष्ट्रिय महिला आयोगको गम्भीर ध्यानाकर्षण भएको छ ।

उक्त तीन जना महिलाको अवस्था दर्दनाक तथा दुःखदपूर्ण रहेको छ । ती बन्धकमा परेका महिलाको सवालमा नेपाल सरकार तथा सम्बन्धित निकायले समयमा नै सचेत नभएको खण्डमा कुनै अप्रीय घटना समेत घट्न सक्ने भएकाले समस्याको समाधान चाँडै गर्नुपर्ने आयोगको प्रष्ट धारणा रहेको छ । दक्षिण अमेरिकामा रहेका नेपाली समाजहरुले समेत उक्त तीन महिलाको उद्धारको लागि परराष्ट्र मन्त्रालयले विशेष भूमिका निर्वाह नगरे उद्धार गर्न नसकिने स्पष्ट पारेको छ । त्यसैले नेपाल सरकार परराष्ट्र मन्त्रालयले नेपालको वैदेशिक कुटनीतिको माध्यमबाट बन्धक रहेका उक्त तीन जना महिलाको तत्काल उद्धार गरी ल्याउन आग्रह गरिएको छ ।

कमला पराजुली
अध्यक्ष
राष्ट्रिय महिला आयोग

**वोदार्थ,**

परराष्ट्र मन्त्रालय,
महिला, वालवालिका तथा जेष्ठ मन्त्रालय, सिंहदरवार, काठमाडौं

राष्ट्रिय महिला आयोग
भद्रकालीप्लाजा, काठमाडौं
दर्ता नं. ६८
मिति : २०८०/५/२८
दस्तखत:

नेपाल सरकार

# परराष्ट्र मन्त्रालय

काठमाडौं, नेपाल
(यूरोप तथा अमेरिका महाशाखा)

नेपाल सरकार
परराष्ट्र मन्त्रालय
काठमाडौं

प.सं. ०८०/८१
च.नं. EA/AM/USA/17/829

मिति: २०८०/०४/२४
९ अगस्ट २०२३

श्री नेपाली राजदूतावास
वासिंगटन डि.सी.।

ट्रिनिडाड एण्ड टोवागोमा नेपाली महिलाहरु अलपत्र परेको र उनीहरुको उद्दारको सम्बन्धमा यस मन्त्रलाय र त्यहाँ नियोगबीच सन्देश र अद्यावधिक जानकारी एवं थप सूचना आदानप्रदान भइ रहेकै छ। यस विषयमा माननीय परराष्ट्र मन्त्रीज्यूलाई सम्बोधन गरी श्री राष्ट्रिय महिला आयोगको अध्यक्षले लेख्नु भएको " दक्षिण अमेरिकामा बन्धक बनाएको तीन नेपाली महिलाको उद्दार सम्बन्धमा " विषयक पत्र र संलग्न कागजातहरु यसैसाथ संलग्न राखी पठाइएको छ।

अत:यस सम्बन्धमा त्यहाँबाट भए गरेका प्रयासहरुका सम्बन्धमा जानकारी उपलब्धध गराइदिनुहुन हुन निर्देशानुसार अनुरोध छ।

(जीना अधिकारी)
शाखा अधिकृत

बोधार्थ:
श्री राष्ट्रिय महिला आयोग
भद्रकाली प्लाजा।

सिंहदरबार, काठमाडौं फोन नं. ०१-४२००१८२-८६, ४२००१७९ फ्याक्स नं. ०१-४२०००६१
E-mail:- euroam@mofa.gov.np

नेपाल सरकार

# परराष्ट्र मन्त्रालय

काठमाडौं, नेपाल

(यूरोप तथा अमेरिका महाशाखा)

नेपाल सरकार
परराष्ट्र मन्त्रालय
काठमाडौं

प.सं. ०८०/८१
च.नं. EA/AM/USA/17/ 1264

मिति: २०८०/०५/०५
२२ अगस्ट २०२३

श्री राष्ट्रिय महिला आयोग
भद्रकाली प्लाजा।

यहाँबाट प्रेषित EA/AM/USA/17/829,मिति: २०८०।०४।२४ को पत्रको सम्बन्धमा लेखिंदैछ।

नेपाली राजदूतावास, वासिङ्गटन डि.सी. को प.सं. DC/4/20/28, मिति: २०८०।०५।०४ को पत्र मार्फत ट्रिनिडाड एण्ड टोवागोमा अलपत्र परेका नेपाली महिलाहरुको उद्दार सम्बन्धमा प्राप्त कागजातहरु यसैसाथ संलग्न राखी पठाइएको व्यहोरा निर्देशानुसार अनुरो छ।

(जीना अधिकारी)
शाखा अधिकृत

सिंहदरबार, काठमाडौं, फोन नं. ०१-४२००१८२-८६, ४२००१७९ फ्याक्स नं. ०१-४२०००६१
E-mail:- euroam@mofa.gov.np

नेपाली राजदूतावास
EMBASSY OF NEPAL
2730 34TH PLACE N.W.
WASHINGTON, D.C. 20007

मिति: २०८०।५।४
(अगष्ट २१, २०२३)

US EAD
pls send to
NWC

प.सं. DC/4/20/28

श्री यूरोप अमेरिका महशाखा,
सिंहदरबार, काठमाडौं।

विषय: **ट्रिनिडाड एण्ड टोबागोमा अलपत्र परेका नेपाली महिलाहरुको उद्धार सम्बन्धमा।**

प्रस्तुत विषयमा तहाँ मन्त्रालयको प.सं. ०८०/८१, च.नं. EA/AM/USA/17/829, मिति २०८०/४/२४ को पत्रमार्फत् अनुरोध भएबमोजिम यस ट्रिनिडाड एण्ड टोबागोमा अलपत्र परेका नेपाली महिलाहरुको उद्धारका लागि यस राजदूतावासले ट्रिनिडाड एण्ड टोबागोमा रहेका नेपाली नागरिक तेज बहादुर लामालाई राजदूतावासको तर्फबाट सम्बन्धित निकायमा बुझ्न अनुरोध गरिएको थियो। निज लामाले राजदूतावाससँग निरन्तर सम्पर्कमा रही उल्लेखित महिलाहरु रहेको स्थानबारे राजदूतावासलाई जानकारी गराएका थिए। त्यसैगरी, वाशिङ्गटन डि.सी.स्थित ट्रिनिडाड एण्ड टोबागोको राजदूतावासलाई नेपाली महिलाहरुको उद्धारका लागि आवश्यक पहल गरिदिन अगष्ट ९, २०२३ को कूटनीतिक नोटमार्फत् अनुरोध गरिएको थियो। उल्लेखित नेपाली महिलाहरु ट्रिनिडाड एण्ड टोबागो आएपश्चात् नेपाल फर्कने टिकट रद्ध गरेकाले उनीहरुको motive नेपाल फर्कने नदेखेकाले सम्बन्धित अध्यागमन बिभागले कोर्पा एअरलाइन्सको निगरानीमा Piarco स्थित एअरपोर्ट सुइट होटेलमा राखेको र उनीहरुमध्ये एक जना अगष्ट २१ र बाँकी दुई जना अगष्ट २४ का दिन नेपाल फर्कने गरी हवाई टिकटको व्यवस्था भएको वाशिङ्टन डि.सी.स्थित ट्रिनिडाड एण्ड टोबागोको राजदूतावासले संलग्न नोट नं १७५, अगष्ट १८, २०२३ को पत्रमार्फत् अवगत गराएको बेहोरा तहाँको जानकारीको लागि निर्देशानुसार अनुरोध छ।

(उत्तम घिमिरे)
द्वितीय सचिव

PHONE: (202) 667-4550, FAX: (202) 667-5534, E-MAIL: info@nepalembassyusa.org
WEB: us.nepalembassy.gov.np/www.nepalembassyusa.org

Note No. 175

The Embassy of the Republic of Trinidad and Tobago in Washington, D.C. presents its compliments to the Embassy of Nepal in Washington, D.C. and has the honour to refer to the latter's Note Verbale No.-DC/4/20/20 of August 9, 2023.

The Embassy has the further honour to advise that the three (3) nationals Sersang Tamang, Tirtha Lama Waiba and Yangjen Sherpa, referenced in the aforementioned Note are scheduled to depart Trinidad and Tobago on Monday 21 August, 2023 (Tamang) and Thursday 24 August, 2023 (Waiba and Sherpa) via Copa Airlines on their return journeys to Nepal. A copy of the flight itineraries are enclosed. The Immigration Division of the Republic of Trinidad and Tobago has also informed that the three (3) Nepali nationals cancelled their return flights upon arrival in Trinidad and Tobago, which raised red flags about their intentions in Trinidad and Tobago and as such, have been under the care of Copa Airlines since their arrival. The Nepali nationals are currently at the Airport Suites Hotel in Piarco.

The Embassy of the Republic of Trinidad and Tobago in Washington, D.C. avails itself of this opportunity to renew to the Embassy of Nepal in Washington, D.C. the assurances of its highest consideration.

Washington, D.C.
August 18, 2023

EMBASSY OF THE REPUBLIC OF TRINIDAD AND TOBAGO
WASHINGTON

# राष्ट्रिय महिला आयोग
# National Women Commission

भद्रकाली प्लाजा, काठमाडौं

Phone: +977-4256701
Fax: +977-1-4259411
E-mail: info@nwc.gov.np
http://www.nwc.gov.np

प. सं.:- ०८०।८१
च.नं.:- ११४

मिति: २०८०।०५।०३

श्री माननीय मन्त्रीज्यू,
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय,
सिंहदरबार, काठमाडौं ।

**विषय : महिलाको छवि धमिल्याएकोमा नियमन र कारवाहीको सिफारिस ।**

उपर्युक्त विषयमा सञ्चार माध्यम र सामाजिक सञ्जालमा गाईजात्राको नाममा कुनै न कुनै रुपमा महिलाको छवि धमिल्याउने, अस्मिता र प्रतिष्ठामा आँच पुऱ्याउने कार्टुन, गीत, कविता र प्रस्तुतिहरु आउने गरेका र हरेक पटक त्यसको विरोध गरेर फेरिबाट त्यस्तो नगर्न सबैतिरबाट सचेत गराउने र सुझाव दिने कार्य हुँदाहुँदै यसपटक पनि गाईजात्राकै बहानामा कामना प्रकाशनबाट प्रकाशित नेपाल समाचारपत्रका सम्पादक सागर पण्डितले **"कामनाको गाईजात्रे अंक ५ भदौदेखि बजारमा ...... व्यङ्ग्यबाणले भरिपूर्ण ऐतिहासिक विरासत बोकेको कामना ...... आफ्नो ग्राहक कपी सुरक्षित राख्नौं ।"** भन्ने फेसबुक स्टाटससँगै महिलाको प्रजनन कार्यलाई उपेक्षा गर्दै व्यङ्ग्य गरिएको कार्टुनप्रति राष्ट्रिय महिला आयोगको गम्भीर ध्यानाकर्षण भएको छ ।

प्राकृतिक रुपमै महिलाले निर्वाह गर्दै आएको विशिष्ट भूमिका गर्भाधान जसले संसारमा सृष्टिको निरन्तरता दिईरहेको छ, कोही महिला गर्भवती हुन नसक्दा, बाँझोपनको समस्या हुँदा सम्पूर्ण परिवार र आफन्तजनको चिन्ताको विषय बन्छ, त्यस्तो महत्वपूर्ण विषयलाई यसरी कार्टुन बनाएर खिल्ली उडाउनु, भद्दा मजाक बनाउनु भनेको महिलाको प्रजनन कार्यलाई उपेक्षा गरिएको हो । यो सम्पूर्ण महिलाप्रतिको अपमान, लैंगिक हिंसा र महिला जगतकै मानहानी समेत हो भन्ने आयोगको ठहर छ ।

यस्तो नकारात्मक प्रस्तुतिप्रति सम्पूर्ण महिलाअधिकारकर्मी, मानवअधिकारकर्मी र सञ्चारकर्मीहरुबाट समेत आपत्ति प्रकट भईरहेको विषयप्रति पनि राष्ट्रिय महिला आयोगको गम्भीर ध्यानाकर्षण भएको छ ।

तसर्थ, यस्ता विषयमा सम्बन्धित पक्ष र नियामक निकायलाई ध्यानाकर्षण गराई तत्काल रोक लगाउन निर्देशन र यस किसिमको प्रकाशन, प्रसारण र प्रदर्शन गर्ने व्यक्ति, संस्था र समुदायलाई कानून बमोजिम कारवाहीका लागि सिफारिस गर्दछु ।

कमला पराजुली
अध्यक्ष

बोधार्थ :
श्री अध्यक्ष, प्रेस काउन्सिल नेपाल, काठमाडौं ।

# राष्ट्रिय महिला आयोग
# National Women Commission

भद्रकाली प्लाजा, काठमाडौं

Phone: +977-4256701
Fax: +977-1-4259411
E-mail: info@nwc.gov.np
http://www.nwc.gov.np

प. सं.:- २०८०/८१
च.नं.:- ४०१

मिति: २०८०।११।२०

माननीय उपप्रधान तथा गृहमन्त्रीज्यू ।
गृह मन्त्रालय,
सिंहदरवार, काठमाण्डौं ।

विषय : घटनाको सत्यतथ्य छानविन गरी दोषीलाई कारवाही गराउने सम्वन्धमा ।

उपर्युक्त सम्वन्धमा, मिति २०८० फागुन १२ गते गोरखा अजिरकोट गाँउपालिका वडा नं.५ मुच्चोक घर भई चितवनको रत्ननगर नगरपालिका वडा नं. १० टाँडी स्थित एकता शिशु निकेतन स्कूलमा कक्षा आठमा अध्ययन गर्दै सोही स्कूलद्वारा संञ्चालित छात्रावासमा वस्दै आएकी १३ वर्षीया छात्रा शालिन पोखरेलको सोही छात्रावासको कोठामा घुँडा टेकेर झुण्डिएको अवस्थामा शंकास्पद निधन भएको अवस्थामा भेटिएको घटनाको वस्तुस्थिति अध्ययन गर्दा छोरीको आत्महत्या नभएर बलात्कार पश्चात हत्या भएको देखिएको बताउँदै घटना बारेमा सत्यतथ्य छानविन गरी दोषीलाई कारवाही गर्न माग गर्दै मृतक शालिनका बुबा दिपेन्द्र पोखरेलले प्रहरीमा किटानी जाहेरी दिंदा समेत आरोपितको नाम हटाउन दवाव दिंदै मृतक शालिनका काका र परिवारका सदस्यलाई निर्घात कुटपिट गरी र धम्की समेत दिएको घटनाप्रति राष्ट्रिय महिला आयोगको गम्भिर ध्यानाकर्षण भएको छ ।

वालवालिकाको सुरक्षा, अभिभावकत्व र सुनौलो भविष्यको मन्दिरको रुपमा मानिएको विद्यालयमा नै त्यहीं अध्ययनरत छात्राउपर भएको यस्तो जघन्य अपराधको घटनाले सम्पूर्ण छोरीहरु र अभिभावकमा असुरक्षा र त्रासदीपूर्ण अवस्था सिर्जना हुनु अत्यन्त दुःखद र आपत्तिजनक विषय हो । तसर्थ सरकारको तर्फबाट तत्काल छानवीन समिति बनाई यथाशिघ्र शालिन पोखरेलको शंकास्पद मृत्युको सत्यतथ्य छानविन गरी पीडित परिवारलाई न्यायको प्रत्याभूति गराई, यस्तो जघन्य अपराधमा संलग्न व्यक्तिलाई कानुन वमोजिम हदैसम्मको कारवाहीका लागि माननीय उपप्रधान तथा गृहमन्त्रीज्यू समक्ष अनुरोध गर्दछु ।

कमलाकुमारी पराजुली

अध्यक्ष

# राष्ट्रिय महिला आयोग
## National Women Commission

भद्रकाली प्लाजा, काठमाडौं

Phone: +977-4256701
Fax: +977-1-4259411
E-mail: info@nwc.gov.np
http://www.nwc.gov.np

प. सं.:- ०८०।८१
च.नं.:-

मिति: २०८१।०२।३२

सम्माननीय सभामुख **देवराज घिमिरेज्यू**,
सभामुखज्यूको सचिवालय,
सिंहदरबार, काठमाडौं ।

**विषय : माननीय सभासदज्यूको अभिव्यक्ति प्रति ध्यानाकर्षण सम्बन्धमा ।**

**सम्मानीय सभामुखज्यू,**

उपर्युक्त सम्बन्धमा प्रतिनिधि सभा बैठक २०८१ जेठ ३० गते बुधवार बिहान ११:०० बजे विनियोजन विधेयक अन्तर्गत छलफलमा माननीय सदस्य राजेन्द्र कुमार के.सी.ज्यूबाट महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री माननीय भगवती चौधरीज्यू लक्षित "... महिलाहरू आफ्नो क्षेत्रगत, जातिगत हुँदा राम्रो मेसेज दिएको छैन ! तपाईं किन कलंकको रुपमा स्थापित हुनुभयो ?" भनी दिनुभएको अभिव्यक्ति र माननीय सदस्य योगेन्द्र मण्डलबाट मुलुकी फौजदारी अपराध संहिता, २०७४ को दफा २१८ को जबरजस्ती करणी विरुद्ध कानून विपरीत गरिएको "... श्रीमान् माथि पनि महिलाले ज.क. मुद्दा हाल्न पाउँछन्, ... श्रीमान् मन लागेको बेला आफ्नो इच्छा पूरा गर्न के गर्ने ? के गर्ने ?" अभिव्यक्तिप्रति राष्ट्रिय महिला आयोगको गम्भीर ध्यानाकर्षण भएको छ ।

गणतान्त्रिक मुलुकको नेपाली जनताको सार्वभौम अधिकार सम्पन्न गरिमामय संसदका माननीय सभासदज्यूहरुबाट सम्मानित संसदमा अभिव्यक्त हुने यस किसिमको अमर्यादित, लैङ्गिक असंवेदनशील, लैङ्गिक तथा जातीय विभेदपूर्ण र गैरकानूनी अभिव्यक्तिले हामीलाई स्तब्ध र लज्जानुभूति गराएको छ ।

आज देशभित्र हरेक समाज, जाति, समुदाय र भूगोलका महिला चरम भेदभाव, दुर्व्यवहार र हिंसाको शिकार भएका घटनाहरू सडकदेखि सदनसम्म असरल्ल देखिएका छन् । त्यसमा पनि १ वर्षकी नाबालिका देखि ७५ वर्षकी हजुरआमासम्मले यौनजन्य हिंसा र जबरजस्ती करणीका घटनाबाट पीडित भएको अवस्था छ । त्यस्ता घटनाका पीडितको सहज न्यायमा पहुँच समेत छैन । यस किसिमको जघन्य हिंसा जसको शारीरिकभन्दा सयौं गुणा ज्यादा मानसिक र सामाजिक असर परेर कैयौं बालिका/किशोरी महिलाले ज्यान समेत गुमाउन बाध्य छन् । यस्तो संवेदनशील विषयमा भएको असंवेदनशील र गैरकानूनी अभिव्यक्तिप्रति यस आयोगको गम्भीर ध्यानाकर्षण भएको हुँदा सम्माननीय सभामुखज्यू मार्फत माननीय उपसभामुखज्यू र सम्पूर्ण माननीय सदस्यज्यूहरू समेतको ध्यानाकर्षण गराउँदै यस किसिमको अभिव्यक्ति उपर आवश्यक छानबिन तथा थप प्रक्रियाको लागि सादर अनुरोध गर्दछु ।

कमलाकुमारी पराजुली
अध्यक्ष

अवगतार्थः
१. माननीय उपसभामुख इन्दिरा रानाज्यू
२. माननीय महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री भगवती चौधरीज्यू

# राष्ट्रिय महिला आयोग
# National Women Commission

भद्रकाली प्लाजा, काठमाडौं

Phone: +977-4256701
Fax: +977-1-4259411
E-mail: info@nwc.gov.np
http://www.nwc.gov.np

प. सं.:-
च.नं.:-

राष्ट्रिय महिला आयोग भद्रकाली प्लाजा, काठमाडौं

मितिः २०८०/१०/२९

**भ्रमपूर्ण समाचारप्रति ध्यानाकर्षण सम्बन्धमा ।**

राष्ट्रिय महिला आयोगको 'स्थापनाको २२ वर्षपछि आफ्नै भवनमा सर्दै महिला आयोग' भन्ने समाचार आयोगको निर्णय विपरित भएको हुँदा उक्त विषयप्रति आयोगको ध्यानाकर्षण भएको छ ।

नारायणहिटी दरवार स्थितः तत्कालिन राहदानी विभाग भवनमा राष्ट्रिय महिला आयोगको कार्यालय व्यवस्थापन गर्न सहरी विकास मन्त्री माननीय सीता गुरुङज्यूको निर्णयबाट मिति २०८०/०६/२१ को तोक आदेश बमोजिम उक्त स्थानको सुपरिवेक्षण (इन्स्पेक्सन) गरी सबै पक्षबाट अध्ययन गर्दा ऐतिहासिक संरक्षण क्षेत्र (Heritage Area) भित्रको भवन भएकोले कडा सुरक्षा व्यवस्था भएको, गेटबाट भित्र प्रवेश गर्ने प्रत्येक व्यक्तिले परिचय पत्र देखाउनु पर्ने, बिहान ७:०० बजे देखि साँझ ६:०० बजेसम्म मात्र त्यहाँ प्रवेश र आवत-जावत गर्न सकिने, अन्य समय आपतकालिन अवस्थामा पनि प्रवेश निषेध हुने, एउटै परिसर भित्र एउटै भवनमा धेरैवटा कार्यालय रहेको र सेवा प्रवाहको लागि आवश्यक सेवामैत्री वातावरण नभएको हुँदा राष्ट्रिय महिला आयोगबाट २४सैं घण्टा हिंसा पिडित महिलालाई गोपनीयता कायम राख्दै, सुरक्षित वातावरणमा आपतकालिन सेवा प्रवाह गर्नु पर्नेभएको हुँदा उक्त स्थान पिडीत महिला मैत्री नहुने कुरा ठहर गरी मिति २०८० माघ २३ गते "राष्ट्रिय महिला आयोग नारायणहिटी सर्ने विषय पिडित महिला मैत्री नहुने भएकोले आयोगले सो को उपयुक्त विकल्प खोजी गरी नेपाल सरकारलाई अनुरोध गर्ने निर्णय गरियो" भन्ने निर्णय भएको हुँदा उक्त भ्रमपूर्ण समाचारप्रति आयोगको ध्यानाकर्षण भएको अनुरोध गरिन्छ ।

कमला कुमारी पराजुली

अध्यक्ष

# राष्ट्रिय महिला आयोग

## National Women Commission

भद्रकालीप्लाजा, काठमाडौं

Phone: +977-1-4256701
Fax: +977-1-4259411
Email info@nwc.gov.np
http://www.nwc.gov.np

प.सं. २०८०/८१
च.नं. ४६०

मिति - २०८०/११/०६

विषय: प्रवक्ता सम्बन्धमा ।

उपर्युक्त सम्बन्धमा मिति २०८०/११/०३ गते बसेको राष्ट्रिय महिला आयोगको ५१औं बैठकको निर्णयानुसार आयोगको प्रवक्ता आयोगको कर्मचारीबाटै तोकिने र कुनै पनि पदाधिकारीमा प्रवक्ताको जिम्मेवारी नरहने व्यहोरा अनुरोध छ ।

कमला कुमारी पराजुली
अध्यक्ष
राष्ट्रिय महिला आयोग

# राष्ट्रिय महिला आयोग
## National Women Commission

भद्रकाली प्लाजा, काठमाडौं

प. सं.:-
च.नं.:-

Phone: +977-4256701
Fax: +977-1-4259411
E-mail: info@nwc.gov.np
http://www.nwc.gov.np


मितिः २०७०/०५/०८

## विज्ञप्ती

महिलाको ठूलो त्याग र संघर्षबाट प्राप्त संवैधानिक प्रावधानको अक्षरस पालना गर्नु र गराउनु नेपाल सरकार तथा सम्बन्धित निकायको मूख्य जिम्मेवारी हो । कानुनले कुनै कुरा अज्ञानतामा भयो भन्ने छुट दिएको छैन । त्यस्तै आम नागरिकले कानुन जान्नुपर्छ, पालना गर्नुपर्छ । सप्तरीको प्रहरी कार्यालयमा कर्तव्य ज्यान मुद्धामा हिरासतमा रहेकी एक महिलामाथि प्रहरी अधिकृतद्वारा नै बलात्कार हुनु अत्यन्तै दुःखद् र अमानविय व्यवहार हो । प्रहरी हिरासतमा नै महिलामाथिका यस किसिमका जघन्य हिंसाका घटना घटिरहनु गम्भीर चिन्ताको विषय हो । कानुनको पालना गराउने नेपाल प्रहरीको हिरासतमा रहेकी एक महिलाले भोग्नु परेको यातना, यौन हिंसा तथा बलात्कारको विषयमा राष्ट्रिय महिला आयोगको गम्भीर ध्यानाकर्षण भएको छ ।

हिरासतमा रहेकी ती महिला पेट दुखेपछि उनलाई उपचारका लागि वैशाख १२ गते राजविराजस्थित गजेन्द्रनारायण सिंह अस्पताल लगिएको थियो । जिल्ला प्रशासनबाट स्वास्थ्य परीक्षणका लागि अस्पताल पुऱ्याइएकी उनले अस्पतालको रेकर्डमा प्रहरीले बलात्कार गरेको र कसैलाई भनेमा जेलमा २० वर्ष थुनाएर सडाउने धम्की दिएकाले कसैलाई भन्न नसकेको पीडित महिलाले बताएकी छिन् । प्रहरीले सोधपुछ गर्न हाकिमले बोलाएको भन्दै इलाका प्रहरी कार्यालय कञ्चनपुरका प्रमुखकहाँ लगेको र मादक पदार्थ सेवन गरेर बसेका प्रमुखले कुटपिट गरी मुख थुनी बोल्न कराउन नदिई जबरजस्ती करणी गरेको उल्लेख गरेकी छिन् ।

आम नागरिकको सुरक्षाको जिम्मेवारी लिएको नेपाल प्रहरी अधिकृतले हिरासतमा रहेको महिलामाथि नै बलात्कार जस्तो जघन्य अपराध गर्नु खेदजनक, आपत्तीजनक छ । प्रहरी कार्यालयमा नै महिला असुरक्षित भएमा अन्य दूरदराजमा भने कति महिलाहरु हिंसाको सिकार हुनुपरेको होला ? यस घटनाले महिला सुरक्षाको मुख्य जिम्मेवार नेपाल प्रहरीभित्रको अनुशासनको सवालमा गम्भीर प्रश्नचिन्ह खडा भएको छ ।

उक्त घटनाको सत्य तथ्य छानविन गरी तत्काल पीडितको शारीरिक, मानसिक सूरक्षासहित उक्त गम्भीर फौजदारी अपराधमा संलग्न प्रहरी अधिकृतलाई प्रहरी प्रशासनले कारवाहीको दायरामा ल्याई दोषी उपर कडाभन्दा कडा दण्ड, सजाय र पीडितलाई क्षतिपूर्तिसहित न्यायको प्रत्याभूति गराउनसमेत प्रहरी प्रशासनको गम्भीर ध्यानाकर्षण गराउँदछौं ।

कृष्णकुमारी पौडेल खतिवडा
माननीय सदस्य एवं प्रवक्ता

राष्ट्रिय महिला आयोग
National Women Commission
भद्रकाली प्लाजा, काठमाडौं

Phone: +977-4256701
Fax: +977-1-4259411
E-mail: info@nwc.gov.np
http://www.nwc.gov.np

प. सं.:-
च.नं.:-

मितिः २०८०।०८।०६

# प्रेस विज्ञप्ति !

काठमाडौं जिल्ला गोकर्णेश्वर नगरपालिका वडा नं. ६, जोरपाटी स्थित **नेपाल अपाङ्ग संघ खगेन्द्र नवजीवन केन्द्रमा** रहेका अपाङ्गता भएका व्यक्तिहरु उपर भएको विभिन्न किसिमको दुर्व्यवहार, बेथिति र अनियमितता समेतका बारेमा राष्ट्रिय महिला आयोगमा उजुरी आएकोमा मिति २०८०।०८।०५ मा आयोगका पदाधिकारीको नेतृत्वमा आयोगको टोलीले अनुगमन गर्दा सो केन्द्रमा रहेका विभिन्न उमेर समूहका अपाङ्गता, वहुअपाङ्गता भएका महिलाहरुको अभिव्यक्ति र स्थलगत अवलोकनबाट निजहरु उपर शारीरिक, मानसिक तथा यौनजन्य हिंसा समेत भएको बुझिएको हुँदा यस किसिमको अत्यन्त अमानवीय र जघन्य घटनाप्रति आपत्ति प्रकट गर्दै तत्काल छानबिन समिति बनाई दोषीलाई कानूनी दायरामा ल्याई हदैसम्मको कार्वाही र पीडित पक्षलाई औषधी, उपचार, मनोसामाजिक परामर्श र क्षतिपूर्ति सहित न्यायको लागि आयोग सम्बन्धित निकायको ध्यानाकर्षण गराउँदछ ।

कृष्णकुमारी पौडेल खतिवडा
प्रवक्ता / सदस्य

राष्ट्रिय महिला आयोग

National Women Commission

भद्रकालीप्लाजा, काठमाडौं

Phone: +977-1-4256701
Fax: +977-1-4259411
Email:info@nwc.gov.np
http://www.nwc.gov.np

प.सं. ०८०/०८१

च.नं.

मिति २०८०/१०/११

प्रेस विज्ञप्ती

काठमाडौं जिल्ला गोकर्णेश्वर नगरपालिका – ०१, स्थित लव प्रसाद संघ, लव प्र. वाल गृहका सञ्चालक उषा ओलीले दर्ता गरी न्यूनतम मापदण्ड समेत पुरा नगरी आधिकारिकता विना सञ्चालन गर्नु भएको र वाल गृहमा आश्रित वालवालिकाहरुलाई वेवारिसे, असुरक्षित अवस्थामा रहेको कुरा राष्ट्रिय महिला आयोगमा सूचना आइ आयोगबाट मिति २०८०/०८/०५ मा अनुगमन गरी सम्बन्धित निकायमा आयोगले गरेको सिफारिसको सम्बोधन गरी त्यहाँ रहेका वालवालिकाहरुलाई तत्काल उद्धार गरेकोले उद्धार कार्यमा संलग्न निकाय तथा पदाधिकारीहरु प्रति आयोग धन्यवाद व्यक्त गर्दछ । साथै यस्ता अवैधानिक ढंगले सञ्चालित आश्रय गृहको छानविन गरी दोषीलाई कारवहीका लागि समेत आयोग ध्यानाकर्षण गराउँदछ ।

कृष्ण कुमारी पौडेल खतिवडा

सदस्य/ प्रवक्ता

# राष्ट्रिय महिला आयोग
# National Women Commission

भद्रकाली प्लाजा, काठमाडौं

Phone: +977-4256701
Fax: +977-1-4259411
E-mail: info@nwc.gov.np
http://www.nwc.gov.np

प. सं.:-
च.नं.:-

मिति: २०८०-०३-०४

## ध्यानाकर्षण

दाङ तुलसीपुर स्थाई घर भई हाल मुगु जिल्ला सोरु गाउँपालिका खनायाँ स्वास्थ्य चौकीमा कार्यरत अनमी तुल्सा विश्वकर्मालाई जातीय विभेद गरेको भनी सार्वजनिक भएको घटनाप्रति राष्ट्रिय महिला आयोगको गम्भिर ध्यानाकर्षण भएको छ। सामाजिक सञ्जाल र संचार माध्यममा उक्त घटना आए लगत्तै घटनाको सम्बन्धमा चासो राखी आयोगले अध्ययन गरिरहेको छ र आयोग हाल पीडितसँग सम्पर्कमा रहेको छ । दलित महिलालाई जातकै आधारमा घरमा कोठा नदिने कार्य जातीय हिंसा तथा महिला स्वास्थ्यकर्मीको आत्मसम्मानमा आँच पुर्याउने गम्भिर महिला मानव अधिकारको हनन् समेत हो। तसर्थ सरोकारवाला निकायले निज पीडितमाथि भएको घटनाको यथाशीघ्र सत्यतथ्य छानविन गरी दोषीलाई कानून बमोजिम कारवाहीको दायरामा ल्याई क्षतिपुर्ति सहितको न्यायको लागि पहल गरिदिन आयोग गम्भिर ध्यानाकर्षण गराउँदछ।

पार्वती अर्याल
सचिव

# राष्ट्रिय महिला आयोग
## National Women Commission

भद्रकाली प्लाजा, काठमाडौं

Phone: +977-4256701
Fax: +977-1-4259411
E-mail: info@nwc.gov.np
http://www.nwc.gov.np


प. सं.:-
च.नं.:-

मितिः २०८०।०४।२६

## प्रेस विज्ञप्ति ।

मिति २०८०/०४/०६ गते प्राइम टेलिभिजनमा अधिवक्ता भगवती पाण्डेले दिक्पाल कार्कीद्वारा सञ्चालित चिया गफ कार्यक्रममा अन्तर्वार्ता दिने क्रममा **"तामाङ र मगर जातिमा दाजुबहिनीबीचमा विवाह हुने गरेको र त्यस्तो सम्बन्धबाट जन्मिएको बच्चा अपराधिक मानसिकताको हुनुको साथै यस्तो मानिस भैंसी र बाखाभन्दा पनि तुच्छ"** हुन्छ भनी सिङ्गो तामाङ, मगर लगायत आदिवासी जनजाति समुदायको प्रथाजनित अभ्यासमाथि धावा बोल्नुका साथै अनुवांशिक रुपमा नै अपराधीकरण गर्ने र मान्छेलाई जनावरसँग तुलना गरी दिएको कपोलकल्पित, भ्रामक र तथ्यहीन अभिव्यक्ति टेलिभिजन, युट्युब र टिकटकबाट समेत प्रसारण भएको कुराले समुदायको आत्मसम्मान र प्रतिष्ठामा आँच पुऱ्याएको भनी उक्त समुदायबाट सो अभिव्यक्तिप्रति आपत्ति प्रकट गर्दै मिति २०८०।४।१७ गते जिल्ला प्रहरी परिसर, टेकुमा शान्तिपूर्ण धर्ना कार्यक्रमका दर्जनौं सहभागीहरुलाई प्रहरी प्रशासनले बर्बर दमन गरी धर्नामा सहभागी महिलाहरुलाई हिरासतमा लिई लछारपछार, कुटपिट, चरम यातनाप्रति राष्ट्रिय महिला आयोगको गम्भीर ध्यानाकर्षण भएको छ ।

आयोगले गणतान्त्रिक मुलुकको प्रहरी प्रशासनबाट शान्तिपूर्ण धर्नामा रहेका महिला उपर गरिएको यस किसिमको क्रूर, अमानवीय व्यवहारप्रति निन्दा सहित आपत्ति प्रकट गर्दछ । साथै यस्ता अमानवीय कार्यको तत्काल छानविन गरी संलग्न व्यक्तिहरुलाई कारवाहीको लागि समेत गृह प्रशासनको ध्यानाकर्षण गराउँदछ ।

चमिला भट्टराई
प्रवक्ता/उपसचिव

# राष्ट्रिय महिला आयोग
# National Women Commission

भद्रकाली प्लाजा, काठमाडौं

प. सं.:-

च.नं.:-

Phone: +977-4256701
Fax: +977-1-4259411
E-mail: info@nwc.gov.np
http://www.nwc.gov.np


मितिः २०८०।०४।२८

## राष्ट्रिय महिला आयोगको गम्भीर आपत्ति

## प्रेस विज्ञप्ति ।

मिति २०८०/०४/२६ गते साँझ ७:१५ मा राजधानी प्रेसमा **"पीडकको पक्षमा महिला आयोग, झुक्यो महिलाको शिर"** शीर्षकको समाचारप्रति राष्ट्रिय महिला आयोगको गम्भीर ध्यानाकर्षण भएको छ ।

महिला हक, हित र अधिकार रक्षार्थ अहोरात्र पीडितमैत्री भावना सहित दिनहुँ कार्यसम्पादन गरिरहेको राष्ट्रिय महिला आयोगको छविमा आँच पुऱ्याउने गरी बदनियतपूर्वक प्रकाशन गरिएको उक्त समाचारप्रति आयोग आपत्ति प्रकट गर्दछ ।

उपर्युक्त सम्बन्धमा वन मन्त्रालयमा कार्यरत् सहायक संरक्षण अधिकृत रामएकवाल दासले - 'नेपाल वन सेवा दिग्दर्शन- गेम स्काउट, वनरक्षक सफलताको साथी' भन्ने पुस्तकको पृष्ठ १४३ को प्रश्न नं. १८ मा "केटीलाई भालु किन भनिएको होला ?" भन्ने प्रश्न र त्यसका वैकल्पिक उत्तरहरुमा - A: पोथी भालु जस्तै व्यवहार भएर, B: "पोथी भालुले एक पल्टमा धेरै भालेसँग संसर्ग गर्ने भएर, C: पोथी भालु बहुपतिगामी हुन्छ, D: माथिका सबै भन्ने कुरा समावेश गरी प्रकाशन र वितरण भएकोमा राष्ट्रिय महिला आयोगको गम्भीर ध्यानाकर्षण भई मिति २०८०।४।२४ मा यस आयोगबाट माननीय वन तथा वातावरण मन्त्री डा. विरेन्द्र प्रसाद महतोज्यूलाई सम्बोधन गरी "त्यस मन्त्रालय मातहत कार्यरत् एकजना राष्ट्रसेवक बाट यसरी जनसंख्याको आधा हिस्सा ओगटेको महिलाको मान, मर्यादा, आत्मसम्मान र चरित्रमै आँच पुऱ्याउने, महिलाको छवि धमिल्याउने किसिमको शब्द, भाषा प्रकट गरी पुस्तक प्रकाशन गर्नु क्षम्य विषय नभएको ठहर गर्दै अब उप्रान्त कहीं कसैबाट पनि यस किसिमको अभिव्यक्ति प्रकट हुन नपाओस् भनी उक्त पुस्तकका लेखक राम एकवाल दासलाई कानून बमोजिम कारवाहीका लागि सिफारिस गरेको छु" भनी आयोग माननीय अध्यक्ष कमलाकुमारी पराजुली मार्फत वन मन्त्रालयमा पत्राचार समेत भईसकेको र विभिन्न सञ्चार माध्यममा उक्त विषयको समाचार समेत प्रकाशन भईसकेको अवस्थामा यस आयोगका सम्बन्धित पदाधिकारीहरु समक्ष के कसो भएको हो ? आयोगले उक्त विषयमा कै गर्दैछ ? भन्ने बारेमा कुनै सोधपुछ नै नगरी नियतवश आयोगमाथि आँच पुग्ने गरी समाचार प्रकाशन भएकोमा राष्ट्रिय महिला आयोग खेद प्रकट गर्दै उक्त सञ्चार माध्यमलाई कारवाहीको माग गर्दछ ।

चमिला भट्टराई
प्रवक्ता/उपसचिव

राष्ट्रिय महिला आयोग
National Women Commission
भद्रकाली प्लाजा, काठमाडौं

Phone: +977-4256701
Fax: +977-1-4259411
E-mail: info@nwc.gov.np
http://www.nwc.gov.np

प. सं.:-
च.नं.:-

मितिः २०८०।०४।३०

## ध्यानाकर्षण गराईएको बारे

# प्रेस विज्ञप्ति ।

मिति २०८०।२।७ गते साँझ जनकपुर धनुषाको काव्या अस्पतालमा मृत अवस्थामा रहेकी आरती साहको परिवारले आरतीको रहस्मय मृत्युको घटनाको सत्यतथ्य छानविन गरी दोषीलाई कारवाही तथा पीडित परिवारलाई क्षतिपूर्ति सहित न्यायको माग राखी विगत २(दुई) महिनादेखि काठमाडौंको माईतीघर मण्डलामा धर्ना बस्दै आएकोमा उक्त घटनाप्रति यस आयोगको गम्भीर ध्यानाकर्षण भई यस आयोगबाट उक्त घटनाबारे अनुसन्धानको लागि माननीय गृहमन्त्रीज्यू, गृह मन्त्रालय लगायत सम्बन्धित जिल्ला प्रशासन कार्यालयहरुलाई समेत पटक-पटक पत्राचार गरी सहजीकरण, व्यवस्थापन र पीडित परिवारलाई न्यायको प्रत्याभूति गराईदिनु हुन भनी सिफारिस साथ अनुरोध गरी सकिएको अवस्था छ ।

तर, पीडित परिवारको गुनासो सुनुवाई नगरी, न्याय दिलाउनका लागि चासो र पहल समेत नगरी प्रहरी प्रशासनले धर्नामा बसेका पीडितका आमा, बहिनी लगायत परिवारका सदस्यलाई पुरुष प्रहरीले कुटपिट, लछारपछार र जबरजस्ती गरी प्रहरी हिरासतमा पुऱ्याएको र पीडितलाई थप पीडा दिएर उनीहरुका उजुरी र गुनासो उपर बेवास्ता गरेको प्रति गृह मन्त्रालय र सम्वन्धित पक्षलाई राष्ट्रिय महिला आयोग गम्भीर ध्यानाकर्षण गराउँछ ।

साथै राष्ट्रिय महिला आयोग पीडित परिवारका समस्यालाई गम्भीरतापूर्वक लिई उनीहरुका मागको यथाशीघ्र सम्वोधन गरी न्यायको प्रत्याभूति गर्न/गराउन समेत ध्यानाकर्षण गराउँदछ ।

चमिला भट्टराई
प्रवक्ता/उपसचिव (कानुन)



आयोगको १६ औं वार्षिक प्रतिवेदन सम्माननीय राष्ट्रपतिज्यू समक्ष बुझाउने क्रममा पुष्प गुच्छा सहित सम्मान



सम्माननीय राष्ट्रपतिज्यू समक्ष आयोगको आयोगको १६ औं वार्षिक प्रतिवेदन प्रस्तुत गर्नुहुँदै माननीय अध्यक्ष कमलाकुमारी पराजुली



सम्माननीय राष्ट्रपतिज्यू समक्ष आयोगका १६ औं वार्षिक प्रतिवेदन बुझाउने क्रममा माननीय अध्यक्ष, माननीय सदस्यहरू र सचिव

राष्ट्रिय महिला



लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियानको शुभारम्भ




नेपालमा महिलाको अवस्था विषयक पुस्तक विमोचन समारोह



आयोगका माननीय अध्यक्ष कमला कुमारी पराजुलीसँग फिनल्याण्डका महामहिम राजदुत रिना रिक्का हिक्काको सिस्टाचार भेट




आयोगका क्रियाकलाप सम्बन्धमा पत्रकारहरूसँग अन्तरक्रिया कार्यक्रम



लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान समापन समारोह तथा राष्ट्रिय महिला आयोगको "खबर गरौं ११४५ हेल्पलाइन सेवा" को छैठौं वार्षिकोत्सव समारोह





११४ औं  अन्तराष्ट्रिय श्रमिक महिला दिवसको अवसरमा प्रविधी, सूचना तथा सञ्चार प्रविधि मन्त्री माननीय रेखा शर्मा ज्यूको प्रमुख आतिथ्यतामा " प्रविधिमा महिला  सुरक्षा" विषयमा सम्बन्धित  विषयगत प्रस्तुति सहित विभिन्न सरोकारवाला निकाय वीच अन्तरक्रियात्मक कार्यक्रम




अपाङ्गता भएका महिलाहरूको अधिकार संरक्षणका विषयमा सरोकारवाला निकायहरूसँग अन्तरक्रिया कार्यक्रम



विषयगत मन्त्रालयका लैङ्गिक सम्पर्क व्यक्ति तथा सरोकारीवालाहरू संग अन्तरक्रिया कार्यकम



आयोगको स्थापना दिवसको अवसरमा उत्कृष्ट कर्मचारीहरूलाई सम्मान



राष्ट्रिय महिला आयोगको स्थापना दिवसको अवसरमा आयोजित विशेष समारोह



जाजरकोट भूकम्प पीडित क्षेत्रको अनुगमनमा माननीय अध्यक्ष कमलाकुमारी पराजुली र माननीय सदस्य सावित्राकुमारी शर्मा



जाजरकोट भूकम्प पीडित महिलालाई आयोगबाट न्यानो कपडा वितरण गर्दै




बालिका तथा किशोरी माथि हुने अवहेलना, दुर्व्यवहार र हिंसाको सवालमा अन्तरक्रिया कार्यक्रम




ज्येष्ठ नागरिक माथि हुने अवहेलना, दुर्व्यवहार र हिंसा विरुद्ध ज्येष्ठ महिलाको सुरक्षाको सवालमा अन्तरक्रिया कार्यक्रम



लैङ्गिक तथा यौनिक अल्पसंख्यकको सवालमा अन्तरक्रिया कार्यक्रम






माननीय महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री भगवती चौधरीको आतिथ्यतामा छैठौं राष्ट्रिय महिला अधिकार दिवसको अवसरमा आयोजित विशेष समारोह




एकल महिलाहरूको सुरक्षा सम्बन्धमा अन्तरक्रिया कार्यक्रम



समाजमा विद्यमान हानिकारक अभ्यास विरुद्ध अन्तरक्रिया कार्यक्रम, सिन्धुपाल्चोक



महिला हिंसा न्यूनीकरणका सम्बन्धमा सचेतना तथा उत्प्रेरणा कार्यक्रम, जोरपाटी




महिलाको हक, हित र अधिकारका विषयमा विद्यमान कानूनी व्यवस्था र कार्यान्वयन सम्बन्धी अन्तरक्रिया कार्यक्रम, विराटनगर



महिला हिंसा न्यूनिकरणका लागि सचेतना तथा उत्प्रेरणा कार्यक्रम, कालिकोट




समाजमा विद्यमान हानिकारक अभ्यास जस्तोः छाउपडी, बाल विवाह, जातीय छुवाछुत लगायत विरुद्ध अन्तरक्रिया कार्यक्रम, बाजुरा




एकल महिलाहरूको सुरक्षा सम्बन्धमा नीतिगत तथा कार्यक्रमगत पृष्ठ पोषणका लागि प्रदेश स्तरका सरोकारवालाहरूसँग अन्तरक्रिया कार्यक्रम, सुर्खेत




स्थानीय तहका न्यायिक समितिका पदाधिकारी र सरोकारवाला निकायसँग लैङ्गिक हिंसा निवारणका सवालमा असल अभ्यास र न्यायमा पहुँच सम्बन्धमा अन्तरक्रिया कार्यक्रम, मुगु




स्थानीय तहका न्यायिक समितिका पदाधिकारी र सरोकारवाला निकायबिच अन्तरक्रिया कार्यक्रम, ओखलढुङ्गा




स्थानीय तहका न्यायिक समितिका पदाधिकारी र सरोकारवाला निकायबिच अन्तरक्रिया कार्यक्रम, दोलखा




महिला हिंसा निवारणको लागि सुरक्षा निकायसँग रणनीतिक योजना बैठक र अन्तरक्रिया कार्यक्रम, दार्चुला




महिला हिंसा न्यूनीकरणका लागि सचेतना तथा उत्प्रेरणा कार्यक्रम, पाँचथर




समाजमा विद्यमान हानिकारक अभ्यास सम्बन्धी अन्तरक्रिया कार्यक्रम, नवलपरासी (ब.सु.प)



स्थानीय तहका न्यायीक समितिका पदाधिकारी र सरोकारवाला निकायबीच अन्तरक्रिया कार्यक्रम, डडेल्धुरा




महिला हिंसा न्यूनीकरणका लागि सचेतना तथा उत्प्रेरणा कार्यक्रम, सिरहा




स्थानीय तहका न्यायिक समितिका पदाधिकारी र सरोकारवाला निकायबिच अन्तरक्रिया कार्यक्रम, सिन्धुली



जिल्ला प्रहरी कार्यालय, चितवनको अनुगमनको क्रममा




महिला हिंसा न्यूनिकरणका लागि सचेतना तथा उत्प्रेरणा कार्यक्रम, तेह्रथुम




महिला हिंसा निवारणको अभियानलाई प्रभावकारी बनाउन सामाजिक तथा राजनीतिक क्षेत्रका युवाहरूसँग अन्तरक्रिया कार्यक्रम, सुनसरी



समाजमा विद्यमान हानिकारक अभ्यास विरुद्ध कार्यक्रम, अछाम मंगलसेन



आयोगका माननीय अध्यक्षज्यूको नेतृत्वमा जिल्ला प्रशासन कार्यालय कालिकोटको अनुगमन




महिलाको नीतिगत तहमा पहुँच सम्बन्धमा प्रदेश सांसद तथा संसदिय समितिका सभापतिहरू माझ अन्तरक्रिया कार्यक्रमको शुभारम्भ माननीय मुख्य मन्त्री शालिकराम जमकट्टेलज्यूबाट




विद्यालय स्तरमा हुने लैङ्गिक हिंसा निवारणका सम्बन्धमा विद्यार्थी र विद्यालय व्यवस्थापन समितिका पदाधिकारीसँग अभिमुखीकरण कार्यक्रम, पाल्पा



महिला हिंसा निवारणको अभियानलाई प्रभावकारी बनाउन सामाजिक तथा राजनीतिक क्षेत्रका युवाहरूसँग अन्तरक्रिया कार्यक्रम, गुल्मी




महिला हिंसा निवारणको लागि सुरक्षा निकायसँग रणनीतिक योजना बैठक र अन्तरक्रिया कार्यक्रम, अर्घाखाँची



महिलाको नीतिगत तहमा पहुँचको सवालमा लुम्बिनी प्रदेश सभाका महिला सांसद तथा समितिका सभापतिहरूसँग अन्तरक्रिया कार्यक्रम, देउखुरी दाङ



महिलाको सवालमा भएका राष्ट्रिय कानुन तथा अन्तर्राष्ट्रिय प्रतिवद्धताको कार्यान्वयनको सवालमा बागमती प्रदेश स्तरीय अन्तरक्रिया कार्यक्रम



माननीय अध्यक्षज्यूबाट मनोसामाजिक समस्या भएका महिलाको सुरक्षित आश्रय स्थल 'कोशिस संस्था' को अनुगमन



धनुषा जिल्लामा महिला हिंसाका घटनाको अनुगमन



विभिन्न किसिमका लैङ्गिक हिंसाका घटनाको सम्वोधन र पीडितको न्यायमा पहुँच विषयमा प्रहरी महानिरीक्षक सहितको सुरक्षा निकायसँग आयोगमा छलफल



खोटाङबाट उद्दार गरिएकी मानसिक हिंसा पीडित युवतीलाई भेटी उनको अवस्था बारेमा अस्पतालका निर्देशक डा. अनन्त अधिकारीसँग बुझ्दै आयोगका अध्यक्ष





बागमती प्रदेश स्तरीय एकल महिलाको सुरक्षा र सशक्तीकरणका सवालमा अन्तरक्रिया कार्यक्रम, मकवानपुर

राष्ट्रिय महिला आयोग

National Women Commission

भद्रकालीप्लाजा, काठमाडौं, नेपाल

फोन नं.: ९७७-१-४२५६७०१, फ्याक्स: ९७७-१-४२७०२४६

इमेल: info@nwc.gov.np, वेबसाइट: www.nwc.gov.np